प्राङ्मुखोऽवाङ्मुखो वापि मन्त्रकर्म समारभेत् ।
प्रणवाद्याः सर्वमन्त्रा वाग्यतो विहिताशनः ।२९।
आसीनस्तु जपेन्मन्त्रान्देवताचार्य्यतुल्यदृक् ।
कुटी विविक्ता देशाः स्युर्देवालयनदीह्रदाः ।३०।
सिद्धौ यवागूपूपैर्वा पयो भक्ष्यं हविष्यकम् ।
मन्त्रस्य देवता तावत्तिथिवारेषु वै जपेत् ।३१।
कृष्णाष्टमी चतुर्दश्योर्ग्रहणादौ च साधकः ।
दस्रो यमोऽनलो धाता शशी रुद्रो गुरुर्दितिः ।३२।
सर्पाः पितरोऽथ भगोऽर्यमा शीतेतरद्युतिः ।
त्वष्टा मरुत इन्द्राग्नी मित्रेन्दौ निर्ऋतिर्जलम् ।३३।
विश्वेदेवा हृषिकेशो वायवः सलिलाधिपः ।
अजैकपादहिर्ब्रध्नः पूषाश्विन्यादिदेवताः ।३४।
अग्निर्दस्रावुमानिघ्नौ नागश्चन्द्रो दिवाकरः ।
मातृदुर्गा दिशामीशः कृष्णोः वैवस्वतः शिवः ।३५।
पञ्चदश्याः शशाङ्कस्तु पितरस्तिथिदेवताः ।
हरो दुर्गा गुरुर्विष्णुर्ब्रह्मा लक्ष्मीर्धनेश्वरः ।३६।
एते सूर्य्यादिवारेशा लिपिन्यासोऽथ कथ्यते ।
केशान्तेषु च वृत्तेषु चक्षुषोः श्रवणद्वये ।३७।
नासागण्डौष्ठदन्तेषु द्वे द्वे मूर्द्धास्ययोः क्रमात् ।
वर्णान्पञ्चसु वर्गाणां बाहुचरणसन्धिषु ।३८।
पार्श्वयोः पृष्ठतो नाभौ हृदये च क्रमान्न्यसेत् ।
यादींश्च हृदये न्यस्येदेषा स्युः सप्त धातवः ।३९।
त्वगसृङ्मांसमेदोस्थिमज्जाशुक्राणि धातवः ।
वसाः पयो वासको लिख्यन्ते चैव लिपीश्वाः ।४०।

पटु, ब्रह्मचारी, हविष्यान्यभोजी, गुरुसेवापरायण, मन्त्रसिद्धिमा उत्साहित छ त्यो नै योग्य शिष्य हो। उसँगै आफ्नो पुत्रलाई पनि मन्त्रदान गर्नुपर्दछ। शिष्य विनयी र गुरुलाई दान दिने हुनुपर्दछ। त्यस्ता शिष्यलाई गुरुले मन्त्र दिनुपर्दछ र उसको सिद्धिका लागि आफूले पनि एक हजार जप गर्नुपर्दछ। अचानक कतैबाट सुनिएको छल वा बलले पाएको, पुस्तकका पानामा लेखिएको वा गाथा–कथामा सुनेको मन्त्र जप्नु हुँदैन। त्यस्तो मन्त्र जपियो भने त्यो अनर्थ गर्ने हुन्छ। जप, होम, पूजा आदि भूरिकर्मद्वारा जो मन्त्र साधनामा लागेको हुन्छ उसको मन्त्र छोटो समयको साधनाबाटै सिद्ध हुन्छ। जसले कुनै एक मन्त्रलाई विधिपूर्वक सिद्ध गरेको हुन्छ यस संसारमा उसका लागि असाध्य केही रहेको हुँदैन भने जसले एकभन्दा बढी मन्त्रहरूको सिद्धि गरेको छ त्यसको महिमा कसरी वर्णन गर्न सकिन्छ र ? ऊ त साक्षात् शिव नै हुन्छ। एक अक्षरको मन्त्र दस लाखपटक जप्नाले सिद्ध हुन्छ। मन्त्रमा जति जति अक्षर कम हुन्छन् उतिउति जपको सङ्ख्यामा कमी हुन्छ। यस नियमले मन्त्रको जपका सङ्ख्याका विषयमा आफैँले टुङ्गो लगाउनुपर्दछ। बीज मन्त्रको तुलनामा माला मन्त्रको जप दोब्बर तेब्बर गर्ने विधान छ। जहाँ जपको सङ्ख्या बताइएको हुँदैन त्यहाँ आफैँले एक सय आठ वा एक हजार आठलाई सङ्ख्या जान्नुपर्दछ। सर्वत्र जपबाट दसौँ भाग हवन र तर्पणको हुन्छ भन्ने विधान पाइन्छ। १–२५।

कुनै द्रव्यको उल्लेख नगरी होम गर्ने कुरो भएका ठाउँमा घिउको उपयोग गर्नुपर्दछ। आर्थिक रूपले असमर्थ व्यक्तिका लागि भने होमका सङ्ख्याको दशांश जप गर्नुपर्ने विधान सर्वत्र रहेको छ। अङ्ग आदिका लागि पनि जपको विधान रहेको छ। सशक्ति मन्त्रको जप गर्नाले मन्त्रदेवताले साधकलाई अभीष्ट फल दिन्छन्। साधकद्वारा गरिएको ध्यान, होम र अर्चनले उनी खुशी हुन्छन्। ठूलो स्वरको जपभन्दा मन्दस्वरले गरिएको उपांशु जप दश गुना राम्रो हो भनिएको छ। यदि जिब्रो मात्रै हल्लाएर जप गरिन्छ भने सय गुना उत्तम मानिएको छ। मनमनै गरिएको जपको महत्त्व हजार गुना उत्तम भनिएको छ। मन्त्रसम्बन्धी कार्यहरू पूर्व वा दक्षिणतिर फर्किएर सम्पन्न गर्नुपर्दछ। आहार ग्रहण गर्दा र प्रणव आदि मन्त्र जप गर्दा मौन रहेर गर्नुपर्दछ। देवता र आचार्यप्रति समान दृष्टिकोण राख्दै आसनमा बसेर नै मन्त्रको जप गर्नुपर्दछ। कुटी, एकान्त एवं पवित्र स्थान, देवमन्दिर, जलाशय आदि जप गर्नका लागि उत्तम स्थान हुन्। मन्त्र सिद्धिका लागि जौको खोले, मालपुवा, दुध र हविष्यान्त भोजन गर्नुपर्दछ। साधकले मन्त्र देवताको तिथि, वार, कृष्णपक्षको अष्टमी–चतुर्दशी र ग्रहण आदिका अवसरमा पूजा गर्नुपर्दछ। अश्विनीकुमार, यमराज, अग्नि, धाता, चन्द्रमा, रुद्र, अदिति, बृहस्पति, सर्प, पितृ, भग, अर्यमा, सूर्य, त्वष्टा, वायु, इन्द्राग्नि,

श्रीकण्ठोऽनन्तसूक्ष्मौ च त्रिमूर्तिरमरेश्वरः ।
अग्नीशो भावभूतिश्च निथीशः स्थानुको हरः ।४१।
दण्डीशो भौतिकः सद्योजातश्चानुग्रहेश्वरः ।
अक्रूरश्च महासेनः शरण्या देवता अमूः ।४२।
ततः क्रोधीशचण्डौ च पञ्चान्तकशिवोत्तमौ ।
तथैव रुद्रकूर्मौ च त्रिनेत्रौ चतुराननः ।४३।
अजेशशर्मसोमेशौ तथा लाङ्गलिदारुकौ ।
अर्द्धनारीश्वरश्चोमा कान्ताश्चाषाढिदण्डिनौ ।४४।
अत्रिर्मीनश्च मेषश्च लोहितश्च शिखी तथा ।
छगलण्डद्विरण्डौ द्वौ समहाकालबालिनौ ।४५।
भुजङ्गश्च पिनाकी च खड्गीशश्च बकः पुनः ।
श्वेतो भृगुर्लगुडीशाक्षाः क्षयः संवर्त्तकः स्मृतः ।४६।
रुद्रान्सशक्तांल्लिख्यादीन्नमोऽन्तान्विन्यसेत्क्रमात् ।
अङ्गानि विन्यसेत्सर्वे मन्त्राः साङ्गास्तु सिद्धिदाः ।४७।
हृल्लेखाव्योमसपूर्वाण्येतान्यङ्गानि विन्यसेत् ।
हृदादीन्यङ्गमन्त्रान्तैर्योजयेद्धृदये नमः ।४८।
स्वाहा शिरस्यथ वषट् शिखायां कवचे च हूम् ।
वौषण्नेत्रेऽस्त्राय फट् स्यात्पञ्चाङ्गं नेत्रवर्जितम् ।४९।
निरङ्गस्यात्मना चाङ्गं न्यस्यैतं नियुतं जपेत् ।
क्रमेण देवीं वागीशां यथोक्तांस्तु तिलान्हुनेत् ।५०।
लिपिदेवी साक्षसूत्रकुम्भपुस्तकपद्मधृक् ।
कवित्वादिप्रयेच्छेत कर्मादौ सिद्धये न्यसेत् ।
निष्कविर्निर्मलः सर्वे मन्त्राः सिध्यन्ति मातृभिः ।५१।

मित्र, इन्द्र, जल, निर्ऋति, विश्वेदेव, विष्णु, वसुगण, वरुण, अजैकपात, अहिर्बुध्न्य र पूषा यी क्रमैसँग अश्विनी आदि नक्षत्रहरूका देवता हुन् । प्रतिपदादेखि चतुर्दशीसम्मका तिथिहरूका देवताहरू क्रमशः - अग्नि, ब्रह्मा, पार्वती, गणेश, नाग, स्कन्द, सूर्य, महेश, दुर्गा, यम, विश्वेदेव, विष्णु, कामदेव र ईश पूर्णिमाका देवता चन्द्रमा र अमावस्याका देवता पितृ हुन् । शिव, दुर्गा, बृहस्पति, विष्णु, ब्रह्मा, लक्ष्मी र कुबेर यी क्रमैसँग रविवार आदि वारहरूका देवता हुन् । अब म लिपिन्यासको वर्णन गर्दछु । साधकले निम्नप्रकारले मातृका न्यास गर्नुपर्दछ र अन्त्यमा नमः पद जोडेर लिपिस्वर र मातृकेश्वरलाई न्यास गर्नुपर्दछ । श्रीकण्ठ, अनन्त, सूक्ष्म, त्रिमूर्ति, अमरेश्वर, अर्घीश, भारभूति, तिथीश, स्थाणुक, हर, भिण्टीश, भौतिक, सद्योजात, अनुग्रहेश्वर, अक्रूर तथा महासेन यी सोह्र स्वर मूर्तिदेवता हुन् । क्रोधीश, चण्डीश, पञ्चान्तक, शिवोत्तम, एकरुद्र, कूर्म, एकनेत्र,चतुरानन, अजेश, सर्वेश, सोमेश, लाङ्गलि, दारुक, अर्द्धनारीश्वर, उमाकान्त, आषाढी, दण्डी, अद्री, मीन, मेष, लोहित, शिखी, छगलाण्ड, द्विरण्ड, महाकाल, कपाली, भुजङ्गेश, पिनाकी, खड्गीश, बक, श्वेत, भृगु, नकुली, शिव तथा संवर्तक यिनलाई व्यञ्जन मूर्तिदेवता हुन् भन्ने मानिएको छ । उपर्युक्त श्रीकण्ठ आदि रुद्रहरूको न्यास तिनीहरूका शक्तिसँगै गर्नुपर्दछ । यिनको न्यास विधि यस प्रकार छ— हसौं अं श्रीकण्ठाय पूर्णोदर्यै नमः, हसौं आं अनन्ताय विरजायै नमः इत्यादि । यसै गरी अन्य स्वर शक्तिहरूको पनि न्यास गर्नुपर्दछ। व्यञ्जनशक्तिहरूको न्यास गर्ने विधि यही हो । हंसौ कं क्रोधीशाय महाकाल्यै नमः, हंसौ खं चण्डीशाय महासरस्वत्यै नमः इत्यादि । साधकले उदय आदि अङ्गहरूको पनि न्यास गर्नुपर्दछ किनभने सबै मन्त्रहरू अङ्गसहित भए भने नै सिद्धिदायक हुन्छन् । हृल्लेखालाई व्योमबीजसँग जोडेर यी अङ्गहरूको न्यास गर्नुपर्दछ । हृदय आदि अङ्ग मन्त्रहरूका अन्त्यमा जोडेर भन्नुपर्छ । जस्तै— ह्रां हृदयाय नमः ह्रीं शिरसे स्वाहा, ह्रूं शिखायै वषट्, ह्रैं कवचाय हुं, ह्रौं नेत्रत्रयाय वौषट्,ह्रः अस्त्राय फट् । यसरी षडङ्ग न्यास बताइयो । पञ्चाङ्ग न्यासमा नेत्रलाई छोडिन्छ। निरङ्ग मन्त्रको अङ्ग न्यास त्यसको स्वरूपकै अनुसारले गरेर क्रमशः वागीश्वरी देवी ह्रीं को उक लाख जप गर्नुपर्दछ र त्यसैको दशांश तिलको आहुति दिनुपर्छ । लिपिहरूकी अधिष्ठात्री वागीश्वरीले आफ्ना चार हातमा अक्षमाला, कलश, पुस्तक र कमल लिएको हुन्छिन् । उनले कवित्व आदिको शक्ति प्रदान गर्दछिन् । त्यसै कारण जपको आदिमा सिद्धि प्राप्त गर्नका लागि उनलाई न्यास गर्नुपर्दछ । त्यसो गर्दा अकवि पनि निर्मल कवि हुन्छ । मातृका न्यासले सबै मन्त्र सिद्ध हुन्छन् ।२६-५१।

# २९४. चतुर्नवत्यधिकद्विशततमोऽध्यायः

## सर्पलक्षण

अग्निरुवाच

नागादयोऽथ भावादिदशस्थानानि कर्म च ।
सूतकं दष्टचेष्टेति सप्तलक्षणमुच्यते ।१।
शेषवासुकितक्षाख्याः कर्कटोऽब्जो महाम्बुजः ।
शङ्खपालश्च कुलिक इत्यष्टौ नागवर्य्यकाः ।२।
दशाष्टपञ्चात्रिगुणशतमूर्द्धान्वितौ क्रमात् ।
विप्रो नृपौ विशौ शूद्रौ द्वौ द्वौ नागेषु कीर्त्तितौ ।३।
तदन्वयाः पञ्चशतं तेभ्यो जाता असङ्ख्यकाः ।
फणिमण्डलिराजीलवातपित्तकफात्मकाः ।४।
व्यन्तरा दोषमिश्रास्ते सर्पा दर्वीकराः स्मृताः ।
रथाङ्गलाङ्गलच्छत्रस्वस्तिकाङ्कुशधारिणः ।५।
गोनसा मन्दगा दीर्घा मण्डलैर्विविधैश्चिताः ।
राजिलाश्चित्रिताः स्निग्धास्तिर्य्यगूर्ध्वं च वाजिभिः ।६।
व्यन्तग मिश्रचिह्नाश्च भूवर्षाग्नेयवायवः ।
चतुर्विधास्ते षड्विंशभेदा षोडशगोनसाः ।७।
त्रयोदश च राजीला व्यन्तरा एकविंशतिः ।
येऽनुक्तकाले जायन्ते सर्पास्ते व्यन्तराः स्मृताः ।८।
आषाढादित्रिमासैः स्याद्गर्भो मासचतुष्टये ।
अण्डकानां शते द्वे च चत्वारिंशत्प्रसूयते ।९।
सर्पा ग्रसन्ति सूतौघान्विना स्त्रीपुन्नपुंसकान् ।
उन्मीलिताक्षि सप्ताहात्कृष्णो मासाद्भवेद्वहिः ।१०।
द्वादशाहात्सुबोधः स्याद्दन्ता स्युः सूर्य्यदर्शनात् ।
द्वात्रिंशद्दिनविंशत्या चतस्रस्तेषु दंष्ट्रिकाः ।११।
कराली मकरी कालरात्री च यमदूतिका ।
एतास्ताः सविषा दंष्ट्रा वामदक्षिणपार्श्वगाः ।१२।
षण्मासान्मुच्यते कृत्तिं जीवेत्षष्टिसमाद्वयम् ।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म नागहरूको उत्पत्ति, सर्पले टोक्दाको अशुभ नक्षत्र आदि, सर्पका टोकाइका विविध भेद, टोकेको ठाउँ, मर्मस्थल, सूतक र सापले टोकेका मानिसको क्रियाकलाप यी सात लक्षणहरूका विषयमा भन्दछु। शेष, वासुकी, तक्षक, कर्कोटक, पद्म, महापद्म, शङ्खपाल एवं कुलिक यी आठ नागहरूमध्ये श्रेष्ठ हुन्। यी नागहरू दुई ब्राह्मण, दुई क्षत्रिय, दुई वैश्य र दुई शूद्र हुन् भनिएको छ। यी चार वर्णका नागहरूमध्ये क्रमशः हजार, आठ सय, पाँच सय र तीन सय फणा भएका हुन्छन्। यिनीहरूका वंशज नाग पाँच सय छन्। तिनीहरूबाट असङ्ख्य नागहरूको उत्पत्ति भएको छ। आकारका भेदले सर्पहरू फणी, मण्डली र राजील यी तीन प्रकारका हुन्छन् भन्ने मानिन्छ। यी वात, पित्त र कफ प्रदान हुन्छन्। यिनीहरूबाहेक व्यन्तर, दोषमिश्र र दर्वीकर जातिका सर्पहरू पनि हुन्छन्। यिनीहरू चक्र, हल, छत्र, स्वस्तिक र अङ्कुश चिह्न भएका हुन्छन्। गोनस सर्पहरू विविध मण्डलले चित्रित, अति लामो र ढिलो गतिका हुन्छन्। राजिल सर्प चिल्ला र अगाडि पछाडि धर्काहरूले सिँगारिएका हुन्छन् र व्यन्तर सर्पहरू विविध खालका मिश्रित चिह्न भएका हुन्छन्। यिनीहरूका पार्थिव, आग्नेय, आप्य र वायव्य यी चार मुख्य भेद र छब्बीस उपभेद हुन्छन्। गोनस सर्पका सोह्र, राजिल सर्पका तेह्र र व्यन्तर सर्पका एक्काईस किसिम छन्। सर्पका उत्पत्तिको समय जुन भएको छ त्यसभन्दा भिन्न समयमा उत्पन्न भएका सर्पहरूलाई व्यन्जर मानिएको छ। असारदेखि तीन महिनसम्म सर्पको गर्भकाल रहन्छ। चौथो महिनामा सर्पिणीले दुईसय चालीस फुल पार्दछे। ती अण्डाबाट सर्पका बच्चा निस्केर भाले, पोथी वा नपुंसक भनेर चिनिनुभन्दा अघि नै सर्पका हुलले तिनलाई खान्छन्। कृष्णसर्पको आँखा उघ्रिएको एक हप्तामा फुलबाट बाहिर निस्कन्छ। त्यसको बाह्र दिनपछि उसलाई ज्ञान आउँछ। बीस दिनका सूर्य देखिसकेपछि त्यसका बत्तीस दाँत र चारवटा दाह्रा आउँछन्। सर्पका कराली, मकरी, कालरात्री र यमदूतिका नामका चारवटा दाह्रा विषालु हुन्छन्। ती उसका दायाँ र बायाँ भागमा रहेका हुन्छन्। छ महिनामा सर्पले काँचुली फेर्दछ र एक सय बीस बर्षसम्म बाँच्छ। शेष आदि सात नागहरू रवि आदि सात वारका स्वामी हुन् भन्ने मानिन्छ। ती वारका स्वामी भएर दिन र रातमा पनि रहन्छन्। शेष आदि सात नागहरू आ आफ्ना वारका दिन उत्पन्न हुन्छन् तर कुलिकको उदय सधैँको सन्ध्याकालमा

नागाः सूर्य्यादिवारेशाः सप्त उक्ता दिवा निशि ।१३।
स्वेषां षट् प्रतिवारेषु कुलिकः सर्वसन्धिषु ।
शङ्खेन वा महाब्जेन सह तस्योदयोऽथवा ।१४।
द्वयोर्वा नाडिकामात्रमन्तरं कुलिकोदयः ।
दुष्टः स कालः सर्वत्र सर्पदंशे विशेषतः ।१५।
कृत्तिका भरणी स्वाती मूलं पूर्वत्रयाश्विनी ।
विशाखार्द्रा मघाश्लेषा चित्रा श्रवणरोहिणी ।१६।
हस्तो मन्दकुजौ वारौ पञ्चमी चाष्टमी तिथिः ।
षष्ठी रिक्ता शिवा निन्द्या पञ्चमी च चतुर्दशी ।१७।
सन्ध्याचतुष्टयं दुष्टं दग्धयोगाश्च राशयः ।
एकद्विबहवो दंशा दष्टं विद्धं च खण्डितम् ।१८।
अदंशमवगुप्तं स्याद्दंशमेव चतुर्विधम् ।
त्रयो द्व्येकक्षता दंशा वेदना रुधिरोल्बणा ।१९।
नक्तन्त्वेकाङ्घ्रिकूर्माभा दंशाश्च यमचोदिताः ।
दीही पिपीलिकास्पर्शी कण्ठशोथरुजान्वितः ।२०।
सतोदो ग्रन्थितो दंशः सविषो न्यस्तनिर्विषः ।
देवालये शून्यगृहे वल्मीकोद्यानकोटरे ।२१।
रथ्यासन्धौ श्मशाने च नद्यां च सिन्धुसङ्गमे ।
द्वीपे चतुष्पथे सौधे गृहेऽब्जे पर्वताग्रतः ।२२।
बिलद्वारे जीर्णकूपे जीर्णवेश्मनि कुड्यके ।
शिग्रुश्लेष्मातकाक्षेषु जम्बूडुम्बरणेषु च ।२३।
वटे च जीर्णप्राकारे खास्यहृत्कक्षजत्रुणि ।
तालौ शङ्खे गले मूर्ध्नि चिबुके नाभिपादयोः ।२४।
दंशोऽशुभः शुभो दूतः पुष्पहस्तः सुवाक्सुधीः ।
लिङ्गवर्णसमानश्च शुक्ल वस्त्रोऽमलः शुचिः ।२५।
अपद्वारगतःशस्त्री प्रमादी भूगतेक्षणः ।
विवर्णवासाः पाशादिशस्तो गद्‌गदवर्णभाक् ।२६।
शुष्ककाष्ठाश्रितः खिन्नस्तिलाक्तककरांशुकः ।
आर्द्रवासाः कृष्णरक्तपुष्पयुक्तशिरोरुहः ।२७।
कुचमर्दी नखच्छेदी गुदस्पृक्पादलेखकः ।

हुन्छ। अथवा महापद्म र शङ्खपालसँगै कुलिकको उदय हुन्छ भन्ने मानिन्छ। अर्को मतका अनुसार महापद्म र शङ्खपालका बीचको दुई घडीमा कुलिकको उदय हुन्छ। कुलिक उदाउने बेला सबै कार्यका लागि दोषी भएको मानिएको छ। सर्पले डुँगेको अवस्थामा त त्यो विशेष अशुभ हुन्छ। कृत्तिका, भरणी, स्वाती, मूल, पूर्वाफाल्गुनी, पूर्वाषाढा, पूर्वभाद्रपदा, अश्विनी, विशाखा, आर्द्रा, आश्लेषा, चित्रा, श्रवण, रोहिणी, हस्त नक्षत्र, शनि एवं मङ्गलबार र पञ्चमी, अष्टमी, षष्ठी, रिक्ता चतुर्थी, नवमी र चतुर्दशी एवं तृतीया तिथिमा सर्पले डुँगेको विशेष निन्द्य मानिन्छ। यदि सर्पले चारै दग्धयोग र दग्ध राशिमा डुँग्यो भने अनिष्टकारक हुन्छ। एक, दुई र तीन डुँगाइलाई क्रमैसँग दष्ट, विद्ध र खण्डित भनिन्छ। सर्पले केवल छोयो तर डुँगेन भने त्यसलाई अदंश भन्दछन्। त्यस अवस्थामा मानिस सुरक्षित हुन्छ। यस किसिमले सर्प दंशका भेद चारवटा भए। यिनीहरूमध्ये तीन, दुई र एक दुःखदायी र रक्तस्राव गराउने हुन्छन्। एक खुट्टो भएको र कछुवाको जस्तै आकृति भएको टोकाइ मृत्युले नै पठाएको हो। जिउ पोल्ने, जिउमा कमिला हिंडेझैं सक्सकाउने, घाँटी सुन्निएझैं ख्याप्प हुने र अरू पीडाले अत्यन्त दुख्ने, गाँठो र मुस्लो जस्तो लाग्ने टोकाइ विषालु हो भन्ने मानिन्छ र यीभन्दा भिन्न खालको सर्पले डसेको विष विनाको हुन्छ। मन्दिर, खालीघर, प्वाल, बगैँचा, रुखका टोड्का, दोबाटो, चौबाटो, चिहान, नदी किनार, सागरमा मिसिएको ठाउँ, टापु, चौबाटो, राजमहल, घर, फूलबारी, पर्वतको शिखर, भुइँमुनिको दुलो, भत्केको इनार, पुरानो पर्खाल, लप्सीको रुख, जामुनाको रुख, डुम्रीको रुख, बाँसघारी, बरको रुख, थोत्रा घरको पर्खालमा सर्प बस्ने गर्दछन्। इन्द्रिय छिद्र, मुख, हृदय, कोखा, घाँटी, तालु, निधार, गलो, टाउको, चिउँडो, नाइटो र खुट्टामा सर्पले डुँगेको नराम्रो हुन्छ। विष झार्ने वैद्यलाई सर्पले डुँगेको सूचना दिने मानिसले हातमा फूल लिएकी, सुन्दर वाणी बोल्ने, राम्रो बुद्धि भएको, सर्पले डुँगेकै मानिसको जस्तै जात, लिङ्ग मिल्ने, सफा लुगा लगाएको छ र निर्मल एवं पवित्र छ भने त्यसलाई शुभ मानिन्छ।१-२५।

त्यसको विपरीत जुन खबर ल्याउने मानिस मूल ढोकाबाट नआई अर्कै बाटाबाट आउँछ, हतियार लिएको, लोसो, भुइँतिर नै हेरिरहेको, फोहोरी वा बेढङ्गे लुगा लगाएको, हातमा पाश आदि लिएको गलो रोकिएर अड्किँदै बोलेको, सुकेका काठमाथि बसेको, खिन्न मन भएको, हातमा कालो कोठी भएको वा तिल लिएको, राता रङ्गको टाटा भएको लुगा लगाएको, भिजेको लुगा लगाएको, टाउकाको कपालमा काला वा राता फूल परेको, आफ्नै दुद माड्दै गरेको, नङ काट्दै गरेको वा गुप्ताङ्ग वा गुदामा छोइरहेको, खुट्टाले भुइँ कोतर्दै

केशलुञ्ची तृणच्छेदी दुष्टा दूतास्तथैकशः ।२८।
इडान्या वा वहेद् द्वेधा यदि दूतस्य चात्मनः ।
आभ्यां द्वाभ्यां पुष्टयास्मान्विद्यास्त्रीपुन्नपुंसकान् ।२९।
दूतः स्पृशति यद्गात्रं तस्मिन्दंशमुदाहरेत् ।
दूताङ्घ्रिचलनं दुष्टसुत्थितिर्निश्चला शुभा ।३०।
जीवपार्श्वे शुभो दूतो दुष्टोऽन्यत्र समागतः ।
जीवो गतागतैर्दुष्टः शुभो दूतनिवेदने ।३१।
दूतस्य वाक्प्रदुष्टा सा पूर्वामज्जार्द्धनिन्दिता ।
विभक्तैस्तस्य वाक्यान्तैर्विषनिर्विषकालता ।३२।
आद्यैः स्वरैश्च काद्यैश्च वर्गैर्भिन्नलिपिर्द्विधा ।
स्वरजो वसुमान्वर्गी इति ज्ञेया च मातृका ।३३।
वाताग्नीन्द्रजलात्मानो वर्गेषु च चतुष्टयम् ।
नपुंसकाः पञ्चमाः स्यू स्वराः शक्राम्बुयोनयः ।३४।
दुष्टौ दूतस्य वाक्पादौ वाताग्नी मध्यमो हरिः ।
प्रशस्ता वारुणा वर्णा अतिदुष्टा नपुंसकाः ।३५।
प्रस्थाने मङ्गलं वाक्यं गर्जितं मेघहस्तिनोः ।
प्रदक्षिणं फले वृक्षे वामस्य च रुतं जितम् ।३६।
शुभा गीतादिशब्दाः स्युरीदृशं स्यादसिद्धये ।
अनर्थगीरथाक्रन्दो दक्षिणे विरुतं क्षुतम् ।३७।
वेश्या क्षुतो नृपः कन्या गौर्दन्ती मुरजध्वजौ ।
क्षीराज्यदधिशङ्खाम्बु च्छत्रं भेरी फलं सुराः ।३८।
तण्डुला हेम रूप्यं च सिद्धयेऽभिमुखा अमी ।
सकाष्ठाः सानलः कारुर्मलिनाम्बरभावभृत् ।३९।
गलस्थटङ्को गोमायुगृध्रोलूककपर्दिकाः ।
तैलं कपालकार्पासा निषेधे भस्म नष्टये ।४०।
विषरोगाश्च सप्त स्युर्धातोर्धात्वन्तराप्तितः ।
विषदंशो ललाटं यात्यतो नेत्रं ततो मुखम् ।
आस्याच्च वचनीनाड्यो धातून्प्राप्नोति हि क्रमात् ।४१।

गरेको, कपाल लुछ्दै गरेको अथवा सिन्का भाँच्दै गरेको छ भने त्यस्तो दूत दोषी हुन्छ भनिएको छ । यीमध्ये कुनै एक लक्षण छ भने पनि अशुभ नै हुन्छ । आफ्नो र दूतको इडा अथवा पिङ्गला वा दुवै नाडी चलिरहेका छन् भने ती दुवैका यी चिह्नहरूले डस्ने सर्प भाले, पोथी वा नपुसंक जान्नुपर्दछ। दूतले आफ्नो जुन अङ्ग छाम्छ सर्पले त्यसै अङ्गमा ढुडेको जान्नुपर्छ। दूतका खुट्टा चक्चकाएका छन् भने अशुभ र यदि स्थिर छन् भने शुभ मानिएको छ। कुनै प्राणीका पार्श्वतर्फ उभिएको दूत शुभ हुन् र अरू भागमा उभिएको अशुभ हुन्छ भनिएको छ। दूतले खबर सुनाउने बेलामा कुनै प्राणी आयो भने राम्रो र गयो भने नराम्रो हुन्छ। दूतको बोली ज्यादै गल्ती भएको छ अथवा राम्रोसँग बुझिँदैन भने त्यो पनि निन्दित हुन्छ। उसका सुस्पष्ट र छुट्टाछुट्टा प्रस्ट बोलीहरूद्वारा नै पनि सर्पको टोकाइ विषसहितको छ कि विषविनाको छ भन्ने थाहा पाइन्छ। दूतका वाक्यका सुरुमा स्वर अथवा कवर्ग आदिका भेदले लिपिलाई दुई किसिमको मानिएको छ। दूतका वाक्यको पहिलो अक्षर स्वर प्रयोग भएको छ भने सर्पले टोकेको मानिस बाँच्छ र क आदि वर्गका प्रारम्भका चार अक्षर क्रमशः वायु, अग्नि, इन्द्र र वरुणदेवता सम्बन्धी हुन्छन्। क आदि वर्गका पाँचौं अक्षरहरू नपुंसक मानिएका छन्। अ आदि स्वर ह्रस्व र दीर्घका भेदले इन्द्र र वरुणदेवता सम्बन्धी हुन्छन् दूतका वाक्यका प्रारम्भमा वायु र अग्नि देवतासम्बन्धी अक्षर दूषित र इन्द्र सम्बन्धी अक्षर मध्यम फलप्रद हुन्छन्। वरुणदेवता सम्बन्धी वर्ण उत्तम र नपुंसक वर्ण अत्यन्त अशुभ हुन्। विष झार्ने वैद्य निस्केर हिंडने बेलामा मङ्गलमय वचन, मेघको र हात्तीको गर्जन, दाहिनेतिर फलेको रुख तथा बायाँतिर कुनै पक्षी कराएको आवाज रहेको छ भने त्यसले विजयको जस्तै सफलताको सूचना दिन्छ। निस्केर हिंड्ने बेलामा गीत आदिको शब्द शुभ हुन्छ। दाहिनेतिर अलच्छिनी बोली र चखेवा रोएको लक्षण सिद्धिको सूचक हो। चराको अशुभ स्वर र हाच्छिउँको कार्यमा असिद्धि प्रदान गर्दछन्। वेश्या, ब्राह्मण, राजा, कन्या, गाई, हात्ती, ढोलक, झण्डा, दुध, घिउ, दही, शङ्ख, जल, छाता, भेरी, फल, मदिरा, अक्षता, सुन र चाँदी यी अगाडि देखिए भने कार्य सफल हुने सूचना गर्दछन्। दाउरामा आगो सल्काएको शिल्पी, फोहोरी लुगाको भारी बोकेको मान्छे, गलामा ढुङ्गा कोर्ने छिनो लिएको मानिस, स्याल, गिद्द, उल्लु, कौडी, तेल, खप्पर र भस्म यति निषिद्ध र नाशक सूचक हुन्। एउटा धातुबाट अर्को धातुमा प्रवेश गरेका विषमा धातुसम्बन्धी सातवटा रोग हुन्छन्। विष सर्दै पहिले निधारमा, निधारबाट आँखामा, आँखाबाट मुखमा जान्छ। मुखमा सरिसकेपछि त्यो सम्पूर्ण धमनीहरूमा फैलिन्छ र क्रमशः सबै धातुमा पस्छ।२६-४१।

# २९५. पञ्चनवत्यधिकद्विशततमोऽध्यायः

## दष्टचिकित्सा

अग्निरुवाच

मन्त्रध्यानौषधैर्दष्टचिकित्सां प्रवदामि ते ओं नमो भगवते नीलकण्ठायेति जपनाद्विषहानिः स्यादौषधं जीवरक्षणम् ।१।

साज्यं सकृद्रसं पेयं द्विविधं विषमुच्यते ।

जङ्गमं सर्पमूषादि शृङ्गादि स्थावरं विषम् ।२।

शान्तस्वरान्वितो ब्रह्मा लोहितं तारकं शिवः ।

वियतेर्नाममन्त्रोऽयं तार्क्षः शब्दमयः स्मृतः ।३।

ओं ज्वल महामते हृदयाय गरुडविरालशिरसे गरुडशिखायै गरुड विषभञ्जन प्रभेदन प्रभेदन वित्रासय वित्रासय विमर्दय विमर्दय कवचाय अप्रतिहतशासनं वं हूं फट् अस्त्राय उग्ररूपधारक सर्वभयङ्कर भीषय सर्वं दहदह भस्मी कुरुकुरु स्वाहा नेत्राय सप्तवर्गान्तयुग्माष्टदिग्दलस्वरकेसरादिवर्णरुद्धं वह्निराभूतकर्णिकं मातृकाम्बुजम् कृत्वा हृदिस्थं तन्मन्त्री वामहस्ततले स्मरेत् अङ्गुष्ठादौ न्यसेद्वर्णान्वियतेर्भेदिताः कलाः ।४।

पीतं वज्रचतुष्कोणं पार्थिवं शक्रदैवतम् ।

वृर्त्तामाप्य पद्मार्द्धं शुक्लं वरुणदैवतम् ।५।

त्र्यस्त्रं स्वस्तिकयुक्तं च तैजसं वह्निदैवतम् ।

वृत्तं विन्दुवृतं वायुदैवतं कृष्णमालिनम् ।६।

अङ्गुष्ठाद्यङ्गुलीमध्ये पर्य्यस्तेषु स्ववेश्मसु ।

सुवर्णनागवाहेन वेष्टितेषु न्यसेत्क्रमात् ।७।

वियतेश्चतुरो वर्णान्सुमण्डलसमत्विषः ।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म मन्त्र, ध्यान र औषधिद्वारा सर्पले डुँगेका मानिसको चिकित्साका विषयमा भन्छु । ओं नमो भगवते नीलकण्ठाय भन्ने मन्त्रका जपले विष नाश हुन्छ । घिउसित गोबरको रस खुवाउनुपर्छ । यस औषधिले सर्पले टोकेका मानिसको ज्यान बचाउँछ । विष दुई खालका हुन्छन् भनिएको छ । जङ्गम विष सर्प र मुसा आदि प्राणीमा भेटिन्छ र स्थावर अन्तर्गतका विषहरू श्रृङ्गी आदि भेदका विष हुन् । शान्त स्वर भएका ब्रहमा क्षौँ, लोहित ह्रीं, तारक ओं, शिव हौँ यी चार अक्षरको नाममन्त्र वियतिसम्बन्धी हो र यसलाई गरुड वा ताक्ष्र्य भनिएको छ । माटाको कमल बनाएर त्यसका आठ दिशामा आठवटा पत्र बनाउनुपर्छ । पूर्व आदिका दलहरूमा क्रमशः दुई–दुईवटाका दरले स्वर वर्ण लेख्नुपर्दछ । कवर्ग आदि सातै वर्गका पछिल्ला दुई दुई अक्षरहरू पनि प्रत्येक दलहरूमा लेख्नुपर्दछ । त्यस कमलको केसर भागलाई वर्गका आदि अक्षरहरूले भर्नुपर्दछ र कर्णिकामा अग्निबीजरूपी रं लेख्नुपर्दछ । मन्त्रका साधकले त्यस कमललाई हृदयमा चिन्तन गर्दै बायाँ हातका हत्केलामा त्यो रहेको चिन्तन गर्नुपर्दछ । औँलाहरूमा वियति मन्त्रका वर्णहरूको न्यास गर्नुपर्दछ र तिनीहरूद्वारा भेदन भएका कलाहरूको पनि चिन्तन गर्नुपर्दछ । त्यसपछि भूपूर नामको चारकुने मण्डल पहेँलो रङ्गले बनाउनुपर्दछ र त्यसका चारैतिर वज्रको चिह्न अङ्कित हुनुपर्छ । यस्तो मण्डल इन्द्र देवताको हो । अर्द्धचन्द्राकार वृत्त जलदेवतासम्बन्धी हो । कमलको आधा भाग सेतो वर्णको हुन्छ । त्यसका देवता वरुण हुन् । त्यसपछि स्वस्तिक चिह्नसहित भएको, त्रिकोण आकारको, तेजोमय मण्डललाई वह्निदेवताको हो भनेर चिन्तन गर्नुपर्छ । वायु देवताको मण्डल बिन्दुयुक्त र वृत्ताकार हुन्छ । त्यो कृष्णमालाले सजिएको छ भन्ने चिन्तन गर्नुपर्दछ । यी चार भूतहरू क्रमशः अङ्गुष्ठ, तर्जनी, मध्यमा र अनामिका यी चार औँलाका माझका आँख्लाहरूमा रहेका आआफ्ना निवासस्थानमा छन् र यिनका वासस्थानहरू सुनौला नागरूपी वाहनले छेकेका छन् भन्ने चिन्तन गर्दै क्रमशः पृथ्वी आदि तत्त्वहरूलाई अङ्गुष्ठ आदिका बीचका आँख्लाहरूमा न्यास गर्नुपर्दछ । त्यसका साथै वियति मन्त्रका चार वर्णलाई पनि क्रमैसँग तिनीहरूमै विन्यास गर्नुपर्दछ । यी वर्णहरूको कान्ति तिनीहरूकै मण्डल जति नै सुन्दर छ । यसरी न्यास गरिसकेपछि रूपरहित शब्द तन्मात्रमय शिवदेवतालाई आकाशतत्त्वका कान्छी औँलाको माझको आँख्लामा चिन्तन गरेर त्यसभित्र वेदमन्त्रका पहिलो अक्षरको न्यास गर्नुपर्दछ ।

अरूपे रवतन्मात्रे चाकाशे शिवदेवते ।८।
कनिष्ठामध्यपर्वस्थे न्यसेत्तस्याद्यमक्षरम् ।
नागानामादिवर्णांश्च स्वमण्डलगतान्न्यसेत् ।९।
भूतादिवर्णान्विन्यसेदङ्गुष्ठाद्यन्तपर्वसु ।
तन्मात्रादिगुणाभ्यर्णानङ्गुलीषु न्यसेद् बुधः
।१०।स्पर्शनादेव तार्क्षेण हस्ते हन्याद्विषद्वयम् ।
मण्डलादिषु तान्वर्णान्वियतेः कवयो जितान् ।११।
श्रेष्ठं द्व्यङ्गुलिभिर्देहनाभिस्थानेषु पर्वसु ।
आजानुतः सुवर्णाभमानाभेस्तुहिनप्रभम् ।१२।
कुङ्कुमारुणमाकण्ठादाकेशान्तात्सितेतरम् ।
ब्रह्माण्डव्यापिनं तार्क्ष्यं चन्द्राख्यं नागभूषणम् ।१३।
नीलोग्रनासमात्मानं महापक्षं स्मरेद्बुधः ।
एवं तार्क्षात्मनो वाक्यान्मन्त्रः स्यान्मन्त्रिणो विषे ।१४।
मुष्टिस्तार्क्षकरस्यान्तःस्थिताङ्गुष्ठविषापहा ।
तार्क्षं हस्तं समुद्यम्य तत्पञ्चाङ्गुलिचालनात् ।१५।
कुर्याद्विषस्य स्तम्भादींस्तदुक्तमदवीक्षया ।
आकाशादेषभूबीजः पञ्चार्णाधिपतिर्मनुः ।१६।
संस्तम्भयेऽतिविषतो भाषया स्तम्भयेद्विषम् ।
व्यत्यस्तभूषया बीजो मन्त्रोऽयं साधुसाधितः ।१७।
संप्लवः प्लावय यमः शब्दाद्यः संहरेद्विषम् ।
दण्डमुत्थापयेदेष सुजप्ताम्भोऽभिषेकतः ।१८।
सुजप्तशङ्खभेर्यादिनिःस्वनश्रवणेन वा ।
सन्देहत्येव संयुक्तो भूतेजोव्यत्ययात्स्थितः ।१९।
भूवायुव्यत्ययान्मन्त्रो विषं सङ्क्रामयत्यसौ ।
अन्तःस्थो निजवेश्मस्थो बीजाग्नीन्दुजलात्मभिः ।२०।

पूर्वोक्त नागहरूका नामको पहिलो अक्षरलाई तिनका आफ्नै मण्डलमा न्यास गर्नुपर्दछ । पृथ्वी आदि भूतहरूका पहिला अक्षरहरूलाई औँलाहरूका अन्तिम आँख्लाहरूमा न्यास गर्नुपर्छ र विद्वान् मानिसले गन्ध आदि तन्मात्राहरूलाई गन्ध आदि गुणहरूसित सम्बन्धित अक्षरहरूलाई पाँचै औँलामा स्थापित गर्नुपर्दछ। यस किसिमका न्यास ध्यान गरेपछि तार्क्ष्य मन्त्रद्वारा रोगीको हात स्पर्श गरेर मात्रै पनि मन्त्र जान्ने विद्वान्ले त्यसका स्थावर-जङ्गम दुवै किसिमका विषहरूलाई न्यास गर्दछ । विद्वान् पुरुषले पृथ्वी मण्डल आदिमा न्यास गरिएका वियति मन्त्रका चारै वर्णलाई आफ्ना दुवै श्रेष्ठ औँलाहरूद्वारा शरीरका नाभीस्थान आदि प्रत्येक जोर्नीहरूमा न्यास गर्नुपर्दछ। त्यसपछि गरुडको स्वरूपलाई यस प्रकार ध्यान गर्नुपर्छ– पक्षीराज गरुडका दुवै घुँडासम्म सुनौलो आभा छ। घुँडादेखि नाइटोसम्म हिउँजस्तै सेतो अङ्गकान्ति रहेको छ । त्यहाँबाट कण्ठसम्म कुङ्कुमजस्तै अरुण देखिन्छन् र कण्ठदेखि केशसम्म उनको कान्ति कालो रहेको छ। उनी सम्पूर्ण ब्रह्माण्डमा व्याप्त भएर रहेका छन् । उनको नाम चन्द्र हो र उनी सर्पकै गहनाहरूले सजिएका छन् । उनका नाकको टुप्पो नीलो छ र पखेटा ज्यादै विशाल छन् । मन्त्रको ज्ञान भएका विद्वान्ले स्वयं आफूलाई पनि गरुडकै रूपमा चिन्तन गर्नुपर्दछ । यस प्रकारले गरुडका रूपमा रहेका मन्त्रप्रयोगकर्ता पुरुषका वाक्यले मन्त्रमाथि आफ्नो प्रभाव पार्दछ । गरुडका हातको मुठी रोगीका हातमा अडियो भने त्यसले बुढी औँलाको विष नाश गरिदिन्छ । मन्त्रवेत्ता पुरुषले आफ्नो गरुडस्वरूप हातलाई माथि उचालेर त्यसका पाँचै औँलामा चलाएर मात्रै पनि विषनाश उत्पन्न हुने प्रभावमाथि दृष्टि राख्दै त्यस विषलाई निष्क्रिय गराउन सक्छ। आकाशदेखि भूमिसम्म जुन पाँच बीजमन्त्र छन् तिनीहरूलाई पञ्चाक्षर मन्त्रराज भनिएको छ।१-१६।

यस मन्त्रले धेरै ठूलो विषलाई रोक्दछ। यो नै व्यत्यस्तभूषण बीज मन्त्र हो । यसका बीजहरूलाई ओल्टाईपल्टाई गरेर जप्नु यस मन्त्रका लागि भूषणजस्तै हो । यसलाई राम्रोसँग साधना गर्नु र यस मन्त्रका आदिमा संप्लवं प्लावय प्लावय भन्ने वाक्य जोडियो भने मन्त्र प्रयोग गर्ने पुरुषले यसका प्रयोगबाट विषलाई संहार गर्न सक्छ । यस मन्त्रको अत्यन्त राम्ररी जप गरेर मन्त्रिएको जलद्वारा अभिषेक मात्रै गर्दा पनि यस मन्त्रले आफ्नो प्रभावद्वारा रोगीलाई सन्चो पार्न सक्छन् अथवा मन्त्र जप गर्दै बजाइएका शङ्खभेरी आदिको ध्वनि सुनेर मात्रै पनि रोगीको विष डढाउन सक्छ। यदि भूबीज लं लाई र तेजोबीज रं लाई उल्टो पारेर हं यं लं वं रं मन्त्रको स्वरूप यस्तो बनाइयो भने त्यसका प्रयोगले पनि माथि बताइएको जस्तो फलको सिद्धि गराउँछ । अर्थात् त्यसले पनि विष डढाउँछ । भूबीज र वायुबीजलाई व्यत्यय गर्नाले जुन हं लं रं वं यं मन्त्र बन्छ

एतत्कर्म नयेन्मन्त्री गरुडाकृतिविग्रहः।
तार्क्षवरुणगेहस्थस्तज्जपान्नाशयेद्विषम् ।२१।
जानुदण्डीदमुदितं स्वधाश्रीबीजलाञ्छितम्।
स्नानपानात्सर्वविषं ज्वररोगापमृत्युजित् ।२२।
पक्षिपक्षि महापक्षिमहापक्षि विवि स्वाहा पक्षिपक्षि महापक्षिमहापक्षि क्षिक्षि स्वाहा द्वावेतौ पक्षिराण्मन्त्रौ विषघ्नावभिमन्त्रणात् पक्षिराजाय विद्महे पक्षिदेवाय धीमहि तन्नो गरुडः प्रचोदयात् बह्निस्थौ पार्श्वतत्पूर्वौ दन्तश्रीकौ च दण्डिनौ ।२३।
सकालो लाङ्गली चेति नीलकण्ठाद्यमीरितम्।
वक्षःकण्ठशिखाश्वेतं न्यसेत्स्तम्भे सुसंस्कृतौ ।२४।
हरहर हृदयाय नमः कपर्दिने च शिरसि नीलकण्ठाय वै शिखां कालकूटविषभक्षणाय स्वाहा अथ वर्म च कण्ठे नेत्रं कृत्तिवासास्त्रिनेत्रम् पूर्वाद्यैराननैर्युक्तं श्वेतपीतारुणासितैः अभयं वरदं चापं वासुकिं च दधद्भुजैः यस्योपरीतपार्श्वस्थगौरीरुद्रोऽस्य देवता ।२५।
पादजानुगुहानाभिहृत्कण्ठाननमूर्द्धसु।
मन्त्रार्णान्न्यस्य करयोरङ्गुष्ठाद्यङ्गुलीषु च ।२६।
तर्जन्यादितदन्तासु सर्वमङ्गुष्ठयोर्न्यसेत्।
ध्यात्वैवं संहरेत्क्षिप्रं बद्धया शूलमुद्रया ।२७।
कनिष्ठा ज्येष्ठया बद्धा तिस्राऽन्याः प्रसृतेर्जवाः।
विषनाशे वामहस्तमन्यस्मिन्दक्षिणं करम् ।२८।
ओं नमो भगवते नीलकण्ठाय चिः अमलकण्ठाय चिः सर्वज्ञकण्ठाय चिः क्षिप ओं स्वाहा अमलनीकण्ठाय नैकसर्वविषापहाय नमस्ते रुद्रमन्यव इति संमार्जनाद्विषं विनश्यति न सन्देहः कर्णजाप्यात् उपानहा वा यजेद्रुद्रविधानेन नीलग्रीवं महेश्वरम् विषव्याधिविनाशः स्यात्कृत्वा रुद्रविधानकम् ।२९।

त्यसले विषलाई सङ्क्रमण गराउँछ। मन्त्रको प्रयोग गर्ने पुरुष रोगीको नजिकै बसेको होस् अथवा आफ्नै घरमा बसेको होस् उसले यदि गुरुका स्वरूपको चिन्तन र आफूलाई नै गरुडका रूपमा कल्पना गरेर रं वं यी दुई बीजलाई जप गरेको छ भने यस कर्मलाई सफल गर्न सक्छ। गरुड र वरुणका मन्दिरमा रहेर त्यस मन्त्रको जप गर्नाले मन्त्र जान्ने पुरुषले विषलाई हटाइदिन्छ। स्वधा र श्रीसहित लगाएर यस मन्त्रलाई बोलेको छ भने यस बीज मन्त्रलाइ जानुदण्डि मन्त्र भन्दछन्। स्नान गरेर जल पान गर्दै यसलाई जप गर्ने हो भने साधकले सबै खालका विष, ज्वर, रोग र अपमृत्युमा विजय प्राप्त गर्न सक्छ। पक्षि पक्षि महापक्षि महापक्षि वि वि स्वाहा। पक्षि पक्षि महापक्षि महापक्षि क्षि क्षि स्वाहा। यी दुई मन्त्र पक्षीराज गरुडका हुन्। यिनीहरूद्वारा मन्त्रिएर वा यिनको जप गर्दै रोगीलाई फुकिदिने हो भने यी दुवै मन्त्रले विषलाई नाश गर्दछन्। पक्षिराजाय विद्महे पक्षिदेवाय धीमहि तन्नो गरुडः प्रचोदयात्। यो गरुड गायत्री मन्त्र हो। उपर्युक्त दुवै पक्षिराजका मन्त्रलाई रं बीजले सम्पुट गरेर तिनका दायाँबायाँ पनि रं बीज जोड्नुपर्दछ। त्यसपछि दन्त, श्री, दण्डी, काल र लाङ्गलीद्वारा तिनलाई सम्पन्न गराउनुपर्छ र सुरुमा पूर्वोक्त नीलकण्ठ मन्त्र जोड्नुपर्छ। यसरी बताइएको मन्त्रलाई वक्षस्थल, कण्ठ र शिखामा न्यास गर्नुपर्दछ। उक्त दुवै मन्त्रहरूको संस्कार गरेर तिनलाई स्तम्भमा अङ्कित गर्नुपर्दछ। यसपछि न्यास गर्दै पाखुराहरू र कण्ठ स्पर्श गर्नुपर्दछ। जसका पूर्व आदि मुखहरू क्रमैसँग सेतो, पहेँलो, रातो र कालो छ जसले आफ्ना चार हातमा क्रमशः अभय, वरद, धनुष तथा वासुकी नाग धारण गरेका छन्, जसका गलामा जनै छ र छेउमा गौरीदेवी विराजमान छन् तिनै भगवान् रुद्र यस मन्त्रका देवता हुन्। दुवै गोडा, दुवै घुँडा, गुह्य भाग, नाभी, हृदय, कण्ठ र मस्तक यी अङ्गमा मन्त्रका अक्षरहरूलाई न्यास गर्नुपर्दछ र दुवै हातमा बुढी औँला आदि औँलाहरूमा अर्थात् चोरी औँलादेखि लिएर चोरी औँलासम्म नै औँलाहरूमा मन्त्रका अक्षर न्यास गरेर सम्पूर्ण मन्त्रलाई बढी औँलामा न्यास गर्नुपर्दछ। यसै गरी न्यास र ध्यान गर्दै चाँडै नै बाँधिएको शूल मुद्राद्वारा विषलाई संहार गर्नुपर्दछ। कान्छी औँलालाई बुढी औँलासित जोडेर अरू तीन औँला फिँजाउनुलाई शूलमुद्रा भनिन्छ। विषलाई नाश गर्नका लागि बायाँ हात र अन्य कामका लागि दाहिने हात चलाउनुपर्दछ। ओं नमो भगवते नीलकण्ठाय चिः अमलकण्ठाय चिः सर्वज्ञकण्ठाय चिः क्षिप ओं स्वाहा अमलनीकण्ठाय नैकसर्वविषापहाय नमस्ते रुद्रमन्यव यस मन्त्रलाई पढेर झारफुक गर्दा विष नष्ट हुन्छ भन्ने कुरामा शङ्का मान्नुपर्दैन। रोगीका कानमा जप गर्नाले अथवा मन्त्र पढ्दै रोगीका छेउमै भुइँमा जुत्ताले हिर्काउँदा विष ओर्लन्छ। रुद्रविधान गरेर त्यसैद्वारा नीलकण्ठ महेश्वरको भजन गर्नुपर्दछ। यसले विषको विरामी निको हुन्छ।१७-२९।

# २९६. षण्णवत्यधिकद्विशततमोऽध्यायः

## पञ्चाङ्गरुद्रविधान

अग्निरुवाच

वक्ष्ये रुद्रविधानं तु पञ्चाङ्गं सर्वदं परम् ।
हृदयं शिवसङ्कल्पः शिवः सूक्तं तु पौरुषम् ।१।
शिखाभ्यः सम्भूतसूक्तमाशुः कवचमेव च ।
शतरुद्रीयमस्त्रं च रुद्रस्याङ्गानि पञ्च हि ।२।
पञ्चाङ्गान्न्यस्य तं ध्यात्वा जपेद्रुद्रांस्ततः क्रमात् ।
यज्जाग्रत इति सूक्तं यदृचं मानसं विदुः ।३।
ऋषिः स्याच्छिवसङ्कल्पश्छन्दस्त्रिष्टुबुदाहृतम् ।
शिवः सहस्रशीर्षेति तस्य नारायणोऽप्यृषिः ।४।
देवता पुरुषोऽनुष्टुप्छन्दो ज्ञेयं च त्रैष्टुभम् ।
अभ्यश्रसम्भृतंसूक्तमृषिरुत्तरगोनरः ।५।
आद्यानां तिसृणां त्रिष्टुप्छन्दोऽनुष्टुब्द्वयो रपि ।
छन्दस्त्रैष्टुभमन्त्यायाः पुरुषोऽस्यापि देवता ।६।
आशुरिन्द्रो द्वादशानां छन्दस्त्रिष्टुबुदाहृतम् ।
ऋषिः प्रोक्तः प्रतिरथः सूक्ते सप्तदशार्चके ।७।
पृथक्पृथग्देवताः स्युः पुरुविदङ्गदेवता ।
अवशिष्टदैवतेषु च्छन्दोऽनुष्टुबुदाहृतम् ।७।
असौ यस्ताम्रो भवतीन्द्रः पुरुलिङ्गोक्तदेवता ।
पङ्क्तिच्छन्दोऽथ मर्माणि त्वपलिङ्गोक्तदेवताः ।९।
रौद्राध्याये च सर्वस्मिन्नृषिः स्यात्परमेष्ठ्यपि ।
प्रजापतिर्वा देवानां कुत्सस्य तिसृणां पुनः ।१०।
मनोद्वयोरुमैका स्याद्रुद्रो रुद्राश्च देवताः ।
आद्योनुवाकोऽथ पूर्व एकरुद्राख्यदैवतः ।११।
छन्दो गायत्रमाद्याया अनुष्टुप्तिसृणामृचाम् ।
तिसृणां च तथा पङ्क्तिरनुष्टुबथ संस्मृतम् ।१२।
द्वयोश्च जगतीच्छन्दो रुद्राणामप्यशीतयः ।
हिरण्यबाहवस्तिस्रो नमो वः किरिकाय च ।१३।
पञ्चर्चो रुद्रदेवाः स्युर्मन्त्रे रुद्रानुवाकके ।
विंशके रुद्रदेवास्ताः प्रथमा बृहती स्मृता ।१४।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म पञ्चाङ्ग रुद्र विधानको कुरो गर्दछु। यो यो परम उत्तम तथा सबै कुरा प्रदान गर्न सक्ने छ । शिवसङ्कल्प यसको हृदय र पुरुषसूक्त शिर हो । अद्भ्यः सम्भृतः आदि सूक्त शिखा हो र आशुः शिशानः आदि अध्याय यसको कवच हो । शतरुद्रीय नामका रुद्रका यी पाँच अङ्ग हुन्। रुद्रदेवको ध्यान गरेर उनका पाँच अङ्गका रूपमा रहेका रुद्रहरूलाई क्रमशः जप गर्नुपर्दछ। यज्जाग्रतो आदि छ ऋचाहरूको शिवसङ्कल्प सूक्त यसको हृदय हो । यसका ऋषि शिवसङ्कल्प हुन् र छन्द त्रिष्टुप् हो भनिएको छ। सहस्रशीर्षा बाट प्रारम्भ हुने पुरुषसूक्त यसको शिरभाग हो । यसका ऋषि नारायण, पुरुष देवता र अनुष्टुप् एवं त्रिष्टुप् छन्द हुन् भनी जान्नुपर्दछ। अद्भ्यः सम्भृतः आदि सूक्तका पछिल्लो भागका ऋषि नर हुन् । यिनीहरूमा पहिला तीन मन्त्रहरूको छन्द त्रिष्टुप् हो, त्यसपछिका दुई मन्त्रको छन्द अनुष्टुप् छ र अन्तिम मन्त्र त्रिष्टुप् छन्दको छ । साथै यसका देवता पुरुष हुन् । आशुः शिशानःआदि सूक्तमा बाह्र मन्त्रका देवता इन्द्र र त्रिष्टुप् छन्द छ। सत्र मन्त्रको यस सूक्तका ऋषि प्रतिरथ हुन् भनिन्छ तर देवता भिन्नभिन्न मानिएका छन्। कतिपय मन्त्रका देवता पुरुवित् हुन् बाँकी देवतासम्बन्धी मन्त्रहरूको छन्द अनुष्टुप् छ भनिएको छ। असौ यस्ताम्रो मन्त्रका पुरुलिङ्गोक्त देवता हुन् र छन्द पङ्क्ति हो । मर्माणि ते मन्त्रका त्रिष्टुप् छन्द हो र देवता लिङ्गोक्त हुन् । सम्पूर्ण रुद्राध्यायीका ऋषि परमेष्ठी, देवानाम् इत्यादि मन्त्रका ऋषि प्रजापति तीनैवटा ऋचाका ऋषि कुत्स हुन् । मा नो महान्तमुत मा नो र मा नस्तोके आदि दुई मन्त्रको एकमात्र उमा र बाँकी मन्त्रका देवता रुद्र र रुद्रगण हुन्। सोह्र ऋचा भएको आद्य अनुवाकका देवता रुद्र हुन् । पहिलो मन्त्रको गायत्री छन्द, तीन ऋचाको अनुष्टुप्, तीन ऋचाको पङ्क्ति, सात ऋचाको अनुष्टुप् र दुई मन्त्रको जगती छन्द हो । नमो हिरण्यबाहवे मन्त्रदेखि लिएर नमो वः किरिकेभ्यः सम्म रुद्रगणका तीन अशीतिहरू छन्। रुद्रानुवाकका पाँच ऋचाहरूका देवता इन्द्र हुन्। बीसौं ऋचा पनि रुद्र देवतासम्बन्धी नै छ । पहिला ऋचाको छन्द जगती, दोस्राको त्रिजगती, तेस्राको त्रिष्टुप् र बाँकी तीनवटाको अनुष्टुप् छन्द हो । श्रेष्ठ आचरण भएका पुरुषले यसको ज्ञान पाएर उत्तम सिद्धिको लाभ पाउन सक्छ । त्रैलोक्य मोहन मन्त्रले पनि विषव्याधि आदिको विनाश हुन्छ। त्यो मन्त्र यस

ऋग्द्वितीया त्रिजगती तृतीया त्रिष्टुबेव च ।
अनुष्टुभो यजुस्तिस्र आर्य्यादिज्ञः सुसिद्धिभाक् ।१५।
त्रैलोक्यमोहनेनापि विषव्याध्यरिमर्दनम् इं श्रीं ह्रीं हूं त्रैलोक्यमोहनाय विष्णवे नमः अनुष्टुभं नृसिंहेन विषव्याधिविनाशनम् ।१६।
ओं इं इं इं उग्रं वीरं महाविष्णुं ज्वलन्तं सर्वतोमुखम् ।
नृसिंहं भीषणं भद्रं मृत्युमृत्युं नमाभ्यहम् ।१७।
अमयेव तु पञ्चाङ्गोः मन्त्रः सर्वार्थसाधकः ।
द्वादशाष्टाक्षरौ मन्त्रौ विषव्याधिविर्मदनौ ।१८।
कुब्जिका त्रिपुरा गौरी चन्द्रिका विषहारिणी ।
प्रसादमन्त्रो विषहृदायुरारोग्यवर्धनः ।
सौरो विनायकस्तद्वद्रुद्रमन्त्राः सदाखिलाः ।१९।

प्रकारको छ– इं श्रीं ह्रीं हूं त्रैलोक्यमोहनाय विष्णवे नमः । तल लेखिएको आनुष्टुभ नृसिंह मन्त्रले पनि विषको दुखाइ निको पार्दछ । ओं हं इं उग्रं वीरं महाविष्णुं ज्वलन्तं सर्वतोमुखम् । नृसिंहं भीषणं भद्रं मृत्युमृत्युं नमाम्यहम् ॥ जो उग्र, वीर, सर्वतोमुखी तेजद्वारा प्रज्वलित, भयङ्कर तथा मृत्युका लागि मृत्यु नै भए तापनि भक्तजनहरूका लागि कल्याणस्वरूप छन् ती महाविष्णु नृसिंहलाई म भजन गर्दछु । हृदय आदि पाँच अङ्गहरूको न्यासपूर्वक जपिने यही मन्त्रले समस्त कामनाको सिद्धि प्रदान गर्दछ। श्रीविष्णुको द्वादशाक्षार र अष्टाक्षर मन्त्रले पनि विषव्याधि निको पार्दछ। 'कुब्जिका त्रिपुरा गौरी चन्द्रिका विषहारिणी' यो प्रसादमन्त्र विष हटाउने र आयु एवं आरोग्य बढाउने हो। सूर्य र विनायकका मन्त्र पनि विष हरण गर्ने हुन् भनिन्छ। यसै गरी समस्त रुद्र मन्त्रहरू नै विषलाई नाश गर्ने हुन्छन् ।१-१९।

# २९७. सप्तनवत्यधिकद्विशततमोऽध्यायः

## विषहृन्मन्त्रौषध

अग्निरुवाच

ओं नमो भगवते रुद्राय छिन्दछिन्द विषं ज्वलितपरशुपाणये च नमो भगवते पक्षिरुद्राय दष्टकं उत्थापयउत्थापय दष्टकम् कम्पयकम्पय जल्पयजल्पय सर्वदष्टमृत्यापय ललल बन्धबन्ध मोचयमोचय वररुद्र गच्छगच्छ वधवध त्रुटत्रुट बुकबुक भीषयभीषय मुष्टिना संहर विषं ठठ पक्षिररुद्रेण ह विषं नाशमायाति मन्त्रणात् ओं नमो भगवते रुद्र नाशय विषं स्थावरजङ्गमं कृत्रिमाकृत्रिमविषमुपविषं नाशय नानाविषं दष्टकविषं नाशय धमधम दमदम वमवम मेघान्धकारधाराकर्षनिर्विषयी भव संहरसंहर गच्छगच्छ आवेशयआवेशय विषोत्थापनरूपं मन्त्रान्ताद्विषधारणम् ओं क्षिपक्षिप स्वाहा ओं ह्रां ह्रीं खीं सः ठं द्रौं ह्रीं ठः जपादिना साधितस्तु सर्पान्बध्नाति नित्यशः ।१।
एकद्वित्रिचतुर्बीजः कृष्णचक्राङ्गपञ्चकः ।
गोपीजनवल्लभाय स्वाहा सर्वार्थसाधकः ।२।
ओं नमो भगवते रुद्राय प्रेताधिपतये गुत्त्वगुत्त्व

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! ओं नमो भगवते रुद्राय च्छिन्दच्छिन्द विषं ज्वलितपरशुपाणये स्वाहा यस मन्त्रले र पक्षीरुद्र मन्त्रले सर्पले टोकेको मानिसलाई फुकिदिने हो भने त्यसलाई लागेको विष झर्छ। मन्त्र जप आदि द्वारा यस मन्त्रलाई सिद्ध गर्ने हो भने सधैं सर्पलाई बाँधि दिन्छ । गोपीजनवल्लभाय स्वाहा भन्ने मन्त्र सम्पूर्ण अभीष्ट अर्थ सिद्ध गराउन सक्षम छ। यसमा सुरुका एक, दुई, तीन र चारौँ अक्षर बीजका रूपमा हुन्छ । यिनैबाट हृदय, शिर शिखा र कवचको न्यास हुन्छ । कृष्णचक्राय अस्त्राय फट् भनेपछि पञ्चाङ्ग न्यासको क्रिया पूरा हुन्छ। ओं नमो भगवते रुद्राय प्रेताधिपतये गुत्त्वगुत्त्व गर्जगर्ज भ्रामयभ्रामय मुञ्चमुञ्च मुह्यमुह्य कटकट आविशआविश सुवर्णपतङ्ग रुद्रो ज्ञापयति ठठ यो पातालक्षोभ मन्त्र हो । यसद्वारा रोगीलाई फुकिदिने हो भने उसका लागि यो मन्त्र नै विषनाशक हुन्छ । सर्पले डुङ्नेबित्तिकै डुङेका ठाउँमा बन्ल्दो दाउरो, तातो ढुङ्गा आगोको ज्वाला अथवा तातो कमल आदिले डढाइदिने हो भने त्यसले पनि विष निको पार्दछ। शिरीषको बिउ र फूल

गर्जगर्ज भ्रामयभ्रामय मुञ्चमुञ्च मुह्यमुह्य कटकट आविशआविश सुवर्णपतङ्ग रुद्रो ज्ञापयति ठठ पातालक्षोभमन्त्रोऽयं मन्त्रणाद्विषनाशनः दंशकाहिदंशे सद्यो दष्टः काष्ठशिलादिना ।३।
विषशान्त्यै दहेद्दंशं ज्वालकोकनदादिना ।
शिरीषबीजपुष्पार्कक्षीरबीजकटुत्रयम् ।४।
विषं विनाशयेत्पानलेपनेनाञ्जनादिना ।
शिरीषपुष्पस्य रसभावितं मरिचं सितम् ।५।
पाननस्याञ्जनाद्यैश्च विषं हन्यान्न संशयः ।
कोषातकीवचाहिङ्गुशिरीषार्कपयोयुतम् ।६।
कटुत्रयंसमेषाम्भो हरेन्नस्यादिना विषम् ।
रामठेक्ष्वाकुसर्वाङ्गचूर्णं नस्याद्विषापहम् ।७।
इन्द्रबलाग्निकं द्रोणं तुलसी देविका सहा ।
तद्रसाक्तं त्रिकटुकं चूर्णं भक्ष्यं विषापहम् ।
पञ्चाङ्गं कृष्णपञ्चम्यां शिरीषस्य विषापहम् ।८।

आँकको चोप र बिउ एक सुठो, खोर्सानी वा मरिच र पिप्ला यिनलाई खाने, लेपन गर्ने र अञ्जन आदि लगाउनाले पनि विषलाई नाश गर्दछन् । शिरीषका फूलको रसमा ढड्याएको सेतो खुर्सानी खाने, धुलो वा मलहम बनाएर लेपन गर्ने आदि द्वारा पनि विषलाई ओखती गर्छ भन्ने कुरामा शङ्का छैन । तितो घिरौँलो, बोजो, हिङ, शिरीषको र आँकको चोप, त्रिकटुक् र मेषाम्भ यतिको मलहम बनाएर प्रयोग गर्ने हो भने यिनले विषको हरण गर्दछन् । अङ्कोल र तीतो तुम्बीक सर्वाङ्गका चूर्णले वा मलहमले पनि विषलाई मार्दछ । इन्द्रायण, चित्रक, द्रोण, तुलसी, धतुरो र सहा यिनीहरूका रसमा त्रिकटुक् चूर्ण ढड्याएर खाने हो भने विष मर्दछ । कृष्णपक्षको पञ्चमीमा ल्याइएको शिरीषको पञ्चाङ्ग विष हरण गर्ने हुन्छ ।१–८।

# २९८. अष्टनवत्यधिकद्विशततमोऽध्यायः

## गौनसादिचिकित्सा

अग्निरुवाच
गोनसादिचिकित्सां च वसिष्ठ शृणु वच्मि ते ह्रीं ह्रीं अमलपक्षि स्वाहा ताम्बूलखादनान्मन्त्री हरेन्मण्डलिनो विषम् ।१।
लशूनं रामठफलं कुष्ठाग्निव्योषकं विषे ।
स्नुहीक्षीरं गव्यघृतं पक्षं पीत्वाऽहिजे विषे ।२।
अथ राजिलदष्टे च पेया कृष्णा ससैन्धवा ।
आज्यक्षौद्रशकृत्तोयं पुरीतत्या विषापहम् ।३।
सकृष्णा खण्डदुग्धाज्यं पातव्यं तेन माक्षिकम् ।
व्योषं पिच्छं विडालास्थि नकुलाङ्गरुहैः समैः ।४।
चूर्णितैर्मेषदुग्धाक्तैर्धूपः सर्वविषापहः ।
रोमनिर्गुण्डिकाकोलवर्णैर्वा लशुनं समम् ।५।
मुनिपत्रैः कृतस्वेदं दष्टं काञ्जिकपाचितैः ।
मूषिकाः षोडश प्रोक्ता रसं कार्पासजं पिबेत् ।६।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म तिम्रा लागि गोनस आदि जातिका सर्पको विषको चिकित्सा गर्ने विषयमा भन्दछु; ध्यान दिएर सुन । ओं ह्रां ह्रीं अमलपक्षि स्वाहा भन्ने मन्त्रले फुकेर पानसुपारीको प्रयोग गर्दै मन्त्रका जानकारहरूले गोनस सर्पको विष झार्दछन् । लसुन, अङ्कोल, त्रिफला, कूट, वच र त्रिकटु सर्पको विष लागेका बेलामा खानु पर्दछ । सर्पका विष लागेका बेलामा स्नुहीदुध, गोदुध, गाईकै दही र गोमूत्रमा पकाइएको गाईको घिउ खानुपर्दछ । राजिल जातिका सर्पले डुङ्का बेला सिधो नुन, पिपल, घिउ, मह, गोबरको सर र साहीको आँत खानुपर्दछ । सापले टोकेका मानिसलाई पिपल, सख्खर, दुध, घिउ र मह खुवाउनुपर्दछ । त्रिकटु, मयूरपिच्छ, विरालाको हड्डी, न्याउरीको रौँ यी सबैको समान भाग मिसाएर चूर्ण बनाउनुपर्छ । त्यसपछि भेडाका दुधमा ढड्याएर त्यसको धुप लगाउनाले सबै खालका विषहरू हराउँछन् । पाठा, निर्गुण्डी र अङ्कोल का पत्रहरू समान मात्रामा मिसाएर ती सबै जति नै लसुन थपेर बनाइएको धुप पनि विष मार्ने हुन्छ । अगस्त्यका पातलाई काँजी मा पकाएर त्यसका बाफले डुङेका ठाउँमा सेक्ने हो भने त्यसबाट विष झर्छ । मुसा सोह्र खालका हुन्छन्

सतैलं मूषिकार्त्तिघ्नं फलिनी कुसुमं तथा ।
सनागरगुडं भक्ष्यं तद्विषारोचकापहम् ।७।
चिकित्सा विंशतिर्भूता लूताविषहरो गणः ।
पद्मकं पाटली कुष्ठं नतमुशीरचन्दनम् ।८।
निर्गुण्डी सारिवा शेलु लूतार्त्तं सेचयेज्जलैः ।
गुञ्जानिर्गुण्डिकङ्कोलपर्णं शुण्ठीनिशाद्वयम् ।९।
करञ्जास्थि च तत्पङ्कैर्वृश्चिकार्त्तिहरं शृणु ।
मञ्जिष्ठा चन्दनं व्योषपुष्पं शिरीषकौमुदम् ।१०।
संयोज्याश्चतुरो योगा लेपादौ वृश्चिकापहाः ओं नमो भगवते रुद्राय चिविचिवि छिन्दछिन्द किरिकिरि भिन्दभिन्द खड्गेन च्छेदयच्छेदय शूलेन भेदय चक्रेण दारयदारय ओं ह्रूं फट् मन्त्रेण मन्त्रितो देयो गर्दभादीन्निकृन्तति ।११।
त्रिफलोशीरसुस्ताम्बुमांसीपद्मकचन्दनम् ।
अजाक्षीरेण पानादेर्गर्द्धभादेर्विषं हरेत् ।१२।
हरेच्छिरीषपञ्चाङ्गं व्योषं शतपदीविषम् ।
सकन्धरं शिरीषास्थि शरेदुन्दूरजं विषम् ।१३।
व्योषं ससर्पिः पिण्डीतमूलमस्य विषं हरेत् ।
क्षारव्योषवचाहिङ्गुविडङ्गं सैन्धवं नतम् ।१४।
अम्बष्ठातिबलाकुष्ठं सर्वकीटविषं हरेत् ।
यष्टिव्योषगुडक्षीरयोगः शुनो विषापहः ।१५।
ओं सुभद्रायै नमः ओं सुप्रभायै नमः ।
यान्यौषधानि गृह्यन्ते विधानेन विना जनैः ।१६।
तेषां बीजं त्वया ग्राह्यमिति ब्रह्माऽब्रवीच्च ताम् ।
तां प्रणम्यौषधीं पश्चाद्यवान्प्रक्षिप्य मुष्टिना ।१७।
दश जप्त्वा मन्त्रमिदं नमस्कुर्य्यात्तदौषधम् ।
त्वामुद्धराम्यूर्ध्वनेत्रामनेनैव च भक्षयेत् ।१८।
नमः पुरुषसिंहाय नमो गोपालकाय च ।
आत्मनैवाभिजानाति रणे कृष्णपराजयम् ।१९।
एतेन सत्यवाक्येन अगदो मेऽस्तु सिध्यतु नमो वैदूर्य्यमात्रे तत्र रक्ष रक्ष मां सर्वविषेभ्यो गौरि गान्धारी चाण्डालि मातङ्गिनि स्वाहा हरिमाये । औषधादौ प्रयोक्तव्यो मन्त्रोऽयं स्थावरे विषे ।२०।भुक्तमात्रे स्थिते ज्वाले पद्मं शीताम्बुसेवितम् । पाययेत्सघृतं क्षौद्रं विषं चेत्तदनन्तरम् ।२१।

भनिएको छ। कपासको रसलाई तेलसित पिउनाले मुसाको विष हराउँछ। फलिनीका फूललाई सुठो र गुडसित खानुपर्दछ यसले विषको रोगलाई नाश गर्दछ। लुतो वा माकुरो बीस खालको हुन्छ भनिएको छ। यिनका विषलाई सावधानीपूर्वक उपचार गर्नुपर्दछ। पद्म, पद्माक, काष्ठ, पाटला, कूट, तगर, नेत्रबाला, खस, चन्दन, निर्गुण्डी, सारिवा र शेलु यी माकुराको विष मास्ने औषधि हुन्। गुञ्जा, निर्गुण्डी, र अङ्कोलका पत्र, सुठो, बेसार, काचोहल्दी, करञ्जको बोक्रा यिनीहरूलाई पकाएर लुताविषले दुःख पाएका मानिसलाई पूर्वोक्त औषधिसहित भएका जलले सेचन गर्नुपर्दछ। अब बिच्छीको विष हटाउने औषधिहरू सुन। मञ्जिष्ठा, चन्दन, त्रिकटु र शिरीष, कुमुदको पुष्प यी सबै योगहरूलाई एकत्रित गर्नुपर्छ। यी योगको लेपन गर्नाले बिच्छीको विष नाश गर्दछ। ओं नमो भगवते रुद्राय चिविचिवि इत्यादि मन्त्रले फुकेको औषधि विष लागेका मानिसलाई दिनुपर्छ। यसले गधा आदिबाट लागेको विषलाई नाश गर्दछ। त्रिफला, खस, नागरमोथा, नेत्रबाला, जटामांसी, पद्मक र चन्दन यति कुरा बाखाका दुधमा खुवाउँदा गधा आदिको विष नाश हुन्छ। शिरीषको पञ्चाङ्ग र त्रिकटुले गोजरको विष हराउँछ। स्नुहीको दुधसित सिरसको बोक्राले उन्दूरज भ्यागुतांको विष निको पार्दछ। त्रिकटु र तगरमूल घिउसित प्रयोग गरिएमा मत्स्यविष नाश गर्दछ। यवक्षार, त्रिकटु, वच, हिङ, बायबिडङ्ग, सैन्धवलवण, तगर, पाठा, अतिबला र कूट यिनीहरूले सबै खालका किराको विष नाश गर्दछन्। मुलहठी, त्रिकटु, गुड र दुधको मिश्रणले बौलाहा कुकुरको विष हरण गर्दछ। ओं सुभद्रायै नमः, ओं सुप्रभायै नमः यो औषधि उखेल्ने मन्त्र हो। भगवान् ब्रह्माले सुप्रभा देवीलाई जुन मानिसहरूले विधिविधानविना नै औषधि दिन्छन् ती औषधिको प्रभाव तिमीले ग्रहण गर्नु भन्ने आदेश दिएका थिए। त्यसैले पहिले सुप्रभादेवीलाई नमस्कार गरेर औषधिका चारैतिर मुठीले जौ छरेर पूर्वोक्त मन्त्रलाई दसपटक जप गरेर औषधिलाई नमस्कार गर्नुपर्छ र तिमी ऊर्ध्वनेत्रा हौ, म तिमीलाई उखेल्छु भन्नुपर्छ। यस विधिले औषधि उखेलेर तलको मन्त्र भन्दै त्यसलाई खानुपर्दछ— नमो पुरुषसिंहाय नमो गोपालकाय च इत्यादि मन्त्रले 'पुरुषसिंह गोपाल भगवान्लाई बारम्बार नमस्कार छ। युद्धमा आफ्नो पराजय हुने कुरो कृष्णले नै जानेका छन्। यस सिद्ध वाक्यका प्रभावले यो औषधि मलाई सिद्धि दिने होओस्।' भन्दै स्थावर विषको औषधिका आदिमा तल लेखिएको मन्त्र प्रयोग गर्नुपर्दछ। नमो वैदूर्यमाते तन्न मां रक्षरक्ष इत्यादि मन्त्रले विष खाएको छ भने विष खाने मानिसलाई पहिले उल्टी गराएर विष लागेका मानिसलाई चिसो पानी खन्याउनुपर्छ र मह र घिउ पियाएर त्यसपछि विष रोक्ने काम गर्नुपर्दछ।१–२१।

# २९९. नवनवत्यधिकद्विशततमोऽध्यायः

## बालग्रहहरबालतन्त्र

अग्निरुवाच

बालतन्त्रं प्रवक्ष्यामि बालादिग्रहमर्दनम् ।
अथ आजदिने वत्सं ग्रही गृह्णाति पापिनी ।१।
गात्रोद्वेगो निराहारो नानाग्रीवाविवर्त्तनम् ।
तच्चेष्टितमिदं तत्स्यान्मातॄणां च बलं हरेत् ।२।
मत्स्यमांससुराभक्ष्यगन्धस्रग्धूपदीपकैः ।
लिम्पेच्च धातकीलोध्रमञ्जिष्ठातालचन्दनैः ।३।
महिषाक्षेण धूपश्च द्विरात्रे भीषणी ग्रही ।
तच्चेष्टा कासनिश्वासौ गात्रसङ्कोचनं मुहुः ।४।
अजामूत्रैर्लिपेत्कृष्णा सेव्यापामार्गचन्दनैः ।
गोशृङ्गदन्तकेशैश्च धूपयेत्पूर्ववद्बलिः ।५।
ग्रही त्रिरात्रे घण्टाली तच्चेष्टाऽऽक्रन्दनं मुहुः ।
जृम्भणं स्वनितं त्रासो गात्रोद्वेगमरोचनम् ।६।
केसराञ्जनगोहस्तिदन्तं साजपयो लिपेत् ।
नखराजीबिल्वदलैर्धूपयेच्च बलिं हरेत् ।७।
ग्रही चतुर्थी काकोली गात्रोद्वेगप्ररोचनम् ।
फेनोद्गारो दिशो दृष्टिः कूल्माषैः सासवैर्बलिः ।८।
गजदन्ताहिनिर्मोकवाजिमूत्रप्रलेपनम् ।
सराजीनिम्बपत्रेण धूतकेशेन धूपयेत् ।९।
हंसाधिका पञ्चमी स्याज्जृम्भा श्वासोर्ध्वधारिणी ।
मुष्टिबन्धश्च तच्चेष्टा बलिं मत्स्यादिना हरेत् ।१०।
मेषशृङ्गबलालोध्रशिलातालैः शिशुं लिपेत् ।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म बाल आदि ग्रहहरू शान्त गर्ने बालतन्त्रका विषयमा भन्दछु । शिशुलाई जन्मेका दिन पापिनी नाम भएका ग्रहीले आक्रमण गर्दछ । त्यसबाट आक्रान्त भएको बालकका शरीरमा उद्वेग रहेको देखिन्छ । त्यसले आमाको दुध खान छोड्छ, राल खसाइरहन्छ र बारम्बार घाँटी घुमाउँछ । यी सबै चेष्टाहरू पापिनी ग्रहीका कारणले नै भएका हुन् । त्यसलाई निवारण गर्नका लागि पापिनी ग्रही र मातृकाहरूको निम्ति तिनीहरूले रुचाउने खालका खाने वस्तु, गन्ध, माल्य, धुप एवं दीपको बलि प्रदान गर्नुपर्दछ । पापिनीले पक्रेका शरीरमा धातकी, लोध, मजीठ, तालिसपत्र र चन्दनले लेपन गरिदिनुपर्दछ र गुग्गुलको धुप लगाइदिनुपर्छ । जन्मको दोस्रो दिन भीषणी नामका ग्रहीले बालकमाथि आक्रमण गर्दछ । त्यसबाट आक्रान्त भएका शिशुका चेष्टाहरू यस प्रकार हुन्छन्– ऊ खोकी र श्वासले सताइएको हुन्छ र बारम्बार अङ्गहरू खुम्च्याउँछ । यस्ता बालकलाई बाखाको मुत, अपामार्ग र चन्दन्सँगै घोटिएको पिप्पली खुवाउनु पर्दछ र लेपन गराउनु पर्दछ । गोशृङ्ग, गोदन्त तथा केशको धुप लगाइदिनुपर्दछ र पूर्ववत् बलि दिनुपर्दछ । तेस्तो दिन घण्टाली नामका ग्रहीले बालकलाई समाउँछ । त्यसले आक्रान्त गरेका बालकमा निम्न प्रकारका चेष्टाहरू देखा पर्दछन् । ऊ बारम्बार रुन्छ, हाई काट्छ, चिच्याउँछ, डराउँछ, आङ मुर्मुरिन्छ र अरुचि भएको हुन्छ । यस्ता शिशुलाई केसर, रसाञ्जन, गोदन्त र हस्तीदन्तलाई बाखाका दुधमा घोटेर लेपन लगाइदिनुपर्छ । नख, रायो र बिल्बपत्रले धुप लगाइदिनुपर्छ र पहिले बताइएजस्तै बलि अर्पित गर्नुपर्दछ । चौथो ग्रही काकोली हो । यसले आक्रान्त गरेका बालकको शरीरमा उद्वेग हन्छ । बालक धेरै जोडले रुन्छ । मुखबाट गाज निकाल्छ र चारैतिर आँखा घुमाएर हेर्छ । यसको शान्तिका लागि मदिरा र कुल्माषको बलि दिनुपर्छ र बालकलाई गजदन्त सर्पको काँचुली र अश्वमुत्रका लेपन गर्नुपर्छ । त्यसपछि रायो, निमका पात र ब्याँसाका रौँको धुप लगाउनुपर्दछ । हंसाधिका भन्ने पाँचौ ग्रही हो । यसबाट आक्रान्त हुने बालकले हाई काट्दै, मास्तिर सास तान्दै र मुट्ठी कस्दै गर्छ । यस्तै अन्न चेष्टाहरू पनि गर्दछ । हंसाधिकालाई पहिले बताएका जस्तै बलिहरू दिनु पर्दछ । यसले आक्रान्त गरेका शिशुका शरीरमा काकडासिङ्गी, बला, लोथ, मौनसिल, र तालिसपत्रको लेपन लगाउनु पर्दछ । फट्कारीलाई छैटौं ग्रही मानिन्छ । यसबाट

फट्कारी तु ग्रही षष्ठी भयमोहप्ररोदनम् ।११।
निराहारोऽङ्गविक्षेपो हरेन्मत्स्यादिना बलिम् ।
राजीगुग्गुलुकुष्ठेभदन्ताद्यैधूपलेपनैः ।१२।
सप्तमे मुक्तकेश्यार्त्तः पूतिगन्धो विजृम्भणम् ।
सादः प्ररोदनं कासो धूपो व्याघ्रनखैर्लिपेत् ।१३।
वचागोमयगोमूत्रैः श्रीदण्डी चाष्टमे ग्रही ।
दिशो निरीक्षणं जिह्वाचालनं कासरोदनम् ।१४।
बलिः पूर्वैव मत्स्याद्यैधूपलेपे च हिङ्गुला ।
वचासिद्धार्थलशुनैश्चोर्ध्वग्राही महाग्रही ।१५।
उद्वेजनोर्ध्वनिःश्वासः स्वमुष्टिद्वयखादनम् ।
रक्तचन्दनकुष्ठाद्यैर्धूपयेल्लेपयेच्छिशुम् ।१६।
कपिरोमनखैर्धूपो दशमी रोदनी ग्रही ।
तच्चेष्टा रोदनं शश्वत्सुगन्धो नीलवर्णता ।१७।
धूपो निम्बेन भूतोग्रराजीसर्जरसैर्लिपेत् ।
बलिं बहिर्हरेल्लाजकुल्माषकवकोदनम् ।१८।
यावत्त्रयोदशाहं स्यादेवं धूपादिका क्रिया ।
गृह्णाति मासिकं वत्सं पूतना सङ्कुली ग्रही ।१९।
काकवद्रोदनं श्वासो मूत्रगन्धोऽक्षिमीलनम् ।
गोमूत्रस्नपनं तस्य गोदन्तेन च धूपनम् ।२०।
पीतवस्त्रं ददेद्रक्तस्रग्गन्धौ तैलदीपकः ।
त्रिविधं पायसं मद्यं तिलमासञ्चतुर्विधम् ।२१।
करञ्जाधो यमदिशि सप्ताहं तैर्बलिं हरेत् ।
द्विमासिकं च मुकुटा वपुः शीतं च शीतलम् ।२२।
छर्दिः स्यान्मुखशोषादि पुष्पगन्धांशुकानि च ।
अपूपमोदनं दीपः कृष्णं नीरादि धूपकम् ।२३।

आक्रान्त बालक डरले तर्सन्छ, बेहोस हुन्छ र धेरै रुन्छ, खान छोड्छ र आफ्ना काखलाई धेरै हल्लाउँछ। फट्कारीका लागि पनि पहिले भनिएकै जस्ता बलिहरू दिनुपर्दछ। यसबाट गृहीत बालकलाई रायो, गुग्गुल, कूट, गजदन्त र घिउ दलिदिनुपर्छ र धुप लगाउनुपर्दछ। मुक्तकेशी नाम हुने ग्रहीले जन्मका सातौँ दिनमा बालकमाथि आक्रमण गर्दछ। यसबाट पिरोलिएको बालक धेरै दुःख पाएको हुन्छ। यसका जिउबाट कुहिएको जस्तो गन्ध आउँछ। त्यो बालक हाई काट्ने, चिच्याउने, धेरै रुने र खोकीले सताइएको हुन्छ। यस्ता बालकलाई बाघका नङ्ग्राको धुप हालिदिएर बोजो, गोबर र गोमूत्रको लेपन लगाइदिनुपर्दछ। श्रीदण्डी नामको ग्रहीले आठौँ दिन बालकलाई पक्रन्छ। यसले पक्रेको बालकले विभिन्न दिशाहरूमा हेर्दछ, जिब्रो चलाउँछ, खोक्छ र रुन्छ। श्रीदण्डका लागि पनि पहिले बताइएकै विविध वस्तुको बलि दिनुपर्छ। यसबाट पीडित शिशुलाई हिङ, बोजो, सस्युँ र लसुनले धुप लगाइदिनुपर्छ र तिनै वस्तु दलिदिनु पनि पछ। नवौँ महाग्रहीको नाम ऊर्ध्वग्रही हो। यसबाट ग्रस्त बालक उद्वेग र दीर्घ उच्छ्वास भएको हुन्छ। उसले आफ्ना दुवै हातका मुठ्ठी टोक्छ। यस्ता शिशुलाई रातो चन्दन, कूट, बोजो र सस्युँको लेपन लगाइदिनुपर्छ। साथै बाँदरका नङ्ग्रा र रौँको धुप लगाइदिनुपर्दछ। दसौँ ग्रहीको नाम रोदनी हो। यसले सताएका बालकका चेष्टाहरू यस प्रकार हुन्छन्– ऊ सधैँ निदाउँछ, उसको शरीर नीलो वर्णको र सुगन्धी हुन्छ। यस्ता शिशुलाई निमको धुप र कूट, बोजो, रायोको लेपन लगाइदिनुपर्दछ। रोदनी ग्रहीका निमित्त लाजा, कुल्माष, वनमुगी र भात बलिका रूपमा चढाइदिनुपर्दछ। यस किसिमले यी धुपदान आदिका कर्महरू जन्मेको तेह्र दिनसम्म गर्नुपर्दछ। एक महिनाका शिशुलाई पूतना नामका ग्रहीले ग्रहण गर्दछ। त्यसको स्वरूप बकुल्लो वा चराको जस्तै छ। यसबाट पीडित बालक काग कराएझैँ आवाज निकाल्छ, रुन्छ, लामो सास फेर्छ, आँखा धेरै चलाउँछ र मुतझैँ गन्हाउँछ। यस्ता बालकलाई गोमूत्रले नुहाइदिएर गोदन्तको धुप लगाइदिनुपर्छ। पूतनाका लागि गाउँको दक्षिण दिशामा करञ्ज वृक्षका फेदमा हप्तादिनसम्म पहेँलो वस्त्र, रातो माला, गन्ध, तेल, दीप, तीन किसिमका दुग्ध पदार्थ, तिल र पहिले बताइएका बलिहरू दिनुपर्दछ। दुई महिनाका शिशुलाई मुकुटा नाम भएका ग्रहीले आक्रान्त गर्दछ। यसले छोएपछि शिशुको शरीर पहेँलो र चिसो हुन्छ। बालकलाई रुघा लाग्छ, जाडो हुँदै नाकबाट पानी बग्छ र मुख सुक्तछ। यस ग्रहीका लागि फूल, गन्ध, वस्त्र, मालपुवा, भात र बत्तीको बलि दिनुपर्दछ। यसबाट ग्रस्त बालकलाई कृष्णागुरु र सुगन्धबाला आदिको धुप लगाइदिनुपर्छ। बालकलाई तेस्रो महिनामा गोमुखीले ग्रहण गर्दछ। यसबाट

तृतीये गोमुखी निद्रा सविण्मूत्रप्ररोदनम् ।
यवाः प्रियङ्गुः पललं कुल्माषं शाकमोदनम् ।२४।
क्षीरं पूर्वे ददेन्मध्ये ऽहनि धूपश्च सर्पिषा ।
पञ्चभङ्गेन्न तत्स्नानं चतुर्थे पिङ्गलार्त्तिहृत ।२५।
तनुः शीता पूतिगन्धः शोषः स म्रियते ध्रुवम् ।
पञ्चमी ललना गात्रसादः स्यान्मुखशोषणम् ।२६।
अपानः पीतवर्णश्च मत्स्याद्यैर्दक्षिणे बलिः ।
षण्मासे पङ्कजा चेष्टा रोदनं विकृतः स्वरः ।२७।
मत्स्यमांससुराभक्तपुष्पगन्धादिर्भिलिः ।
सप्तमे तु निराहारा पूतिगन्धादिदन्तरुक् ।२८।
पिष्टमांससुरामांसैर्बलिः स्यादमुनाष्टमे ।
विस्फोटशोषणाद्यं स्यात्तच्चिचकित्सिां न कारयेत् ।२९।
नवमे कुम्भकर्ण्यार्त्तो ज्वरी छर्दति पालकम् ।
रोदनं मांसकुल्माषमद्याद्यैर्वैश्वके बलिः ।३०।
दशमे तापसी चेष्टा निराहारो ऽक्षिमीलनम् ।
घण्टा पताका पिष्टोक्ता सुरामांसबलिः समे ।३१।
राक्षस्येकादशी पीडा नेत्राद्यं न चिकित्सितम् ।
चञ्चला द्वादशे श्वासः त्रासादिकविचेष्टितम् ।३२।
बलिः पूर्वे ऽथ मध्याह्ने कुल्माषाद्यैस्तिलादिभिः ।
यातना तु द्वितीये ऽब्दे यातनं रोदनादिकम् ।३३।
तिलमांसमद्यमांसैर्बलिः स्नानादि पूर्ववत् ।
तृतीये रोदनी कम्पो रोदनं रक्तमूत्रकम् ।३४।
गुडौदनं तिलापूपः प्रतिमा तिलपिष्टजा ।
तिलस्नानं पञ्चपत्रैर्धूपो राजफलत्वचा ।३५।
चतुर्थे चटका शोफो ज्वरः सर्वाङ्गसादनम् ।

आक्रान्त भएको शिशु अत्यन्तै निदाउँछ, बारम्बार दिशापिसाब गर्छ र जोडतोडले रुन्छ। पहिले गोमुखीलाई पूर्व दिशामा जौ, प्रियङ्गु, कुल्माष, साग, भात र दुध चढाइदिनुपर्दछ। त्यसपछि मध्याह्न कालमा शिशुलाई पञ्चभङ्ग वा पञ्चपत्रले स्नान गराएर घिउले धुप लगाइदिनुपर्दछ। चौथो महिनामा पिङ्गला नामका ग्रहीले बालकलाई ग्रस्त गर्दछ ।१-२५।

यसले ग्रस्त गरेको बालक सेतो हुँदै आउँछ र दुर्गन्ध हुँदै सुक्न लाग्छ। यस्ता शिशुको अवश्य मृत्यु हुन्छ। पाँचौं ग्रहीको नाम ललना हो। यसले सताएका शिशुको शरीर लुलिँदै जान्छ र मुख पनि सुक्छ। उसको शरीर पहेँलिन्छ र अपानवायु निस्कन थाल्छ। ललनाको शान्तिका लागि दक्षिण दिशामा पूर्वोक्त प्रकारका बलि दिनुपर्दछ। छैटौं महिनामा पङ्कजा नामका ग्रहीले बालकलाई ग्रस्त पार्दछ। यसबाट ग्रस्त भएका शिशुको चेष्टा रुने र बिग्रको स्वर निकाल्ने हो। पङ्कजालाई पनि पहिले भनेजस्तै पदार्थ, भात, पुष्प, गन्ध, आदिको बलि प्रदान गर्नुपर्दछ। सातौं महिनामा निराहारा नामको ग्रहीले बालकलाई समाउँछ। यसबाट ग्रसित शिशु दुर्गन्ध र दन्तरोग भएको हुन्छ। निराहाराका लागि मिष्टान्न र पूर्वोक्त पदार्थहरू चढाउनुपर्दछ। आठौं महिनामा यमुना नामका ग्रहीले बालकलाई आक्रमण गर्दछ। यसबाट पिडि शिशुका जिउभरि घाउखटिरा आउँछन् र जिउ पनि सुक्छ। यसको कुनै उपचार गर्नु हुँदैन। नवौं महिनामा कुम्भकर्णी नाका ग्रहीले बालकलाई सताउँछ र बालक रुघा र ज्वरोले दुःख पाउँछ अनि धेरै हुन्छ। कुम्भकर्णीलाई शान्त गर्नका लागि पूर्वोक्त पदार्थ, कुल्माष आदि पदार्थ ईशान कोणमा मन्साउनुपर्दछ। दसौं महिनामा तापसी भन्ने ग्रहीले बालकलाई दुःख दिन्छ। यसले भेटेपछि बालकले खान छोड्छ र आँखा हेर्दैन। तापसीका लागि घण्टा पताका, पिठाको अन्न आदि मन्साउनुपर्दछ। एघारौं ग्रहीको नाम राक्षसी हो। यसले भेटेको बालक आँखाका रोगले ग्रस्त हुन्छ। त्यसको ओखती गरेर काम लाग्दैन। बाह्रौं महिनामा चञ्चला नामका ग्रहीले बालकलाई भेट्छ। यसले भेट्दा बालकले लामो सास तान्दछ र तर्सिने, डराउने गर्छ। यस ग्रहीको शान्ति गर्नका लागि मध्याह्न समयमा पूर्व दिशामा कुल्माष र तिलको बलि दिनुपर्दछ। दोस्रो वर्षमा यातना नामकी ग्रहीले शिशुलाई छोप्छ। यसो भएपछि शिशुले यातना खप्नुपर्ने हुन्छ र उसले रुने कराउने गर्दछ। यातना ग्रहीका लागि तिलको धुलो र पूर्वोक्त पदार्थ चढाइदिनुपर्दछ। सधैंको जस्तै नुहाइधुवाइ गराइरहनुपर्दछ। तेस्रो वर्षमा बालकलाई रोदिनी नामका ग्रहीले आक्रमण गर्दछ। यसले दुःख दिएपछि बालक रुन्छ र काम्दछ। उसका पिसाबबाट रगत आउँछ। त्यसका लागि गुड, भात, तिलको पुवा र तिल पिनेर बनाएको दिनुपर्दछ। बालकलाई तिल

मत्स्यमांसतिलाद्यैश्च बलिः स्नानं च धूपनम् ।३६।
पञ्चाला पञ्चमेऽब्दे तु ज्वरस्त्रासोऽङ्गसादनम् ।
मांसौदनाद्यैश्च बलिर्मेषशृङ्गेण धूपनम् ।३७।
पलाशोदुम्बराश्वत्थवटबिल्वदलाम्बुधृक् ।
षष्ठेऽब्दे धावनी शोषौ वैरस्यं गात्रसादनम् ।३८।
सप्ताहोभिर्बलिः पूर्वैर्धूपः स्नानं च भृङ्गकैः ।
सप्तमे यमुना च्छर्दिरवचो हासरोदनम् ।३९।
मांसपायसमद्याद्यैर्बलिः स्नानं च धूपनम् ।
अष्टमे वा जातवेदा निराहारं प्ररोदनम् ।४०।
कृशरापूपदध्याद्यैर्बलिः स्नानं च धूपनम् ।
कालाब्दे नवमे बाह्वोरास्फोटो गर्जनं भयम् ।४१।
बलिः स्यात्कृशरापूपसक्तुकुल्माषपायसैः ।
दशमेऽब्दे कलहंसी दाहोऽङ्गकृशता ज्वरः ।४२।
पौलिकापूपदध्यन्नैः पञ्चरात्रं बलिं हरेत् ।
निम्बधूपः कुष्ठलेप तथैकादशके ग्रही ।४३।
देवदूती निष्ठुरवाग्बलिर्लेपादि पूर्ववत् ।
बलिका द्वादशे श्वासो बलिर्लेपादि पूर्ववत् ।४४।
त्रयोदशे वायवी च मुखबाह्याङ्गसादनम् ।
रक्तान्नगन्धमाल्याद्यैर्बलिः पञ्चदलैः स्नपेत् ।४५।
राजीनिस्वदलैर्धूपो यक्षिणी च चतुर्दशे ।
चेष्टा शूलं ज्वरो दाहो मांसमक्षादिकैर्बलिः ।४६।
स्नानादि पूर्ववच्छान्त्यै मुण्डिकार्त्तिस्त्रिपञ्चके ।
तच्चेष्टासृक्स्रवः शश्वत्कुर्य्यान्मातृचिकित्सनम् ।४७।
वानरी षोडशी भूमौ पतेन्निद्रा सदा ज्वरः ।
पायसाद्यैस्त्रिरात्रं च बलिः स्नानादि पूर्ववत् ।४८।

मिसाएका पानीले नुहाइदिएर पञ्चपत्र र राजफलका बोक्राको धुप लगाइदिनुपर्दछ। चौथो वर्षमा बालकलाई चटका नामका राक्षसीले दुःख दिन्छ। त्यसले सताएपछि बालकलाई ज्वरो आउँछ र सारा शरीर नै दुख्दछ। चटकालाई पूर्वोक्त पदार्थ एवं तिल आदि मन्साउनुपर्दछ र बालकलाई नुहाइधुवाइ गराएर धुप लगाइदिनुपर्दछ। पाँचौं वर्षमा चञ्चलाले बालकमाथि आक्रमण गर्दछ। त्यसले दुःख दिएपछि बालक ज्वरो, डर र अङ्ग शिथिल भएको हुन्छ। चञ्चलालाई भात आदि पदार्थको बलि दिनुपर्दछ र काकडसिङ्गीले धुप लगाइदिनुपर्दछ। साथसाथै पलाश, गुलर, पिपल, बर र बेलका पातका पानीले उसलाई अभिषेक गर्नुपर्दछ। छैटौं वर्षमा धावनी नामका ग्रहीले बालकमाथि आक्रमण गर्दछ। त्यसले गाँजेका बालकको शरीर नीरस हुँदै सुक्न थाल्छ। उसका जीउमा जताततै दुख्छ। त्यसका लागि भनेर लगातार सात दिनसम्म पूर्वोक्त प्रकारकै बलि दिइरहनुपर्दछ र बालकलाई श्रृङ्गराजले नुहाइदिनु र धुप लगाइदिनुपर्दछ। सातौं वर्षमा यमुना ग्रहीले पीडित भएको बालक रुघा लागेको, ज्यादै हाँस्ने र रुने खालको हुन्छ। यसका लागि पायस र पूर्वोक्त पदार्थको बलि दिनुपर्छ र नियमित रूपले पूर्ववत् नुहाउने र धुप हाल्ने गर्नुपर्दछ। आठौं वर्षमा जातवेदा नामका ग्रहीले बालकलाई दुःख दिन्छ। यसले सताएपछि बालकले खान छोड्छ र धेरै रुन्छ। जातवेदाका लागि खिचडी, मालपुवा र दही आदि मन्साउनुपर्दछ। बालकलाई नुहाउने र धुप हाल्ने पनि गर्नुपर्दछ। नवौं वर्षमा काला नामका ग्रहीले बालकलाई पक्रन्छ। यसो भएपछि बालकले आफ्ना पाखुराहरू हल्लाउँछ, चिच्याउँछ, डराउँछ–तर्सिन्छ। कालालाई शान्ति पार्नका लागि खिचडी, मालपुवा, सातु, कुल्मास र खीर मन्साउनुपर्दछ। दसौं वर्षमा कलहंसीले बालकलाई पक्रेको हुन्छ। उसको जिउमा पोल्दछ, अङ्गहरू कमजोर हुन्छन् र जराले ग्रस्त पार्दछ। त्यसका लागि पाँच दिनसम्म पुरी, मालपुवा, दही र अन्न मन्साउनुपर्दछ। बालकलाई निमका पातले धुप र कूटको लेपन गराउनुपर्दछ। एघारौं वर्षमा कुमारलाई देवदूतीले ग्रहण गर्दछ। यसबाट ऊ कठोर वचन बोल्दछ। देवदूतीका लागि पनि पहिलेकै जस्तै धुप र लेपन गर्नुपर्दछ। बाह्रौं वर्षमा बलिकाले सताइएको बालक श्वासको रोगी हुन्छ। यसका लागि पनि पूर्वोक्त प्रकारकै धुप र लेपन आदि गर्नुपर्दछ। तेह्रौं वर्षमा वायवी ग्रहीको आक्रमण हुन्छ। यसबाट सताइएको बच्चो मुखको रोगी र कमजोर अङ्गको हुन्छ। वायवीलाई अन्न, गन्ध, माल्य आदि चढाउनुपर्छ र बालकलाई पञ्चपत्रले स्नान गराउनपर्दछ। रायो र निमका पातले धुप हालिदिनुपर्छ। चौधौं वर्षमा यक्षिणीले बालकमाथि आक्रमण गर्दछ। यसो हुँदा ऊ दुख्ने, घोच्ने, पोल्नेले दुःख पाइरहेको हुन्छ। यक्षिणीका लागि पनि पूर्वोक्त

गन्धवती सप्तदशे गात्रोद्वेगः प्ररोदनम् ।

कुल्माषाद्यैर्बलिः स्नानधूपलेपादि पूर्ववत् ।४९।

दिनेशः पूतना नाम वर्षेशाः सुकुमारिकाः ओं नमः सर्वमातृभ्यो बालपीडासंयोगं भुञ्जभुञ्ज चुटचुट स्फोटयस्फोटय स्फुरस्फुर गृह्णगृह्ण आकट्टयआकट्टय कट्टयकट्टय एवं सिद्धरूपो ज्ञापयति हरहर निर्दोषि कुरुकुरु बालिकां बालं स्त्रियं पुरुषं वा सर्वग्रहाणामुपक्रमात् चामुण्डे नमो देव्यै ह्रूं ह्रूं ह्रीं अपसरअपसर दुष्टग्रहान् ह्रं तद्यथागच्छन्तु गृह्यकाः अन्यत्र पन्थानं रुद्रो ज्ञापयति सर्वबालग्रहेषु स्यान्मन्त्रोऽयं सार्वकामिकः ।५०।

ओं नमो भगवति चामुण्डे मुञ्चमुञ्च बालं बालिका वा बलिं गृह्णगृह्ण जयजय वसवस सर्वत्र बलिदानेऽयं रक्षाकृत्पठ्यते मनुः ब्रह्मा विष्णुः शिवः स्कन्दो गौरी लक्ष्मीर्गणादयः रक्षन्तु ज्वराभ्यान्तं मुञ्चन्तु च कुमारकम् ।५१।

प्रकारले विविध खाद्य पदार्थ मन्साउनुपर्दछ। यसको शान्तिका लागि पूर्ववत् स्नान आदि पनि गराउनुपर्दछ । पन्ध्रौं वर्षमा बालकले मुण्डिका ग्रहीबाट दुःख पाउँछ। त्यसले दुःख दिएको बालक सधैं चोटपटक लागेर रगत बगाउँछ । यसको उपचार गर्नु पर्दैन । सोह्रौं वर्षमा वानरी नामको ग्रही हुन्छ । त्यसले पीडित गरेको नवयुवा भुँइमा पछारिन्छ र सधैं निन्द्रा एवं ज्वरोले पीडित रहन्छ। वानरीलाई तीन दिनसम्म पायस आदिको बलि दिनुपर्दछ र बालकलाई पहिलेकै जस्तो स्नान आदि कर्म गर्न लगाउनुपर्दछ। सत्रौं वर्षमा गन्धवती नामका ग्रहीले आक्रमण गर्दछ। यसले सताएका बालकका शरीरमा सधैं उद्वेग रहन्छ; ऊ जोडजोडसँग रुन्छ। यस ग्रहीलाई कुल्माष आदि मन्साउनुपर्छ र पूर्ववत् स्नान, धुप एवं लेपन गर्नुपर्दछ। दिनको स्वामिनी ग्रही पूतनालाई मानिन्छ र वर्षको स्वामिनी सुकुमारी हो भनिन्छ। ओं नमो सर्वमातृभ्यो बालपीडासंयोग इत्यादि सर्वकामप्रद मन्त्रको प्रयोग बालकमा लाग्ने ग्रहीहरूको शान्तिका लागि गरिन्छ। ओं नमो भगवति चामुण्डे मुञ्च मुञ्च बालं बालिकां वा बलिं गृह्ण गृह्ण जय जय वस वस यस रक्षाकारी मन्त्रलाई सबै ठाउँमा बलि मन्साउने काममा पाठ गर्नुपर्दछ। ब्रह्मा, विष्णु, शिव, कार्तिकेय पार्वती, लक्ष्मी एवं मातृकागणले ज्वरो दुखाइपिराइबाट दुःख पाएका यस बालबालिकालाई छोडिदिऊन् र यसलाई रक्षा पनि गरून् ।२६-५१।

# ३००. त्रिशततमोऽध्यायः

## ग्रहहृन्मन्त्र

अग्निरुवाच

ग्रहापहारमन्त्रादीन्वक्ष्ये ग्रहविमर्दनान् ।
हर्षेच्छाभयशोकादिविरुद्धाशुचिभोजनात् ।१।
गुरुदेवादिकोषाच्च पञ्चोन्मादा भवन्त्यथ ।
त्रिदोषजाः सन्निपाता आगन्तुरिति ते स्मृताः ।२।
देवादयो ग्रहा जाता रुद्रक्रोधादनेकधा ।
सरित्सरस्तडागादौ शैलोपवनसेतुषु ।३।
नदीसङ्गे शून्यगृहे बिलद्वार्य्येकवृक्षके ।
ग्रहा गृह्णन्ति पुंसश्च श्रियः सुप्तां च गर्भिणीम् ।४।
आसन्नपुष्पां नग्नां च ऋतुस्नानं करोति या ।
अवमानं नृणां वैरं विघ्नं भाग्यविपर्य्ययः ।५।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म ग्रहहरूको उपचार र मन्त्र आदिको वर्णन गर्दछु, त्यसले ग्रहहरूलाई शान्त पार्दछ। हर्ष, इच्छा, भय र शोकादिले, प्रकृतिविरुद्धको र अपवित्र भोजनले, गुरु एवं देवताको कोपले मानिसलाई पाँच प्रकारका उन्माद हुन्छन्। तिनीहरू वातज, कफज, पित्तज, शन्निपातज र आगन्तुक हुन् भनिएको छ। भगवान् रुद्रका क्रोधबाट अनेकौं खालका देवादि ग्रह उत्पन्न भए। ती ग्रहहरू तलाउ, पोखरी पर्वत, बगैंचा, पुल, नदी, दोभान, रित्तो घर, माटोमुनिको दुलो र एकलासमा रहेका रुखमा रहन्छन् र त्यहाँ जाने मानिसलाई पक्रन्छन्। त्यसबाहेक तिनले सुतेकी गर्भिणी स्त्री, ऋतुकाल नजिक आउन लागेकी स्त्री, नाङ्गी स्त्री र ऋतुकाल स्नान गरिरहेकी स्त्रीलाई पनि पक्रन्छन्। मानिसलाई अपमान, शत्रुता बिघ्न, भाग्यको फेरबदल यस्तो सबै यिनै ग्रहहरूकै कारण हुन्छ। जुन मानिसले देवता, गुरु, धर्मकर्म र सदाचार आदि उल्लङ्घन गर्दछ, पर्वत वा रुख आदिबाट लड्छ, आफ्नै कपाल बारम्बार लुछ्छ र राता आँखा पारेर रुन्छ वा हाँस्छ त्यसलाई रूप नामक

देवतागुरुधर्मादिसदाचारादिलङ्घनम् ।
पतनं शैलवृक्षादेर्विधुन्वन्मूर्द्धजान्मुहुः ।६।
रुदन्नृत्यति रक्ताक्षो ह्रूंरूपोऽनुग्रही नरः ।
उद्विग्नः शूलदाहार्त्तः क्षुत्तृष्णार्त्तः शिरोर्त्तिमान् ।७।
देहि देहीति याचेत् बलिकामग्रही नरः ।
स्त्रीमालाभोगस्नानेच्छू रतिकामग्रही नरः ।८।
महासुदर्शनो व्योमव्यापी विटपनासिकः ।
पातालनारसिंहाद्या चण्डीमन्त्रा ग्रहार्दनाः ।९।
पृश्नीहिङ्गुवचाचक्रशिरीषपयितं परम् ।
पाशाङ्कुशधरं देवमक्षमालाकपालिनम् ।१०।
खट्वाङ्गाब्जादिशक्तिं च दधानं चतुराननम् ।
अन्तर्बाह्यादिखट्वाङ्गपद्मस्थं रविमण्डले ।११।
आदित्यादियुतं प्राच्र्य उदिते ऽर्के ऽर्घ्यकं ददेत ।
श्वासविषाग्निविप्रकुण्डीहल्लेखासकलो भृगुः ।१२।
अर्काय भुर्भुवः स्वश्च ज्वालिनीं कुलमुद्गरम् ।
पद्मासनो ऽरुणो रक्तवस्त्रसद्युतिविश्वकः ।१३।
उदारः पद्मधृग्दोर्भ्यां सौम्यः सर्वाङ्गभूषितः ।
रक्ता हृदादयः सौम्या वरदाः पद्मधारिणः ।१४।
विद्युत्पुञ्जनिभं वस्त्रं श्वेतः सौम्यो ऽरुणः कुजः ।
बुधस्तद्वद्गुरुः पीतः शुक्लः शुक्रः शनैश्वरः ।१५।
कृणाङ्गारनिभो राहुर्धूम्रः केतुरुदाहृतः ।
वामोरुवामहस्तान्ते दक्षहस्ताभयप्रदा ।१६।
स्वनामाद्यन्तबीजास्ते हस्तो संशोध्य चास्नतः ।
अङ्गुष्ठादौ तले नेत्रे हृदाद्यं व्यापकं न्यसेत् ।१७।
मूलबीजैस्त्रिभिः प्राणध्यायकं न्यस्य साङ्गकम् ।
प्रक्षाल्य पात्रमस्त्रेण मूलेनापूर्य्य वारिणा ।१८।
गन्धपुष्पाक्षतं न्यस्य दूर्वामर्घ्यं च मन्त्रयेत् ।
आत्मानं तेन सम्प्रोक्ष्य पूजाद्रव्यं च वै ध्रुवम् ।१९।
प्रभूतं विमलं सारमाराध्यं परमं सुखम् ।
पीठाद्यान्कल्पयेदेतान्हृदा मध्ये विदिक्षु च ।२०।

ग्रहले छोपेको हो भनेर जान्नुपर्छ । जुन मानिस उद्वेग युक्त छ, पोल्ने र घोच्नेले दुःख पाएको छ, भोक तिर्खाले सताइएको छ, टाउको दुख्नेले अत्यास पारेको छ र मलाई दे मलाई दे भन्दै माग्दछ त्यो बलिकामी ग्रहलेपीडित हो भन्ने जान्नुपर्छ । स्त्री, माला, स्नान र सम्भोगका इच्छाले युक्त भएको मानिस रतिकामी ग्रहले समातेको हो भनेर जान्नुपर्दछ । व्योमव्यापी, महासुदर्शनमन्त्र, विटपनासिक, पातालनारसिंह आदि मन्त्रहरू र चण्डीमन्त्र यी सबै ग्रहको मर्दन एवं ग्रहपीडाका निवारण गर्ने मन्त्रहरू हुन् । सूर्यदेवताले आफ्ना दाहिनेतिरका हातहरूमा पाश, अङ्कुश, अक्षमाला र कपाल लिएका हुन्छन् र देब्रेतिरका हातहरूमा खट्वाङ्ग, कमल, चक्र र शक्ति लिएका हुन्छन् । उनका मुख चारवटा छन् । उनका आठ हात र बाहृवटा आँखाहरू छन् । सूर्यमण्डलभित्र कमलका आसनमा बसेका छन् र आदित्य आदि देवगणद्वारा घेरिएका छन् । यसै किसिमले उनको ध्यान र पूजा गरेर सूर्योदयका समयमा उनलाई अर्घ्य दिनुपर्दछ । अर्घ्य दानको मन्त्र यस्तो छ– श्वास, विष, अग्निमान रण्डी, हल्लेखा यी सङ्केताक्षर हुन् । यी सबैलाई जोड्दा शुद्ध मन्त्र हुन्छ– यौं रौं ऐं ह्रीं कलशार्कायभूर्भुवः स्वरों ज्वालिनीकुलमुध्द्वर । सूर्यदेव कमलका आसनमा विराजमान छन् । उनको अङ्गको कान्ति अरुण छ । उनले रक्तवस्त्र धारण गरेका छन् । उनको मण्डल ज्योतिर्मय छ । उनी उदार स्वभावका छन् र दुवै हातमा कमल लिएका छन् । उनको प्रकृति सौम्य र सम्पूर्ण अङ्ग दिव्य आभूषणले विभूषित छ । सूर्य आदि सबै ग्रह सौम्य, बलदायक र कमलधारी छन् । ती सबैको वस्त्र विद्युतपुञ्जकै समान प्रकाशमान छन् । चन्द्रमा सेतो, मङ्गल र बुध, राता, बृहस्पति पहेँलो, शुक्र सेतो, शनिश्चर कोइलासरि कालो एवं राहु र केतु धुवाँको जस्तै वर्ण भएका छन् भनिन्छ । यी सबैका बायाँ हात बायाँ तिघ्रामा र दाहिने हात अभय मुद्रामा सजिएका हुन्छन् । ग्रहहरू सबैको आ आफ्ना नामको पहिलो अक्षरमा बिन्दु लागेर बीज मन्त्र बनेको हुन्छ र फट् उच्चारण गरेर दुवै हात संशोधन गर्नुपर्दछ । त्यसपछि अङ्गुष्ठदेखि लिएर करतलसम्म करन्यास गर्नुपर्दछ र नेत्रबाहेक हृदय आदि पञ्चाङ्ग न्यास गरेर भानुका मूल बीजस्वरूप तीन अक्षर ह्रां ह्रीं सः द्वारा व्यापक न्यास गर्नुपर्दछ ।१–१७।

मूलाधारचक्रबाट पादाग्रसम्म प्रथम बीजको कण्ठदेखि मूलाधारचक्रसम्म दोस्रो बीजको र मूर्धादेखि कण्ठसम्म तेस्रो बीजको न्यास गर्नुपर्दछ । यस किसिमले अङ्गन्याससहित व्यापकन्यास सम्पन्न गरेर अर्घ्यपात्रलाई अस्त्र मन्त्रले पखाल्नुपर्छ र पूर्वोक्त मूलमन्त्र उच्चारण गर्दै त्यस पात्रमा पानी भर्नुपर्दछ । अनि त्यसमा गन्ध, पुष्प, अक्षता र दुबो हालेर फेरि त्यसलाई मन्त्रिनुपर्दछ । त्यही मन्त्रिएका पानीले आफ्ना सबै पूजा सामग्री चोख्याउनुपर्दछ । त्यसपछि योगपीठको कल्पना

पीठोपरि हृदो मध्ये दिक्षु चैव विदिक्षु च ।
पीठोपरि हृदाब्जं च केसरेष्वष्ट शक्तयः ।२१।
वां दीप्तां वीं तथा सूक्ष्मां वुंजयां वूं च भद्रिकाम् ।
वें विभूतीं वैं विमलां वोमसिघातविद्युताम् ।२२।
वौं सर्वतोमुखीं वं पीठं वः प्राच्र्य रविं यजेत् ।
आवाह्य दद्यात्पाद्यादि हृत्षडङ्गेन सुव्रत ।२३।
खकारौ दण्डिनौ चण्डौ मज्जा दशनसंयुता ।
मांसदीर्घा जरद्वायुहृदैतत्सर्वदं रवेः ।२४।
वह्नीशरक्षोमरुतां दिक्षु पूज्या हृदादयः ।
स्वमन्त्रैः कर्णिकान्तस्था दिक्ष्वस्त्रं पुरतः सदृक् ।२५।
पूर्वादिदिक्षु सम्पूज्याश्चन्द्रज्ञगुरुभार्गवाः ।
नस्याञ्जनादि कुर्वीत साजमूत्रैर्ग्रहापहैः ।२६।
पाठापथ्यावचाशिग्रुसिन्धुव्योषैः पृथक् फलैः ।
अजाक्षीराढके पक्वसर्पिः सर्वग्रहान्हरेत् ।२७।
वृश्चिकालीफलीकुष्ठं लवणानि च शार्ङ्गकम् ।
अपस्मारविनाशाय तज्जलं त्वभिभोजयेत् ।२८।
विदारीकुशकाशेक्षुक्वाथजं पाययेत्पयः ।
द्रोणे सयष्टिकूष्माण्डरसे सर्पिश्च संस्कृतौ ।२९।
पञ्चगव्यं घृतं तद्वद्योगं ज्वरहरं शृणु ओं भस्मास्त्राय विद्महे एकदंष्ट्राय धीमहि तन्नो ज्वरः प्रचोदयात्
कृष्णोषणनिशारास्नाद्राक्षातैलं गुडं लिहेत् ।३०।
श्वासवानथ वा भार्गीं सयष्टिमधुसर्पिषा ।
पाठा तिक्ता कणा भार्गीं अथवा मधुना लिहेत् ।३१।
धात्री विश्वसिता कृष्णा मुस्ता खर्जूरमागधी ।
पिवरश्चेति हिक्काघ्नं तच्चयं मधुना लिहेत् ।३२।
कामलीजीरमाण्डूकीनिशाधात्रीरसं पिबेत् ।
व्योषपद्मकत्रिफलाविडङ्गदेवदारवः ।
रास्नाचूर्णं समं खण्डैर्जग्ध्वा कासहरं ध्रुवम् ।३३।

गरेर त्यस पीठको पाउका रूपमा प्रभूत आदिलाई मान्नुपर्दछ। तिनीहरू क्रमशः प्रभूत, विमल, सार, आराध्य र परमसुख हुन्। आग्नेय आदि चार कोणहरूमा र मध्य भागमा यिनीहरूका नामका अन्त्यमा नमः पद थपेर यिनीहरूको आवाहन र पूजन गर्नुपर्दछ। योगपीठमाथि हृदयकमलमा र दिशाविदिशाहरूमा दीप्ता आदि शक्तिहरूको स्थापना गर्नुपर्दछ। पीठको माथिल्लो भागमा हृदयकमललाई स्थापित गरेर त्यसका केस्राहरूमा आठ शक्तिहरूलाई पूजा गर्नुपर्दछ। यसरी शक्तिहरूको अर्चना गरेर समस्त पीठको पूजा गर्नुपर्दछ। हे सुव्रत ! त्यसपछि रवि आदि मूर्तिहरूलाई आवाहन गरेर तिनलाई पाद्य आदि चढाउनुपर्दछ र क्रमशः हृदय आदि षड् अङ्ग न्यास गर्दै पूजा गर्नुपर्दछ। खं कान्तौ भन्ने सङ्केतले खं खखोल्काय नमः यस्तो मन्त्र प्रकट हुन्छ। अग्नि, नैर्ऋत्य, ईशान र वायव्य यी चार कोण र मध्य भागमा हृदय आदि पाँच अङ्गको नामकै मन्त्रले तिनको पूजा गर्नुपर्दछ। तिनीहरू उक्त मन्त्रले कर्णिकाभित्रै पूजा गरिन्छन्। अस्त्रको पूजा आफ्नो अगाडिको दिशामा गर्नुपर्दछ। पूर्व आदि दिशाहरूमा क्रमशः चन्द्रमा, बुध, गुरु र शुक्रको पूजा गरिन्छ। आग्नेय कोणमा मङ्गल, शनिश्चर, राहू र केतुको पूजा गर्नुपर्दछ। पृश्निपर्णी, हिङ, बोजो, चक्र, शिरीष, लसुन र आमय यी औषधिहरूलाई बाखाका मुतमा पिसेर अञ्जन र नस तयार गर्नुपर्दछ। ती नस र अञ्जनलाई औषधका रूपमा उपयोग गरियो भने ग्रहबाधा निवारण गर्दछन्। पाठा, पथ्या, वचा, शिग्रु, सिन्धु, व्योष यी औषधिहरूलाई छुट्टाछुट्टै एकएक पल लिएर तिनलाई एक आढक बाखामा दुधमा पकाएर त्यस दुधबाट घिउ निकाल्नुपर्छ। त्यस घिउले समस्त ग्रह वाधाहरू निवारण गर्दछ। वृश्चिकाली, फला, कूट, सबै खालको नुन र शार्ङ्कलाई पानीमा पकाउनुपर्छ। त्यस जललाई छारे रोग निको पार्नका लागि उपयोग गर्नुपर्दछ। विदारीकन्द, कुश, काश र उखुको काढाले पकाएको दुध रोगीलाई खुवाउनुपर्छ। जेठीमधु र कुभिन्डोका रसमा घिउलाई पकाएर अथवा पञ्चगव्य एवं घिउलाई त्यस रोगमा प्रयोग गर्नुपर्दछ। अब ज्वरो हटाउने उपाय सुन। ओं भस्मास्त्राय विद्महे एकदंष्ट्राय धीमहि तन्नो ज्वरः प्रचोदयात् यस ज्वर गायत्री मन्त्रले ज्वरो भाग्छ। दमका रोगीले मरिच,बेसार, रास्ना, द्राक्षा र तिलको तेल एवं गुण खानुपर्छ। अथवा त्यस रोगीले जेठिमधु र घिउसँग भार्गी सेवन गर्नुपर्छ अथवा पाठा, तिक्ता,·कर्णा भार्गी महसित चाट्नुपर्दछ। अमला, सुठो, मिस्री, पिप्ला, मुस्ता, खजुर, पिप्ला र पीवरा यी औषधिहरूले हिक्का छुट्ने बन्द गराउँछन्। उपर्युक्त तीनैवटा मिश्रणहरू महसित खाने हुन्। कामल रोगले सताइएका मानिसले जिरा, मण्डूकपर्णी, बेसार र अमलाको रस पिउनुपर्छ। त्रिकटु, पद्मकाष्ठ, त्रिफला, वायविडङ्ग, देवदारु र रास्ना यिनीहरू सबै बराबर मात्रामा लिएर चूर्ण बनाउने र चिनी मिसाएर तिनलाई खाने हो भने त्यस औषधिले पक्कै पनि खोकी निको हुन्छ।१८-३३।

# ३०१. एकाधिकत्रिशततमोऽध्यायः

## सूर्य्यार्चन

अग्निरुवाच

शय्या तु दण्डिसाजेशपावकश्चतुराननः।

सर्वार्थसाधकमिदं बीजं पिण्डार्थमुच्यते ।१।

स्वयं दीर्घस्वराद्यं च बिजेष्वङ्गानि सर्वशः।

खातं साधु विषं चैव सविन्दुं सकलं तथा ।२।

गणस्य पञ्च बीजानि पृथग् दृष्टफलं महत् गणंजयाय नमः एकदंष्ट्राय अचलकर्णिने गजवक्त्राय महोदरहस्ताय पञ्चाङ्गं सर्वसामान्यं सिद्धिः स्याल्लक्षजाप्यतः ।३।

गणाधिपतये गणेश्वराय गणनायकाय गणक्रीडाय दिग्दले पूजयेन्मूर्त्तीः पुरावच्चाङ्गपञ्चकम् वक्रतुण्डाय एकदंष्ट्राय महोदराय गजवक्त्राय विकटाय विघ्नराजाय धूम्रवर्णाय दिग्विदिक्षु यजेदेताँल्लोकेशांश्चैव मुद्रया ।४।

मध्यमातर्जनीमध्यगताङ्गुष्ठौ समुष्टिकौ।

चतुर्भुजं मोदकाढ्यं दण्डपाशाङ्कुशान्वितम् ।५।

दन्तभक्ष्यधरं रक्तं साब्जं पाशाङ्कुशैर्वृतम्।

पूजयेत्तं चतुर्थ्यां च विशेषेणाथ नित्यशः ।६।

श्वेतार्कमूलेन कृतं सर्वाप्तिः स्यात्तिलैर्घृतैः।

तण्डुलैर्दधिमध्वाज्यैः सौभाग्यं वश्यता भवेत् ।७।

घोषासृक्प्राणधात्वर्दी दण्डी सार्त्तण्डभैरवः।
धर्मार्थकाममोक्षाणां कर्त्ता बिम्बपुटावृतः ।८।

ह्रस्वाः स्युर्मूर्त्तयः पञ्च दीर्घाण्यङ्गानि तस्य च।

सिन्दूरारूणमीशाने वामार्द्धदयितं रविम् ।९।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! शार्ङ्गी, दण्डी, पद्मेश विष्णु र पावक रकार यति भएपछि यी चारको पिण्डका रूपमा ग्रीं भन्ने बीजमन्त्र प्रकट हुन्छ। यो सर्वार्थसाधक मानिन्छ। त्यस बीजका आदिमा क्रमशः दीर्घ स्वरहरू जोडेर तिनैद्वारा अङ्गन्यास गर्नुपर्दछ। जस्तै– ग्रां हृदयाय नमः। ग्रीं शिरसे स्वाहा। ग्रूं शिखायै वषट्। ग्रैं कवचाय हुम्। ग्रौं नेत्रत्रयाय वौषट्। ग्रः अस्त्राय फट्। अन्त र विषले युक्त ख पछिको अक्षर गको उच्चारण गर्नुपर्दछ। यसो गर्दा गं गः यी दुई बीज प्रकट हुन्छन्। औकार र बिन्दुसहित भएको गौं यो तेस्रो बीज हो। बिन्दु र कला यी दुवै लागेको गंः भन्ने चौथो बीज हो र केवल ग मात्रैं भएको यो पाँचौं बीज हो। यस किसिमले विघ्नराज गणपतिका लागि यी पाँचवटा बीज हुन्छन् र तिनीहरूका फरकफरक फल देखा पर्दछन्। गणं जयाय स्वाहा इत्यादि यो सर्वमान्य पञ्चाङ्ग हो। उक्त एक अक्षरको बीज मन्त्रलाई एक लाख जप गर्नाले सिद्धि प्राप्त हुन्छ। अष्टदल कमल बनाएर त्यसका दिशाहरूमा भएका दलहरूमा गणेशका चारवटा विग्रहको पूजा गर्नुपर्दछ। यसै क्रमअनुसार त्यहाँ पाँच अङ्गहरूको पनि पूजा गर्नुपर्दछ। विग्रहको पूजासम्बन्धी मन्त्र गणाधिपतये नमः इत्यादि हुन्। आठ मूर्तिहरूलाई कमलचक्रको दिशाहरूमा रहेका र कोणहरूमा रहेका दलहरूमा पूजा गर्नुपर्दछ। त्यसपछि इन्द्र आदि लोकपाल र तिनका अस्त्रहरूको पूजा गर्नुपर्दछ। मुद्राप्रदर्शनद्वारा पूजा गर्नु अभीष्ट हुन्छ। मध्यमा र तर्जनीका बीचमा बुढी औँलो हालेर मुठी पार्नु पर्दछ। गणेशका लागि मुद्रा त्यही हो। उनको ध्यान यस प्रकारले गर्नुपर्दछ– भगवान् गणेशका चार भुजा छन्। उनले एउटा हातमा लड्डु लिएका छन् र तीनवटा हातहरू दण्ड, पाश र अङ्कुशले सजिएका छन्। दाँतमा आफ्नो भक्ष पदार्थ लड्डु च्यापेका छन् र उनका शरीरको कान्ति रातो छ। उनी कमल, पाश र अङ्कुशले घेरिएका छन्। गणेशको पूजा सधैँ गरिन्छ र चतुर्थीका दिनको पूजा विशेष प्रकारले गर्नुपर्दछ। सेतो आँकका जराले उनको प्रतिमा बनाएर पूजा गर्नुपर्दछ। उनका लागि तिनको आहुति दिनाले सबै खालका मनोरथहरू पूरा हुन्छन्। यदि दही, मह र घिउमा मुछेका चामलको आहुति दिने हो भने सौभाग्य सिद्धि र वशमा गर्ने

आग्नेयादिषु कोणेषु कुजमन्दाहिकेतवः ।
स्नात्वा विधिवदादित्यमाराध्यार्ध्यपुरःसरम् ।१०।
कृतान्तमैशे निर्माल्यं तेजश्चण्डाय दीपितम् ।
रोचनं कुङ्कुमं वारि रक्तगन्धाक्षताङ्कुराः ।११।
वेणुबीजयवाः शालिश्यामाकतिलराजिकाः ।
जपापुष्पान्वितां दत्त्वा पात्रैः शिरसि धार्य्य तत् ।१२।
जानुभ्यामवनिं गत्वा सूर्य्यायार्घ्यं निवेदयेत् ।
स्वविद्यामन्त्रितैः कुम्भैर्नवभिः प्रार्च्य वै ग्रहान् ।१३।
ग्रहादिशान्तये स्नानं जप्त्वार्कं सर्वमाप्नुयात् ।
सङ्ग्रामविजयं साग्निं बीजदोषं सविन्दुकम् ।१४।
न्यस्य मूर्द्धादिपादान्तं मूलं पूज्य तु मुद्रया ।
स्वाङ्गानि च यथान्यासमात्मानं भावयेद्रविम् ।१५।
ध्यानं च मारणस्तम्भे पीतमाप्यायने सितम् ।
रिपुघातविधौ कृष्णं मोहयेच्छक्रचापवत् ।१६।
योऽभिषेकजपध्यानपूजाहोमपरः सदा ।
तेजस्वी ह्यजयः श्रीमान्स मुद्रादौ जयं लभेत् ।१७।
ताम्बूलादाविदं न्यस्य जप्त्वा दद्यादुशीरकम् ।
न्यस्तबीजेन हस्तेन स्पर्शनं तद्वशे स्मृतम् ।१८।

सामर्थ्य प्राप्त हुन्छ। घोष, असृक्, प्राण, शान्ति, अर्घी र दण्ड यी सबै मिलेपछि सूर्यदेवताको मार्तण्ड भैरव नामको ह्यौं ओं भन्ने बीज बन्छ । यसलाई बिम्ब बीजले सम्पुटित गर्ने हो भने साधकलाई धर्म, अर्थ, काम र मोक्ष यी चारै पुरुषार्थ प्राप्ति गराउने हुन्छ । पाँचवटा ह्रस्व अक्षरको आदिमा बीज बनाएर तिनैद्वारा पाँच मूर्तिहरूलाई न्यास गर्नुपर्दछ । जस्तै— अं सूर्याय नमः । इं भास्कराय नमः । उं भानवे नमः । एं रवये नमः । ओं दिवाकराय नमः । दीर्घस्वरहरूका बीजले हृदय आदि अङ्गको न्यास गर्नुपर्दछ । यस किसिमले न्यास गरेर ध्यान गरिन्छ— भगवान् सूर्य ईशान कोणमा विराजमान छन् । उनको अङ्गको कान्ति सिँदुरजस्तै अरुण वर्णको छ । उनका बायाँतिरको आधा अङ्गमा उनकी प्राणवल्लभा बसेकी छिन् । त्यसपछि ईशान कोणमा कृतान्तका लागि निर्माल्य र चण्डका लागि दिप चढाउनुपर्दछ । रोचता, कुङ्कुम, जल, रक्तचन्दन, अक्षता, अङ्कुर, वेणुबीज, जौ, मंसिरे धानको चामल, साँवा, तिल र रायो साथै जपाको फूल अर्घ्यपात्रमा हाल्नुपर्छ । त्यसपछि अर्घ्यपात्रलाई शिरमा बोकेर धर्तीमा दुवै घुँडा अड्याएर सूर्यदेवताका लागि अर्घ्य अर्पित गर्नुपर्दछ । आ आफ्ना मन्त्रले मन्त्रिएका नौवटा कलशद्वारा ग्रहहरूको पूजा गरेर ग्रहहरूलाई शान्त गर्नका लागि शान्ति कलशका जलले स्नान गर्दै सूर्यमन्त्रको जप गर्नाले मानिसले सबै कुरा प्राप्त गर्दछ । सङ्ग्रामविजय मन्त्रमा बीजपोषक बिन्दुयुक्त अग्नि अर्थात् रकारलाई जोडेर शिरदेखि पाउसम्म त्यस सम्पूर्ण मन्त्रलाई व्यापक न्यास गरेर त्यसैको उच्चारण गर्दै आवाहनी आदि मुद्राहरूका साथ सूर्यदेवलाई पूजा गर्नुपर्दछ। त्यसपछि बताइएअनुसारले नै अङ्गन्यास गर्दै आफू स्वयंलाई रविका रूपमा चिन्तन गर्नुपर्दछ । अर्थात् मेरो आत्मा सूर्य हो भन्ने चिन्तन गर्नुपर्दछ । मारण र स्तम्भन कर्ममा सूर्यदेवको पीतवर्णको, आप्यायनमा सेतो वर्णको, शत्रुघातका कर्ममा कालोवर्णको र मोहन कर्ममा इन्द्रधनुषी वर्णको चिन्तन गर्नुपर्दछ । सूर्यदेवको अभिषेक, जप, ध्यान, पूजा र होम कर्ममा जो सधैँ तत्पर रहन्छ ऊ तेजस्वी, अजेय र श्रीसम्पन्न हुँदै युद्धमा विजयी हुन्छ। पानसुपारी आदिमा त्यस मन्त्रलाई न्यास गरेर जप गर्दै खसको अत्तर छर्किएर र आफ्ना हातमा पनि सङ्ग्राम विजय मन्त्रको बीज न्यास गरेर त्यसै हातले कसैलाई त्यो पानसुपारी दियो वा त्यस हातले कसैलाई छोयो भने ऊ त्यसको वशमा पर्दछ ।१-१८।

# ३०२. द्व्यधिकत्रिशततमोऽध्यायः

## मन्त्रौषधनिरूपण

अग्निरुवाच

वाक्कर्मपार्श्वयुक्शुक्रतोककृते मतो प्लवः ।
हुतान्तादेशवर्णेयं विद्या मुख्या सरस्वती ।१।
अक्षाराशी वर्णलक्षं जपेत्स मतिमान्भवेत् ।
अत्रिः सवह्निर्वामाक्षिविन्दुरिन्द्राय हृत्परः ।२।
वज्रपद्मधरं शक्रं पीतमावाह्य पूजयेत् ।
नियतं होमयेदाज्यतिलांस्तेनाभिषेचयेत् ।३।
नृपादिर्भ्रष्टराज्यादी राज्यपुत्रादिमाप्नुयात् ।
हृल्लेखा शक्तिदेवाख्या दोषाग्निर्दण्डिदण्डवान् ।४।
शिवमिष्ट्वा जपेच्छक्तिमष्टम्यादिचतुर्दशीम् ।
चक्रपाशाङ्कुशधरां साभयां वरदायिकाम् ।५।
होमादिना च सौभाग्यं कवित्वं पुत्रवान्भवेत् ओं ह्रीं ओं नमः कामाय सर्वजनहिताय सर्वजनमोहनाय प्रज्वलिताय सर्वजनहृदयं ममात्मगतं कुरुकुरु ओं एतज्जपादिना मन्त्रो वशयेत्सकलं जगत् ।६।
ओं ह्रीं चामुण्डे अमुकं दहदह पचपच मम वशमानयवशमानय ठठ वशीकरणकृमन्त्रश्चामुण्डायाः प्रकीर्त्तितः फलत्रयकषायेण वराङ्गं क्षालयेद्वशे ।७।
अश्वगन्धायवैः स्त्री तु निशाकर्पूरकादिता ।
पिप्पली तण्डुलान्यष्टौ मरिचानि च विंशतिः ।८।
बृहतीरसलेपाच्च वशे स्यान्मरणान्तिकम् ।
कटीरमूलत्रिकटुक्षौद्रलेपस्तथा भवेत् ।९।
हिमं कपित्थकरसं मागधी मधुकं मधु ।
तेषां लेपः प्रयुक्तस्तु दम्पत्योः स्वस्तिमावहेत् ।१०।
सशर्करयोनिलेपात्कदम्बरसको मधु ।
सहदेवीं महालक्ष्मीः पुत्रजीवी कृताञ्जलिः ।११।
एतच्चूर्णं शिरःक्षिप्तं लोकस्य वशमुत्तमम् ।
त्रिफलाचन्दनक्वाथप्रस्थाद्विकुडवं पृथक् ।१२।
भृङ्गहेमरसं दोषा तावती चुञ्चुकं मधु ।

अग्निदेव भन्दछन्– ऐं कुलजे ऐं सरस्वति स्वाहा एघार अक्षरको यो मन्त्र नै मुख्य सरस्वती विद्या हो । जसले नुनविनाको आहार ग्रहण गर्दै मन्त्रको अक्षर सङ्ख्याकै अनुसार उति नै लाख मन्त्रको जप गर्दछ त्यो मानिस बुद्धिमान् हुन्छ । द्रीं भन्ने मन्त्र महान् विद्रावणकारी छ । वज्र र कमल धारण गरेका, पहेंलो वर्णका इन्द्रको आवाहन गरेर उनैको पूजा गर्नुपर्दछ र घिउ एवं तिलको एक लाख आहुति दिनुपर्छ । त्यसपछि तिल मिसिएका पानीले इन्द्रदेवतालाई अभिषेक गर्नुपर्दछ । यसो गर्नाले राजाले आफ्नो खोसिएको राज्यसमेत र राजपुत्रहरूले चिताएका कुराहरू प्राप्त गर्दछन् । हल्लेखा वा ह्रीं यो मन्त्र शक्तिदेव नामले प्रसिद्ध छ। यसलाई घोष, अग्नि, दण्डी र दण्ड अर्थात् क्रमशः ह, र, ई– ले बनाएका छन् । शिवा र शिवको पूजा गरेर ह्रीं भन्ने यो शक्तिमन्त्र जप्नुपर्दछ। अष्टमीदेखि चतुर्दशीसम्म आराधनामा संलग्न रहनुपर्दछ । हातमा चक्र, पाश, अङ्कुश एवं अभयको मुद्रा धारण गर्ने वरदायिनी देवीलाई आराधना गर्दै होम गर्नाले उपासकलाई सौभाग्य र कवित्व शक्ति प्राप्त हुन्छ अनि ऊ पुत्रवान् पनि हुन्छ । ओं ह्रीं ओं नमः कामाय इत्यादि मन्त्रको जप आदि गर्नाले यस मन्त्रले सम्पूर्ण जगत्लाई नै वशमा गर्न सक्छ। ओं ह्रीं चामुण्डे अमुकं दहदह पचपच मम वशमानयानय स्वाहा ओं यस मन्त्रलाई चामुण्डाको वशीकरण मन्त्र भनिएको छ। वशीकरणलाई प्रयोग गर्ने बेलामा त्रिफलासहितको ठन्डा पानीले स्त्रीहरूले आफ्नो योनी धुनुपर्छ। अश्वगन्धा, यवक्षार, बेसार र कपुर आदिले पनि स्त्रीले आफ्नो योनी धुनुपर्दछ। पिप्लाका आठ दाना, मरिचका बीस गेडा र भटकटैयाका रसको लेपन योनीमा गर्ने हो भने त्यस स्त्रीको पति आमरण उसकै वशमा हुन्छ। कटीरमूल, त्रिकटुको लेपन पनि उसै किसिमले लाभदायक हुन्छ। हिम, कैथको रस, मागधीपिप्ला, जेठीमधु र मधु यिनीहरूको लेपनको प्रयोग पनि दम्पतीका लागि हितकारी हुन्छ। सख्खर मिसाएको कदम्ब रस र मधुको लेपन योनीमा लगाउँदा पनि वशीकरण हुन्छ । सहदेई, पुत्रजीवी, कृताञ्जली यिनीहरूको चूर्ण बनाएर शिरमा लगाउने हो भने यस लोकका लागि वशीकरणको उत्तम साधन हुन्छ। त्रिफला र चन्दनको झोल एक प्रस्थ छुट्टै र दुई कुडव छुट्टै बनाएर भँगरैया तथा नागकेसरको रस, त्यति नै बेसार, क्षम्बुक, मधु,

घृतैः पक्वा निशा छाया शुष्का लेप्या तु रञ्जनी ।१३।
विदारीं सोच्चटामाषचूर्णीभूतां सशर्कराम् ।
मथितां यः पिबेत्क्षीरैर्नित्यं स्त्रीशतकं व्रजेत् ।१४।
गुल्ममाषतिलव्रीहिचूर्णक्षीरसितान्वितम् ।
अश्वत्थवंशदर्भाणां मूलं वै वैष्णवीश्रियोः ।१५।
मूल दूर्वाश्वगन्धोत्थं पिबेत्क्षीरैः सुतार्थिनी ।
कौन्तीलक्ष्म्योः शिफा धात्री वज्रं लोध्रं वटाङ्कुरम् ।१६।
आज्यक्षीरमृतौ पेयं पुत्रार्थं त्रिदिवं स्त्रिया ।
पुत्रार्थिनी पिबेत्क्षीरं श्रीमूलं सवटाङ्कुरम् ।१७।
श्रीवटाङ्कुर देवीनां रसं नस्ये पिबेच्च सा ।
श्रीपद्ममूलमुत्क्षीरमश्वत्थोत्तरमूलयुक् ।१८।
तरलं पयसा युक्तं कार्पासफलपल्लवम् ।
अपामार्गस्य पुष्पाग्रं नवं समहिषीपयः ।१९।
पुत्रार्थं चार्द्धषट्श्लोकैर्योगाश्चत्वार ईरिताः ।
शर्करोत्पलपुष्पाक्षलोध्रचन्दनसारिवाः ।२०।
स्रवमाणे स्त्रिया गर्भे दातव्यास्तण्डुलाम्भसा ।
लाजायष्टिसिताद्राक्षाक्षौद्रसर्पींषि या लिहेत् ।२१।
अटरूषकलाङ्गल्योः काकमाच्याः शिफा पृथक् ।
नाभेरधः समालिप्य प्रसूते प्रमदा सुखम् ।२२।
रक्तं शुक्लं जपापुष्पं रक्तशुक्लश्रुतौ पिबेत् ।
केसरं बृहतीमूलं गोपीषष्टितृणोत्पलम् ।२३।
साजक्षीरं सतैलं तद्भक्षणं रोमजन्मकृत् ।
शीर्य्यमाणेषु केशेषु स्थापनं च भवेदिदम् ।२४।
धात्रीभृङ्गरसप्रस्थं तैलं च क्षीरमाढकम् ।
षष्ट्यंजनपलं तैलं तत्केशाक्षिशिरोहितम् ।२५।
हरिद्राराजवृक्षत्वक्चिञ्चालवणलोध्रकौ ।
पीता खारी हरेदाशु गवामुदरबृंहणम् ।२६।
ओं नमो भगवते त्र्यम्बकाय उपशमयउपशमय चुलुचुलु मिलिमिलि भिदभिद गोमानिनी चक्रिणि हूं फट् अस्मिन् ग्रामे गोकुलस्य रक्षां कुरु शान्तिं कुरु ।
घण्टाकर्णो महासेनो वीरः प्रोक्तो महाबलः ।२७।
मारीनिर्नाशनकरः स मां पातु जगत्पतिः ।
श्लोकौ चैव न्यसेदेतौ मन्त्रौ गोरक्षकौ पृथक् ।२८।

घिउमा पकाएको हल्दी र सुखा हल्दी यी सबै कुराको लेपन गर्नुपर्दछ तथा बिदारीकन्द एवं जटामांसीको धुलोमा चिनी मिसाएर त्यसलाई खुब घोल्ने अनि सधैँ दुधसित पिउने गर्नाले पुरुषले सयौँ स्त्रीसँग सहवास गर्ने शक्ति प्राप्त गर्दछ ।१-१४। गुप्ता, मास, तिल र चामलको पिठो बनाएर दुध र मिस्री मोल्ने । पिपल, बाँस र कुशका जरा, वैष्णवी र श्री भन्ने औषधिका जरा, दुबो तथा अश्वगन्धाको फेद मिसाएर पुत्र प्राप्त गर्ने मन भएकी स्त्रीले दुधसित खाने । कौन्ती, लक्ष्मी, शिवा र धात्री, लोध्र र वटका अङ्कुरहरू घिउ र दुधमा ऋतुकालमा स्त्रीहरूले पिउनुपर्छ । यसो गर्दा तिनलाई पुत्र प्राप्ति हुन्छन् । पुत्र पाउन खोज्ने नारीले श्री नामका औषधिको जरो र वरको आँकुरालाई दुधसँग खानुपर्छ । श्री, वटको अङ्कुर र देवी यतिको रसको नस पनि लिने र पिउने पनि । श्री र कमलका जरा, अश्वत्थ र उत्तरको मूल दुधसित पिउने । कपासका बियाँ र पातलाई पिसेर झोल बनाउँदै पिउने । अपमार्गका नयाँ कोपिलाहरू भैँसीका दुधमा हालेर पिउने । यस किसिमले माथिका साढे पाँचवटा श्लोकमा पुत्रप्राप्तिका उपाय बताइएको छ । यदि स्त्रीको गर्भ अडिँदैन भने उसले सख्खर, कमलको फूल, कमलका गट्टा, लोध, चन्दन र अरिवालता यतिलाई चौलानीमा पिनेर दिने अथवा लाजा, जेठिमधु, मिस्री, अङ्गुर, मह र घिउ यी सबैको लेदो बनाएर स्त्रीले चाट्नु पर्दछ । आटरूप, कलाङ्गली, काकमाची, शिफा यिनीहरूलाई पिसेर नाइटोमुनि लिपिदिने हो भने स्त्री सजिलै सुत्केरी हुन सक्छन् । रातो र सेतो जवाकुसुम, लाल चीता र हिङपत्री पिउनुपर्छ । केसर, भटकटैयाको जरो, गोपी, षष्ठि र उतपल यतिलाई बाख्राका दुधमा पिसेर तेल मिसाएर खाने हो भने टाउकामा कपाल उम्रिन्छ । टाउकाको कपाल झरिरहेको छ भने त्यसलाई रोक्ने उपाय पनि यही हो । अमला, भँगरैयाको तेल एक सेर, एक आढक दुध, षष्ठि र अञ्जनको तेल एक पल यी सबै वस्तुहरू टाउकाको कपाल, आँखा र टाउकाका लागि हितकारी हुन्छ । हल्दी, राजवृक्षको बोक्रो, इमलीका बियाँ, नुन, लोध र पहेँलो खारी यी सबैले गाईको पेट फुल्ने रोगलाई तत्काल रोक्छन् । ओं नमो भगवते त्र्यम्बकाय इत्यादि मन्त्रले गाईको बथानलाई रक्षा गर्दछ । घण्टाकर्ण महासेन वीर साह्रै ठूला बलवान् हुन् भनिएको छ । उनै जगदीश्वरले महामारी नाश गर्दछन् । त्यसैले मेरो पनि रक्षा गरून् । यी दुवै श्लोक र मन्त्र गाईका रक्षक हुन् । यिनलाई लेखेर घरमा झुन्डाउनुपर्दछ ।१५-२८।

# ३०३. त्र्यधिकत्रिशततमोऽध्यायः

## अङ्गाक्षरार्चन

अग्निरुवाच

यदा जन्मर्क्षगश्चन्द्रो भानुः सप्तमराशिगः ।
पौष्णः कालः स विज्ञेयस्तदा ग्रासं परीक्षयेत् ।१।
कण्ठोष्टौ चलतः स्थानाद्यस्य वक्त्रा च नासिका ।
कृष्णा च जिह्वा सप्ताहं जीवितं तस्य वै भवेत् ।२।
तारो मेषो मिषं दन्ती नरो दीर्घो घणा रसः ।
क्रुद्धोल्काय महोल्काय वीरोल्काय शिखा भवेत् ।३।
उल्काय सहसोल्काय वैष्णवोऽष्टाक्षरो मनुः ।
कनिष्ठादितदष्टानामङ्गुलीनां च पर्वसु ।४।
ज्येष्ठाग्रेण क्रमात्तावन् मूर्द्धन्यष्टाक्षरं न्यसेत् ।
तर्जन्यां तारमङ्गुष्ठे लग्ने मध्यमया च तत् ।५।
तलेऽङ्गुष्ठे तदुत्तारं बीजोत्तारं ततो न्यसेत् ।
रक्तगौरधूम्रहरिज्जातरूपाः सितास्त्रयः ।६।
एवंरूपानिमान् वर्णान्भावबुद्धान्न्यसेत्क्रमात् ।
हृदास्यनेत्रमूर्द्धाङ्घ्रितालुगुह्यकरादिषु ।७।
अङ्गानि च न्यसेद्बीजान्न्यस्याथः करदेहयोः ।
यथात्मनि तथा देवे न्यासः कार्य्यः करं विना ।८।
हृदादिस्थानगान्वर्णान्गन्धपुष्पैः समर्चयेत् ।
धर्माद्यग्न्याद्यधर्मादि गात्रे पीठेऽम्बुजे न्यसेत् ।९।
यत्र केसरकिञ्जल्कव्यापिसूर्य्येन्दुदाहिनाम् ।
मण्डलं त्रितयं तावद्भेदैस्तत्र न्यसेत्क्रमात् ।१०।
गुणाश्च तत्र सत्त्वाद्याः केसरस्थाश्च शक्तयः ।
विमलोत्कर्षणी ज्ञानक्रियायोगाश्च वै क्रमात् ।११।
प्रह्वी सत्या तथेशानानुग्रहा मध्यतस्ततः ।

अग्निदेवले भने— जब चन्द्रमा जन्म नक्षत्रमा र सूर्य सातौँ राशिमा रहन्छन् त्यसलाई पूषाको काल भनिन्छ। त्यस बेलामा श्वासको परीक्षा गर्नुपर्दछ। जसका कण्ठ र ओष्ठले आफ्नो ठाउँ छोडिसक्छन्, नाक ठाडो भएको छ र जिब्रो कालो भएको हुन्छ त्यसका बाच्ने दिन धेरैमा सात दिन रहेका हुन्छन्। तार, मेष, विष, दन्ती, दीर्घस्वरसहितको न, र, य, ण, रस यति मिलेर ओं नमो नारायणाय हुन्छ र यो विष्णु भगवान्को अष्टाक्षर मन्त्र हो। यसको अङ्गन्यास हुन्छ। यी मन्त्रहरूलाई पढ्दै क्रमशः हृदय, शिर, शिखा, दुवै बाहु र समस्त दिशाहरूको न्यास गर्नुपर्दछ। कान्छीऔँलादेखि कान्छीऔँलासम्म आठ औँलाहरूका तीनतीन जोर्नीहरूमा बुढीऔलाले स्पर्श गर्दै, अगाडि ओं र पछाडि नमः जोड्दै यस आठ अक्षरी मन्त्रका फरकफरक अक्षरलाई न्यास गर्नुपर्दछ। चोरी औँलामा, माझी औँलोसहित बुढीऔँलामा, हत्केलामा र फेरि बुढी औँलामा पनि ओङ्कारको न्यास गर्नुपर्दछ। यसलाई उत्तार भन्दछन्। त्यसैले पूर्वोक्त न्यास गरिसकेपछि बीजोत्तार न्यास गर्नुपर्दछ। अष्टाक्षर मन्त्रका वर्णहरूको रङ्ग यस किसिमको छ भनी बुझौँ— सुरुका पाँच अक्षर क्रमशः रातो, सेतो, ध्वाँसे, हरियो, सुनौलो कान्ति भएका छन् र अन्तिम तीन वर्ण पूरै सेता छन्। यसै रूपमा यी वर्णहरूको कल्पना गरेर नै यिनीहरूको न्यास गर्नुपर्दछ। न्यासका स्थानहरू— हृदय, मुख, आँखा, निधार, खुट्टा, तालु, गुह्य र हात हुन्। हात र अङ्गहरूमा बीज न्यास गरेपछि फेरि अङ्गन्यास गर्नुपर्दछ। आफ्ना शरीरमा जसरी न्यास गरिन्छ उसरी नै देवताका शरीरमा पनि गर्नुपर्दछ। तर देवताका शरीरमा करन्यास गरिदैन। देवताका हृदय आदि अङ्गहरूमा न्यास गरिएका वर्णलाई गन्ध पुष्प आदिले पूजा गर्नुपर्दछ। देवपीठमा धर्म, अग्नि तथा अधर्म आदिको पनि उचित स्थानमा न्यास गर्नुपर्दछ। अनि त्यसमा कमलको न्यास पनि गर्नुपर्दछ। पीठमा नै कमलको दल, केसर, किञ्जल्कका सूर्यमण्डल, चन्द्रमण्डल र अग्निमण्डलको पनि तीनवटै न्यास छुट्टाछुट्टै गर्नुपर्दछ। ती मण्डलहरूमा सत्त्व आदि तीन गुणहरूको र केसरमा रहेका विमला आदि शक्तिहरूको चिन्तन पनि गर्नुपर्दछ। ती शक्तिहरूको नाम क्रमशः यस्तो छ विमला, उत्कर्षणी, ज्ञाना, क्रिया, योगा, प्रह्वी, सत्या र ईशान

योगपीठं समभ्यर्च्य समावाह्य हरिं यजेत् ।१२।
पाद्यार्घ्याचमनीयं च पीतवस्त्रविभूषणम् ।
एतत्ञ्चोपचारं च सर्वं मूलेन दीयते ।१३।
वासुदेवादयः पूज्याश्चत्वारो दिक्षु मूर्त्तयः ।
विदिक्षु श्रीसरस्वत्यै रतिशान्त्यै च पूजयेत् ।१४।
शङ्खं चक्रं गदा पद्मं मुसलं खड्गशार्ङ्गिके ।
वनमालान्वितं दिक्षु विदिक्षु च यजेत्क्रमात् ।१५।
अभ्यर्च्य च बहिस्तार्क्ष्यं देवस्य पुरतोऽर्चयेत् ।
विष्वक्सेनं च सोमेशं मध्ये आवरणाद्बहिः ।
इन्द्रादिपरिचारेण पूज्य सर्वमवाप्नुयात् ।१६।

हो । यी आठ शक्तिहरू आठ दिशामा हुन्छन् र नवौँ अनुग्रह नामको शक्ति मध्यभागमा विराजमान छ। योगपीठको अर्चना गरेर त्यसमा श्रीहरिलाई आवाहन गरी पूजा गर्नुपर्दछ। पाद्य, अर्घ्य, आचमनीय, पीताम्बर र आभूषण यी पाँच उपचार हुन्। यी सबैको समर्पण गर्ने मूल मन्त्र अष्टाक्षर मन्त्र नै हो। पीठका पूर्व आदि चार दिशामा वासुदेव आदि चार मूर्तिहरूको र अग्नि आदि कोणहरूमा क्रमशः श्री, सरस्वती, रति र शान्तिको पूजा गर्नुपर्दछ। यसै गरी दिशाहरूमा शङ्ख, चक्र, गदा र पद्मको अनि विदिशाहरूमा मुसल, खड्ग, शार्ङ्गधनुष र वनमालाको पूजा गर्नुपर्दछ । मण्डलबाहिर गरुडको पूजा गरेर भगवान् नारायणका सम्मुख विराजमान विष्वक्सेन तथा सोमेशलाई मध्य भागमा र आवरणभन्दा बाहिर इन्द्र आदि परिचरवर्गका साथै भगवान्को सम्यक् पूजा गर्नाले साधकलाई अभीष्ट फल प्राप्त हुन्छ ।१–१६।

# ३०४. चतुरधिकत्रिशततमोऽध्यायः
## पञ्चाक्षरदिपूजादिकम्

अग्निरुवाच
मेषः संज्ञा विषं साज्यमस्ति दीर्घोदकं रसः ।
एतत्पञ्चाक्षरं मन्त्रं शिवदं च शिवात्मकम् ।१।
तारकादि समभ्यर्च्य देवत्वादि समाप्नुयात् ।
ज्ञानात्मकं परं ब्रह्म परं बुद्धिः शिवो हृदि ।२।
तच्छक्तिभृतः सर्वेशो भिन्नो ब्रह्मादिमूर्त्तिभिः ।
मन्त्रार्णाः पञ्चभूतानि तन्मात्रा विषयास्तथा ।३।
प्राणादिवायवः पञ्च ज्ञानकर्मेन्द्रियाणि च ।
सर्वं पञ्चाक्षरं ब्रह्म तद्वदष्टाक्षरान्तकः ।४।
गव्येन प्रोक्षयेद्दीक्षास्थानं मन्त्रेण चोदितम् ।
तन्त्र सम्भूतसम्भावः शिवमिष्ट्वा विधानतः ।५।
मूलमूर्त्यङ्गविद्याभिस्तण्डुलक्षेपणादिकम् ।

अग्निदेव भन्दछन्– मेष, सर्गि विष षभन्दा अघिल्लो अक्षर त्यसलाई अक्षि, दीर्घोदक, मरुत् यति मिलेर नमः शिवाय बन्छ र शिवस्वरूप एवं शिवप्रदाता हुन्छ । त्यसका अगाडि ओं जोड्दा षडक्षर मन्त्र बन्दछ। यसको भजन गर्नाले मानिसले देवत्व आदि उत्तम फल प्राप्त गर्दछ। ज्ञानस्वरूप परब्रह्म नै परम बुद्धिरूप हो। उही नै सबैका हृदयमा शिवका रूपले विराजमान छ । उही शक्तिरूप सर्वेस्वर नै ब्रह्मा आदिका मूर्तिभेदले भिन्न रहेको जस्तो देखिन्छ । मन्त्रका अक्षर पाँच छन्, भूतगण, पनि पाँच नै छन् र तिनीहरूका मन्त्र र विषय पनि पाँच नै छन्। प्राण आदि वायु पाँच छन्, ज्ञानेन्द्रिय र कर्मेन्द्रियहरू पनि पाँचपाँच नै छन् । यी सबै वस्तुहरू नै पञ्चाक्षर ब्रह्मस्वरूप हुन् । यसै किसिमले सबै वस्तुहरू नै पञ्चाक्षर ब्रह्मस्वरूप हुन्। दीक्षा स्थानलाई मन्त्र उच्चारण गर्दै पञ्चगव्यले चोख्याउनुपर्छ । अनि त्यहाँ सबै आवश्यक वस्तुहरू एकत्र गरेर विधिपूर्वक शिवको पूजा गर्नुपर्दछ। त्यसपछि मूलमन्त्र, इष्ट मूर्तिसँग सम्बन्धित मन्त्र र अङ्गसम्बन्धी मन्त्रद्वारा अक्षता छर्दै भूतहरू भगाएर रक्षात्मक क्रिया सम्पन्न गर्नुपर्दछ । त्यसपछि चरुलाई दुधमा पकाएर त्यसलाई तीन भाग लगाउनुपर्छ। त्यसमध्ये उक भाग इष्ट

कृत्वा चरुं पचेत्क्षीरं पुनस्तद्विभजेत्त्रिधा ।६।
निबेद्येकं परं हुत्वा सशिष्योऽन्यद्भजेद्गुरुः ।
आचम्य सकलीकृत्य दद्याच्छिष्याय देशिकः ।७।
दन्तकाष्ठं हृदा जप्तं श्रीरवृक्षादिसम्भवम् ।
संशोध्य दन्तान् तं क्षिप्त्वा प्रक्षाल्यैतत्क्षिपेद्भुवि ।८।
पूर्वेण सौम्यवारीशगं शुभमतोऽशुभम् ।
पुनस्तं शिष्यमायान्तं शिखाबन्धादिरक्षितम् ।९।
कृत्वा वेद्यां सहानेन स्वपेद्दर्भास्तरे बुधः ।
सुषुप्तं वीक्ष्य तं शिष्यः प्रभाते श्रावयेद्गुरुम् ।१०।
शुभैः सिद्धिपदैर्भक्तिस्तैः पुनर्मण्डलार्चनम् ।
मण्डलं भद्रकाद्युक्तं पृजयेत्सर्वसिद्धिदम् ।११।
स्नात्वाचम्य मृदा देहं मन्त्रैरालिप्य कल्प्यते ।
शिवतीर्थे नरः स्नायादघमर्षणपूर्वकम् ।१२।
हस्ताभिषेकं कृत्वाथ प्रायात्पूजादिकं बुधः ।
मूलेनाब्जासनं कुर्य्यात्तेन पूरककुम्भकान् ।१३।
आत्मानं योजयित्वोद्ध्र्वं शिखान्ते द्वादशाङ्गुले ।
संशोष्य दग्ध्वा स्वतनुं प्लावयेदमृतेन च ।१४।
ध्यात्वा दिव्यं वपुस्तस्मिन्नात्मानं च पुनर्नयेत् ।
कृत्वैवं चात्मशुद्धिः स्याद्विन्यस्यार्चनमारभेत् ।१५।
क्रमात्कृष्णसितश्यामरक्तपीता नगादयः ।
मन्त्रार्णा दण्डिनाङ्गानि तेषु सर्वास्तु मूर्त्तयः ।१६।
अङ्गुष्ठादिकनिष्ठान्तं विन्यस्याङ्गानि सर्वतः ।
न्यसेन्मन्त्राक्षरं पादगुह्यहृद्वक्त्रमूर्द्धसु ।१७।
व्यापकं न्यस्य मूर्द्धादि मूलमङ्गानि विन्यसेत् ।

देवतालाई चढाउनुपर्छ, दोस्रो भाग आहुति दिनुपर्छ र तेस्रो भाग शिष्यसहित आफूले खानुपर्छ । त्यसपछि आचमन एवं सकलीकरण गरेर आचार्यले शिष्यलाई हृदयमन्त्रले मन्त्रिएको एउटा दन्तधावन दिनुपर्छ र त्यो दतिवन दुध आउने रुखको हुनुपर्दछ। त्यसले दाँत सफा गरेर त्यसैलाई चिरेर जिब्रो पनि सफा गरिसकेपछि धोएर भुइँमा फ्याँक्नुपर्दछ। पूर्व दिशाबाट फ्याँकेको त्यो सिन्को यदि उत्तर वा पश्चिम दिशामा खस्यो भने शुभ हुन्छ, होइन भने अशुभ हुन्छ। फेरि आफ्ना अगाडि आइरहेका शिष्यलाई शिखाबन्धन गराउँदै रक्षा गर्नुपर्दछ र विद्वान् गुरुले वेदीमा उसैसित कुशका ओछ्यानमा सुत्नुपर्दछ। शिष्यले सुतेका बेलामा राति जुन स्वप्न देख्छ उसले त्यो आफ्ना गुरुलाई सुनाउनुपर्दछ । यदि स्वप्न शुभ भयो भने त्यसबाट मन्त्र तथा इष्टदेवको भक्ति बढ्दछ। त्यसपछि फेरि मण्डलको अर्चना गर्नुपर्दछ । सर्वतोभद्र आदि मण्डलहरूका विषयमा पहिले भनिसकिएको छ। तिनीहरूमध्ये नै कुनै एकको पूजा गर्नुपर्दछ। पूजा गरिएको मण्डल नै सबै खालका सिद्धि प्रदान गर्ने हुन्छ। पहिले स्नान र आचमन गरेर मन्त्र उच्चारण गर्दै शरीरमा माटो दल्नुपर्दछ। त्यसपछि पहिले भनेझैं शिवतीर्थमा साधकले अघमर्षण गरेर मन्त्रको जप गर्दै स्नान गर्नुपर्दछ। अनि विद्वान् पुरुषले हात शुद्ध पार्दै पूजा घरमा पस्नुपर्दछ। मूलमन्त्रले योगपीठमा कमलआसनको चिन्तन गर्नुपर्दछ । शुरुदेखि नै पूरक, कुम्भक र रेचक प्राणायाम गर्नुपर्दछ । जीवात्मालाई माथि ब्रह्मरन्ध्रमा रहेको सहस्रारचक्रमा लगेर परमात्मामा स्थापित गर्नुपर्दछ। शिरदेखि शिखासम्म रहेको बाह्र अङ्गुल विस्तृत स्थान जुन हो त्यही ब्रह्मरन्ध्र हो। त्यसमा रहेका परमात्माका भित्रपट्टि जीवलाई संयोजित गरिसकेपछि वायुबीज यकारद्वारा वायु प्रकट गरेर त्यसैद्वारा आफ्नो शरीरलाई सुकाइदिनुपर्दछ । त्यसपछि अग्निबीज रकारबाट अग्नि प्रकट गरेर त्यसैद्वारा आफ्नो समस्त शरीरलाई जलाएर भस्म गरिदिनुपर्छ। आफ्ना शरीरको भस्मलाई अमृतबीज वकारबाट निस्केको अमृत धाराले बगाइदिनुपर्छ। दिव्य स्वरूपको ध्यान गर्दै जीवात्मालाई फेरि ल्याएर हृदयकमलमा स्थापित गरिन्छ। यसो गर्नाले आत्मशुद्धिको कर्म सम्पन्न हुन्छ। त्यसपछि न्यास गरेर पूजा आरम्भ गर्नुपर्दछ। पञ्चाक्षर मन्त्रका न, म आदि पाँच वर्ण क्रमशः कालो, सेतो, नीलो, रातो र पहेँलो कान्ति भएका छन्। यी नकार आदि अक्षरहरूले पहिले अङ्गन्यास गर्नुपर्दछ। तिनै अङ्गहरूमा तत्पुरुष आदि पाँच मूर्तिहरूको पनि न्यास गर्नुपर्दछ । त्यसपछि बुढीऔंलोदेखि कान्छी

रक्तपीतश्यामसितान्पीठपादान्स्वकालजान् ।१८।
स्वाङ्गान्मन्त्रैर्न्यसेद्गात्राण्यधर्मादनि दिक्षु च ।
तत्र पद्मं च सूर्य्यादिमण्डलत्रितयं गुणान् ।१९।
पूर्वादिपत्रे वामाद्या नवकं कर्णिकोपरि ।
वामा ज्येष्ठा क्रमाद्रौद्री काली कलविकारिणी ।२०।
बलविकारिणी चाथ बलप्रमथनी तथा ।
सर्वभूतदमनी च नवमी च मनोन्मनी ।२१।
श्वेता रक्ता सिता पीता श्यामा बह्निनिभाषिता ।
कृष्णारुणाश्च ताः शक्तिर्ज्वालारूपाः स्मरेत्क्रमात् ।२२।
अनन्तयोगपीठाय आवाह्याथ हृदब्जतः ।
स्फटिकाभं चतुर्बाहुं फलशूलधरं शिवम् ।२३।
साभयं वरदं पञ्चवदनं च त्रिलोचनम् ।
पत्रेषु मूर्त्तयः पञ्च स्थाप्यास्तत्पुरुषादयः ।२४।
पूर्वे तत्पुरुषः श्वेतो ह्यघोरोऽष्टभुजोऽसितः ।
चतुर्बाहुमुखः पीतः सद्योजातश्च पश्चिमे ।२५।
वामदेवः स्त्रीविलासी चतुर्वक्त्रभुजोऽरुणः ।
सौम्ये पञ्चास्य ईशाने ईशानः सर्वदः सितः ।२६।
इष्टाङ्गानि यथान्यायमनन्तं सूक्ष्ममर्चयेत् ।
सिद्धेश्वरं त्वेकनेत्रं पूर्वादौ दिशि पूजयेत् ।२७।
एकरुद्रं त्रिनेत्रं च श्रीकण्ठञ्च शिखण्डिनम् ।
ऐशान्यादिविदिक्ष्वेते विद्येशाः कमलासनाः ।२८।
श्वेतः पीतः सितो रक्तो धूम्रो रक्तोऽरुणः शितः ।
शूलाशनिशरेष्वासवाहवश्चतुराननाः ।२९।
उमा चण्डीशनन्दिशौ महाकालो गणेश्वरः ।

औँलोसम्ममा क्रमैसँग अङ्गमन्त्रहरूलाई सर्वतोभावले न्यास गरेर मूल मन्त्रका अक्षरद्वारा र अङ्गमन्त्रहरूको पनि त्यहीं न्यास गर्नुपर्दछ । त्यसपछि अग्नि आदि कोणहरूमा उत्पन्न भएका पीठहरूका धर्म आदि पाउहरूलाई पनि क्रमशः रातो, पहैँलो, नीलो र सेतो वर्णका चिन्तन गरेर तिनीहरूमा साध्यमन्त्रका अक्षरहरूलाई न्यास गर्नुपर्दछ र पूर्व आदि दिशाहरूमा रहेका अधर्म आदिको चिन्तन गरेर तिनीहरूमा अङ्गमन्त्रलाई न्यास गर्नुपर्दछ । यस किसिमले योगपीठको चिन्तन गरेर त्यसमाथि अष्टदल कमलको साथै सूर्यमण्डल, सोममण्डल र अग्निमण्डल यी तीन मण्डलको एवं सत्त्व आदि गुणहरूको चिन्तन गर्नुपर्दछ। त्यसपछि अष्टदल कमलका पूर्व आदि दलहरूमा वामा आदि आठ शक्तिलाई र कर्णिकामाथि मनोन्मनी नामको नवौँ शक्तिको न्यास वा चिन्तन गर्नुपर्दछ। यी शक्तिहरूको नाम वामा, ज्येष्ठा, रौद्री, काली, कलविकारिणी, बलविकारिणी, बलप्रमथनी, सर्वभूतदमनी र नवौँमा मनोन्मनी हो । यी शक्तिहरू ज्वालास्वरूपा छन् र यिनीहरूको कान्ति क्रमशः सेतो, रातो, सित, नीलो, अग्नि जस्तो, असित, कालो र अरुण वर्णका छन्। यसै प्रकार चिन्तन गर्नुपर्दछ ।१-२२।

त्यसपछि अनन्तपीठमा नमः भन्दै योगपीठको पूजा गरेर हृदयकमलमा शिवलाई आवाहन गर्नुपर्दछ। स्फटिकाभं चतुर्बाहुं फालशूलधरं शिवम् । साभयं वरदं पञ्चवदनं च त्रिलोचनम् । जसको कान्ति स्फटिकमणिजस्तै सेतो छ, चार भुजाहरूले जो शोभायमान छन् र ती हातहरूमा फाली, शूल, अभय र वरद मुद्रा लिएका छन्, जसका पाँच मुख र तीनतीन आँखा प्रत्येक मुखमा छन् ती भगवान् शिवलाई म ध्यान एवं आवाहन गर्दछु भन्नुपर्दछ । त्यसपछि कमलका दलहरूमा तत्पुरुष आदि पाँच मूर्तिहरूलाई यस प्रकार स्थापना गर्नुपर्दछ । तत्पुरुष चतुर्भुज छन्। तिनको वर्ण सेतो छ। उनको स्थान कमलक पूर्ववर्ती दलमा छ। अघोरका आठ भुजाहरू छन्। उनको अङ्ग कान्ति अँध्यारो छ। यिनको स्थान दक्षिण दलमा छ। सद्योजातका चार मुख र चारै भुजा पनि छन्। उनको वर्ण पहैँलो छ र स्थान पश्चिम दल हो । वामदेवको मूर्ति स्त्रीसँग विलास गरेको हुन्छ । उनका पनि मुख र भूजा चारचार नै छन्। कान्ति रातो छ। यिनको स्थान उत्तर तर्फको कमलदल हो। ईशानका पाँचवटा मुख छन्। उनी ईशान दिशाकै दलमा हुन्छन् । उनको वर्ण गोरो छ र उनले सबै कुरा दिन्छन् । त्यसपछि इष्टदेवका अङ्गको पूजा यथोचित गर्नुपर्दछ। अनि अनन्त, सूक्ष्म, सिद्धेश्वर र एकनेत्रको पूर्व आदि दिशाहरूमा

वृषो भृङ्गरिटिस्कन्दानुत्तरादौ प्रपूजयेत् ।३०।
कुलिशं शक्तिदण्डौ च खड्गपाशध्वजौ गदाम् ।
शूलं चक्रं यजेत्पद्मं पूर्वादौ देवमर्च्य च ।३१।
ततोऽविधासितं शिष्यं पाययेद्‌गव्यपञ्चकम् ।
आचान्तं प्रोक्ष्य नेत्रान्तैर्नेत्रे नेत्रेण बन्धयेत् ।३२।
द्वारं प्रवेशयेच्छिष्यं मण्डपस्याथ दक्षिणे ।
सासनादिकुशासीनं तत्र संशोधयेद्‌गुरुः ।३३।
आदितत्त्वानि संहृत्य परमार्थे लयः क्रमात् ।
पुनरुत्पादयेच्छिष्यं सृष्टिमार्गेण देशिकः ।३४।
न्यासं शिष्ये ततः कृत्वा तं प्रदक्षिणमानयेत् ।
पश्चिमद्वारमानीय क्षेपयेत्कुसुमाञ्जलिम् ।३५।
यस्मिन्पतन्ति पुष्पाणि तन्नामाद्यं विनिर्दिशेत् ।
पार्श्वे यागभुवः खाते कुण्डे सन्नाभिमेखले ।३६।
शिवाग्निं जनयित्वेष्ट्वा पुनः शिष्येण चार्चयेत् ।
ध्यानेनात्मनिभं शिष्यं संहृत्य प्रलयक्रमात् ।३७।
पुनरुत्पाद्य तत्पाणौ दद्याद्दर्भांश्च मन्त्रितान् ।
पृथिव्यादीनि तत्त्वानि जुहुयाद्धृदयादिभिः ।३८।
एकैकस्य शतं हुत्वा व्योममूलेन होमयेत् ।
हुत्वा पूर्णाहुतिं कुर्य्यादस्त्रेणाष्टाहुतीर्हुनेत् ।३९।
प्रायश्चितं विशुद्ध्यर्थं ततः शेषं समापयेत् ।
कुम्भं समन्त्रितं प्राच्र्य शिशुं पीठेऽभिषेचयेत् ।४०।
शिष्ये तु समयं दत्त्वा स्वर्णाद्यैः स्वगुरुं यजेत् ।
दीक्षा पञ्चाक्षरस्योक्ता विष्णवादेरेवमेव हि ।४१।

पूजा गर्नुपर्दछ । एकरुद्र, त्रिनेत्र, श्रीकण्ठ तथा शिखण्डीको पूजा ईशान आदि कोणहरूमा गर्नुपर्दछ। यी सबै नै विद्येश्वर हुन् र यिनीहरूको आसन कमल हो । यिनीहरूको अङ्गको कान्ति क्रमशः सेतो, पहेँलो, उज्यालो, रातो, ध्वाँसे, रातो, अरुण र नीलो छ। यी सबै नै चार भुजा भएका छन् र चारवटामा ध्वज, गदा, शूल, चक्र र पद्मको पूजा गरिनुपर्दछ। यसै गरी छवटा आवरणसहित इष्टदेवताको पूजा गरेर गुरुले अधिवासित शिष्यलाई पञ्चगव्यको पान गराउनुपर्दछ। त्यसपछि आचमन गराएर उसलाई चोख्याउनुपर्छ। त्यसपछि नेत्रान्त गर्ने अर्थात् नयाँ सेतो वस्त्रले गुरुले शिष्यका आँखामा पट्टी वौषट् मन्त्र उच्चारण गर्दै बाँधिदिन्छन् । त्यसपछि त्यस शिष्यलाई मण्डपको दक्षिण ढोकामा भित्र लगिन्छ। त्यहाँ आसन वा कुश आदिमा बसेका शिष्यलाई गुरुले शुद्ध गर्दछन्। पूर्वोक्त रीतिले नै शरीर आदि पाञ्चभौतिक पदार्थलाई क्रमैसँग संहार गर्दछन् र शिष्यलाई परमात्मामा लीन गराइन्छ अनि फेरि सृष्टि मार्गले देशिक शिष्यलाई पुनरुत्पादन गरिन्छ। त्यसपछि त्यस शिष्यलाई दिव्य शरीरमा न्यास गरेर उसलाई प्रदक्षिण क्रमले पश्चिमद्वारमा त्याएर उसैबाट पुष्पाञ्जली अर्पण गराइन्छ । जुन देवतामाथि उसले फ्याँकेको फूल झर्छ उसैका नामलाई सुरुमा राखेर शिष्यको नामकरण गर्नुपर्छ। त्यसपछि आँख खोलिदिएर यज्ञभूमिका नजिकै सुन्दर नाभी र मेखलासहितक कुण्डमा शिवाग्नि प्रकट गराएर स्वयं त्यसको पूजा गर्नुपर्द र शिष्यबाट पनि त्यही पूजा गराउनुपर्दछ। अनि ध्यानद्वार आफूसरहको शिष्यलाई संहार क्रमले आफूभित्र लीन गराएर फेरि उसलाई सृष्टिक्रमले उत्पन्न गर्नुपर्दछ। त्यसपछि उसका हातमा मन्त्रिएको कुश दिनुपर्दछ र हृदय आदि मन्त्रद्वारा पृथ्वी आदि तत्त्वहरूका लागि आहुति दिनुपर्दछ पृथ्वी, जल, तेज र वायु यिनीहरू प्रत्येकलाई यिनीहरूक नामले सयसय आहुति दिएर आकाश तत्त्वका लागि मूल मन्त्रले नै सय आहुति दिनुपर्दछ। यस किसिमले हवन गरे त्यसको पूर्णाहुति पनि गर्नुपर्दछ। त्यसपछि अस्त्र मन्त्र फ लाई उच्चारण गर्दै आठ आहुति दिनुपर्दछ। त्यसपछि विशे शुद्धिका लागि प्रायश्चित्त गर्नुपर्दछ। अभिमन्त्रित कलशला पूजा गरेर पीठमा बसेका शिष्यलाई अभिषेक गर्नुपर्दछ। अ गुरुले शिष्यलाई समयअनुसारको आचार सिकाउनुपर्दछ शिष्यले सुनका मुद्राहरूद्वारा आफ्ना गुरुको पूजा गर्नुपर्दछ यस तरिकाले यहाँ शिवपञ्चाक्षर मन्त्रको दीक्षाका विषय भनियो । यसै गरी विष्णु आदि देवताहरूका मन्त्रको प दीक्षा दिने गरिन्छ ।२३-४१।

# ३०५. पञ्चाधिकत्रिशततमोऽध्यायः

## विष्णोर्पञ्चपञ्चाशन्नाम

अग्निरुवाच
जपन्वै पञ्चपञ्चाशद्विष्णुनामानि यो नरः।
मन्त्रजप्यादिफलभाक् तीर्थेष्वर्चादि चाक्षयम् ।१।
पुष्करे पुण्डरीकाक्षं गयायां च गदाधरम्।
राघवं चित्रकूटे तु प्रभासे दैत्यसूदनम् ।२।
जयं जयन्त्यां तद्वच्च जयन्तं हस्तिनापुरे।
वाराहं वर्द्धमाने च काश्मीरे चक्रपाणिनम् ।३।
जनार्दनं च कुब्जाम्रे मथुरायां च केशवम्।
कुब्जाम्रके हृषीकेशं गङ्गाद्वारे जटाधरम् ।४।
शालग्रामे महायोगं हरिं गोवर्धनाचले।
पिण्डारके चतुर्बाहुं शङ्खोद्धारे च शङ्खिनम् ।५।
वामनं च कुरुक्षेत्रे यमुनायां त्रिविक्रमम्।
विश्वेश्वरं तथा शोणे कपिलं पूर्वसागरे ।६।
विष्णुं महोदधौ विद्याद्गङ्गासागरसङ्गमे।
किष्किन्धायां वनमालं देवं रैवतकं विदुः ।७।
काशीतटे महायोगं विरजायां रिपुञ्जयम्।
विशाखयूपे ह्यजितन्नेपाले लोकभावनम् ।८।
द्वारकायां विद्धि कृष्णं मन्दरे मधुसूदनम्।
लोकाकुले रिपुहरं शालग्रामे हरिं स्मरेत् ।९।
पुरुषं पूरुषवटे विमले च जगत्प्रभुम्।
अनन्तं सैन्धवारण्ये दण्डके शार्ङ्गधारिणम् ।१०।
उत्पलावर्त्तके शौरिं नर्मदायां श्रियः पतिम्।
दामोदरं रैवतके नन्दायां जलशायिनम् ।११।
गोपीश्वरं च सिन्धब्धौ माहेन्द्रे चाच्युतं विदुः।
सह्याद्रौ देवदेवेशं वैकुण्ठं मागधे वने ।१२।
सर्वपापहरं विन्ध्य औद्रे तु पुरुषोत्तमम्।
आत्मानं हृदये विद्धि जपतां भुक्तिमुक्तिदम् ।१३।
वटेवटे वैश्रवणं चत्वरे चत्वरे शिवम्।
पर्वतेपर्वते रामं सर्वत्र मधुसूदनम् ।१४।
नरं भूमौ तथा व्योम्नि वसिष्ठे गरुडध्वजम्।
वासुदेवं च सर्वत्र संस्मरन्भुक्तिमुक्तिभाक् ।१५।
नामान्येतानि विष्णोश्च जप्त्वा सर्वमवाप्नुयात्।
क्षेत्रेष्वेतेषु यः श्राद्धं दानं जप्यं च तर्पणम् ।१६।
तत्सर्वं कोटिगुणितं मृतो ब्रह्ममयो भवेत्।
यः पठेच्छृणुयाद्वापि निर्मलः स्वर्गमाप्नुयात् ।१७।

अग्निदेव भन्दछन्– हे मुनि ! जुन मानिसले भगवान् विष्णुका पचपन्न नामको जप गर्दछ ऊ मन्त्रजप आदिकै जस्तो फल पाउने हुन्छ र तीर्थमा पूजा आदि गरेको जस्तै अक्षय पुण्य प्राप्त गर्ने हुन्छ। पुष्करमा पुण्डरीकाक्ष, गयामा गदाधर, चित्रकूटमा राघव, प्रभासमा दैत्यसूदन, जयन्तीमा जय, हस्तिनापुरमा जयन्त, वर्धमानमा वाराह, काश्मीरमा चक्रपाणि, कुब्जाभमा जनार्दन, मथुरामा केशवदेव, कुब्जाम्रमा हृषिकेश, गङ्गाद्वारमा जटाधर, शालग्राममा महायोग, गोवर्धन गिरिमा हरि, पिण्डारकमा चतुर्बाहु, शङ्खोद्धारमा शङ्खी, कुरुक्षेत्रमा वामन,, यमुनामा त्रिविक्रम, शोणतीर्थमा विश्वेश्वर, पूर्वसागरमा कपिल, महासागरमा विष्णु, गङ्गासागरको सङ्गममा वनमाल, किष्किन्धामा रैवतकदेव, काशीतटमा महायोग,, विरजामा रिपुञ्जय, विशाखयूपमा अजित, नेपालमा लोकभावन, द्वारकामा कृष्ण, मन्दराचलमा मधुसूदन, लोकाकुलमा रिपुहर, शालग्राममा हरिलाई स्मरण गर्नुपर्दछ। पुरुषवटमा पुरुष, विमलतीर्थमा जगत्प्रभु, सैन्धवारण्यमा अनन्त, दण्डकारण्यमा शार्ङ्गधारी, उत्पलावर्तकमा शौरि, नर्मदामा श्रीपति, रैवतकगिरिमा दामोदर, नन्दामा जलशायी, सिन्धुसागरमा गोपीश्वर, माहेन्द्रतीर्थमा अच्युत, सह्याद्रिमा देवदेवेश्वर, मागधवनमा वैकुण्ठ, विन्ध्यगिरिमा सर्वपापहारी, औण्ड्रमा पुरुषोत्तम र हृदयमा आत्मा विराजमान छन्। यी आफ्ना नामलाई जप गर्ने साधकलाई भोग तथा मोक्ष दिनेछन् भन्ने जान्नुपर्दछ। प्रत्येक वटवृक्षमा कुबेरलाई, प्रत्येक चौबाटोमा शिवलाई, प्रत्येक पर्वतमा रामलाई तथा सर्वत्र मधुसूदनलाई सम्भनुपर्दछ। धर्ती र आकाशमा मानिसलाई, वसिष्ठतीर्थमा गरुडध्वजलाई तथा सर्वत्र भगवान् वासुदेवलाई स्मरण गर्ने पुरुषले भोग एवं मोक्ष प्राप्त गर्दछ। भगवान् विष्णुका यी नामहरूलाई जप गर्ने मानिसले सबैथोक प्राप्त गर्दछ। उपर्युक्त क्षेत्रमा गरिएको जप, श्राद्ध, दान र तर्पण करोड गुना हुन्छन्। त्यहाँ मृत्यु हुने ब्रह्मस्वरूप हुन्छ। यस प्रसङ्गलाई पढ्ने वा सुन्ने शुद्ध भएर स्वर्गमा पुग्दछ।१–१७।

# ३०६. षष्ठाधिकत्रिशततमोऽध्यायः

## नारसिंहादिमन्त्र

अग्निरुवाच

स्तम्भो विद्वेषणोच्चाटमुत्सादो भ्रममारणे ।

व्याधिश्चेति स्मृतं क्षुद्रं तन्मोक्षो वक्ष्यते शृणु ।१।

ओं नमो भगवते उन्मत्तरुद्राय भ्रमभ्रम भ्रामयभ्रामय अमुकं वित्रासय उद्भ्रामय उद्भ्रामय रौद्रेण हूं फट् ठठ श्मशाने निशि जप्तेन त्रिलक्ष मधुना हुनेत् चिताग्नौ धूर्त्तसमिद्भिर्भ्राम्यते सततं रिपुः ।२।

हेमगैरिकया कृष्णा प्रतिमा हैमसूचिभिः ।

जप्त्वा विध्येच्च तत्कंठे हृदि वा म्रियते रिपुः ।३।

खरबालचिताभस्म ब्रह्मदण्डी च मर्कटी ।

गृहे वा मूर्ध्नि तच्चूर्णं जप्तमुत्सादकृत्क्षिपेत् ।४।

भृग्वाकाशौ सदीप्ताग्निर्भृगुवह्निश्च वर्म फट् एवं सहस्रारे हूं फट् आचक्राय स्वाहा हृदयं विचक्राय शिवः शिखाचक्रायाथ कवचं विचक्रा याथ नेत्रकम् ।५।

सञ्चक्रायास्त्रमुद्दिष्टं ज्वालाचक्राय पूर्ववत् ।

शार्ङ्ग सुदर्शनं क्षुद्रग्रहहृत्सर्वसाधनम् ।६।

मूर्द्धाक्षिमुखहृद्गुह्यपादे ह्यस्याक्षरान्न्यसेत् ।

चक्राब्जासनमग्न्याभं दंष्ट्रिणं च चतुर्भुजम् ।७।

शङ्खचक्रगदापद्मशलाकाङ्कुशपाणिनम् ।

चापिनं पिङ्गकेशाषमरव्याप्तत्रिपिष्टपम् ।८।

नाभिस्तेनाग्निना विद्धा नश्यन्ते व्याधयो ग्रहाः ।

अग्निदेव भन्दछन्– हे मुनि ! स्तम्भन, विद्वेषण, उच्चाटन, उत्सादन, भ्रामण, तथा व्याधि यी क्षुद्र नामका अभिचारका कर्महरू हुन् । यसबाट छुटकारा पाइने कुरो बताउँछु; सुन ।श्मशान भूमिमा राति यस मन्त्रको तीन लाख जप गर्नुपर्दछ र चिताको आगोमा धतुराका समिधाद्वारा हवन गर्नुपर्दछ । यस किसिमको प्रयोग गर्नाले शत्रु सधैं अल्मलिइरहेको हुन्छ, रनभुल्ल पर्दछ। सुनौलो गेरुले शत्रुको प्रतिमा बनाएर उक्त मन्त्रको जप गर्दै मन्त्रका जपले नै मन्त्रिएका सुनका सुइराले त्यस प्रतिमाको घाँटी वा मुटुमा छेडिदिनुपर्दछ। यस प्रयोगले शत्रुको मृत्यु हुन्छ। गधाको रौं, चिताको भस्म, ब्रह्मदण्डी तथा मर्कटी यी सबैलाई जलाएर खरानी बनाउनुपर्दछ। त्यस खरानी वा धुलोलाई उक्त मन्त्रले मन्त्रिएर उत्सादनको प्रयोग गर्ने पुरुषले शत्रुका घरमा अथवा उसका टाउकामा छ्यापिदिनुपर्दछ । भृगु, आकाश, दीप्तसंहितको भृगु यति मिलेपछि बनेको सहस्रा त्यसपछि वर्म अनि फट् यी सबैले सहस्रार हुं फट् भन्ने मन्त्र बन्छ । त्यसको अङ्गन्यास गर्नुपर्दछ। अङ्गन्यास गरिसकेर जपिएको सुदर्शनचक्र मन्त्र पहिले बताइएको क्षुद्र नामका अभिचारको र ग्रहबाधा हटाउनका लागि प्रयोग गरिने मन्त्र हो र यसले समस्त मनोरथ पूरा गराउँदछ । यस सुदर्शनमन्त्रका छ अक्षरहरूलाई क्रमशः मूर्धा, नेत्र, मुख, हृदय, गुह्य र चरण यी छवटा अङ्गमा न्यास गर्नुपर्दछ । त्यसपछि चक्रस्वरूप भगवान् विष्णुको ध्यान गर्दै– 'भगवान् चक्राकार कमलका आसनमा विराजमान छन् । उनको आभा अग्निभन्दा पनि धेरै तेजस्वी रहेको छ। उनका मुखमा दाह्रा छन्। उनी चार भुजा भए तापनि अष्टबाहु हुन् । उनले आफ्ना हातहरूमा क्रमशः शङ्ख, चक्र, गदा, पद्म, मुसल, अङ्कुश, पाश र धनुष लिएका हुन्छन् । उनको कपाल कैलो र आँखा राता छन्। उनले अराहरूद्वारा तीनै लोकलाई व्याप्त गरेका छन्। चक्रको धुरास्थान उसै अग्निबाट आविद्ध भएको छ। त्यसको चिन्तन मात्रै गर्दा पनि समस्त रोग र अरिष्ट ग्रहहरू नष्ट हुन्छन् । सम्पूर्ण चक्र नै पहेँलो वर्णको छ। त्यसका सुन्दर अराहरू रातो रङ्गका छन्। ती अराहरूका बीचको भाग कालो

पीतं चक्रधरं रक्तास्त्वराः श्याममरान्तरम् ।९।

नेमिः श्वेता बहिः कृष्णवर्णरेखा च पार्थिवी ।

मध्येतरेमरे वर्णानिवं चक्रद्वयं लिखेत् ।१०।

आदावानीय कुम्भोदं गोचरे सन्निधाय च ।

इष्ट्वा सुदर्शनं तत्र याम्ये चक्रे हुनेत्क्रमात् ।११।
आज्यापामार्गसमिधो ह्यक्षतं तिलसर्षपौ । पायसं गव्यमाज्यं च सहस्राष्टकसङ्ख्यया ।१२।हुतशेषं क्षिपेत्कुम्भे प्रतिद्रव्यं विधानवित् ।

प्रस्थानेनकृतं पिण्डं कुम्भे तस्मिन्निवेशयेत् ।१३।

विण्वादि सर्वं तत्रैव विशेत्तत्रैव दक्षिणे नमो विष्णु जनेभ्यः सर्वशान्तिकरेभ्यः प्रतिगृह्णन्तु शान्तये नमः दद्यादनेन मन्त्रेण हूतशेषाम्भसा बलिम् ।१४।

फलके कल्पिते पात्रे पलाशक्षीरशाखिनः ।

गव्यपूर्णे निवेश्यैव दिक्ष्वेवं होमयेद्द्विजः ।१५।

सदक्षिणमिदं होमद्वयं भूतादिनाशनम् ।

गव्याक्तपत्रलिखितैनिष्पर्णैः क्षुद्रमुद्धृतम् ।१६।

दूर्वाभिरायुषे पद्मैः श्रिये पुत्रा उडुम्बरैः ।

गोसिद्ध्यै सर्पिषा गोष्ठे मेधायै सर्वशाखिता ।१७।

ओं क्षौं नमो भगवते नारसिंहाय ज्वालामालिने दीप्तदंष्ट्रायाग्निनेत्राय सर्वरक्षोघ्नाय सर्वभूतविनाशाय सर्वज्वरविनाशाय दहदह पचपच रक्षरक्ष हूं फट् मन्त्रोऽयं नारसिंहस्य सकलाघनिवारणः जप्यादिना हरेत् क्षुद्रग्रहमारीविषामयान् चूर्णमण्डूकवयसा जलाग्निस्तम्भकृद्भवेत् ।१८।

वर्णका छन् । चक्रको नेमिजति सेतो रङ्गको छ । त्यसमा बाहिरका अराहरूबाट कालो वर्णका पृथ्वीसम्बन्धी रेखाहरू छन् । अराहरू जोडिएको बीचको भागमा नै अकार आदि सबै वर्णहरू छन् ।' भन्ने कल्पना गर्नुपर्दछ र यसै किसिमका दुईवटा चक्रहरू अङ्कित गर्नुपर्दछ । आदि चक्रमा कलशको जल लिएर आफ्नो अगाडि नजिकै स्थापित गर्नुपर्छ । दोस्रो दक्षिणतिरको चक्रमा सुदर्शनको पूजा गरेर अग्निमा क्रमशः घिउ, अपामार्गले बनेको समिधा, अक्षता, तिल, सस्युँ, खीर र गाईको घिउ सबै मिलाएर आहुति दिनुपर्छ । प्रत्येक वस्तुको एक हजार आठ आहुतिहरू छुट्टाछुट्टै दिनुपर्दछ । विधिविधान जान्ने विद्वान्ले प्रत्येक द्रव्यको हुतशेष भाग कलशमा हाल्नुपर्छ । त्यसपछि एक सेर अन्नले बनेको पिण्ड त्यस कलशभित्र राख्नुपर्दछ । अनि विष्णु आदि देवताका लागि सबै वस्तु त्यसका दाहिनेतिर राख्नुपर्दछ । त्यसपछि सर्वशान्तिकर विष्णुका पार्षदहरूलाई नमस्कार छ, उनीहरू शान्तिका लागि उपहार ग्रहण गरून्, उनीहरूलाई नमस्कार छ भन्ने मन्त्र पढेर हुतशेष जलले बलि समर्पित गर्नुपर्दछ । काठको फल्याक वा कलशमा वा दुध आउने काठले बनेको दहीठेकीमा बलिको वस्तु राखेर प्रत्येक दिशामा अर्पित गर्नुपर्दछ । यसो गरेर नै ब्राह्मणद्वारा होम गरिनुपर्दछ । दक्षिणासहित दुईपटक गरिएका यस होमले भूतप्रेतलाई नाश गर्दछ । दही लागेका पात्रमा लेखिएको मन्त्र उच्चारण गर्दै गरिएका होमले रोगहरू नाश हुन्छन् । दुबोले होम गरिएको छ भने त्यसले आयु बढाउँछ र कमलको आहुति दिइएको छ भने त्यसले ऐश्वर्य वृद्धि गराउँछ र गूलरका काठले हवन गरिएको छ भने त्यसले पुत्र प्राप्ति गराउँछ । गोठमा घिउको आहुति दिनाले गाई प्राप्ति र वृद्धि हुन्छन् । यसै गरी सम्पूर्ण वृक्षको समिधाले गरिएको होमले बुद्धि बढाउँछ । ओं क्षौं नमो भगवते नारसिंहाय ज्वालामालिने दीप्तदंष्ट्रायाग्निनेत्राय सर्वरक्षोघ्नाय सर्वभूतविनाशाय सर्वज्वरविनाशाय दहदह पचपच रक्षरक्ष हुं फट् भगवान् नरसिंहका यस मन्त्रले समस्त पापहरू निवारण गर्दछ । यस मन्त्रको जप आदि गर्ने हो भने महामारी, विष र रोगहरू नासिन्छन् । चूर्णीभूत मण्डूक वयस् भन्ने औषधिले हवन गर्ने हो भने त्यसले जलस्तम्भन र अग्निस्तम्भन गर्दछ ।१-१८।

# ३०७. सप्ताधिकत्रिशततमोऽध्यायः

## त्रैलोक्यमोहनमन्त्र

अग्निरुवाच

वक्ष्ये मन्त्रं चतुर्वर्गसिद्ध्यै त्रैलोक्यमोहनम् ओं श्रीं ह्रीं हूं ओं नमः पुरुषोत्तम पुरुषोत्तमपतिरूप लक्ष्मीनिवास सकलजगत्क्षोभण सर्वस्त्रीहृदयदारण त्रिभुवनमदोन्मादकर सुरमनुजसुन्दरीजनमनांसि तापयतापय दीपयदीपय शोषयशोषय मारयमारय स्तम्भयस्तम्भय द्रावयद्रावय आकर्षयआकर्षय परम सुभग सर्वसौभाग्यकर कामप्रद अमुकं हनहन चक्रेण गदया खड्गेन सर्वबाणैर्भिदभिद पाशेन कटकट अङ्कुशेन ताडयताडय तुरतुर किं तिष्ठसि यावत् तावत् समीहितं मे सिद्धं भवति हूं फट् नमः ओं पुरुषोत्तम त्रिभुवनमदोन्मादकर हूं फट् हृदयाय नमः कर्वय महाबल हूं फट् अस्त्राय त्रिभुवनेश्वर सर्वजनप्रतांसि हनहन दारयदारय मम वशमानयवशमानय हूं फट् नेत्राय त्रैलोक्यमोहन हृषीकेशाप्रतिरूप सर्वस्त्रीहृदयाकर्षण आगच्छागच्छ नमः सङ्गाक्षिव्यापकेनैव न्यासं मूलवदीरितम् ।१।

इष्ट्वा सञ्जप्य पञ्चाशत्सहस्रमभिपिच्य च ।
कुण्डेऽग्नौ देविके वह्नौ चरुं कृत्वा शतं हुनेत् ।२।
पृथग्दधि घृतं क्षीरं चरुं साज्यं पयः शृतम् ।
द्वादशाहुतिमूलेन सहस्रं चाक्षतांस्तिलान् ।३।
यवं मधुत्रयं पुष्पं फलं दधि समिच्छतम् ।
हुत्वा पूर्णाहुतिं शिष्टं प्राशयेत्सघृतं चरुम् ।४।
सम्भोज्य विप्रानाचार्य्यं तोषयेत्सिध्यते मनुः ।
स्नात्वा यथावदाचम्य वाग्यतो यागमन्दिरम् ।५।
गत्वा पद्मासनं बद्ध्वा शोषयेद्विधिना वपुः ।
रक्षोघ्नविघ्नकृद्दिक्षु न्यसेदादौ सुदर्शनम् ।६।
पञ्चबीजं नाभिमध्यस्थं धूम्रं चण्डानिलात्मकम् ।

अग्निदेव भन्दछन्– हे मुनि ! अब म धर्म, अर्थ, काम र मोक्ष यी चारै पुरुषार्थ सिद्धिका लागि त्रैलोक्यमोहन नामका मन्त्रको वर्णन गर्दछु। ओं श्रीं ह्रीं हूं ओं नमः पुरुषोत्तमः इत्यादि मूल मन्त्रसहितको व्यापक न्यास बताइएको छ । त्यसपछि पूजा र पचास हजार सङ्ख्यामा जप गरेर अभिषेक गर्नुपर्दछ। त्यसपछि वैदिक विधिले स्थापना गरिएको कुण्डको अग्निमा सय पटक आहुति दिनुपर्छ । अनि फेरि अक्षता, तिल र जौको एक हजार आहुति दिएपछि मधु, पुष्प, फल, दही र समिधाहरूका सयसयपटक आहुति दिनुपर्दछ। अनि पूर्णाहुति होम गरेर बाँकी रहेको घिउसहितको चरु खानु र खुवाउँनुपर्छ। अनि ब्राह्मण भोजन गराएर आचार्यलाई उचित दक्षिणा दिई सन्तुष्ट पार्नुपर्छ । यसो गर्नाले नै मन्त्र सिद्ध हुन्छ । स्नान गरेर विधिवत् आचमन गर्नुपर्छ र मौन हुँदै यज्ञशालामा गएर पद्मासनमा बस्नुपर्छ र तान्त्रिक विधिकै अनुसार शरीरलाई सुकाउनुपर्दछ । पहिले राक्षसहरूलाई र भूतहरूलाई दमन गर्नका लागि सम्पूर्ण दिशाहरूमा सुदर्शनको न्यास गर्नुपर्दछ। त्यसका साथसाथै यस सुदर्शन अस्त्रले पाँच प्रकारका क्लेशको बीज बनेको, धूवाँको रङ्ग भएको, भयङ्कर अनिलका रूपमा मेरा नाभी मण्डलमा रहेका सबै पापहरू छुट्याइरहेको छ भन्ने कल्पना गर्नुपर्दछ । त्यसपछि हृदयकमलमा रहेको रं बीजलाई स्मरण गर्दै माथि, तल र छेउछाउमा फैलिएका अग्निका ज्वालाहरूले त्यस पापपुञ्जलाई जलाएर भस्म पार्नुपर्दछ। त्यसपछि ब्रह्मरन्ध्रमा अमृतको चिन्तन गर्दै सुषुम्णा नाडीका मार्गबाट आइरहेको अमृतका धाराले आफ्ना शरीरको भित्र र बाहिर पनि भिजाउनुपर्दछ। यसै गरी शरीर शुद्ध पारेर मूल मन्त्रले तीनपटक प्रणायाम गर्नुपर्दछ । त्यसपछि शिरमा र मुखमा, गुह्यभागमा, घाँटीमा, सम्पूर्ण दिशामा, हृदयमा, कोणमा र समस्त शरीरमा हात राखेर तिनीहरूमा शक्तिको न्यास गर्नुपर्दछ । त्यसपछि सूर्यमण्डलबाट परात्मालाई आवाहन गरेर ब्रह्मरन्ध्रका मार्गबाट हृदयकमलमा ल्याएर चिन्तन गर्नुपर्दछ। ती परात्मा समस्त शुभलक्षणहरूले सम्पन्न छन् । प्रणव उच्चारण गर्दै परात्मालाई स्मरण गर्नुपर्दछ । उनको स्मरण गर्नका लागि गायत्री मन्त्र यस प्रकारको छ– त्रैलोक्यमोहनाय विद्महे । स्मराय धीमहि । तन्नो विष्णु प्रचोदयात् । परात्माको अर्चन गरिसकेपछि यज्ञसम्बन्धी

अशेषकल्मषं देहाद्विश्लेषयदनुस्मरेत् ।७।
रम्बीजं हृदयाब्जस्थं स्मृत्वा ज्वालाभिरादहेत् ।
ऊर्ध्वाधस्तिर्य्यग्गाभिस्तु मूर्ध्नि संप्लावयेद्वपुः ।८।
ध्यात्वामृतैर्बहिश्चान्तः सुषुम्नामार्गगामिभिः ।
एवं शुद्धवपुः प्राणानायम्य मनुना त्रिधा ।९।
विन्यसेन्न्यस्तहस्तान्तः शक्तिं मस्तकवक्त्रयोः ।
गुह्ये गले दिक्षु हृदि कुक्षौ देहे च सर्वतः ।१०।
आवाह्य ब्रह्मरन्ध्रेण हृत्पद्मे सूर्य्यमण्डलात् ।
तारेणैवं परात्मानं स्मरेत्तं सर्वलक्षणम् ।११।
त्रैलोक्यमोहनाय विद्महे स्मराय धीमहि तन्नो विष्णुः प्रचोदयात् आत्मार्चनात्क्रतुद्रव्यं प्रोक्षयेच्छुद्धपात्रकम् कृत्वात्मपूजां विधिना स्थण्डिले तं समर्चयेत् ।१२।
कूर्मादिकल्पिते पीठे पद्मस्थं गरुडोपरि ।
सर्वाङ्गसुन्दरं प्राप्तवयोलावण्ययौवनम् ।१३।
मदाघूर्णितताम्राक्षमुदारं स्मरविह्वलम् ।
दिव्यमाल्याम्बरालेपभूषितं सस्मिताननम् ।१४।
विष्णुं नानाविधानेकपरिवारपरिच्छदम् ।
लोकानुग्रहणं सौम्यं सहस्रादित्यतेजसम् ।१५।
पञ्चबाणधरं प्राप्तकामैक्षं द्विचतुर्भुजम् ।
देवस्त्रीभिर्वृतं देवीमुखासक्तेक्षणं जपेत् ।१६।
चक्रं शङ्खं धनुः खड्गं गदां मुसलमङ्कुशम् ।
पाशं च बिभ्रतं चार्चेदावाहादिविसर्गतः ।१७।
श्रियं वामोरुजङ्घास्थां श्लिष्यन्तीं पाणिना पतिम् ।
साब्जवामकरां पीनां श्रीवत्सकौस्तुभान्विताम् ।१८।
मालिनं पीतवस्त्रं च चक्राद्याढ्यं हरिं यजेत् ओं सुदर्शन महाचक्रराज धर्मशान्त दुष्टभयङ्कर च्छिदच्छिद विदारयविदारय परमन्त्रान् ग्रस ग्रस भक्षयभक्षय भूतानि चाशय चाशय हूं फट् ओं जलचराय स्वाहा खड्गतीक्ष्ण च्छिन्दच्छिन्द खड्गाय नमः शार्ङ्गाय सशराय हूं फट्

द्रव्य र पात्रहरूलाई शुद्ध गरेर चोख्याउनुपर्छ । विधिपूर्वक आत्मपूजा गरेर वेदीमा त्यसको अर्चना गर्नुपर्दछ। कूर्म, अनन्त आदिका रूपमा कल्पित पीठमा कमल एवं गरुडका आसनमा विराजमान त्रैलोक्यमोहन भगवान् विष्णु सर्वाङ्ग सुन्दर छन् र उमेरअनुसार सौन्दर्य र यौवन प्राप्त गरेका छन् । उनका राता आँखाहरू मदले लोलाएका छन् । उनी अत्यन्त उदार र स्मरणले सम्पन्न छन् दिव्य माला, वस्त्र र अनुलेपले उनको शोभा बढाएका छन् । उनी लोकमाथि अनुग्रह गर्ने, सौम्य तथा हजारौं सूर्यसमान तेजस्वी देखिन्छन् । अनुहारमा मधुर मुस्कानको छटा छरिएको छ। उनको परिवार र सेनावेना धेरै छन् । उनले हातमा पाँचवटा वाण लिएका छन् र उनका सबै इन्द्रियहरू काममा सक्रिय छन् । देवाङ्गनाहरू उनलाई घेरेर उभिएका छन् । उनको दृष्टि लक्ष्मीदेवीमा अडिएको छ । यसै रूपमा भगवान्लाई भजन गर्नुपर्दछ। उनका आठ हातमा क्रमशः चक्र, शङ्ख, धनुष, खड्ग, गदा, मुसल, अङ्कुश र पाशहरू सजिएका छन् । आवाहन आदिद्वारा उनलाई अर्चना गरेर अन्त्यमा उनलाई विसर्जन गर्नुपर्दछ । त्यस बेलामा भगवान्ले आफ्ना काखमा श्रीलक्ष्मीलाई बसाएका छन् र उनले दुवै हातले पतिलाई आलिङ्गन गरेर बसेकी छिन् भन्ने चिन्तन पनि गर्नुपर्दछ। विष्णुका बायाँ हातमा कमल छ। उनी हृष्टपुष्ट शरीर भएका र श्रीवत्स एवं कौस्तुभले सुशोभित छन्। भगवान्का लगामा वनमाला छ र शरीरमा पीताम्बर सजिएको छ । यस किसिमले चक्र आदि आयुधहरूले सम्पन्न भएका श्रीहरिको पूजा गर्नुपर्दछ। ओं सुदर्शन महाचक्रराज दहदह भन्ने मन्त्रले सुदर्शन चक्रको पूजा गर्नुपर्दछ। ओं महाजलचराय हुं फट् स्वाहा । पाञ्चजन्याय नमः भन्ने मन्त्रले शङ्खको पूजा गर्नुपर्दछ। महाखड्ग तीक्ष्ण छिन्दछिन्द भन्ने मन्त्रले खड्गको पूजा गर्नुपर्दछ र शारङ्गाय सराय नमः भन्ने मन्त्रले धनुषबाणको पूजा गर्नुपर्दछ । भूतग्रामाय विद्महे चतुर्विधाय धीमहि तन्नो ब्रह्म प्रचोदयात् भन्ने भूतग्राम गायत्री मन्त्र हो । संवर्तक मुशल पोथयपोथय हुं फट् स्वाहा भन्ने मन्त्रले मुसलको पूजा गर्नुपर्दछ । पाशबन्ध बन्धाकर्षयाकर्षय हुं फट् भन्ने मन्त्रले पाशको पूजा गर्नुपर्दछ। अङ्कुश कट्ट हुं फट् भन्ने मन्त्रले अङ्कुशको पूजा गर्नुपर्दछ । भगवान्का भुजाहरूमा रहेका अस्त्रहरूलाई उनै अस्त्रहरूका सम्बन्धित यिनै मन्त्रले क्रमशः पूजा गर्नुपर्दछ। ओं पक्षीराजाय हुं फट् भन्ने मन्त्रले पक्षिराज गरुडको पूजा गर्नुपर्दछ। कर्णिकामा पहिले अङ्गदेवताहरूको विधिपूर्वक पूजा गर्नुपर्दछ । त्यसपछि पूर्व आदि दलहरूमा लक्ष्मी आदि शक्तिहरूको र चामरधारी तार्क्ष्य आदिको पूजा गर्नुपर्दछ। शक्तिहरूको पूजाको विधान अन्त्यमा गर्नुपर्दछ।

भूतग्रामाय विद्महे चतुर्विधाय धीमहि तन्नो ब्रह्म प्रचोदयात् संवर्त्तक श्वसन पोथय ह्रं फट् स्वाहा पाश बन्धबन्ध आकर्षयआकर्षय हूं फट् अङ्कुशेन कट्टकट्ट हूं फट् क्रमाद्धजेषु मन्त्रैः स्वैरेभिरस्त्राणि पूजयेत् ।१९।
ओं पक्षिराजाय हूं फट् तार्क्ष्यं यजेत्कर्णिकायामङ्गदेवान्यथाविधि शक्तिरिन्द्रादियन्त्रेषु तार्क्ष्याद्या धृतचामराः ।२०।
शक्तयोऽन्ते प्रयोज्यादौ सुरेशाद्याश्च दण्डिना ।
पीते लक्ष्मीसरस्वत्यौ रतिप्रीतिजयाः सिताः ।२१।
कीर्त्तिकान्त्यौ सिते श्यामे तुष्टिपुष्ट्यौ स्मरोदिते ।
लोकेशान्तं यजेदेवं विष्णुमिष्टार्थसिद्धये ।२२।
ध्यायेन्मन्त्रं जपित्वैनं जुहुयात्त्वभिषेचयेत् ओं श्रीं क्रीं ह्रीं हूं त्रैलोक्यमोहनाय विष्णवे नमः एतत्पूजादिना सर्वान्कामानाप्नोति पूर्ववत् ।२३।
तोयैः सम्मोहनी पुष्पैर्नित्यं तेन च तर्पयेत् ।
ब्रह्मा सशक्रश्रीदण्डी बीजं त्रैलोक्यमोहनम् ।२४।
जत्वा त्रिलक्षं हुत्वा च लक्षं बिल्वैश्च साज्यकैः ।
तण्डुलैः फलगन्धाद्यैर्दूर्वाभिस्त्वायुराप्नुयात् ।२५।
तयाभिषेकहोमादिक्रियातुष्टो ह्यभीष्टदः ओं नमो भगवते वराहाय भूर्भुवः स्वः पतये भूपतित्वं मे देहि हृदयाय स्वाहा पञ्चाङ्गं नित्यमयुतं जप्त्वायूराज्यमाप्नुयात् ।२६।

पहिले दण्डीसहित देवेश्वर इन्द्र आदि पूजित हुन्छन्। लक्ष्मी र सरस्वती पहेँलो वर्णका छन्। रति, प्रीति र जया यी शक्तिहरू सेतो वर्णका छन्। कीर्ति र कान्ति पनि सेतो वर्णका छन्। तुष्टि र पुष्टि दुवै श्याम वर्णका छन्। यिनीहरूमा प्रेमको भावना रहेको देखिन्छ। लोकेशपर्यन्तका देवताहरूको पूजा गरेर अभीष्ट अर्थ प्राप्तिका लागि भगवान् विष्णुको पूजा गर्नुपर्दछ। ओं श्रीं क्लीं ह्रीं हूं त्रैलोक्यमोहनाय विष्णवे नमः भन्ने मन्त्रको ध्यान र जप गर्नुपर्दछ। त्यसले होम र अभिषेक गर्नुपर्छ। यस मन्त्रले पहिलेकै जसरी पूजा आदि गर्नाले साधकले सम्पूर्ण कामनाहरूलाई प्राप्त गर्दछ। जल र सम्मोहनी वृक्षको पुष्पद्वारा उक्त मन्त्रले नित्य तर्पण गर्नुपर्दछ। ब्रह्मा, इन्द्र, श्रीदेवी, दण्डी, बीजमन्त्र तथा त्रैलोक्यमोहन विष्णुको पूजा गरेर उक्त मन्त्रलाई तीन लाख जप गरिसकेपछि कमलपुष्प, बिल्वपत्र र घिउले एक लाख होम गर्नुपर्दछ। उक्त हवनसामग्रीमा चामल, फल, सुगन्धित चन्दन आदि द्रव्य र दुबो पनि मिसाउनुपर्दछ। यी सबैले हवन गर्ने काम सकेपछि मानिसले लामो आयु प्राप्त गर्दछ। त्यो जप, अभिषेक र होम आदि क्रियाले सन्तुष्ट भएर भगवान् विष्णुले उपासकलाई अभीष्ट फल प्रदान गर्दछन्। ओं नमो भगवते वराहाय इत्यादि वराह भगवान्को मन्त्र हो। यसको पञ्चाङ्ग न्यास गर्दै वराह मन्त्रलाई दिनदिनै दस हजारपटक जप गर्नाले मानिसले लामो आयु र राज्य प्राप्त गर्न सक्छ।१–२६।

# ३०८. अष्टाधिकत्रिशततमोऽध्यायः

## त्रैलोक्यलक्ष्मीपूजा

अग्निरुवाच
वक्षः सवह्निर्वामाक्षौ दण्डी श्रीः सर्वसिद्धिदा ।
महाश्रिये महासिद्धे महाविद्युत्प्रभे नमः ।१।
श्रिये देवि विजये नमः गौरि महाबले बन्धबन्ध नमः हूं महाकाये पद्महस्ते हूं फट् श्रियै नमः हूं श्रिये फट् श्रियै नमः श्रीये श्रीद नमः स्वाहा श्रीफट् अस्याङ्गानि नवोक्तानि तेष्वेकं च समाश्रयेत् त्रिलक्षमेकलक्षं वा जप्त्वाक्षाब्जैश्च भूतिदः ।२।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! वान्त, वह्नि, वामनेत्र र अनुस्वारसहितको दण्डको योगले श्रीं बीज बन्छ, यो श्रीदेवीको मन्त्र हो र यसले सबै खालका सिद्धिहरू दिन्छ। महाश्रिये महाविद्युत्प्रभे इत्यादि मन्त्रले पहिलो प्रकारले र श्रियै स्वाहा हृदयाय नमः इत्यादि मन्त्रले दोस्रो प्रकारले मन्त्रको अङ्गन्यास गर्नुपर्दछ। यसरी श्रीमन्त्रका नौवटा अङ्गन्यास बताइएको छ। तिनीहरूमा एउटाको आश्रय लिनुपर्दछ। पद्माक्षको मालाले पूर्वोक्त मन्त्रको तीन लाख या एक लाख जप गर्नाले ऐश्वर्य प्रदान गर्दछ। साधकले लक्ष्मी अथवा विष्णुका मन्दिरमा श्रीदेवीलाई पूजा गरेर धन प्राप्त गर्दछ। खयरको दाउराले बलेको आगोमा घिउ मिसिएका चामलको एक लाख आहुति

श्रीगेहे विष्णुगेहे वा श्रियं पूज्य धनं लभेत् ।
आज्याक्तैस्तण्डुलैर्लक्षं जुहुयात्खादिरानले ।३।
राजा वश्यो भवेद्वृद्धिः श्रीश्च स्यादुत्तरोत्तरम् ।
सर्षपाम्भोभिषेकेण नश्यन्ते सकला ग्रहाः ।४।
बिल्वलक्षाहुता लक्ष्मीर्वित्तवृद्धिश्च जायते ।
शक्रवेश्म चतुर्द्वारं हृदये चिन्तयेदथ ।५।
बलाकां वामनां श्यामां श्वेतपङ्कजधारिणीम् ।
ऊर्ध्वबाहुद्वयं ध्यायेत्क्रीडन्तीं द्वारि पूर्ववत् ।६।
ऊर्ध्वीकृतेन हस्तेन रक्तपङ्कजधारिणीम् ।
श्वेताङ्गीं दक्षिणे द्वारि चिन्तयेद्वनमालिनीम् ।७।
हरितां दोर्द्वयेनोर्ध्वमुद्वहन्तीं सिताम्बुजम् ।
ध्यायेः द्विभीषिकां नाम श्रीदूतीं द्वारि पश्चिमे ।८।
शाङ्करीमुत्तरे द्वारि तन्मध्येऽष्टदलपङ्कजम् ।
वासुदेवः सङ्कर्षणः प्रद्युम्नश्चानिरुद्धकः ।९।
ध्येयास्ते पद्मपत्रेषु शङ्खचक्रगदाधराः ।
अञ्जनक्षीरकाश्मीरहेमाभास्ते सुवाससः ।१०।
आग्नेयादिषु पत्रेषु गुग्गुलुश्च कुरुण्टकः ।
दमकः सलिलं चेति हस्तिनी रजतप्रभाः ।११।
हेमकुम्भधराश्चैते कर्णिकायां श्रियं स्मरेत् ।
चतुर्भुजां सुवर्णाभां सपद्मोर्ध्वभुजद्वयाम् ।१२।
दक्षिणाभयहस्ताभां वामहस्तवरप्रदाम् ।
श्वेतगन्धांशुकामेकरौम्यमालास्त्रधारिणीम् ।१३।
ध्यात्वा सपरिवारां तामभ्यर्च्य सकलं लभेत् ।
द्रोणाब्जपुष्पं श्रीवृक्षपर्णं मूर्ध्नि न धारयेत् ।१४।
लवणामलकं वर्ज्यं नागादित्यतिथौ क्रमात् ।
पायसाशी जपेत्सूक्तं श्रियस्तेनाभिषेचयेत् ।१५।
आवाहादिविसर्गान्तं मूर्ध्नि ध्यात्वार्चयेच्छ्रियम् ।
बिल्वाज्याब्जपायसेन पृथग् योगः श्रिये भवेत् ।१६।
विषं महिषकालाग्निरद्रिज्योतिर्वकयम् ओं ह्रीं महाप्रीहषमर्दिनि ठः मूलमन्त्रं महिषहिंसके नमः महिषशत्रुं भ्रामयभ्रामय ओं हूं फट् ठठं महिषं हेषयहेषय

दिनुपर्दछ । यसो गर्दा राजा वशमा पर्दछ र लक्ष्मीको वृद्धि उत्तरोत्तर भइरहन्छ । श्रीमन्त्रले मन्त्रिएको सर्स्युंको पानीले अभिषेक गर्दा ग्रहका सबै किसिमका बाधाहरू शान्त हुन्छन् । एक लाख बेलका फलको होम गर्नाले लक्ष्मी प्राप्ति र धनको वृद्धि हुन्छ। साधकले चारढोका भएको शक्रवेश्मको कल्पना गर्नुपर्दछ । पूर्वद्वारमा क्रीडामा लागेकी, दुवै भुजाहरू माथि उचालेकी, श्वेतकमल लिएकी, श्याम वर्णकी, वामन आकृति भएकी बलाकीलाई ध्यान गर्नुपर्दछ। दक्षिणको द्वारमा माथि उठाएको एउटा हातमा रातो कमल लिएकी, सेतो अङ्ग भएकी वनमालिनीको चिन्तन गर्नुपर्दछ। पश्चिमको ढोकामा दुवै हात माथि उचालेर सेतो कमल हातमा लिएकी पहैंलो वर्णकी विभीषिका नाम भएकी श्रीदूतीलाई ध्यान गर्नुपर्दछ। उत्तरको ढोकामा शाङ्करीलाई ध्यान गर्नुपर्दछ । शक्रवेश्मका माझमा अष्टदल कमल निर्माण गर्नुपर्दछ । कमलका दलहरूमा क्रमैसँग शङ्ख, चक्र, गदा र पद्म हातमा लिएका वासुदेव, सङ्कर्षण, प्रद्युम्न र अनिरुद्धको ध्यान गर्नुपर्दछ । उनीहरूका अङ्गको कान्ति क्रमैसँग अञ्जन, दुग्ध, केसर र सुवर्णको जस्तै छ । उनीहरू सुन्दर वस्त्रले विभूषित छन् । त्यस अष्टदल कमलका आग्नेय आदि दलहरूमा क्रमशः गुग्गुल, कुरण्टक, दमक र सलिल नामका दिग्गजहरू रहेको कल्पना गर्नुपर्दछ। यी चारैले स्वर्णकलश लिएका हुन्छन् । कमलको कर्णिकामा श्रीदेवीलाई स्मरण गर्नुपर्दछ । उनी चार भुजा भएकी छिन् । उनको अङ्गको कान्ति सुवर्णको जस्तै छ । उनका माथि उचालिएका दुई हातमा कमल छन् र दाहिने हातमा अभयमुद्रा तथा बायाँ हातमा वरमुद्रा सजिएका देखिन्छन् । उनले शुभ्र एवं सुवासित वस्त्र एवं गलामा एउटा सेतो माला धारण गरेकी हुन्छिन् । तिनै श्रीदेवीको ध्यान एवं सपरिवार पूजा गरेर मानिसले सबै कुरो प्राप्त गर्दछ । यस किसिमको उपासना गरेका बेलामा द्रोणपुष्प, कमल र बेलपत्रलाई शिरमा राख्नु हुँदैन । पञ्चमी र सप्तमीका दिन क्रमशः नुन र अमला त्याग्नुपर्दछ । साधकले खिरको भोजन गरेर श्रीसूक्तको जप गर्नुपर्दछ र श्रीसूक्तले नै श्रीदेवीको अभिषेक गर्नुपर्दछ । आवाहनदेखि लिएर विसर्जनसम्म सबै उपचार अर्पण गरेर श्रीसूक्तका ऋचाहरूका साथै ध्यान गर्दै श्रीदेवीलाई पूजा गर्नुपर्दछ। बेल, घिउ, कमल र खिर यी वस्तुहरू एकैसाथ वा छुट्टाछुट्टै पनि श्रीदेवीका लागि हवनमा दिनु उपयुक्त हुन्छ। यस होमले लक्ष्मीको प्राप्ति र वृद्धि गराउँछ । विषम्, हि, मज्जा, काल, अग्नि, अत्रि, निष्ठ, नि, स्वाहा यतिबाट महिषमर्दिनि स्वाहा हुन्छ। यो भगवती महिषमर्दिनि महालक्ष्मीको अष्टाक्षर मन्त्र हो भनिएको छ । ओं महामहिषमर्दिनि हुं फट् हृदयाय

महिषं द्वेषयद्वेषय हूं महिषं हनहन देवी हूं महिषनिषूदनि फट् दुर्गाहृदयमित्युक्तं साङ्गं सर्वार्थसाधकम् ।१७।

यजेद्यथोक्तं तां देवीं पीठं चैवाङ्गमध्यमम् ओं ह्रीं दुर्गे रक्षाणि स्वाहा चेति दुर्गायै नमः वरवर्ण्यै नमः आर्य्यायै कनकप्रभायै कृत्तिकायै अभयप्रदायै कन्यकायै सुरूपायै पत्रस्थाः पूजयेदेता मूर्तिराद्यैः स्वरैः क्रमात् ।१८।

चक्राय शङ्खाय गदायै खड्गाय धनुषे बाणाय अष्टम्याद्यैरिमां दुर्गां लोकेशान्तां यजेदिति दुर्गायोगः समायुः श्रीस्वामिरक्तजयादिकृत् ।१९।

संसाध्येशानमन्त्रेण तिलहोमी वशीकरः ।

जयः पद्मैस्तु दूर्वाभिः शान्तिकामः पलाशजैः ।२०।

पुष्टिः स्यात्काकपक्षेण मृतिद्वेषादिकं भवेत् ।

ग्रहक्षुद्रभयापत्तिं सर्वामेव मनुर्हरेत् ।२१।

ओं दुर्गे दुर्गे रक्षणि स्वाहा रक्षा करियमुदिता जयदुर्गाङ्गसंयुता श्यामां त्रिलोचनां देवीं ध्यात्वात्मानं चतुर्भुजम् ।२२।

शङ्खचक्राब्जशूलादित्रिशूली रौद्ररूपिणीम् ।

युद्धादौ सञ्चयेदेतां यजेत्खड्गादिके जये ।२३।

नमः इत्यादि मन्त्रलाई अङ्गसहितको दुर्गाहृदय भनिएको छ र यसले सम्पूर्ण कामनाहरूलाई सिद्ध गराउँछ। दुर्गादेवीलाई निम्नाङ्कित प्रकारले पीठ एवं अष्टदल कमलमा पूजा गर्नुपर्दछ । ओं ह्रीं दुर्गे दुर्गे रक्षणि स्वाहा यो दुर्गाको मन्त्र हो । अष्टदल कमलमा दुर्गा, वरवर्णिनी, आर्या, कनकप्रभा, कृत्तिका, अभयप्रदा, कन्यका र सुरूपा यी शक्तिहरूलाई क्रमशः आदि सस्वर अक्षरहरूमा बिन्दु लगाएर दुं दुर्गायै नमः इत्यादि रूपमा उनकै बीजमन्त्रले युक्त नाममन्त्रले ध्यान गर्नुपर्दछ। त्यसका साथसाथै चक्र, शङ्ख, गदा, खड्ग, बाण, धनुष, अङ्कुश र खेट यी अस्त्रहरूको पनि पूजा गर्नुपर्दछ। अष्टमी आदि तिथिहरूमा लोकेश्वरी दुर्गाको पूजा गरिन्छ। दुर्गाको यस्तो उपासनाले आयु, लक्ष्मी एवं युद्धमा विजय प्रदान गर्दछ। साध्यको नाम संलग्न भएको मन्त्रले तिलको होमले वशीकरण गर्दछ । कमलको हवनले विजय प्राप्त हुन्छ। शान्तिको कामना गर्नेले दुबो होम गर्नुपर्दछ। पलाशका समिधाले पुष्टि, काकपक्षको हवनले मारण र विद्वेषण कर्म सिद्ध हुन्छन्। यस मन्त्रले सबै किसिमका ग्रहबाधा एवं भय नाश गराउँछ। ओं दुर्गे दुर्गे रक्षणि स्वाहा यसलाई अङ्गसहितको जय दुर्गा हो भनिएको छ। यसले साधकको रक्षा गर्दछ। म श्यामाङ्गी, त्रिनेत्रभूषिता, चतुर्भुजा, शङ्ख, चक्र, शूल र खड्गधारिणी, रौद्ररूपिणी रणचण्डीस्वरूपा हुँ भन्ने ध्यान गर्नुपर्दछ। युद्धका प्रारम्भमा यस जय दुर्गालाई जप गर्नुपर्दछ। विजयका लागि खड्ग आदिमा दुर्गाको पूजा गर्नुपर्दछ। ओं नमो भगवति ज्वालामालिनि इत्यादि मन्त्रको जप युद्धका लागि गर्नुपर्दछ । यसबाट योद्धाले शत्रुमाथि विजय प्राप्त गर्दछ ।१-२३।

# ३०९. नवाधिकत्रिशततमोऽध्यायः

## त्वरितापूजा

अग्निरुवाच

त्वरिताङ्गान्समाख्यास्ये भुक्तिमुक्तिप्रदायकान् ओं आधारशक्त्यै नमः ओं ह्रीं पुरुपुरु महासिंहाय नमः ओं पद्माय नमः ओं ह्रीं हूं खेचछेक्षः स्त्रीं ओं ह्रं क्षैं हूं फट् त्वरितायै नमः खे च हृदयाय नमः चछे शिरसे नमः छेक्षः शिखायै नमः क्षस्त्रीं कवचाय नमः स्त्रीं हूं नेत्राय नमः ह्रं खे अस्त्राय फट् नम ओं त्वरिताविद्यां विद्महे

अग्निदेव भन्दछन्– अब म भोग र मुक्ति प्रदान गर्ने त्वरिताको अङ्गन्यास बताउँछु। ओं आधारशक्त्यै नमः ... विद्येयमीरिता यो त्वरिता मन्त्र हो। त्यसपछि पीठमा रहेको कमल कर्णिकाका केसरमा पूर्व आदि क्रमले अङ्ग देवताहरूलाई पूजा गर्नुपर्दछ। त्यसपछि उत्तर दिशामा श्री प्रणीतायै नमः भन्ने मन्त्रले श्रीप्रणीतालाई र ईशान कोणमा श्रीगायत्र्यै नमः भनेर गायत्रीको पूजा गर्नुपर्दछ । त्यसपछि बहिरी तीन गोलाकार रेखाहरूका बीचमा रहेका दुईवटा बाटाहरूमध्ये देवीका अगाडिका

तूर्णविद्या च धीमहि तन्नो देवी प्रचोदयात् श्रीप्रणीतायै नमः हूङ्कारायै नमः ओङ्कारायै नमः ओं खेच हृदयाय नमः खेचर्य्यै नमः ओं चण्डायै नमः क्षस्त्रीं कवचाय नमः छेदन्यै नमः क्षेपण्यै नमः स्त्रियै हूङ्कार्य्यै नमः क्षेमङ्कर्यै जयायै विजयायै किङ्कराय रक्ष ओं त्वरिताज्ञया स्थिरो भव वषट् तोतला त्वरिता तूर्णेन्येवं विद्येयमीरिता ।१।

शिरोभ्रूमस्तके कण्ठे हृदि नाभौ च गुह्यके ।

उर्वोश्च जानुजङ्घोरुद्वये चरणयोः क्रमात् ।२।

न्यस्ताङ्गो न्यस्तमन्त्रस्तु समस्तं व्यापकं न्यसेत् ।

पार्वती शबरी चेशा वरदाभयहस्तिका ।३।

मयूरवलया पिच्छमौलिः किसलयांशुका ।

सिंहासनस्था मायूरबर्हच्छत्रसमन्विता ।४।

त्रिनेत्रा श्यामला देवी वनमालाविभूषणा ।

विप्राहिकर्णाभरणा क्षत्रकेयूरभूषणा ।५।

वैश्यनागकटीवन्धा वृषलाहिकृतनूपुरा ।

एवंरूपात्मिका भूत्वा तन्मन्त्रं नियुतं जपेत् ।६।

ईशः किरातरूपोऽभूत्पुरा गौरी च तादृशी ।

जपेद्ध्यायेत्पूजयेत्तां सर्वसिद्ध्यै विषादिहृत् ।७।

अष्ट सिंहासने पूज्या दले पूर्वादिके क्रमात् ।

अङ्गगायत्री प्रणीता हूङ्काराद्या दलाग्रके ।८।

फट्कारी चाग्रतो देव्याः श्रीबीजेनार्चयेदिमाः ।

लोकेशायुधवर्णास्ताः फट्कारी तु धनुर्धरा ।९।

जया च विजया द्वाःस्थे पूज्ये सौवर्णयष्टिके ।

दलहरूका अघिल्ला बाटाको बाहिरी भागमा कोदण्डधारिण्यै फट्कार्यै नमः भनेर फट्कारीलाई पूजा गर्नुपर्दछ । त्यसपछि त्यसको बाहिरी बाटामा देवीका अगाडि गदापाणये किङ्कराय नमः भनेर किङ्करीको पूजा गर्दै किङ्कर रक्ष रक्ष त्वरिताज्ञया स्थिरो भव भन्नुपर्दछ। त्यसपछि द्वारको दाहिनेछेउमा जयालाई जयायै नमः भनेर र बायाँछेउमा विजयायै नमः भनेर विजयालाई पूजा गर्नुपर्दछ । त्यसपछि कमलका पूर्व आदि दलहरूमा हूङ्कार्यै नमः खेचर्यै नमः चण्डायै नमः छेदिन्यै नमः क्षेपिण्यै नमः स्त्रीकार्यै नमः हूङ्कार्यै नमः क्षेमङ्कर्यै नमः भन्ने मन्त्रहरूले हूङ्कारी आदि आठ मन्त्रअक्षरका शक्तिहरूलाई पूजा गर्नुपर्दछ। त्वरिता विद्याका तोतला, त्वरिता र तूर्णा भन्ने अरू तीन नामहरू पनि छन्। यसका अक्षरहरूलाई शिर, दुई आँखीभौँ, निधार, कण्ठ, हृदय, नाभी, गुह्य, दुई तिघ्रा, दुई घुँडा, दुई पिँडौला फेरि दुई तिघ्रा र दुई गोडामा न्यास गरेर समस्त विद्याद्वारा व्यापकन्यास गर्नुपर्दछ । त्वरितादेवी साक्षात् पर्वतराजनन्दिनीकै स्वरूप हुनाले उनको नाम पार्वती हो । किरातको वेष धारण गरेकी हुनाले उनलाई शबरी भनिएको छ। उनी सबैकी स्वामिनी भएर शासन गर्ने हुनाले ईशा पनि भन्ने गरिएको छ । उनका एउटा हातमा वरमुद्रा र अर्को हातमा अभयमुद्रा सजिएका हुन्छन् । मयूरको प्वाँखका चुरा लगाएकी हुनाले उनलाई मयूरवलया भन्ने गरिन्छ। मयूरका प्वाँखको मुकुट लगाएकी हुनाले उनलाई पिच्छमौली भनिएको छ। नयाँ पालुवा नै उनका वस्त्रका रूपमा उपयोग भएका हुनाले उनलाई किसलयांशुका भनिएको छ । उनी सिंहासनमा विराजमान, मयूरका प्वाँखको छत्र ओढेकी, तीनवटा आँखा भएकी र श्याम वर्णकी देवी हुन् । गोडासम्म पुग्ने गरी लगाएको वनमाला उनको विशेष गहना हो। ब्राह्मण जातिका दुईवटा नाग देवीका कानका गहना भएका छन्। क्षत्रिय जातिका दुई नाग उनका बाजुबन्द बनेका छन् । वैश्य जातिका दुई नागहरू त्वरितादेवीका कम्मरमा करधनी बनेर बसेका छन् र शूद्र जातिका दुई नागहरू ती देवीका पाउजुका रूपमा शोभा बनेर गोडामा बसेका छन्। साधक स्वयंले पनि देवीकै स्वरूप भएर उनका मन्त्रलाई एक लाखपटक जप गर्नुपर्दछ। उहिले नै देवेश्वर शिव किरातका रूपमा प्रकट भएका थिए । त्यस बेलामा पार्वती पनि उसैअनुसार किरातिनी भएकी थिइन् । सबै किसिमका सिद्धिहरूका लागि उनको ध्यान गर्नुपर्दछ । उनका मन्त्रको जप गर्नुपर्दछ र उनको पूजा गर्नुपर्दछ। देवीको आराधनाले विष आदि सबै खालका उपद्रवहरू हरण गर्दछ। कमलका पूर्व आदि दलहरूका भित्रका कर्णिकामा आठवटा

किङ्करा बर्बरी मुण्डी लगुडी च तयोर्बहिः ।१०।

इष्ट्वैवं सिद्धये द्रव्यैः कुण्डे योन्याकृतौ हुनेत् ।

हेमलाभोऽर्जुनैर्द्धान्यैर्गोधूमैः पुष्टिसम्पदः ।११।

यवैर्धान्यैस्तिलैः सर्वसिद्धिरीतिविनाशनम् ।

अक्षैरुन्मत्तता शत्रोः शाल्मलीभिश्च मारणम् ।१२।

जम्बूभिर्धनधान्याप्तिस्तुष्टिर्नीलोत्पलैरपि ।

रक्तोत्पलैर्महापुष्टिः कुन्दपुष्पैर्महोदयः ।१३।

मल्लिकाभिः पुरक्षोभः कुमुदैर्जनवल्लभः ।

अशोकैः पुत्रलाभः स्यात्पाटलाभिः शुभाङ्गना ।१४।

आम्रैरायुस्तिलैर्लक्ष्मीर्बिल्वैः श्रीश्चम्पकैर्धनम् ।

इष्टं मधुकपुष्पैश्च बिल्वैः सर्वज्ञतां लभेत् ।१५।

त्रिलक्षजप्यात्सर्वाप्तिहोमाद्ध्यानात्तथेज्यया ।

मण्डलेऽभ्यर्च्य गायत्र्या आहुतीः पञ्चविंशतिम् ।१६।

दद्याच्छतत्रयं मूलात्पल्लवैर्दीक्षितो भवेत् ।

पञ्चगव्यं पुरा पीत्वा चरुकं प्राशयेत्सदा ।१७।

सिंहासनहरूमा हृदय आदि छ अङ्गसहित प्रणीता र गायत्री देवीहरूको पूजा क्रमशः गर्नुपर्दछ । पूर्व आदि दलहरूमा हूङ्कारी आदि देवीहरूको पूजा गर्नुपर्दछ । दलका अग्रभागमा त्वरितादेवीका अगाडि फट्कारीलाई पूजा गर्नुपर्दछ । यी सबै देवीहरूको नाममन्त्रसँगै श्री बीज लगाउनुपर्दछ र त्यसैले पूजा गर्नुपर्दछ । हूङ्कारी आदिका आयुधहरू र वर्ण त्यस दिशाका दिक्पालजस्तै हुन्छन् । तर पनि फट्कारी देवीले धनुष लिएकी छिन् । मण्डलका द्वारमा जया र विजयाको पूजा गर्नुपर्दछ । यी दुवै देवीहरू सुनौलो रङ्गको छडी लिएका हुन्छन् । उनीहरूभन्दा बाहिरपट्टि देवीकै सम्मुखमा द्वारपाल किङ्करको पूजा गर्नुपर्दछ र त्यसलाई वर्वर पनि भन्ने गरिएको छ । ऊ मुडुलो अथवा कपाल ठाडो भएको र लौरो लिएको छ । जया र विजयाको भन्दा बाहिरी भागमा उसको स्थान छ । यसरी पूजा गरिसकेर सिद्धिका लागि हवनीय द्रव्यद्वार योनी आकारको कुण्डमा हवन गर्नुपर्दछ । सफा चामलको हवन गर्दा सुवर्ण लाभ हुन्छ । गोधूम (गहुँ ?)ले हवन गर्दा बलरूपी सम्पत्ति प्राप्त हुन्छ । जौ, चामल र तिल मिसाएको सामग्रीले हवन गर्दा सबै किसिमका सिद्धि प्राप्त हुन्छन् र डरत्रासहरू नाश हुन्छन् । बहेडाको हवन गर्ने हो भने शत्रु बौलाउन थाल्छ । सेमरले हवन गर्ने हो भने शत्रुलाई मार्नका लागि गरिएको प्रयोग सफल हुन्छ । जामुनको फलले आहुति दिने हो भने त्यसले धनधान्य प्राप्ति हुन्छ । नीलकमको हवन गर्ने हो भने सन्तुष्टि प्राप्ति हुन्छ । रातो कमलले हवन गर्ने हो भने महापुष्टि हुन्छ । कुन्द पुष्पले होम गर्ने हो भने धेरै फलिफाप हुन्छ । मल्लिका कुसुमले हवन गर्ने हो भने गाउँ या नगरमा क्षोभ हुन्छ । कुमुद कुसुमले आहुति दिने हो भने साधक सबैका लागि प्रिय हुन्छ । अशोकका फूलले होम गर्ने हो भने पुत्र प्राप्ति हुन्छ र पाटलाले होम गर्ने हो भने उत्तम अङ्गना प्राप्त हुन्छन् । आँपको फलले आहुति गर्ने हो भने आयु, तिलको हवन गर्दा लक्ष्मी, बिल्वका हवनले श्री र चम्पाको फूलले हवन गर्दा धन प्राप्ति हुन्छ । महुवाको फूल र बेलको फलले एकै पटक हवन गर्ने हो भने सर्वज्ञताको शक्ति सुलभ हुन्छ । त्वरितामन्त्रलाई तीन लाखपटक जप, होम, ध्यान र पूजा गर्ने हो भने समस्त अभिलषित वस्तुहरूको प्राप्ति हुन्छ । मण्डलमा त्वरितादेवीलाई अर्चना गरेर त्वरिता गायत्रीले पच्चीस आहुति दिनुपर्दछ । त्यसपछि मूल मन्त्रले पल्लवहरूका तीन सय आहुति दिएर दीक्षा ग्रहण गर्नुपर्दछ । दीक्षा लिनुभन्दा पहिले पञ्चगव्य खानुपर्दछ । दीक्षित अवस्थामा सधैँ हविष्य नै खानुपर्दछ ।१-१७।

# ३१०. दशाधिकत्रिशततमोऽध्यायः

## त्वरितामन्त्र

अग्निरुवाच

अपरां त्वरिताविद्यां वक्ष्येऽहं भुक्तिमुक्तिदाम् ।
पुरे वज्राकुले देवीं रजोभिर्लिखिते यजेत् ।१।
पद्मगर्भे दिग्विदिक्षु चाष्टौ वज्राणि वीथिकाम् ।
द्वारशोभोपशोभा च लिखेच्छीघ्रं स्मरेन्नरः ।२।
अष्टादशभुजां सिंहे वामजङ्घा प्रतिष्ठिता ।
दक्षिणा द्विगुणा तस्याः पादपीठे समर्पिता ।३।
नागभूषां वज्रकुण्डे खड्गं चक्रं गदां क्रमात् ।
शूलं शरं तथा शक्तिं वरदं दक्षिणैः करैः ।४।
धनुः पाशं शरं घण्टां तर्जनीं शङ्खमङ्कुशम् ।
अभयं च तथा वज्रं वामपार्श्वे धृतायुधम् ।५।
पूजनाच्छत्रुनाशः स्याद्राष्ट्रं जयति लीलया ।
दीर्घायू राष्ट्रभूतिः स्याद्दिव्यादिव्य दिसिद्धिभाक् ।६।
तलेति सप्तपातालाः कालाग्निभुवनान्तकाः ।
ओङ्कारादिस्वरारभ्य यावद्ब्रह्माण्डवाचकम् ।७।
ओङ्काराद्भ्रामयेत्तोयं तोतला त्वरिता ततः ।
प्रस्तावं सम्प्रवक्ष्यामि स्वरवर्गं लिखेद्भुवि ।८।
तालुवर्गः कवर्गः स्यातृतीयो जिह्वतालुकः ।
चतुर्थस्तालुजिह्वाग्रो जिह्वादन्तस्तु पञ्चमः ।९।
षष्ठोष्टपुटसम्पन्नौ मिश्रवर्गस्तु सप्तमः ।
ऊष्माणः स्याच्छवर्गस्तु उद्धरेच्च मनुं ततः ।१०।
षष्ठस्वरसमारूढमूष्मणान्तं सविन्दुकम् ।
तालुवर्गद्वितीयं तु स्वरैकादशयोजितम् ।११।
जिह्वातालुसमायोगः प्रथमं केवलं भेवत् ।
तदेव च द्वितीयं तु अधस्ताद्विनियोजयेत् ।१२।
एकादशस्वरैर्युक्तं प्रथमं तालुवर्गतः ।
ऊष्माणस्य द्वितीयं तु अधस्तादृश्ययोजयेत् ।१३।

अग्निदेव भन्दछन्— हे मुनि ! अब म अर्को अपरा विद्याको वर्णन गर्दछु र यसले भोग र मोक्ष प्रदान गर्दछ । धुलोले बनाइएको, वज्रको चिह्नले छोपिएको र चारकुने आकारको भूपुरमण्डलमा त्वरितादेवीको पूजा गर्नुपर्दछ । त्यस मण्डलका भित्रको योगपीठमा कमलको निर्माण पनि हुनुपर्दछ । मण्डलका पूर्व आदि दिशाहरूमा र कोणहरूमा जम्मा आठवटा वज्र अङ्कित भएका हुन्छन् । मण्डलको भित्री मार्ग, द्वार, शोभा र उपशोभाको पनि रचना गर्नुपर्दछ। त्यसका भित्र उपासकले मानिस त्वरितादेवीको चिन्तन गर्नुपर्दछ । तिनका अठारवटा भुजाहरू हुन्छन् । उनको बायाँ जङ्घा सिंहका पिठ्युँमा अडिएको हुन्छ र दाहिने जङ्घा त्यसको दोब्बर ठूलो पिर्का वा खराउमा राखिएको हुन्छ। उनी नागमय गहनाहरूले सजिएकी हुन्छिन् । दायाँ भागका हातहरूमा क्रमशः वज्र, दण्ड, खड्ग, चक्र, गदा, शूल, बाण, शक्ति र वरद मुद्रा रहेका हुन्छन् भने बायाँतिरका हातहरूमा क्रमशः धनुष, पाश, शर, घण्टा, तर्जनी, शङ्ख, अङ्कुश, अभय मुद्रा तथा वज्र रहेका हुन्छन्। त्वरितादेवीको पूजा गर्नाले शत्रु नाश हुन्छन् । त्वरिताका आराधकले सजिलैसित राज्य पनि जित्न सक्छ। ऊ दीर्घायु र राष्ट्रको विभूति नै हुन्छ। दिव्य र लौकिक सबै सिद्धिहरू उसकै अधीनमा रहेका हुन्छन् । तल शब्दले सातवटै पाताल, काल, अग्नि र सम्पूर्ण भुवनहरू लिइएका हुन्छन् । ओङ्कारले परमेश्वरदेखि ब्रह्माण्डका जेजति छन् ती सबैलाई जनाउँछ। आफ्ना मन्त्रको पहिलो अक्षर ओङ्कारदेखि लसम्मका अक्षरहरूले तोय प्रक्षेपण गर्ने हुनाले त्वरितालाई तोतला त्वरिता पनि भनिएको छ। अब म त्वरिता मन्त्रलाई प्रस्तुत गर्ने तरिका भन्दै छु। भुईंमा अदेखि अःसम्मका सोह्रवटा स्वरवर्णहरू लेख्नुपर्दछ । कवर्गका लागि साङ्केतिक नाम तालुवर्ग हुन्छ। स्वरवर्ग पहिलो, तालुवर्ग दोस्रो, जिह्वातालुक चवर्ग तेस्रो, तालुजिह्वाग्र टवर्ग चौथो, जिह्वादन्तक तवर्ग पाँचौं, ओष्ठपुटसम्पन्न पवर्ग छैटौं, मिश्रवर्ग यरलव आदि अन्तःस्थहरू सातौं र ऊष्मा शषसह यी शवर्ग आठौं हुन् । यिनै वर्गका अक्षरहरूले मन्त्रको उद्धरण गर्नुपर्दछ। छैटौं स्वर ऊकारमाथि ऊष्माको चौथो अक्षर हकारलाई बिन्दु लगाएर हूं, तालुवर्गको दोस्रो अक्षर खसँग एघारौं स्वर ए लगाएर खे, जिह्वातालुको पहिलो अक्षर चका त्यसमुनि उसै वर्गको दोस्रो

षोडशस्वरसंयुक्तमूष्माणस्य द्वितीयकम् ।
जिह्वादन्तसमायोगे प्रथमं योजयेदधः ।१४।
मिश्रवर्गाद्‌द्वितीयं तु अधस्तात्पुनरेव तु ।
चतुर्थस्वरसम्भिन्नं तालुवर्गादिसंयुतम् ।१५।
ऊष्मणश्च द्वितीयं तु अधस्ताद्विनियोजयेत् ।
स्वरैकादशभिन्नं तु ऊष्मणान्तं सविन्दुकम् ।१६।
पञ्चस्वरसमारूढं ओष्ठसम्पुटयोगतः ।
द्वितीयमक्षरं चान्यज्जिह्वाग्रे तालुयोगतः ।१७।
प्रथमं पञ्चमे योज्यं स्वरार्द्धेनोद्धृता इमे ।
ओङ्काराद्या नमोऽन्ताश्च जपेत्स्वाहाग्निकार्य्यके ।१८।
ओं ह्रीं ह्रूं ह्रः हृदयं हां हश्चेति शिरः शिखा ह्रीं ज्वल ज्वल शिखा स्यात्कवचं हनुद्वयं ह्रीं श्रीं क्षूं नेत्रत्रयाय विद्य नेत्रं प्रकीर्त्तितम् क्षौं हं खौं हूं फडस्त्राय गुह्याङ्गानि पुरा न्यसेत् त्वरिताङ्गानि वक्ष्यामि विद्याङ्गानि शृणुष्व मे
आदिद्विहृदयं प्रोक्तं त्रिचतुःशिर इष्यते ।१९।
पञ्चषष्ठः शिखा प्रोक्ता कवचं सप्तमाष्टमम् ।
तारकं तु भवेन्नत्रं नवार्द्धाक्षरलक्षणम् ।२०।
तोतलेति समाख्याता वज्रतुण्डे ततो भवेत् ।
खख हूं दशबीजा स्यादवज्रतुण्डेन्द्रदूतिका ।२१।
खेचरी ज्वालिनी ज्वाले खखेति ज्वालिनी दश ।
वर्धशबरीभीषणी खखेति च शबर्य्यपि ।२२।
छेछेदनि करालिनि खखेति च कराल्यपि ।
वक्षः श्रवद्रवप्लवनी खख दूती प्लवंख्यपि ।२३।
स्त्रीबालकारे धुननि शास्त्री वसनवेगिका ।
क्षेपक्षेकपिले हंस कपिला नाम दूतिका ।२४।
हूं तेजोवति रौद्री च मातङ्गरौद्रीदूतिका ।
पुटेपुटे खख खड्गे फट् ब्रह्मकदूतिका ।२५।
वैतालिनि दशार्णाः स्युस्त्याजान्यहिपलालवत् ।
हृदादिकन्यासादौ स्यान्मध्ये नेत्रे न्यसेत्सुधीः ।२६।
पादादारभ्य मूर्द्धान्तं शिर आरभ्य पादयोः ।
अङ्घ्रिजानूरुगुह्ये च नाभिहृत्कण्ठदेशतः ।२७।

अक्षर छ् र तिनलाई एघारौँ स्वर जोडेर च्छे, तालुवर्गको पहिलो अक्षर क्‌सँग उष्माको दोस्रो अक्षर ष् खोजेर जोड्दै त्यसमा सोह्रौँ स्वर अः मिलाएर क्षः, ऊष्माको तेस्रो अक्षर स्‌का मुनि जिह्वादन्तको पहिलो अक्षर त् जोडेर मिश्रवर्गको दोस्रो अक्षर र् मिसाएर चौथो स्वर ई लगाएर बनेको स्त्री, तालुवर्गको पहिलो अक्षर क्‌सँग उष्माको दोस्रो अक्षर ष् खोजेर जोड्दै त्यसमा एघारौँ स्वर ए मिलाएर क्षे, त्यसपछि उष्माको अन्तिम अक्षर ह्लाई अनुस्वारसहितको बनाएर पाँचौँ स्वरभन्दा माथि चढाएर हुं, ओष्ठसम्पुटको दोस्रो अक्षर फ् र जिह्वाग्रतालुको दोस्रो अक्षर ट्लाई पाँचौँ अक्षर ण्का रूपमा परिणत गरेर जोड्नुपर्दछ । स्वर तथा अर्द्धव्यञ्जन वर्णहरूका साथमा उच्चारण भएका यी अक्षरहरू नै तोतला त्वरिताका मन्त्र हुन् । यिनीहरूका आदिमा ओङ्कार र अन्त्यमा नमः जोड्दा ओं हूं खे च्छे क्षः स्त्री क्षे हुं फट् नमः मन्त्र बन्दछ त्यसको जप गर्नुपर्दछ तर हवन आदि अग्निकार्यमा नमः नराखेर स्वाहा जोड्नुपर्दछ। यसको अङ्गन्यास ओं ह्रीं हूं हः हृदयायै नमः हां हः शिरसे स्वाहा ह्रीं ज्वल ज्वल शिखायै वषट् हनु हनु हुलु हुलु कवचाय हुम् । ह्रीं श्रीं क्षूं नेत्रत्रयाय वौषट् भन्ने मन्त्रहरूले गर्नुपर्दछ । नवौँ अक्षर फ र आधा अक्षर ट् को रूप नै तोतलात्वरिता विद्या हो। त्यसैलाई देवीको नेत्र भनिएको छ। क्षौं हः खौ हूं फट् अस्त्राय फट् भन्ने यो गुह्य अङ्गमन्त्र हो र यी मन्त्रहरूलाई पहिले नै न्यास गर्नुपर्दछ । त्वरिताका अङ्गहरूको वर्णन अगाडि बढ्दै जाँदा गर्नेछु। यस बेला त्वरिताविद्याका अङ्गको वर्णन मबाट सुन । पहिला जुन दुई बीजाक्षर या मन्त्राक्षर छन् ती हृदय हुन्, तेस्रो र चौथो यी दुई अक्षर स्थिर हुन्, पाँचौँ र छैटौँ यी अक्षरहरू शिखाका मन्त्र हुन् भनिएको छ । सातौँ र आठौँ कवच मन्त्र हुन् र आधार अक्षर वा फट् भन्ने तारक नै नेत्र हो भनिएको छ ।१-२०।

तोतले वज्रतुण्डे ख ख हूं भन्ने दस अक्षरहरूले बनेको वज्रतुण्डिका नामको इन्द्रदूतिका विद्या हो । खेचरि ज्वालिनि ज्वाल ख ख यी दस अक्षरले बनेको ज्वालिनी विद्या हो। वर्चे शरविभीषणि ख खे यो दस अक्षरको शबरी विद्या हो। छे देदनि करालिनि ख ख यो दस अक्षरको कलारी विद्या हो। क्षः श्रव द्रव प्लवङ्गि ख खे यो दस अक्षरको प्लवङ्गदूती विद्या हो। स्त्रीबलं कलिधुननि शासि यो दस अक्षरको श्वसनवेगिका विद्या हो। क्षे पक्षे कपिले हंस यो दस अक्षरको कपिलादूतिका विद्या हो । हूं तेजोवति रौद्रि मातङ्गि यो दस अक्षरको रौद्रीदूतिका विद्या हो। पुटे पुटे ख ख खड्गे फट् यो दस अक्षरको ब्रह्मदूतिका विद्या हो। वैतालीमा यी सबै मन्त्र दस अक्षरका हुन्छन्। अन्य

वज्रमण्डमूर्ध्वे च अधोर्ध्वे चादिबीजतः।
सोमरूप ततो गावं धारामृतसुवर्षिणम् ।२८।
विशन्तं ब्रह्मरन्ध्रेण साधकस्तु विचिन्तयेत् ।
मूर्धास्यकण्ठहृन्नाभौ गुह्योरुजानुपादयोः ।२९।
आदिबीजं न्यसेन्मन्त्री तर्जन्यादि पुनः पुनः ।
ऊर्ध्वं सोममधः पद्मं शरीरं बीजविग्रहम् ।३०।
यो जानाति न मृत्युः स्यातस्य न व्याधयो ज्वराः ।
यजेज्जपेत्तां विन्यस्य ध्यायेद्देवीं शताष्टकम् ।३१।
मुद्रा वक्ष्ये प्रणीताद्याः प्रणीताः पञ्चधा स्मृताः ।
ग्रथितो तु करो कृत्वा मध्येऽङ्गुष्ठो निपातयेत् ।३२।
तर्जनी मुष्टिनं संलग्ना विन्यसेतां शिरोपरि ।
प्रणीतेयं समाख्याता हृद्देशे तां समानयेत् ।३३।
ऊर्ध्वं तु कन्यसामध्ये सबीजान्तां विदुर्द्विजाः ।
नियोज्य तर्जनीमध्येऽनेकलग्नां परस्पराम् ।३४।
ज्येष्ठाग्रा निक्षिपेन्मध्ये भेदनी सा प्रकीर्त्तिता ।
नाभिदेशे तु तां बद्ध्वा अङ्गुष्ठावुत्क्षिपेत्ततः ।३५।
कराली तु सहामुद्रा हृदये योज्य मन्त्रिणः ।
पुनस्तु पूर्ववद्ब्रह्मलग्नां ज्येष्ठां समुत्क्षिपेत् ।३६।
वज्रतुण्डा समाख्याता वज्रदेशे तु बन्धयेत् ।
उभाभ्यां चैव हस्ताभ्यां मणिबन्धं तु बन्धयेत् ।३७।
त्रीणि त्रीणि प्रसार्य्येति वज्रमुद्रा प्रकीर्त्तिता ।
दण्डं खड्गं चक्रगदा मुद्राचाकारतः स्मृता ।३८।
अङ्गुष्ठेनाक्रमेत्त्रीणि त्रिशूलं चोद्ध्वर्वतो भवेत् ।
एका तु मध्यमोर्ध्वा तु शक्तिरेव विधीयते ।३९।
शरं च वरदं चापं पाशं भारं च घण्टया ।
शङ्खमङ्कुशमभयं पद्ममष्ट च विंशतिः ।४०।
मोहणी मोक्षणी चैव ज्वालिनी चामृताभया ।
प्रणीताः पञ्चमुद्रास्तु पूजाहोमे च योजयेत् ।४१।

विस्तारको कुरो परालजस्तै सारहीन हुन्छन्, तिनीहरूलाई छोडिदिनुपर्दछ । न्यास आदिमा हृदय आदि अङ्गहरूको उपयोग हुन्छ। सज्जन पुरुषले नेत्रको न्यास मध्यमा गर्नुपर्दछ। गोडादेखि टाउकासम्म र टाउकादेखि गोडासम्म गोडा, घुँडा, तिघ्रा, गुह्य, नाभी, हृदय तथा कण्ठभागबाट मुखमण्डलसम्म माथितल आदिबीजले निर्गत सोमरूप अकार अमृतको धारा एवं सुवासले सम्पन्न छ। ब्रह्मरन्ध्रबाट त्यो अमृत मभित्र प्रवेश गर्दै छ भन्ने साधकले चिन्तन गर्नुपर्दछ। मन्त्रको उपासना गर्नेले मूर्धा, मुख, कण्ठ, हृदय, नाभी, गुह्य, ऊरु, जानु र पाउमा तथा तर्जनी आदिमा आदिबीजलाई बारम्बार न्यास गर्नुपर्दछ। माथि अमृतमय सोम छ, तल बीजाक्षररूप शरीरकमल छ भन्ने गूढ रहस्यलाई जसले जानेको छ त्यसको मृत्यु हुँदैन । यस मन्त्रको जपले रोगव्याधि हराउँछ । न्यास र ध्यानपूर्वक त्वरितादेवीको पूजा र उनका मन्त्रको एकसय आठपटक जप गर्नुपर्दछ । अब म प्रणीता आदि मुद्राहरूको वर्णन गर्दछु । प्रणीता, सबीजा प्रणीता, भेदनी, कराली र वज्रतुण्डा गरी प्रणीता मुद्राहरू पाँच प्रकारका मानिन्छन् । दुवै हातलाई एकापसमा जोडेर बीचमा बुढीऔंठा हाल्ने र चोरीऔंलो माथि उठाएर राख्नेको नाम प्रणीता हो । त्यसलाई हृदयमा लगाउने यसै मुद्रामा कनिष्ठिकालाई माथितिर उठाएर माझमा राख्ने हो भने त्यसलाई द्विजहरूले सबीजा भनेर चिन्ने गरेका छन् । यदि तर्जनीका बीचमा अनमिकालाई एकापसमा जोडेर अङ्गुष्ठको अग्रभागलाई मध्यभागमा राखिन्छ भने त्यो भेदनी मुद्रा हो भनिएको छ । त्यस मुद्रालाई नाभीदेशमा राखेका अङ्गुष्ठको जल छर्नुपर्दछ। त्यसैलाई मन्त्रसाधकका हृदयमा योजित गर्ने हो भने कराली नामको महामुद्रा हुन्छ । अति पहिलेको जसरी नै ब्रह्मलग्ना ज्येष्ठालाई माथि उठाउने हो भने त्यो नै वज्रतुण्डा मुद्रा हुन्छ। त्यसलाई वज्रदेशमा आबद्ध गर्नुपर्दछ। दुवै हातले मणिबन्धलाई बाँधेर तीनतीन औंलाहरू फैलाउँदै बनाइने मुद्रालाई वज्रमुद्रा भन्दछन् । दण्ड, खड्ग, चक्र र गदा आदि मुद्राहरू तिनीहरूकै आकृतिअनुसार हुन्छन् भनिएको छ । अङ्गुष्ठले तीन औंलाहरूलाई आक्रान्त गरेर ती तीनैवटालाई ऊर्ध्वमुख पारिएको छ भने त्यो त्रिशूल मुद्रा हुन्छ ।.एउटा माझी औंलो मात्रै माथि उठाइएको छ भने त्यो शक्ति मुद्रा हुन्छ। बाण, वरद, धनुष, पाश, भार, घण्टा, शङ्ख, अङ्कुश, अभय र पद्म यी अट्ठाईस मुद्राहरू बताइएका छन्। ग्रहणी, मोक्षणी, ज्वालिनी, अमृता र अभया यी पाँच प्रणीता नाम भएका मुद्राहरू हुन्। यिनीहरूको उपयोग पूजा र होममा गर्नुपर्दछ।२१–४१।

# ३११. एकादशाधिकत्रिशततमोऽध्यायः

## त्वरितामूलमन्त्र

अग्निरुवाच

दीक्षादि वक्ष्ये विन्यस्य सिंहवज्राकुलेऽब्जके हेहे हुति वज्रदन्त पुरुपुरु लुलुलुलु गर्जगर्ज इह सिंहासनाय नमः तिर्य्यगूर्ध्वगता रेखाश्चत्वारश्चतुरो भवेत् ।१।

नवभागविभागेन कोष्ठकान्कारयेद्बुधः ।

ग्राह्या दिशागताः कोष्ठा विदिशासु विनाशयेत् ।२।

बाह्ये वै कोष्ठकोणेषु बाह्यरेखाष्टकं स्मृतम् ।

बाह्यकोष्ठस्य बाह्ये तु मध्ये यावत्समानयेत् ।३।

वज्रस्य मध्यमं शृङ्गं बाह्यरेखा द्विधार्द्धतः ।

बाह्यरेखा भवेद्वक्रा द्विभङ्गां कारयेद्बुधः ।४।

मध्यकोष्ठं भवेत्पद्मं पीतकर्णिकमुज्ज्वलम् ।

कृष्णेन रजसाऽऽलिख्य कुलिशासिशिरोर्ध्वता ।५।

बाह्यतश्चतुरस्रं तु वज्रसम्पुटलाञ्छितम् ।

द्वारे प्रदापयेन्मन्त्री चतुरो वज्रसम्पुटान् ।६।

पद्मनाम भवेद्वामवीथी चैव समा भवेत् ।

गर्भं रक्तं केसराणि मण्डले दीक्षिताः स्त्रियः ।७।

जयेच्च परराष्ट्राणि क्षिप्रं राज्यमवाप्नुयात् ।

मूर्तिं प्रणवसन्दीप्तां हुङ्कारेण नियोजयेत् ।८।

मूलविद्यां समुच्चार्य्य मरुद्व्योमगतां द्विज ।

प्रथमेन पुनश्चैव कर्णिकायां प्रपूजयेत् ।९।

एवं प्रदक्षिणं पूज्य एकैकं बीजमादितः ।

अग्निदेव भन्दछन्– हे मुनि ! अब म सिंहासनमा बसेका वज्रले व्याप्त कमलमा मन्त्रको न्यासअनुसार दीक्षा आदिको विधान भन्दछु हेहे हुति वज्रदन्त पुरुपुरु लुलु गर्जगर्ज इह सिंहासनाय नमः यस सिंहासनको पूजा गर्ने मन्त्र हो । चार रेखा ठाडा र चारवटा तेर्छा रेखाहरू खिच्नुपर्दछ । यस किसिमले नौ भागमा विभाजन गरेर विद्वान् पुरुषले नौवटा कोठा बनाउनुपर्दछ । प्रत्येक दिशाका कोठाहरू राख्नुपर्दछ र कोणमा रहेका कोष्ठहरू मेटाउनुपर्दछ । यसपछि बाहिरी दिशामा जति कोठाहरू जोगिएका हुन्छन् तिनीहरूका कोणसम्म जति रेखाहरू आएका हुन्छन् तिनीहरूको सङ्ख्या आठ हुन्छ भनिएको छ । बाहिरी कोष्ठकका बाहिरी भागका ठीक बीचबाट वज्रको मध्यवर्ती शृङ्ग रहेको हुन्छ । बाहिरी रेखालाई दुई भाग गर्दा जुन अर्ध रेखाहरू निस्कन्छन् त्यति नै ठूलो शृङ्ग हुनुपर्दछ । बाहिरी रेखाहरू बाङ्गा हुन्छन् । विद्वान् पुरुषले त्यसलाई द्विभागको बनाउनुपर्दछ । माझमा रहेका कोष्ठकलाई कमलका आकृतिमा परिणत गर्नुपर्दछ। त्यसलाई पहेँलो रङ्गको कर्णिकाले सजाउनुपर्दछ। कालो रङ्गको धुलोले कुलिशचक्र बनाएर त्यसका मास्तिरको भाग वा शृङ्गको आकृति खड्गका आकारको हुनुपर्दछ । चक्रको बाहिरी भागमा चारकुने भूपूर चक्र लेख्नुपर्दछ र त्यसलाई वज्रसम्पुटले चिह्नित गर्नुपर्दछ। पद्म र वामवीथी समान हुनुपर्दछ। कमलका भित्री भाग र केसरलाई रातो रङ्गको पार्नुपर्दछ र मण्डलमा स्त्रीहरूलाई दीक्षित गरेर मन्त्रको जप अनुष्ठान गराएको छ भने राजाले शीघ्र नै पराइका राष्ट्रमा विजय प्राप्त गर्दछ र यदि आफ्नो राज्य खोसिएको छ भने पनि त्यसलाई शीघ्र नै प्राप्त गर्न सक्दछ । प्रणवमन्त्रबाट सन्दीप्त गरिएको मूर्तिको हुङ्कारबाट नियोजित गर्नुपर्दछ। हे ब्राह्मण ! वायु र आकाशको बीजबाट सम्पुटित भएको मूल विद्यालाई उच्चारण गरेर आदि र अन्त्यमा पनि कर्णिकामा पूजा गर्नुपर्दछ। यस किसिमको प्रदक्षिणाका क्रमले आदिदेखि नै एकएक अक्षररूप बीजको उच्चारण गर्दै कमलका दलमा पूजा गर्नुपर्दछ । दलहरूमा विद्याका अङ्गहरूलाई पूजा गर्नुपर्दछ । आग्नेय दिशाबाट लिएर बायाँतर्फको क्रमले नैर्ऋत्य दिशासम्म हृदय, शिर, शिखा, कवच र नेत्र यी पाँच अङ्गको पूजा गरेर मध्य भागको

दलमध्ये तु विद्याङ्गमाग्नेय्यां पञ्च नैर्ऋतम् ।१०।
मध्ये नेत्रं दिशास्त्रं च गुह्यकाङ्गे तु रक्षणम् ।
हुतयः केसरस्थास्तु वामदक्षिणपार्श्वतः ।११।
पञ्च पञ्च प्रपूज्यास्तु स्वैः स्वैर्मन्त्रैः प्रपूजयेत् ।
लोकपालान्न्यसेदष्टौ बाह्यतो गर्भमण्डले ।१२।
वर्णान्तमग्निमारूढं षष्टस्वरविभेदितम् ।
पञ्चदशेन चाक्रान्तं स्वैःस्वैर्नामभिर्योजयेत् ।१३।
शीघ्रं सिंहे कर्णिकायां यजेद्गन्धादिभिः श्रिये ।
अष्टाभिर्वेष्टयेत्कुम्भैर्मन्त्राष्टशतमन्त्रितैः ।१४।
मन्त्रमष्टसहस्रं तु जप्त्वाङ्गानां दशांशकम् ।
होमं कुर्य्यादग्निकुण्डे वह्निमन्त्रेण चालयेत् ।१५।
निक्षिपेद्धृदयेनाग्निं शक्तिं मध्येऽग्निगां स्मरेत् ।
गर्भाधानं पुंसवनं जातकर्म च होमयेत् ।१६।
हृदयेन शतं ह्यकं गुह्याङ्गे जनयेच्छिखिम् ।
पूर्णं हुत्वा तु विद्यायाः शिवाग्निर्ज्वलितो भवेत् ।१७।
होमयेन्मूलमन्त्रेण शतं चाङ्गं दशांशतः ।
निवेदयेत्ततो देव्यास्ततः शिष्यं प्रवेशयेत् ।१८।
अस्त्रेण ताडनं कृत्वा गुह्याङ्गानि ततो न्यसेत् ।
विद्याङ्गैश्चैव सन्नद्धं विद्याङ्गेषु नियोजयेत् ।१९।
पुष्पं क्षिपाययेच्छिष्यमानयेदग्निकुण्डकम् ।
यवैर्द्धान्यैस्तिलैराज्यैर्मूलविद्याशतं हुनेत् ।२०।
स्थावरत्वं पुरा होमं सरीसृपमतः परम् ।
पक्षिमृगपशुत्वं च मानुषं ब्राह्ममेव च ।२१।
विष्णुत्वं चैव रुद्रत्वमन्ते पूर्णाहुतिर्भवेत् ।
एकया चैव ह्याहुत्या शिष्यः स्याद्दीक्षितो भवेत् ।२२।
अधिकारो भवेदेवं शृणु मोक्षमतः परम् ।

कर्णिकामा फेरि नेत्रको र सम्पूर्ण दिशाहरूमा अस्त्रको पूजा गर्नुपर्दछ । गुह्याङ्गमा रक्षाको र केसरमा दायाँबायाँका पार्श्वहरूमा रहेका पाँचपाँच हुतिहरूलाई आआफ्ना नामका मन्त्रहरूले पूजा गर्नुपर्दछ । गर्भमण्डलका बाहिरी भागमा आठ लोकपालहरूलाई न्यास गर्नुपर्दछ । अन्तिम वर्ण क्ष वा हलाई र का माथि चढाएर त्यसलाई छैटौं स्वर ऊसित जोडेर बिन्दुलाई त्यसका टाउकामा चढाएर क्षुं वा हुं बीज बनाउनुपर्दछ र त्यस बीजलाई आदिमा राखेर दिक्पालहरूलाई आआफ्ना नामका मन्त्रसित संयुक्त गरेर तिनीहरूको पूजा गर्नुपर्दछ। त्यसपछि शीघ्र नै सिंहासनमा कमलको कर्णिकामा गन्ध आदि उपचारहरूद्वारा पूजा गर्नुपर्दछ । यसो गर्दा श्री प्राप्ति हुन्छ। त्यसपछि एकसय आठ मन्त्रले मन्त्रिएका आठ कलशहरूद्वारा कमललाई वेष्टित गर्नुपर्दछ। अनि त्यसपछि एक हजारपटक मन्त्र जप गरेर दशांश होम गर्नुपर्दछ। पहिले अग्निको मन्त्र रं बीजले कुण्डमा अग्निलाई लिनुपर्दछ र हृदय मन्त्र नमः ले त्यसलाई त्यहाँ स्थापना गर्नुपर्दछ । त्यसका साथै कुण्डभित्र अग्निसहितको शक्तिलाई ध्यान गर्नुपर्दछ । त्यसपछि त्यस शक्तिमा गर्भाधान, पुंसवन तथा जातकर्म संस्कार गर्ने उद्देश्यले हृदयमन्त्रले एकसय आठपटक होम गर्नुपर्दछ। अनि गुह्याङ्गका द्वारबाट नयाँ अग्निको जन्म भएको कल्पना गर्नुपर्दछ। अनि मूल विद्यालाई उच्चारण गर्दै पूर्णाहुति दिनुपर्दछ। त्यसबाट शिवाग्निको जन्म सम्पन्न हुन्छ। अनि मूल मन्त्रले त्यसमा सय आहुति दिनुपर्दछ। त्यसपछि अङ्गहरूका लागि भनेर दशांश होम गर्नुपर्दछ। अनि शिष्यलाई देवीका हातमा जिम्मा लगाउनुपर्दछ र उसलाई मण्डलमा प्रवेश गराउनुपर्दछ ।१-१८।

अनि अस्त्र मन्त्रले ताडन गरेर गुह्य अङ्गमा न्यास गर्नुपर्दछ । विद्याका अङ्गसित सम्बद्ध रहेका शिष्यलाई विद्याङ्गमा नियोजित गर्नुपर्दछ। शिष्यलाई पुष्प छर्न लगाएर अग्निकुण्डका नजिक लैजानुपर्दछ । अनि जौ, धान्य, तिल र घिउले मूल विद्यालाई उच्चारण गर्दै सयपटक आहुति दिनुपर्दछ। पहिलो होम स्थावरयोनिमा पुऱ्याएपछि त्यसलाई मुक्ति दिन्छ र दोस्रो सरीसृपका योनिले मुक्ति प्रदान गर्दछ। त्यसपछि क्रमशः पक्षी, मृग, पशु र मानवयोनिको प्राप्ति हुन्छ र त्यसबाट मुक्ति पनि प्राप्त हुन्छ । अनि क्रमशः ब्रह्मपद, विष्णुपद र अन्तिममा रुद्रपदको प्राप्ति हुन्छ । अन्त्यमा पूर्णाहुति दिनुपर्दछ । एक आहुतिले शिष्य दीक्षित हुन्छ र उसलाई मोक्ष प्राप्तिको अधिकार प्राप्त हुन्छ । अब मोक्ष

सुमेरुस्थो यदा मन्त्री सदाशिवपदे स्थितः ।२३।
परे च होमयेत्स्वस्थोऽकर्मकर्मशतान्दश ।
पूर्णाहुत्या तु तद्योगी धर्माधर्मैर्न लिप्यते ।२४।
मोक्षं याति परं स्थानं यद्गत्वा न निवर्त्तते ।
यथा जले जलं क्षिप्तं जलं देही शिरस्तथा ।२५।
कुम्भैः कुर्य्याच्चाभिषेकं जयराज्यादिसर्वभाक् ।
कुमारी ब्राह्मणी पूज्या गुर्वादिर्दक्षिणां ददेत् ।२६।
यजेत्सहस्रमेकं तु पूजां कृत्वा दिने दिने ।
तिलाज्यपुरहोमेन देवी श्रीः कामदा भवेत् ।२७।
ददाति विपुलान्भोगान्यदन्यच्च समीहते ।
जप्त्वा ह्यक्षरलक्षं तु निधानाधिपतिर्भवेत् ।२८।
द्विगुणेन भवेद्राज्यं त्रिगुणेन च यक्षिणी ।
चतुर्गुणेन ब्रह्मत्वं ततो विष्णुपदं भवेत् ।२९।
षड्गुणेन महासिद्धिर्लक्षेणैकेन पापहा ।
दश जप्त्वा देहशुद्धयै तीर्थस्नानफलं शतात् ।३०।
पटे वा प्रतिमायां वा शीघ्रं वै स्थण्डिले यजेत् ।
शतं सहस्रमयुतं जपे होमे प्रकीर्त्तितम् ।३१।
एवं विधानतो जप्त्वा लक्षमेकं तु होमयेत् ।
महिषाजमेधमांसेन नरजेन पुरेण वा ।३२।
तिलैर्यवैस्तथा लाजैर्व्रीहिगोधूपकाम्रकैः ।
श्रीफलैराज्यसंयुक्तैर्हामयित्वा व्रतं चरेत् ।३३।
अर्द्धरात्रेषु सन्नद्धः खड्गचापशरादिमान् ।
एकवासा विचित्रेण रक्तपीतासितेन वा ।३४।
नीलेनवाथ वस्त्रेण देवीं तैरेव चार्चयेत् ।
व्रजेद्दक्षिणदिग्भागं द्वारे दद्याद्बलिं बुधः ।३५।
दूतीमन्त्रेण द्वारादौ एकवृक्षे श्मशानके ।
एवं च सर्वकामाप्तिं भुङ्क्ते सर्वां मही नृपः ।३६।

कसरी पाइन्छ भन्ने विषयमा सुन । जब मन्त्रको उपासना गर्ने साधक सुमेरुमा सदाशिवपदमा स्थित हुन्छ अनि अर्को दिन स्वस्थचित्त भएर अकर्म र कर्मक्षयका लागि एक हजार आहुति दिनुपर्दछ । त्यसपछि पूर्णाहुति गरेर मन्त्रयोगी पुरुष धर्म वा अधर्मसित लिप्त हुँदैन । ऊ त्यस परम पदमा पुग्दछ, त्यहाँ गएको मानिस यस संसारमा फिर्ता आउँदैन । जसरी पानीमा मिसाइएको पानीले एकरूपता प्राप्त गर्दछ उसरी नै जीव पनि शिवमा मिसिएर शिवत्व नै प्राप्त गरी एकाकार हुन्छ । जसले कलशबाट अभिषेक गर्दछ उसले विजय र राज्य आदि अभीष्ट वस्तु प्राप्त गर्दछ । ब्राह्मणका कुलमा उत्पन्न भएका कुमारी कन्याको पूजा गर्नुपर्दछ र गुरु आदिलाई दक्षिणा दिनुपर्दछ । प्रतिदिन पूजा गरेर एक हजार आहुति अग्निमा दिनुपर्दछ । तिल र घिउले पूर्णाहुति दिनाले त्वरितादेवी लक्ष्मीले यस्तै अभिमत वस्तु प्रदान गर्दछिन् । तिनले विपुल भोग गर्दछिन् र अरू पनि साधकले जेजति कामना गर्दछ त्यो सबै त्वरिता माताले पूरा गराउँछिन् । मन्त्रका जति अक्षर हुन्छन् त्यति नै लाख जप गर्नाले मानिस निधिहरूका अधिपति नै हुन्छ, दोब्बर जप गर्नाले राज्यको प्राप्ति हुन्छ, तीन गुना जप गर्ने हो भने यक्षिणी सिद्ध हुन्छिन्, चार गुना जप गर्नाले ब्रह्मपद, पाँच गुना जपले विष्णुपद तथा छ गुना जप गर्नाले महासिद्धि सुलभ हुन्छ । मन्त्रको एक लाख जपले मानिस आफ्ना पापलाई नाश गर्दछ, दसपटक जप गर्नाले देहशुद्धि हुन्छ, सयपटक जप गर्नाले तीर्थस्नानको फल प्राप्त हुन्छ । वेदीमा पट या प्रतिमा राखेर त्यसका अगाडि सय, हजार वा दस हजारको सङ्ख्यामा जप गरेर हवन गर्नुपर्छ भनिउको छ । यस किसिमले विधिपूर्वक जप गरेर एक लाख हवन गर्नुपर्दछ । तिल, जौ, लावा, धान, गहुँ, कमलपुष्प तथा बेल यी सबैलाई एकत्र गरेर यिनीहरूमा घिउ लगाएर त्यस होम सामग्रीले हवन गरेर व्रत गर्नुपर्दछ । रातमा कवच आदिले सम्पन्न भएर खड्ग, धनुष तथा बाण आदि लिएर एउटा मात्रै वस्त्र लगाएर उपर्युक्त वस्तुहरूले देवीलाई पूजा गर्नुपर्दछ । वस्त्रको रङ्ग खैरो, रातो, पहेँलो कालो अथवा नीलो हुनुपर्दछ । मन्त्रवेत्ता विद्वान् दक्षिण दिशामा गएर मण्डपका द्वारमा दूती मन्त्रले बलि अर्पित गर्नुपर्दछ । यो बलि द्वार आदिमा अथवा एक वृक्ष भएको श्मशानमा पनि दिन सकिन्छ । यसो गर्नाले साधक राजा भएर समस्त कामनाहरूको र सारा पृथ्वीका राज्यको उपभोग गर्न सक्छ ।१९-३६।

# ३१२. द्वादशाधिकत्रिशततमोऽध्यायः

## त्वरिताविद्या

अग्निरुवाच

विद्याप्रस्तावमाख्यास्ते धर्मकामादिसिद्धिदम् ।
नवकोष्ठविभागेन विद्याभेदं च विन्दति ।१।
अनुलोमविलोमेन समस्तव्यस्तयोगतः ।
कर्णाविकर्णयोगेन अत ऊर्ध्वं विभागशः ।२।
त्रित्रिकेण च योगेन देव्या सन्नद्धविग्रहः ।
जानाति सिद्धिदान्मन्त्रान्प्रस्तावान्नीर्गतान्बहून् ।३।
शास्त्रे शास्त्रे स्मृता मन्त्राः प्रयोगास्तत्र दुर्लभाः ।
गुरुः स्यात्प्रथमो वर्णः पूर्वेद्युर्न च वर्ण्यते ।४।
प्रस्तावे तत्र चैकार्णा द्व्यर्णात्र्यर्णादयोऽभवन् ।
तिर्य्यगूर्ध्वगता रेखाश्चतुरश्चतुरो भजेत् ।५।
नव कोष्ठा भवन्त्येषं मध्यदेशे तथादिमान् ।
प्रदक्षिणेन संस्थाप्य प्रस्तावं भेदयेत्ततः ।६।
प्रस्तावक्रमयोगेन प्रस्तावं यस्तु विन्दति ।
करमुष्टिस्थितास्तस्य साधकस्य हि सिद्धयः ।७।
त्रैलोक्यं पादमूले स्यान्नवखण्डां भुवं लभेत् ।
कपाले तु समालिख्य शिवतत्त्वं समन्ततः ।८।
श्मशानकर्पटे वाथ बाह्यं निष्क्रम्य मन्त्रवित् ।
तस्य मध्ये लिखेन्नाम कर्णिकोपरि सांस्थितम् ।९।
तापयेत्खादिराङ्गारैर्भूर्जमाक्रम्य पादयोः ।
सप्ताहादानयेत्सर्वं त्रैलोक्यं सचराचरम् ।१०।
वज्रसम्पुटगर्भे तु द्वादशारे तु लेखयेत् ।
मध्ये गर्भगतं नाम सदाशिवविदर्भितम् ।११।
कुड्ये फलकके वाथ शिलापट्टे हरिद्रया ।
मुखस्तम्भं गतिस्तम्भं सैन्यस्तम्भं तु जायते ।१२।

अग्निदेव भन्दछन्— हे मुनि ! अब म विद्याप्रस्तावको वर्णन गर्दछु र यसले धर्म, काम आदिको सिद्धि प्रदान गर्दछ। नौ कोष्ठकका विभागले विद्यादेवी उपलब्ध हुन्छिन्। अनुलोम-विलोमयोग, समासव्यासयोग, कर्णाविकर्णयोग, अधऊर्ध्वविभागयोग र त्रित्रिकयोगले देवीद्वारा शरीर सुरक्षा गरिएका साधकले सिद्धिदायक मन्त्र र धेरै निर्गत प्रस्तावहरू जानेको हुन्छ। हरेक शास्त्रहरूमा मन्त्र बताइएका छन् तापनि त्यहाँ तिनीहरूको प्रयोग भने सुलभ छैन । पहिलोपटकको वर्णन नै गुरु वर्णन हुन्छ। त्यसको वर्णन पहिले भएको हुँदैन। त्यहाँ प्रस्तावमा एकाक्षरी, द्व्याक्षरी र त्र्याक्षरी मन्त्रहरू प्रकट भएका छन्। ठाडा र तेर्सा चारचार धर्का पनिले तानिन्छन्। यसो गर्दा नौवटा कोठाहरू बन्छन् । बीचका कोठाबाट सुरु गरेर प्रदक्षिणाका क्रमले मन्त्रका अक्षरहरूलाई त्यहाँ न्यास गर्नुपर्दछ। त्यसपछि प्रस्तावभेदन गरिन्छ। प्रस्तावका क्रमयोगबाट जसले प्रस्ताव प्राप्त गर्दछ त्यस साधकका मुठीमा सबै सिद्धिहरू आएका हुन्छन् । सम्पूर्ण त्रिलोक नै उसका चरणमा झुक्दछ। त्यसले नौ भागमा बाँडिएको जम्बूद्वीपका सम्पूर्ण भूमिहरूमा अधिकार प्राप्त गर्दछ । खप्पर अथवा मुर्दाबाट झिकेको कात्रोमा सबैतिर शिवतत्त्व लेखेर मन्त्रवेत्ता पुरुषले बाहिर निस्कनुपर्दछ र मध्य भागमा कर्णिकामाथि अभीष्ट व्यक्तिविशेषलाई भोजपत्रमा नाम लेखेर राखिदिनुपर्दछ। त्यसपछि खयरका दाउराले तयार पारिएका कोइलामा त्यो भोजपत्र सेकाएर दुई खुट्टाले कुल्चिनुपर्दछ। यस प्रयोगले हप्तादिनभित्रैमा सम्पूर्ण चरअचर त्रिलोकलाई नै आफ्ना खुट्टामुनि पारिदिन्छ । वज्रसम्पुट गर्भबाट युक्त द्वादशारचक्रका माझमा द्वेष्य गर्ने व्यक्तिको नाम लेखेर राख्नुपर्दछ । त्यस नामलाई सदाशिव मन्त्रले पुछ्नुपर्दछ । त्यस द्वादशारचक्रलाई र त्यसमा लेखिएका नामलाई बेसारले भित्तामा, काठका फल्याकमा अथवा ढुङ्गामा लेख्नुपर्दछ । यसो गर्नाले शत्रुको मुख, हिंडाइ र सेना पनि नचट्पटाउने हुन्छन्। विष मिसिएको रगतले कात्रोमा षट्कोणचक्र बनाएर त्यसका माझमा शत्रुको नाम लेख्नुपर्दछ। अनि त्यस चक्रका चारैतिर शक्तिबीज लेखेर त्यसमाथि लाठो राख्नुपर्दछ। अनि साधकले चिहानमा त्यसलाई राखेर शत्रु सम्झेर लाठाले हिर्काउनुपर्दछ। यस किसिमका प्रयोगले शत्रु राजाको राष्ट्रलाई

विषरक्तेन संलिख्य श्मशाने कर्परे बुधः।
षट्कोणं दण्डमाक्रान्तं समन्ताच्छक्तियोजितम् ।१३।
मारयेदचिरादेष श्मशाने निहतं रिपुम् ।
छेदं करोति राष्ट्रस्य चक्रमध्ये न्यसेद्रिपुम् ।१४।
चक्रधाराङ्गतां शक्तिं रिपुनाम्ना रिपुं हरेत् ।
तार्क्ष्येणैव तु बीजेन खड्गमध्ये तु लेखयेत् ।१५।
विदर्भरिपुतामाथ श्मशानाङ्गारलेखितम् ।
सप्ताहात्साधयेद्देशं ताडयेत्प्रेतभस्मना ।१६।
भेदने छेदने चैव मारणेषु शिवो भवेत् ।
तारकं नेत्रमुद्दिष्टं शान्तिपुष्टौ नियोजयेत् ।१७।
दहनादिप्रयोगोयं शाकिनीं चैव कर्षयेत् ।
मध्यादिनारुणीं यावद्वक्रतुण्डसमन्वितः ।१८।
कुष्ठाद्या व्याधयो ये तु नाशयेत्तान्न संशयः ।
मध्यादि उत्तरान्तं तु करालीबन्धनाज्जपेत् ।१९।
रक्षयेदात्मनो विद्यां प्रतिवादौ यदा शिवः ।
वारुण्यादि ततो न्यस्य ज्वरक्लेशविनाशनम् ।२०।
सौम्यादि मध्यमान्तं तु गुरुत्वं जायते वटे ।
पूर्वादि मध्यमान्तं तु लघुत्वं कुरुते क्षणात् ।२१।
भूर्जे रोचनयाऽऽलिख्य एतद्वज्राकुलं पुरम् ।
क्रमस्थैर्मन्त्रबीजैस्तु रक्षां देहेषु कारयेत् ।२२।
वेष्टितां भावहेम्ना च रक्षेयं मृत्युनाशिनी ।
विघ्नपापारिदमनी सौभाग्यायुःप्रदा धृता ।२३।
द्यूते रणे च जयदा शक्रसैन्ये न संशयः ।
वन्ध्यानां पुत्रदा ह्येषा चिन्तामणिरिवापरा ।२४।
साधयेत्परराष्ट्राणि राज्यं च पृथिवीं जयेत् ।
फट् स्त्रीं क्षें हूं लक्षजप्याद्यक्षादिर्वशगो भवेत् ।२५।

टुक्र्याउन सकिन्छ । यसै गरी चक्राकार मण्डल बनाएर त्यसका माझमा शत्रुको नाम लेख्नुपर्दछ । चक्रका धारामा शक्तिबीज न्यास गर्नुपर्दछ । शत्रुको नाम लिएर त्यसमाथि चक्रधारले प्रहार गर्नुपर्दछ। यसो गर्दा शत्रुको पराजय हुन्छ। यसै गरी खड्गका मध्य भागमा गरुडबीजसँगै शत्रुको नाम लेखेर त्यसलाई पहिले भनिएको जस्तै गरी विदर्भीकरण (कुशले पुछ्ने काम) गर्नुपर्दछ। उक्त शत्रुको नाम चिहानको चिताको अँगारले लेख्नुपर्दछ । त्यसमाथि चिताको भस्मले प्रहार गर्नुपर्दछ । यसो गर्नाले साधकले एकै हप्तामा शत्रुका देशलाई आफ्ना वशमा पार्दछ। त्यस्तो साधक छेदन, भेदन र मारणमा शिवजति नै शक्तिशाली हुन्छ। फट्लाई तारकमन्त्र भनिएको छ। त्यसलाई शान्ति-पुष्टिकर्ममा प्रयोग गर्नुपर्दछ। यसले दहनादि प्रयोगमा शाकिनीलाई पनि आकर्षित गर्न सक्छ । पूर्वोक्त नौ चक्रहरमा माझमा रहेको अक्षरको मन्त्रदेखि लिएर पश्चिम दिशामा रहेको कोष्ठकसम्म वक्रतुण्ड मन्त्र जप्नाले कुष्ठ आदि जति छालाका रोगहरू हुन्छन् ती सबै नाश हुन्छन् भन्ने कुरामा शङ्का गर्नैपर्दैन। मध्यकोष्ठबाट उत्तरमा रहेको कोष्ठकसम्मका दुई अक्षरका मन्त्रहरूलाई करालीबन्धले जप गर्ने हो भने त्यस द्व्याक्षरीविद्याले साक्षात् शिव नै प्रतिवादी छन् भने पनि उनीबाट आफ्नो रक्षा गराउँछ। यसै गरी पश्चिमतिर रहेका मन्त्रका अक्षरलाई सुरुमा राखेर उत्तर कोष्ठसम्म वक्रतुण्ड मन्त्रसित जप गर्ने हो भने ज्वरो तथा खोकी नाश हुन्छन्। उत्तरकोष्ठदेखि मध्यकोष्ठसम्मका मन्त्रका अक्षरहरूलाई एकैचोटि जप गर्ने हो भने साधकको इच्छाले वरको बियाँलाई भारी बनाउन सक्छ। यसै गरी पूर्व आदि मध्यमान्त अक्षरहरूको जप गर्नाले उसले तत्काल हलुको पार्न सक्छ। भोजपत्रका गोरोचनाद्वारा वज्रले व्याप्त भूपुरक्र बनाएर त्यसलाई मन्त्रकै जसरी धारण गर्दै साधकले आफ्ना शरीरको रक्षा गर्नुपर्दछ। भावपूर्वक सुवर्णमा मोडेर धारण गरिएका यस रक्षायन्त्रले मृत्युलाई पनि नाश गर्दछ भनिएको छ। त्यसले विघ्न, पाप र शत्रुहरूलाई दमन गर्दछ र सौभाग्य एवं दीर्घायु प्रदान गर्दछ। यस रक्षायन्त्रलाई धारण गर्ने हो भने उसले जुवा र युद्धमा विजय प्रदान गर्दछ। इन्द्रको सेनासित सङ्ग्राम भएको छ भने पनि त्यसमा उसैले विजय प्राप्त गर्दछ भन्ने कुरामा कुनै शङ्का छैन । यस रक्षायन्त्रले बाँझीलाई पनि पुत्र प्रदान गर्ने अर्को चिन्तामणिजस्तै मनका रहरहरू पूरा गराउँछ। यसबाट रक्षित मानिस अर्काका राष्ट्रमा अधिकार प्राप्त गर्दछ र राज्य तथा पृथ्वी नै जित्दछ। फट् स्त्रीं क्षें हूं यी चार अक्षरलाई एक लाखपटक जप गर्ने हो भने यक्ष आदि पनि वशमा पर्दछन् ।१-२५।

# ३१३. त्रयोदशाधिकत्रिशततमोऽध्यायः

## विविध मन्त्र

अग्निरुवाच

ओं विनायकार्चनं वक्ष्ये यजेदाधारशक्तिकम् ।
धर्माद्यष्टककन्दञ्च नालं पद्मञ्च कर्णिकाम् ।१।
केसरं त्रिगुणं पद्मं तीव्रं च ज्वलिनीं यजेत् ।
नन्दाञ्च सुयशाञ्चोग्रां तेजोवतीं विन्ध्यवासिनीम् ।२।
गणमूर्त्तिं गणपतिं हृदयं स्याद्गणं जयः ।
एकदन्तोत्कटशिरः शिखायाचलकर्णिने ।३।
गजवक्त्रायां कवचं हं फडन्तं तथाष्टकम् ।
महोदरो दण्डहस्तः पूर्वादौ मध्यतो यजेत् ।४।
जयो गणाधिपो गणनायकोऽथ गणेश्वरः ।
वक्रतुण्ड एकदन्तोत्कटलम्बोदरो गजः ।५।
वक्त्रो विकटाननोऽथ हूं पूर्वो विघ्ननाशनः ।
धूम्रवर्णो महेन्द्राद्यो बाह्ये विघ्नेशपूजनम् ।६।
त्रिपुरापूजनं वक्ष्ये असिताङ्गो रुरुस्तथा ।
चण्डः क्रोधस्तथोन्मत्तः कपाली भीषणः क्रमात् ।७।
संहारो भैरवो ब्राह्मीमुख्या ह्रस्वास्तु भैरवाः ।
ब्रह्माणी षण्मुखा दीर्घा अग्न्यादौ वटुकाः क्रमात् ।८।
समयपुत्रो बटुको योगिनीपुत्रकस्तथा ।
सिद्धपुत्रश्च बटुक कुलपुत्रश्चतुर्थकः ।९।
हेतुकः क्षेत्रपालश्च त्रिपुरान्तो द्वितीयकः ।
अग्निवेतालोऽग्निजिह्वः कराली काललोचनः ।१०।
एकपादश्च भीमाक्ष ऐं क्षें प्रेतस्तथासनम् ।
ओं ऐं ह्रीं ह्रौ च त्रिपुरा पद्मासनसमास्थिता ।११।

अग्निदेव भन्दछन्– अब म सच्चिदानन्दस्वरूप भगवान् विनायकको पूजा गर्ने विधि भन्दछु । योगपीठमा पहिले आधारशक्तिलाई पूजा गर्नुपर्दछ । अनि अग्नि आदि कोणहरूमा तथा पूर्व आदि दिशाहरूमा क्रमशः धर्म, ज्ञान, वैराग्य, ऐश्वर्य, अधर्म, अज्ञान, अवैराग्य र अनैश्वर्य यी आठलाई पूजा गर्नुपर्दछ । अनि कन्द, नाल, पद्म, कर्णिका, केसर, सत्त्व आदि तीन गुणहरू र पद्मासनको पूजा गर्नुपर्दछ । त्यति गरिसकेपछि तीव्रा, ज्वालिनी, नन्दा, सुयशा, कामरूपिणी, उग्रा, तेजोवती, सत्या तथा विघ्ननाशिनी यी नौ शक्तिहरूको पूजा गर्नुपर्दछ । त्यसपछि गणेशको मूर्तिलाई अथवा मूर्ति नभए मूर्तिको पूजा गरेको सम्झनुपर्दछ । त्यति गरिसकेपछि हृदय आदि अङ्गहरूको पूजा गर्नुपर्दछ । पूजा गर्नका लागि यस किसिमका प्रयोगवाक्य छन्– गणं जयाय हृदयाय नमः एकदन्ताय उत्कटाय शिरसे स्वाहा अचलकर्णिने शिखायै वषट् जगवक्त्राय हुं फट् कवचाय हुं महोदराय दण्डहस्ताय अस्त्राय फट् । यी पाँच अङ्गमध्ये चारवटालाई चार दिशामा पूर्व आदिका क्रमले र पाँचौँलाई माझमा पूजा गर्नुपर्दछ । त्यसपछि गणञ्जय, गणधिप, गणनायक, गणेश्वर, वक्रतुण्ड, एकदन्त, उत्कट, लम्बोदर, गजवक्त्र र विकटानन यी सबैलाई पद्मपत्रमा पूजा गर्नुपर्दछ । अनि माझमा हूं विघ्ननाशनाय नमः महेन्द्राय धूम्रवर्णाय नमः भन्दै विघ्नाशन एवं धूम्रवर्णलाई पूजा गर्नुपर्दछ । अनि बाहिरी भागमा विघ्नेशको पूजा गर्नुपर्दछ । अब म त्रिपुराभैरवीको पूजा गर्ने विधि भन्दछु । यसमा आठ भैरवहरूको पूजा गर्नुपर्दछ । तिनीहरूको नाम– असिताङ्ग, रुरुभैरव, चण्डभैरव, क्रोधभैरव, उन्मत्तभैरव, कपालिभैरव, भीषणभैरव र संहारभैरव हो । ब्राह्मी आदि मातृकाहरू पनि पूजनीय छन् । अकार आदि ह्रस्व स्वरको बीजलाई अगाडि राखेर भैरवहरूको पूजा गर्नुपर्दछ र आकार आदि दीर्घ अक्षरको बीज सुरुमा राखेर ब्राह्मी आदि मातृकाहरूको अर्चना गर्नुपर्दछ । अग्नि आदि चार कोणहरूमा चार वटुकहरूको पूजा गर्नुपर्दछ । समयपुत्र वटुक, योगिनीपुत्र वटुक, सिद्धपुत्र वटुक र चौथो कुलपुत्र वटुक यी चार वटुक हुन्छन् । यिनीहरूको पूजा गरिसकेपछि आठ क्षेत्रपालहरूको पूजा गर्नुपर्दछ । यिनीहरूमा हेतुक क्षेत्रपाल पहिलो, त्रिपुरान्त दोस्रो, अग्निवेताल तेस्रो, अग्निजिह्व चौथो, कराल पाँचौँ काललोचन छैटौँ, एकपाद सातौँ र भीमाक्ष आठौँ हुन् भनिएको छ । यी सबैको पूजा गरेर त्रिपुरादेवीको प्रेतरूपी पद्मासनलाई पूजा गर्नुपर्दछ र ऐं क्षैं प्रेतपद्मासनाय नमः ओं ऐं ह्रीं हसौः त्रिपुरायै

विभ्रत्यभयपुस्तञ्च वामे वरदमालिकाम् ।
मूलेन हृदयादि स्याज्जालपूर्णं च कामकम् ।१२।
गोमध्ये नाम संलिख्य चाष्टपत्रे च मध्यतः ।
श्मशानादिपटे श्मशानाङ्गारेण विलेखयेत् ।१३।
चिताङ्गारपिष्टकेन मूर्तिं ध्यात्वा तु तस्य च ।
क्षित्वोदरे नीलसूत्रैर्वेष्ट्य चोच्चाटनं भवेत् ।१४।
ओं नमो भगवति ज्वालामालिनि गृध्रगणपरिवृते स्वाहा ।
युद्धे गच्छञ्जपन्मन्त्रं पुमान्साक्षाज्जयी भवेत् ।
ओं श्रीं ह्रीं क्लीं श्रियै नमः उत्तरादौ च घृणिनी सूर्य्या पूज्या चतुर्दले ।१५।
आदित्या प्रभावती च हेमाद्रिन्नधुरा श्रियः ओं ह्रीं गौर्य्यै नमः गौरीमन्त्रः सर्वकरो होमाद्ध्यानाज्जपार्चनात् ।१६।
रक्ता चतुर्भुजा पाशवरदा दक्षिणे करे ।
अङ्कुशाभययुक्तां तां प्रार्थ्य सिद्धात्मना पुमान् ।१७।
जीवेद्वर्षशतं धिमान्न चौरारिभयं भवेत् ।
क्रुद्धः प्रसादी भवति युधि मात्राम्बुपानतः ।१८।
अञ्जनं तिलकं वश्ये जिह्वाग्रे कविता भवेत् ।
तज्जपान्मैथुनं वश्ये तज्जपाद्यो निविक्षणम् ।१९।
स्पर्शाद्वशी तिलहोमात्सर्वञ्चैव तु सिध्यति ।
सप्ताभिमन्त्रितञ्चान्नं भुञ्जंस्तस्य श्रियः सदा ।२०।
अर्द्धनारीशरूपोऽयं लक्ष्म्यादिवैष्णवादिकः ।
अनङ्गरूपा शक्तिश्च द्वितीया मदनातुरा ।२१।
पवनवेगा भुवनपाला वै सर्वसिद्धिदा ।
अनङ्गमदनानङ्गमेखलान्ताञ्जपेच्छ्रिये ।२२।
पद्ममध्यदलेषु ह्रीं स्वरान्कादींस्ततः स्त्रियाः ।

प्रेतपद्मासनसमास्थितायै नमः भन्दै प्रेतपद्मासनमा विराजमान त्रिपुराभैरवीलाई पनि पूजा गर्नुपर्दछ। तिनको ध्यान यस प्रकारको छ– त्रिपुरादेवी बायाँ हातमा अभय एवं पुस्तक र दाहिने हातमा वरदमुद्रा एवं माला लिएकी छिन् । बाण भरिएको ठोक्रो र धनुष पनि ती देवीले लिएकी छिन्। मूल मन्त्रले हृदय आदिको न्यास गर्नुपर्दछ । गाईका बथानभित्र रहेर कात्रोमा चिताका कोइलाले अष्टदल कमलचक्र बनाएर त्यसमा शत्रुको नाम लेखेर बेर्नुपर्दछ। त्यसपछि चिताका खरानीलाई मुछेर एउटा मूर्ति बनाउने त्यसैमा आफ्नो शत्रु रहेको कल्पना गर्दै उक्त यन्त्रलाई नीलो रङ्गका डोरीले बेरेर मूर्तिका भुँडीमा घुसारिदिनुपर्दछ। यसो गर्नाले त्यस व्यक्तिको उच्चाटन हुन्छ।१-१४।

ओं नमो भगवति ज्वालामालिनि गृध्रगणपरिवृते स्वाहा भन्ने मन्त्रको जप गर्दै युद्धमा जाने पुरुषले नै प्रत्यक्ष विजय प्राप्त गर्दछ। ओं श्रीं ह्रीं क्लीं श्रियै नमः चारवटा दल भएको कमलमा उत्तर आदि दलका क्रमले क्रमशः घृणिनी, सूर्या, आदित्या र प्रभावती यी चार श्रीदेवीहरूको पूजा गर्दै यस मन्त्रलाई जप्ने हो भने श्री प्राप्ति हुन्छ। यी सबै श्रीदेवीहरू सुवर्णगिरिजस्तै परम सुन्दर कान्ति भएका छन्। ओं ह्रीं गौर्यै नमः यस मन्त्रले जप, होम, ध्यान र पूजा गर्ने हो भने यसले साधकलाई सबै कुरा प्रदान गर्दछ। गौरीदेवीका अङ्गको कान्ति अरुण आभा भएको गोरो छ। उनका चार भुजाहरू छन्। उनले दाहिने दुई हातमा पाश र वरद मुद्रा एवं बायाँ दुई हातमा अङ्कुश र अभय लिएकी छिन् ।शुद्ध चित्तले गौरीदेवीको प्रार्थना गर्ने सज्जन सय वर्षसम्म बाँच्दछ र उसलाई चोर आदिको डर पनि हुँदैन । युद्धका मैदानमा यस मन्त्रले मन्त्रिएको पानी पिउने हो भने आफूसित रिसाएको पुरुष पनि खुसी हुन थाल्छ। यस मन्त्रले अञ्जन र तिलक लगाउने हो भने वशीकरण नै सिद्ध हुन्छ र जिब्राका टुप्पामा यसलाई लेख्ने हो भने कवित्व शक्ति विकास हुन्छ। यसको जप गर्ने हो भने स्त्रीपुरुषका जोडी नै वशमा हुन्छन्। यसको जप गर्ने हो भने सूक्ष्मयोनिका प्राणीहरू पनि देखिन्छन् र स्पर्श गर्ने हो भने मानिस वशमा हुन्छ । यस मन्त्रले तिलको आहुति दिने हो भने सबै मनका रहर सिद्ध हुन्छन् । यस मन्त्रले सातपटक मन्त्रिएको अन्न भोजन गर्ने पुरुषसित सधैँ धनसम्पत्तिको थुप्रो लागिरहन्छ । यसका अगाडि लक्ष्मीबीज श्रीं र वैष्णवबीज क्लीं जोड्ने हो भने यो नै अर्धनारीश्वर मन्त्र हुन्छ। अनङ्गरूपा, मदनातुरा, पवनवेगा, भुवनपाला, सर्वसिद्धिदा, अनङ्गमदना र अनङ्गमेखला यी शक्तिहरू हुन्। यिनीहरूका नामको मन्त्र जप गर्नु हो भने लक्ष्मी प्राप्त हुन्छिन् । कमलका दलमा ह्रीं स्वर, क आदि व्यञ्जन वर्ण लेखेर बीचमा अभीष्ट स्त्रीको नाम लेख्नुपर्दछ। षट्कोणचक्र या कलशमा पनि लेख्न सकिन्छ। लेखेर उसका उद्देश्यले जप गरेर वशमा पार्न सकिन्छ। ओं ह्रीं

षट्कोणे वा घटे वाऽथ लिखित्वा स्याद्वशीकरम् ।२३।

ओं ह्रीं छूं नित्यक्लिन्ने मदद्रवे ओं ओं ।

मूलमन्त्रः षडङ्गोयं रक्तवर्णे त्रिकोणके ।

द्रावणी ह्लादकारिणी क्षोभिणी गुरुशक्तिका ।२४।

ईशानादौ च मध्ये तां नित्यां पाशाङ्कुशौ तथा ।

कपालकल्पकतरुं वीणा रक्ता च तद्व्रती ।२५।

नित्याभया मङ्गला च नववीरा च मङ्गला ।

दुर्भगा मनोन्मनी पूज्या द्रावा पूर्वादितः स्थिता ।२६।

ओं ह्रीं अनङ्गाय नमः ओं ह्रीं ह्रीं स्मराय नमः मन्मथाय च माराय कामायैवं च पञ्चधा कामाः पाशाङ्कुशौ चापबाणा ध्येयाश्च बिभ्रतः ।२७।

रतिश्च विरतिः प्रीतिर्विप्रीतिश्च मतिर्धृतिः विधृतिः पुष्टिरेभिश्च क्रमात्कामादिकैर्युताः ओं छं नित्यक्लिन्ने मदद्रवे ओं ओं अआ इ ई उ ऊ ऋ ॠ ऌ ॡ ए ऐ ओ औ अं अः क ख ग घ ङ च छ ज झ ञ ट ठ ड ढ ण त थ द ध न प फ ब भ म य र ल व श ष स ह क्ष ओं छं नित्यक्लिन्ने मदद्रवे स्वाहा आधारशक्ति पद्मं च सिंहे देवीं हृदादिषु ओं ह्रीं गौरी रुद्रदयिते योगेश्वरि हूं फट् स्वाहा ।२८।

ऐं नित्यक्लिन्ने मदद्रवे स्वाहा यमे छ अङ्ग भएको मूल मन्त्र हो। रातो रङ्गको त्रिकोण चक्रमा अष्टदल कमलको चिन्तन गरेर त्यसमा द्राविणी आदि चार शक्तिहरूको पूजा गर्नुपर्दछ। पूर्व आदि दिशाहरूमा द्राविणी आदि चार शक्तिहरूको र ईशान आदि कोणहरूमा अपरा आदि चार शक्तिहरूको ध्यान र पूजा गर्नुपर्दछ। उनीहरूको नाम क्रमशः— द्राविणी, वामा, ज्येष्ठा, आह्लादकारिणी, अपरा, क्षेभिणी, रौद्री र गुणशक्ति हुन् भनेर जान्नुपर्दछ। देवीहरू रातो वर्णका छन् र उस्तै रङ्गका लुगागहना लगाएका छन्, उनीहरूका दुई हातमा पाश र अङ्कुश छन्, दुई हातमा कपाल र कल्पवृक्ष छन् अनि दुई हातले बाण बोकेका छन् भनेर ती देवीहरूको ध्यान गर्नुपर्दछ। नित्या, अभया, मङ्गला, नववीरा, सुमङ्गला, दुर्भगा, मनोन्मनी र द्रावा यी आठ देवीहरूलाई पूर्व आदि दिशाका कमलदलमा पूजा गर्नुपर्दछ। यिनीहरूका बाहिरी भागका पाँच दलहरूमा कामदेवको पूजा हुन्छ। ओं ह्रीं अनङ्गाय नमः ओं ह्रीं स्मराय नमः ओं ह्रीं मन्मथाय नमः ओं ह्री माराय नमः ओं ह्रीं कामाय नमः यिनै पाँच काम हुन्। कामदेवका हातमा पाश, अङ्कुश, धनुष र बाण भएको चिन्तन गर्नुपर्दछ। यिनका पनि बाहिरी भागमा दसवटा दलमा क्रमैसित रतिविरति, प्रीतिविप्रीति, मतिदुर्मति, धृतिविधृति, तुष्टिवितुष्टि यी पाँच कामवल्लभाहरूलाई पूजा गर्नुपर्दछ। ओं छं नित्यक्लिन्ने मदद्रवे ओं ओं अ आ इ ई उ ऊ ऋ ॠ ऌ ॡ ए ऐ ओ औ अं अः क ख ग घ ङ च छ ज झ ञ ट ठ ड ढ ण त थ द ध न प फ ब भ म य र व श ष स ह क्षः ओं छं नित्यक्लिन्ने मदद्रवे स्वाहा भन्ने यो नित्यक्लिन्ना विद्या हो। सिंहासनमा आधारशक्ति तथा पद्मको पूजा गरेर त्यसका दलहरूमा हृदय आदि अङ्गहरूको स्थापना एवं पूजा गरिसकेपछि मध्यकर्णिकामा देवीको पूजा गर्नुपर्दछ ।३५। ओं ह्रीं गौरि रुद्रदयिते योगेश्वरि हूं फट् स्वाहा यो गौरीको मन्त्र हो ।१५–२८।

# ३१४. चतुर्दशाधिकत्रिशततमोऽध्यायः

## त्वरिताज्ञान

अग्निरुवाच

ओं ह्रीं हूं खे छे क्षः स्त्रीं हूं क्षे ह्रीं फट् त्वरितायै नमः त्वरितां पूजयेन्न्यस्य द्विभुजाञ्चाष्टबहुकाम् ।

आधारशक्तिं पद्मञ्च सिंहे देवीं हृदादिकम् ।१।

अग्निदेव भन्दछन्— हे मुनि ! ओं ह्रीं हूं खे च च्छे क्षः स्त्री हूं क्षे ह्रीं फट् त्वरितायै नमः भन्ने मन्त्रले न्यासपूर्वक त्वरितादेवीलाई पूजा गर्नुपर्दछ। उनका दुई भुज वा अष्टभुज रूपको ध्यान गर्नुपर्दछ। आधारशक्ति तथा अष्टदल कमलको पूजा गर्नुपर्दछ। सिंहासन र त्यसमाथि विराजमान भएकी त्वरितादेवी र उनका वरिपरि हृदय आदि अङ्गहरूको पूजा गर्नुपर्दछ। पूर्व आदि दिशाहरूमा हृदय आदि अङ्गहरूको

पूर्वादौ गायत्रीं यजेन्मण्डले वै प्रणीतया ।
हुंकारां खेचरीं चण्डां छेदनीं क्षेपणीं स्त्रियाः ।२।
हूङ्कारामं क्षेमकारी च फट्कारीं मध्यतो यजेत् ।
जयां च विजयां द्वारि किङ्करं च तदग्रतः ।३।
तिलैर्होमैश्च सर्वाप्त्यै नामव्याहृतिभिस्तथा ।
अनन्ताय नमः स्वाहा कुलिकाय नमः स्वधा ।४।
स्वाहा वासुकिराजाय शङ्खपालाय वौषट् ।
तक्षकाय वषन्नित्यं महापद्माय वै नमः ।५।
स्वाहा कर्कोटनागाय फट् पद्माय च वै नमः ।
लिखेन्निग्रहचक्रं तु एकाशितिपदैर्नरः ।६।
वस्त्रे पटे तरौ भूर्ज्जे शिलायां यष्टिकासु च ।
मध्ये कोष्ठे साध्यनाम पूर्वादौ पट्टिकासु च ।७।
ओं ह्रीं क्षूं छन्द छन्द चतुरः कण्ठकान्कालरात्रिकाम् ऐशादावम्बुपादौ च यमराज्यं च बाह्यत कालिनारवमाली कालीनामाक्षमालिनी ।८।
मामोदेत्तत्तदोमोमा रक्षत स्व स्व भक्षवा ।
यमयाटटया मय मटमो टट मोटमा ।९।
वामो भूरिविभूमेया टटरीश्च श्वरीटट ।
यम राजाद्वाह्यतो वं तं तोयं मारणात्मकम् ।१०।
कज्जलं निम्बनिर्य्यासमज्जासृग्विषसंयुतम् ।
अङ्गारेण समायुक्तं पिङ्गलाधारसंयुतम् ।
काकपक्षस्य लेखन्या श्मशाने वा चतुष्पथे ।११।
निधापयेत्कुम्भाधस्तादल्मीके वाथ निक्षिपेत् ।
बिभीतद्रुमशाखाधो यन्त्रं सर्वारिमर्दनम् ।१२।
लिखेच्चानुग्रहञ्चक्रं शुक्लपक्षेऽथ भूर्जके ।

पूजा गरेर मण्डलमा प्रणीता र गायत्रीलाई पूजा गर्नुपर्दछ । त्यसपछि आठ दलहरूमा हुङ्कारी, खेचरी, चण्डा, छेदिनी, क्षपिणी, स्त्री, हूङ्कारी र क्षेमङ्करीको पूजा गर्नुपर्दछ । अनि मध्य भागमा देवीका अगाडि फट्कारीको अर्चना गर्नुपर्दछ । देवीका सम्मुखमा रहेको द्वारको दाहिने तथा बायाँ पार्श्वमा जया र विजयालाई पूजा गरेर द्वारको अघिल्लो भागमा किङ्कराय रक्षरक्ष त्वरिताज्ञया स्थिरो भव हुं फट् किङ्कराय नमः भन्ने मन्त्रले किङ्करको पूजा गर्नुपर्दछ । त्वरिता मन्त्तले तिलद्वारा होम गर्नाले सबै खालका अभीष्ट वस्तुहरूको प्राप्ति हुन्छ । नाम उच्चारण गर्दै अनन्ताय नमः स्वाहा कुलिकाय नमः स्वधा वासुकिराजाय स्वाहा शङ्खपालाय वौषट् तक्षकाय वषट् महापद्माय नमः कर्कोटकाय स्वाहा पद्माय नमः फट् भन्दै देवीका आभूषणका रूपमा रहेका आठ नागहरूको पूजा गर्नुपर्दछ । दसवटा ठाडा र दसवटा तेर्सा रेखा तानेर बनाउँदा एक्काईसवटा कोष्ठक बन्छन् । यी कोष्ठकहरूमा निग्रहचक्रको निर्माण गरिन्छ। यो चक्र वस्त्र, वेदी रुख, ढुङ्गा, तथा दाउराहरूमा पनि बनाउन सकिन्छ । यसका माझमा रहेका कोष्ठकमा वशमा गर्नुपर्ने शत्रुका नामको पहिलो अक्षर लेख्नुपर्दछ । त्यसका पार्श्वभागमा पूर्व आदि चार दिशाका कोठाहरूमा भ्रूं क्षूं छुं हूं यी चार बीजहरू लेख्नुपर्दछ । अनि ईशान आदि कोणमा भित्रतिर कालरात्रि मन्त्र लेख्नुपर्दछ र बाहिरतिर यमराज मन्त्र लेख्नुपर्दछ । कालीमाररमालीका लीनमोक्षक्षमोनली मामोदेततदेमोमा रक्षतत्वत्वतक्षर यो कालरात्रि मन्त्र हो । यमावाटटवामाय माटमोटटमोटमा वामोभूरिरिभूमोवा टटरीत्वत्वरीटट यो यमराज मन्त्र हो । यमराजको मन्त्रभन्दा बाहिरी भागमा चारैतिर रं लेख्नुपर्दछ र त्यसका मुनि यं लेख्नुपर्दछ। त्यसपछि मारणात्मक निग्रहयन्त्र सम्पन्न हुन्छ। निमको खोटो, मज्जा, रक्त र विष मिसाइएका मसीमा अलिकति चिताको कोइला पिँधेर मिसाउनुपर्दछ र त्यसलाई पहेँलो रङ्गका मसीदानीमा राख्नुपर्दछ। अनि कागका प्वाँखको कलमले त्यो निग्रह मन्त्र लेखेर त्यसलाई चिहानमा वा चारदोबाटा खाल्टो खनेर गाडिदिनुपर्दछ अथवा धमिराको ढिस्को भएका ठाउँमा लगेर पुरिदिनुपर्दछ । यसो गर्दा सबै शत्रुहरू नाश हुन्छन् । शुक्लपक्षमा भोजपत्रमा, भुईंमा वा भित्तामा लाक्षाका रङ्गले, कुङ्कुमले अथवा माटाको चन्दनले अनुग्रह चक्र बनाएर माझको कोठामा शत्रुको नाम लेख्नुपर्दछ र ठं ठं का माझमा पार्नुपर्दछ । पूर्व आदि वीथीहरूमा जूं सः वषट् उल्लेख गर्नुपर्द छ । ईशान आदि कोणबाट आरम्भ भएका वीथीलाई छोडेर अग्निकोणसम्म लक्ष्मीको अनुष्टुप् मन्त्र लेख्नुपर्दछ । माथिका चार पङ्क्तिहरूमा यो पूरा हुन्छ । त्यसपछि तल्ला चार पङ्क्तिहरूमा सबैभन्दा तल

लाक्षया कुङ्कुमेनाथ खटिकाचन्दनेन वा ।१३।
भुवि भित्तौ पूर्व्वदले नाम मध्यमकोष्ठके ।
खण्डे तु वारिमध्यस्थं ओं हंसो वापि पट्टिशन् ।१४।
लक्ष्मीश्लोकं शिबादौ च राक्षसादिक्रमाल्लिखेत् ।
श्रीः साममोमा सा श्रीः सानौ याज्ञे ज्ञेया नौसा ।१५।
माया लीला लाली यामा याज्ञे ज्ञेया नौसा माया ।
यत्र ज्ञेया बहिः शीघ्रा दिक्षुरं कलसं वहिः ।१६।
पद्मस्थं पद्मचक्रंञ्च भृत्युजित् स्वर्गगन्धृतिं ।
शान्तीनां परमा शान्तिः सौभाग्यादिप्रदायकम् ।१७।
रुद्रे रुद्रसमाः कार्य्याः कोष्टकास्तत्र तां लिखेत् ।
ओमाद्यां हूं फडन्तां च आदिवर्णमयानुतः ।१८।
विद्यावर्णक्रमेणैव संज्ञां च वषडन्तिकाम् ।
अधस्तात्प्रत्यङ्गिरैषा सर्वकामार्थसाधिका ।१९।
एकाशीतिपदे सर्वामादिवर्णक्रमेण तु ।
आदिमं यावदन्तं स्याद्वषडन्तं च नाम वै ।२०।
एषा प्रत्यङ्गिरा चान्या सर्वकार्य्यादिसाधनी ।
निग्रहानुग्रहञ्चक्रञ्चतुःषष्टिपदैर्लिखेत् ।२१।
अमृती सा च विद्या च क्रीं सः हूं नामाथ मध्यतः ।
फट्काराद्यां पत्रगतां त्रिह्रीङ्कारेण वेष्टयेत् ।२२।
कुम्भवद्धारिता सर्वशत्रुहृत्सर्वदायिका ।
विषन्नश्येत्कर्णजपादक्षराद्यैश्च दण्डकैः ।२३।

नैर्ऋत्यकोणमा रहेको कोष्ठकबाट थालनी गरेर दाहिनेदेखि बायाँ पार्श्वतर्फ लेख्नुपर्दछ । यसै गरी चार पङ्क्तिहरूमा– श्रीसामायायामासाश्री सानोयाज्ञेज्ञेयानोसा मायालीलालालीयामा याज्ञेलालीलीलाज्ञेया भनेर लक्ष्मीमन्त्र लेख्नुपर्दछ । चक्रका बाहिरी भागमा चारैतिर त्वरिता मन्त्र लेख्नुपर्दछ । प्रत्येक दिशामा एकपटक गरी चारपटक यसरी यो मन्त्र लेखिन्छ । अनि त्यस चारकोठे चक्रलाई कलशभित्र अटाउन सक्ने गरी गोलो घेरा हालिदिनुपर्दछ । उक्त कलशमुनि एउटा कमल बनाएर त्यसैमाथि त्यो कलश राखेको जस्तो देखाउनुपर्दछ । कमलमा पद्मचक्र स्थापित भएको बनाएर त्यसलाई धारण गर्ने हो भने त्यसले मृत्युलाई पनि जित्दछ र स्वर्ग प्राप्ति गराउँछ। शान्तिका साधनहरूमा त्यो नै परम शान्तिदायक हुन्छ र सौभाग्य आदि प्रदान गर्दछ। बाह्रवटा ठाडा रेखामा बाह्रवटा तेर्छा रेखाहरू तानेर एकसमानका एकसय एक्काईसवटा कोठा बनाउनुपर्दछ । त्यसका माझका कोठामा शत्रुको नाम लेख्ने । अनि ईशान कोणमा भएका कोष्ठबाट आरम्भ गरेर प्रदक्षिणाक्रमले बाह्रपटक त्वरिताविद्याका अक्षरहरू लेख्ने । ह्रीं भन्ने मायाबीजलाई छोडेर मन्त्र लेख्नुपर्दछ । रेखाहरूका अग्रभागमा बारम्बार त्रिशूलको चित्र बनाउनुपर्दछ । यस यन्त्रलाई जपद्वारा सिद्ध गर्नुपर्दछ । माझका कोठामा शत्रुका नामका अघि ओं र पछाडि हूं फट् लेख्नुपर्दछ। त्वरिताविद्याका वर्णहरूलाई क्रमैले लेख्नुपर्दछ। अन्त्यमा तल्लो भागमा वषट् जोड्नुपर्दछ। यसैलाई प्रत्यङ्गिरा विद्या भनिएको हो र यसले सम्पूर्ण मनोरथ एवं प्रयोजनहरू सिद्ध गराउँछ । एकासी कोठा भएका चक्रमा सुरुदेखि नै वर्णानुक्रम मिलाएर सम्पूर्ण चक्रभरि त्वरिताविद्याका अक्षरहरू लेख्नुपर्दछ। छपटक मन्त्र लेखिसकेपछि अन्त्यमा रहेका कोठाहरूमा साध्य व्यक्तिको नाम र त्यसका अन्त्यमा वषट् लेख्नुपर्दछ। यो अर्को खालको प्रत्यङ्गिरा विद्या हो र सबै खालका कार्य आदिलाई सिद्ध गराउँछ । चौंसट्ठी कोठा भएका चक्रमा पनि निग्रह चक्र र अनुग्रह चक्र लेख्नुपर्दछ। त्यो अमृती विद्या हो। त्यसका माझका कोठामा क्रीं सा हूं र साध्यको नाम लेखिन्छ । त्यसका बाहिरी भागमा द्वादशदल कमल बनाएर त्यसका दलहरूमा त्वरिता विद्यालाई उल्टो अर्थात् पहिले फट् लेखेर अनि पूर्वका अक्षरहरूको क्रममा लेख्नुपर्दछ। अनि त्यसलाई ह्रींकारसहितका तीन घेरा लगाएका रेखाहरूको छेक्नुपर्दछ। कुम्भको आकार भएका यन्त्रभित्र लेखिएका यस विद्यालाई धारण गर्ने हो भने यसले सबै खालका शत्रुहरू नाश गराउँछ र सबै कुराहरू प्राप्त गराउँछ। रोगीका कानमा यदि यसलाई जप्ने हो भने सर्प आदिको विषसमेत शान्त हुन्छ। यदि यसका अक्षरहरू लेखिएका लौराले ढाडमा बिस्तारै हिर्काउने हो भने पनि विष झर्छ।१–२३।

# ३१५. पञ्चदशाधिकत्रिशततमोऽध्यायः

## स्तम्भनादिमन्त्र

अग्निरुवाच

स्तम्भनं मोहनं वश्यं विद्वेषोच्चाटनं वदे ।
विषव्याधिमरोगञ्च मारणं शमनं पुनः ।१।
भूर्जे कूर्मं समालिख्य ताडनेन षडङ्गुलम् ।
मुखपादचतुष्केषु ततो मन्त्रं न्यसेद् द्विजः ।२।
चतुष्पादेषु क्रीङ्कारी ह्रीङ्कारं मुखमध्यतः ।
गर्भे विद्यां ततो लिख्य साधकं पृष्ठतो लिखेत् ।३।
माला मन्त्रैस्तु संवेट्य इष्टकोपरि सन्न्यसेत् ।
पिधाय कूर्मपृष्ठेन करालेनाभिसम्पठेत् ।४।
महाकूर्मं पूजयित्वा पादप्रोक्षन्तु निक्षिपेत् ।
ताडयेद्वामपादेन स्मृत्वा शत्रुञ्च सप्तधा ।५।
ततः सञ्जायते शत्रोस्तम्भनं मुखरागतः ।
कृत्वा तु भैरवं रूपं मालान्त्रं समालिखेत् ।६।
ओं शत्रुमुखस्तम्भनी कामरूपा आलीढक्करी ह्रीं फें फेत्कारिणी मम शत्रूणां देवदत्तानां मुखं स्तम्भयस्तम्भय मम सर्वविद्वेषिणां मुखस्तम्भनं कुरुकुरु ओं हूं फें फेत्कारिणी स्वाहा फट् हेतुञ्च समालिख्य तज्जपान्तं महाबलं वामेनैव नगं शूलं संलिखेद्दक्षिणे करे ।७।
लिखेन्मन्त्रमघोरस्य सङ्ग्रामे स्तम्भयेदरीन् ओं नमो भगवत्यै भगमालिनि विस्फुरविस्फुर स्पन्दस्पन्द नित्यक्लिन्ने द्रवद्रव हूं सः क्रीं काराक्षरे स्वाहा ।
एतेन रोचनाद्यैस्तु तिलकान्मोहयेज्जगत् ।८।
ओं फें हूं फट् फेत्कारिणि ह्रीं ज्वलज्वल त्रैलोक्यं मोहयमोहय गुह्यकालिके स्वाहा अनेन तिलकं कृत्वा राजादीनां वशीकरम् ।
गर्दभस्य रजो गृह्य कुसुमं सूतकस्य च ।९।
नारीरजः क्षिपेद्रात्रौ शय्यादौ द्वेषकृद् भवेत् ।
गोखुरञ्च तथा शृङ्गमश्वस्य च खुरं तथा ।१०।
शिरः सर्पस्य संक्षिप्तं गृहेषूच्चाटनं भवेत् ।
करवीर शिफा पीता ससिद्धार्था च मारणे ।११।

अग्निदेव भन्दछन्– हे मुनि ! अब म स्तम्भन, मोहन, वशीकरण, विद्वेषण र उच्चाटनको प्रयोगका विषयमा भन्दछु। विषव्याधि, आरोग्य, मारण र त्यसको निराकरणका लागि गरिने प्रयोग पनि बताउँछु । भोजपत्रमा ताडका कलमले छ अङ्गुलको कूर्मचक्र बनाउने । अनि द्विजले त्यसका मुख र चारै खुट्टामा मन्त्रको न्यास गर्नुपर्दछ। चारै खुट्टामा क्रीं र मुखमा ह्रीं लेख्नुपर्दछ । गर्भस्थानमा त्वरिताविद्या लेखेर पृष्ठभागमा साध्य (शत्रुको) नाम लेख्नुपर्दछ । त्यसपछि मालामन्त्रले वेष्टित गरेर त्यस यन्त्रलाई ईंटमाथि राख्नुपर्दछ । त्यसपछि त्यसलाई छोपेर कूर्मपीठगत करालमन्त्रले मन्त्रिनुपर्दछ । महाकूर्मको पूजा गरेर चरणोदक लिई शत्रुलाई उद्देश्य गरेर फ्याँक्नुपर्दछ र शत्रुको स्मरण गरेर त्यसलाई सातपटक बायाँ खुट्टाले हिर्काउनुपर्दछ। यसो गर्दा मुखतर्फबाट शत्रुको स्तम्भन हुन्छ । भैरवको मूर्ति बनाएर त्यसका वरिपरि ओं शत्रुमुखस्तम्भनी कामरूपा आलीढकरी ह्रीं फें फेत्कारिणी मम शत्रूणां देवदत्तानां मुखं स्तम्भय स्तम्भय मम सर्वविद्वेषिणां मुखस्तम्भनं कुरु कुरु कुरु ओं हूं फें फेत्कारिणि स्वाहा भन्ने मन्त्र लेख्नुपर्छ र फट् तथा उद्देश्यसमेत लेखेर त्यस मन्त्रको जप गर्दै ती महाबली भैरवका बायाँ हातमा पर्वत वा वृक्ष एवं दाहिन हातमा शूल अङ्कित गराउनुपर्दछ। त्यसपछि अघोरतन्त्र लेख्नुपर्दछ। यसो गर्दा उसले सङ्ग्राममा शत्रुहरूलाई स्तम्भित गर्न सक्छ । ओं नमो भगवत्यै भगमालिनि विस्फुरविस्फुर स्पन्दस्पन्द नित्यक्लिन्ने द्रवद्रव हूं सं क्रींकाराक्षरे स्वाहा भन्ने मन्त्रको जप गर्दै रोचना आदिले टिको लगाइदिँदा मानिसले सम्पूर्ण जगत्लाई नै मोहित गर्न सक्छ । ओं फें हुं फट् फेत्कारिणि ह्रीं ज्वलज्वल त्रैलोक्यं मोहयमोहय गुह्यकालिके स्वाहा भन्ने मन्त्रले टिको लगाएर मानिसले राजा आदिलाई पनि वशमा गर्न सक्छ। गधा बसेका ठाउँको धुलो, लासलाई चढाएको फूल र स्त्रीका रजले भिजेको कपडाको टुक्रो लिएर राति शत्रुको ओछ्यान आदिमा फ्याँकिदिने हो भने त्यसले उसका आफन्तहरूमा फाटो पार्दछ । गाईको खुर र सिङ, घोडाका टापको काटिएको टुक्रो र सर्पको टाउको यी सबै वस्तु कुटेर मिसाउने र शत्रुका घरमा फ्याँकिदिने । यसो गर्दा शत्रुवर्गको नै उच्चाटन हुन्छ। कनेरको पहेँलो शिफा मारणको प्रयोगका लागि प्रसिद्ध छ। सर्प र छुचुन्द्राको रगत र कनेरको बिउ पनि मारणरूपी प्रयोजनका लागि सहयोगी हुन्छ। मरेको छेपारो, भमरो, गड्यौला र बिच्छीको धुलो बनाएर तेलमा हाल्ने

व्यालछुच्छुन्दरीरक्तं करवीरं तदर्थकृत् ।
सरटं षट्पदञ्चापि तथा कर्क्कटविश्चिकम् ।१२।
चूर्णीकृत्य क्षिपेत्तैले तदभ्यङ्गश्च कुष्ठकृत् ओं नवग्रहाय सर्वशत्रून् मम साधयसाधय मारयमारय आं सों मं वुं ओं शं वां कें ओं स्वाहा अनेनार्क्कशतैरर्च्य श्मशाने तु निधापयेत् ।१३।
भूर्ज्जे वा प्रतिमायां वा मारणाय रिपोर्ग्रहाः ओं कुञ्जरी ब्रह्माणी ओं मञ्जरी माहेश्वरी ओं वेताली कौमारी ओं काली वैष्णवी ओं अघोरा वाराही ओं वेताली इन्द्राणी उर्वशी ओं जयानी यक्षिणी नवमातरो हे मम शत्रुं गृह्णतगृह्णत भूर्ज्जे नाम रिपोर्लिख्य श्मशाने पूजिते म्रियेत् ।१४।

अनि त्यस तेललाई आफ्नो शरीरमा दल्ने मानिस कोढी हुन्छ। ओं नवग्रहाय सर्वशत्रून् मम साधयसाधय मारयमारय आं सों मं बुं गुं शुं शं रां कें ओं स्वाहा भन्ने मन्त्रलाई भोजपत्र या नवग्रह प्रतिमामाथि लेखेर सयवटा आकका फूलले पूजा गर्दै शत्रु मारणका उद्देश्यले त्यस यन्त्र वा प्रतिमालाई चिहानमा लगेर गाडिदिने हो भने समस्त ग्रह साधन गर्नेका शत्रुहरूलाई मारिदिन्छ । ओं कुञ्जरी ब्रह्माणी ओं मञ्जरी माहेश्वरी ओं वेताली कौमारी ओं काली वैष्णवी ओं अघोरा वाराही ओं वेतालीन्द्राणी ओं उर्वशी चामुण्डा ओं वेताली चण्डिका ओं जयाली यक्षिणी नवमातरो हे मम शत्रुं गृह्णतगृह्णत भन्ने मन्त्रलाई भोजपत्रमा लेख्नुपर्दछ। मम शत्रु भन्ने शब्द लेखिएका ठाउँमा शत्रुको नाम नै लेख्नुपर्दछ अनि चिहानमा त्यस यन्त्रलाई पूजा गर्ने हो भने शत्रुको मृत्यु नै हुन्छ ।१-१४।

# ३१६. षोडशाधिकत्रिशततमोऽध्यायः

## नानामन्त्र

अग्निरुवाच
आदौ हूङ्कारसंयुक्ता खे च छेपदभूषिता ।
वर्गातीतविसर्गेण स्त्रीं हूं क्षेपफडन्तिका ।१।
सर्व्वकर्म्मकरी विद्या विषसर्पादिमर्द्दनी ।
ओं क्षेचछेतिप्रयोगश्च कालदष्टस्य जीवने ।२।
ओं हूं केक्षः प्रयोगोऽयं विषशत्रुप्रमर्दनः ।
स्त्रीं हूंफडिति योगोऽयं पापरोगादिकं जयेत् ।३।
खेछेति च प्रयोगोऽयं विघ्नदुष्टादि वारयेत् ।
हूं स्त्रीं ओमिति योगोऽयं योषिदादिवशीकरः ।४।
खे स्त्रीं खे च प्रयोगोऽयं वशाय विजयाय च ऐं ह्रीं श्रीं स्फें कैं क्षौं भगवति अम्बिके कुब्जिके स्फें ओं भं तं वशनमो अघोराय मुखे व्रां व्रीं किलिकिलि विच्चा स्फ्रीं हें स्फ्रं श्रौं ऐं श्रीमिति कुब्जिकाविद्या सर्वकरा स्मृता भूयः स्कन्दाय यानाह मन्त्रानीशश्च तान्वदे ।५।

अग्निदेव भन्दछन्– हे मुनि ! पहिले हुं राख्नुपर्दछ, अनि खे च च्छे यी तीन पद जोडेर मन्त्रलाई सजाउनुपर्दछ। त्यसपछि क्षः स्त्रीं हूं क्षे लेखेर अन्त्यमा फट् जोड्नुपर्दछ। अनि यो हुं खे च च्छे क्षः स्त्रीं हूं क्षे ह्रीं फट् भन्ने दस अक्षरको त्वरिताविद्या हुन्छ। यस विद्याले समस्त कार्यहरूलाई सिद्ध गर्दछ। खे च च्छे यस्तो तीन अक्षरको विद्याले काल अथवा कालो सर्पले डुँगेकालाई पनि जीवन दिन्छ। ओं हूं खे क्षः यस चार अक्षरका विद्याको प्रयोग विष एवं सर्पको डुँग अथवा शत्रुको बाधा समाप्त पार्ने हुन्छ। स्त्रीं हूं फट् भन्ने विद्याको प्रयोगले पाप तथा रोग आदिमा विजय प्राप्त गराउँछ। खे च भन्ने दुई अक्षरी मन्त्रका प्रयोगले शत्रु एवं दुष्ट आदिको बाधालाई पर हटाउँछ। हूं स्त्रीं ओं तीन अक्षरको यस मन्त्रका प्रयोगले स्त्री आदिलाई वशमा गराउँछ। खे स्त्रीं खे यस मन्त्रको प्रयोग कालो सर्पले टोकेका मानिसको जीवन रक्षा गर्ने हुन्छ र शत्रुमाथि विजय प्रदान गराउँछ। क्षः स्त्रीं क्षः भन्ने मन्त्रको प्रयोग वशीकरण र विजयको सिद्धि प्रदान गर्ने हुन्छ। ऐं ह्रीं श्रीं हसखफ्रें हसौः ओ नमो भगवति हसखफ्रें कुब्जिके ह्स्रूं ह्स्रूं अघोरे घोरे अघोरमुखि छ्रां छ्रीं किणिकिणि विच्चे हसौः हसखफ्रें श्रीं ह्रीं ऐं भन्ने यो श्रीमती कुब्जिकाविद्या हो र यसले सबै कार्य सिद्ध गराउँछ भन्ने मानिन्छ। अब ती मन्त्रहरूको वर्णन गरिएको छ र तिनीहरूको उपदेश भगवान् शङ्करले स्कन्दलाई गरेका थिए ।१-५।

# ३१७. सप्तदशाधिकत्रिशततमोऽध्यायः

## सकलमन्त्रोद्धार

ईश्वर उवाच

सकलं निष्कलं शून्यं कलाढ्यं स्वमलङ्कृतम् ।
क्षपणं क्षयमन्तः स्थं कण्ठोष्ठं चाष्टमं शिवम् ।१।
प्रासादस्य पराख्यस्य स्मृतं रूपं गुहाष्टधा ।
सदाशिवस्य शब्दस्य रूपस्याखिलसिद्धये ।२।
अमृतश्चांशुमांश्चेन्दुश्चेश्वरश्चोग्र ऊहकः ।
एकपादेन ओजाख्य औषधश्चांशुमान्वशी ।३।
अकारादेः क्षकारश्च ककारादेः क्रमादिमे ।
कामदेवः शिखण्डी च गणेशः कालशङ्करौ ।४।
एकनेत्रो द्विनेत्रश्च त्रिशिखो दीर्घबाहुकः ।
एकपादर्द्धचन्द्रश्च बलपो योगिनीप्रियः ।५।
शक्तीश्वरो महाग्रन्थिस्तर्पकः स्थाणुदन्तुरौ ।
निधीशो नन्दी पद्मश्च तथान्यः शाकिनीप्रियः ।६।
मुखबिम्बो भीषणश्च कृतान्तः प्राणसंज्ञकः ।
तेजस्वी शक्र उदधिः श्रीकण्ठः सिंह एव च ।७।
शशाङ्को विश्वरूपश्च क्षश्च स्यान्नरसिंहकः ।
सूर्य्यमात्रासमाक्रान्तं विश्वरूपन्तु कारयेत् ।८।
अंशुमत्संयुतं कृत्वा शशिबीजं विनायुतम् ।
ईशानमोजसाक्रान्तं प्रथमं तु समुद्धरेत् ।९।
तृतीयं पुरुषं विद्धि दक्षिणं पञ्चमं तथा ।
सप्तमं वामदेवन्तु सद्योजातं ततः परम् ।१०।
रसयुक्तन्तु नवमं ब्रह्मपञ्चकमीरितम् ।
ओङ्काराद्याश्चतुर्थ्यन्ता नमोऽन्ताः सर्वमन्त्रकाः ।११।

शिव भन्दछन्– हे स्कन्द ! सकल, निष्कल, शून्य, कलाढ्य, समलङ्कृत, क्षपण, क्षय, अन्तःस्थ, कण्ठोष्ठ तथा आठौँ शिव यी प्रासादपरा नामका मन्त्रका आठवटा स्वरूप हुन् भन्ने मानिएको छ। यी शब्दका रूपमा रहेका मन्त्रहरू साक्षात् सदाशिवकै स्वरूप हुन् । यसको जप गर्नाले सबै खालका सिद्धिहरू प्राप्त हुन्छन्। अमृत, अंशुमान्, इन्द्र, ईश्वर, उग्र, ऊहक्, एकपाद, ऐल, ओज, औषध, अंशुमान् र वशी यी क्रमैसँ अकार आदि बाह्र स्वरहरूका वाचक हुन् । अगाडि दिइएका सबै क आदि अक्षरहरूका सूचक हुन्छन् । कामदेव, शिखण्डी, गणेश, काल शङ्कर, एकनेत्र, द्विनेत्र, त्रिशिख, दीर्घबाहु, एकपाद, अर्द्धचन्द्र, वलय, योगिनीप्रिय, शक्तीधर, महाग्रन्थि, तर्पक, स्थाणु, दन्तुर, निधीश, नन्दि, पद्म, शाकिनीप्रिय, मुखबिम्ब, भीषण, कृतान्त, प्राण, तेजस्वी, शक्र, उदधि, श्रीकण्ठ, सिंह, शशाङ्क, विश्वरूप तथा नारसिंह । विश्वरूप अर्थात् हकारलाई बाह्र मात्राले युक्त गरेर लेख्नुपर्दछ ।३–८।

विश्वरूपलाई अंशुमान् तथा ओज जोडेर राख्नुपर्दछ । त्यसमा शशिबीज जोडिएन भने हों भन्ने प्रथम बीजमन्त्र बन्छ र त्यो ईशानसित सम्बद्ध हुन्छ । उपर्युक्त बाह्र बीजहरूमा पाँचवटा ह्रस्व बीज मानिएका छन् र छवटा दीर्घ बीज हुन्छन् । पहिलो र एघारौँ मात्रामा एउटै हं बीज बनेको हुन्छ । हं हिं हुं हें हों यी पाँच बीज ह्रस्व हुन्छ र बाँकी सबै दीर्घ हुन्छ । ह्रस्व बीजहरूमा विलोम गणनाले प्रथम, तृतीय, पञ्चम, सप्तम र नवम मान्नुपर्दछ । द्वितीय आदि दीर्घ हुन् । तृतीय बीज हें हो । यो तत्पुरुषसम्बन्धी बीज हो भन्ने जानौँ । पाँचौँ बीज हुं हो र यो दक्षिणतिर फर्किएको अघोर भन्ने मुखको बीज हो । सातौँ बीज हिं हो । यसलाई वामदेवको बीज मान्नुपर्दछ । यसभन्दा पछि अमृत नामको मात्रा अकारसित जोडिएको, अनुस्वारसहितको हकार अर्थात् हं बीज हो । माथि बताइएअनुसार गणना गर्दा यो नवौँ हुन्छ र सद्योजातसित सम्बन्धित हुन्छ । यस किसिमले पाँच बीजले सम्पन्न ईशान आदि मुखहरूलाई ब्रह्मपञ्चक भनिएको छ । यिनीहरूका सुरुमा ओं र अन्त्यमा नमः लगाउनुपर्दछ । ईशान आदि नामहरूलाई चतुर्थी विभक्तिको प्रयोग गर्ने हो भने यिनीहरू सबै तिनीहरूको पूजा गर्नका लागि उपयुक्त ओं हों ईशानाय नमः जस्ता मन्त्र हुन्छन् । यसै गरी ओं हं सद्योजाताय नमः भन्ने यो सद्योजात देवताको मन्त्र हो । द्वितीय, चतुर्थ आदि मात्राहरू दीर्घ हुन्छन् । त्यसैले तिनीहरूले हृदय आदि अङ्गको

सद्यो देवा द्वितीयन्तु हृदयञ्चाङ्गसंयुतम् ।
चतुर्थन्तु शिरो विद्धि ईश्वरन्नाम नामतः ।१२।
ऊहकन्तु शिखा ज्ञेया विश्वरूपसमन्विता ।
तन्मन्त्रमष्टमं ख्यातं नेत्रन्तु दशमं मतम् ।१३।
अस्त्रं शशी समाख्यातं शिवसंज्ञं शिखिध्वजः ।
नमः स्वाहा तथा वौषट् हूं च फट् क्रमेण तु ।१४।
जातिफट्कं हृदादीनां प्रासादं मन्त्रमावदे ।
ईशानाद्रुद्रसङ्ख्यातं प्रोद्धरेच्चांशुरञ्जितम् ।१५।
औषधाक्रान्तशिरसमूहकस्योपरिस्थितम् ।
अर्द्धचन्द्रोर्ध्वनादश्च विन्दुद्वितयमध्यगम् ।१६।
तदन्ते विश्वरूपन्तु कुटिलन्तु त्रिधा ततः ।
एवं प्रासादमन्त्रश्च सर्वकर्मकरो मनुः ।१७।
शिखाबीजं समुद्धृत्य फट्कारान्तं तु चैव फट् ।
अर्द्धचन्द्रासनं ज्ञेयं कामदेवं ससर्पकम् ।१८।
महापाशुपतास्त्रं तु सर्वदुष्टप्रमर्दनम् ।
प्रासादः सकलः प्रोक्तो निष्कलः प्रोच्यतेऽधुना ।१९।
औषधं विश्वरूपन्तु रुद्राख्यं सूर्य्यमण्डलम् ।
चन्द्रार्द्धनादसंयोगं ।
विसंज्ञं कुटिलन्ततः ।२०।
निष्कलो भुक्तिमुक्तौ स्यात्पञ्चाङ्गोऽयं सदाशिवः ।
अंशुमान्विश्वरूपं च आवृतं शून्यरञ्जितम् ।२१।
ब्रह्माङ्गरहितः शून्यस्तस्य मूर्त्तिरसस्तरुः ।
विघ्ननाशाय भवति पूजितो बालबालिशैः ।२२।
अंशुमान्विश्वपाख्यमूहकस्योपरि स्थितम् ।
कलाढ्यं सकलस्यैव पूजाङ्गादि च सर्वतः ।२३।
नरसिंहं कृतान्तस्थ तेजास्वप्राणमूर्ध्वङ्गम् ।
अंशुमानूहकाक्रान्तमधोर्ध्वं　　स्वमलङ्कृतम्　　।२४।
चन्द्रार्द्धनादनादान्तं ब्रह्मविष्णुविभूषितम् ।

न्यास गर्नुपर्दछ। द्वितीय बीज उच्चारण गरेर हृदय र अङ्ग मन्त्र ह
हृदयाय नमः हृदि भनेर हृदयमा न्यास गर्नुपर्दछ। चतुर्थ शिरोमन
हो। हकारमा ईश्वर तथा अंशुमान जोड्नाले त्यो बनेको हुन्छ
ह्रीं शिरसे स्वाहा शिरसि भन्नुपर्दछ। विश्वरूप ऊहक र अनुस्वा
जोड्दा छैटौं बीज हूं बन्छ। त्यसलाई शिखामन्त्र मान्दै हूं शिखा
वषट् शिखायां हुम् । कवचको मन्त्र आठौं हैं हो; त्यसले
कवचाय हुम् बाहुमूलयोः दसौं नेत्रमन्त्र ह्रौं ले ह्रौं नेत्रत्रयाय वौष
नेत्रयोः र अस्त्रमन्त्र विसर्गसहितको वशी हो । हे शिखिध्वज
! यसलाई शिवको सूचक मानिएको छ र त्यसले हः अस्त्राय
फट् भन्दै गरिन्छ । हृदय आदि छवटै अङ्गका जाति क्रमश
नमः स्वाहा, वषट्, हुम्, वौषट् र फट् हुन्छन् । अब म प्रासाद
मन्त्रका विषयमा भन्दछु। ह्रीं ह्रौं हूं यी प्रासाद मन्त्रका तीन बीज
हुन्। यिनलाई कुटिल संज्ञा दिइएको छ। यसै किसिमले यस
प्रासाद मन्त्रले समस्त कार्यहरूको सिद्धि गराउँछ। हृदय, शिख
आदि बीजहरूलाई पूर्वोक्त रीतिले उच्चारण गरेर फट्सम्मम
सबै अङ्गको न्यास गर्नुपर्दछ। अर्धचन्द्राकार आसन दिनुपर्दछ
'भगवान् पशुपति कामना पूरा गराउने देवता सर्पले विभूषित
छन्' भन्ने किसिमको ध्यान गर्दै महापाशुपतास्त्र मन्त्रको
जप गर्नुपर्दछ । यसले सबै खालका शत्रुलाई मर्दन गर्दछ ।
कलासहितको प्रासाद मन्त्रको यस्तो वर्णन गरिसकियो । अब
निष्कल मन्त्रका विषयमा भनिनेछ ।१-१९।

औषध, विश्वरूप, रुद्र, मात्रा, सूर्यमण्डल र अर्धचन्द्राकारमा नाद जोडिएको ह्रौं मन्त्र हो । यो निष्कल प्रासाद मन्त्र हो । यसलाई संज्ञाविहीत कुटिल पनि भनिएको छ। निष्कल प्रासाद मन्त्रले भोग र मोक्ष प्रदान गर्दछ। सदाशिवस्वरूप प्रासाद मन्त्र ईशान आदि पाँच ब्रह्ममूर्तिहरूले युक्त हुन्छ। त्यसैले त्यसलाई पञ्चाङ्ग वा साङ्ग भनिएको छ। अंशुमान, विश्वरूप तथा अमृत यी तीनवटाको संयोगले प्रकट भएको हं बीज शून्य भन्ने नामले चिनिन्छ। ब्रह्मात्मक अङ्गहरूले रहित भएका ईशान आदिको शून्य संज्ञा हुन्छ। ईशान आदि मूर्तिहरू यी बीजहरूका अमृततरु हुन्। यिनीहरूको पूजा गर्नाले समस्त विघ्नहरू नाश हुन्छन्। यदि अंशुमान्सहितको विश्वरूपका मुनि ऊहक लाग्यो भने त्यो हूं कलाढ्य नामको बीज हुन्छ भनिएको छ। त्यो सकलअन्तर्गत नै रहन्छ। सधैं सकलकै पूजा र अङ्गन्यास आदि हुने गर्दछ। नरसिंह यमराजका माथि बसेको छ, साथै तेजस्वी र प्राणको पनि प्रयोग भएको छ अनि अंशुमान् मास्तिर र तल्तिर ऊहक थपिएका छन् भने क्ष्म्र्यूं भन्ने बीज उद्भव हुन्छ। यसको संज्ञा समलङ्कृत हो। माथि र तल दुवैतिर मात्राले सजिएको हुनाले नै यसको नाम समलङ्कृत भएको हो । यो पनि प्रासादपर नामका मन्त्रको एक भेद नै हो। अर्धचन्द्राकार बिन्दु र नादले युक्त ब्रह्मा एवं विष्णुका नामले विभूषित क्रमशः उदधि र

उदधिं नरसिंहञ्च सूर्य्यमात्राविभेदितम् ।२५।
यदा कृतं तदा तस्य ब्रह्मण्यङ्गानि पूर्ववत् ।
ओजाख्यमंशुमद्युक्तं प्रथमं वर्णमुद्धरेत् ।२६।
अंशुमच्चांशुनाक्रान्तं द्वितीयं वर्णनायकम् ।
अंशुमानीश्वरन्तद्वत्तृतीयं मुक्तिदायकम् ।२७।
ऊहकञ्चांशुनाक्रान्तं वरुणप्राणतैजसम् ।
पञ्चमन्तु समाख्यातं कृतान्तन्तु ततः परम् ।२८।
अंशुमानुदकप्राणः सप्तमं वर्णमुद्धृतम् ।
पद्ममिन्दुसमाक्रान्तं नन्दीशमेकपादधृक् ।२९।
प्रथमञ्चान्ततो योज्यं क्षपणं दशबीजकम् ।
अस्यार्द्धं तृतीयञ्चैव पञ्चमं सप्तमं तथा ।३०।
सद्योजातन्तु नवमं द्वितीयाद्धृदयादिकम् ।
दशार्णप्रणवं यत्तु फण्डन्तञ्चास्त्रमुद्धरेत् ।३१।
नमस्कारयुतान्यत्र ब्रह्माङ्गानि तु नान्यथा ।
द्वितीयादष्टमं यावदष्टौ विद्येश्वरा मताः ।३२।
अनन्तेशश्च सूक्ष्मश्च तृतीयश्च शिवोत्तमः ।
एकमूर्त्येकरूपस्तु त्रिमूर्त्तिरपरस्तथा ।३३।
श्रीकण्ठश्च शिखण्डी च अष्टौ विद्येश्वराः स्मृताः ।
शिखण्डिनोऽप्यनन्तान्तं मन्त्रान्तं मूर्त्तिरीतिता ।३४।

नरसिंहलाई बाह्र मात्राहरूले विभेदयुक्त बनाउने हो भने पूर्ववत् ह्रस्वस्वरहरूले युक्त बीजहरू ईशान आदि ब्रह्मात्मक अङ्ग हुन्छन् र दीर्घ स्वरहरूले युक्त बीजसहितका मन्त्रहरू हृदय आदि अङ्गको न्यास गर्नका लागि हुन्छन् । अब दस बीजरूपी प्रणवका विषयमा भनिनेछ। ओजलाई अनुस्वारसित जोडेर ओं भन्ने पहिलो वर्ण उत्पन्न गर्नुपर्दछ। अंशुमान् र अंशुलाई जोडेर आं यो दोस्रो तथा नायकस्वरूप वर्ण हो । अंशुमान् र ईश्वरले ईं यो तेस्रो वर्ण बन्छ र मुक्ति प्रदान गर्दछ। अंशुसित आक्रान्त ऊहक जोडिने ओम् यो चतुर्थ वर्ण हो । अनुस्वारसहितको वरुण, प्राण र तेजस्ले व्यं लाई पञ्चम बीजाक्षर हो भनिएको छ । त्यसपछि अनुस्वारसहितको कृतान्तले बनेको मं षष्ठ बीज हो। अनुस्वारसहितको उदक र प्राणले बनेको व्यं सातौँ बीजका रूपमा उच्चरित हुन्छ। इन्दुसहितको पद्म पं आठौँ र एकपादयुक्त नन्दीशले बनेको नें नवौँ बीज हो। अन्त्यमा प्रथम बीज ओङ्कै उल्लेख गरिन्छ। यस किसिमले दस बीज भएको मन्त्र हुन्छ र यसैलाई क्षपण पनि भनिएको छ। इसको पहिलो, तेस्रो, पाँचौँ, सातौँ र नवौँ बीज क्रमशः ईशान, तत्पुरुष, अघोर, वामदेव र सद्योजातस्वरूप हुन्। दोस्रो आदि बीज हृदय आदि अङ्ग न्यासमा उपयुक्त हुन्छ। दसौँ प्रणवसहित बीजलाई सँगसँगै उच्चारणपूर्वक अस्त्राय फट् भनेर अस्त्रन्यास गर्नुपर्दछ। ईशान आदि मूर्तिहरूका अन्त्यमा नमः जोडेर नै भन्नुपर्दछ, त्यसै हुँदैन। द्वितीय बीजबाट सुरु गरेर नवौँसम्मका जुन आठ बीज हुन्छन् ती विद्येश्वररूप हुन्। अनन्तेश, सूक्ष्म, शिवोत्तम, एकमूर्ति, एकरूप, त्रिमूर्ति, श्रीकण्ठ तथा शिखण्डी तिनीहरूका नाम हुन् र यिनलाई विद्येश्वर भनिएको छ । शिखण्डीबाट सुरु गरेर अनन्तेशसम्म उल्टो क्रममा बीज मन्त्रलाई जोड्नुपर्दछ। यसै किसिमले यहाँ मूर्तिविद्याका विषयमा बताइएको छ।२०-३४।

# ३१८. अष्टादशाधिकत्रिशततमोऽध्यायः

## गणपूजा

ईश्वर उवाच
विश्वरूपं समुद्धृत्य तेजस्युपरि संस्थितम् ।
नरसिंहं ततोऽधस्तात्कृतान्तं तदधो न्यसेत् ।१।
प्रणवं तदधः कृत्वा ऊहकं तदधः पुनः ।
अंशुमान्विश्वमूर्त्तिस्थं कण्ठोष्ठप्रणवादिकम् ।२।
नमोऽन्तः स्याच्चतुर्वर्णो विश्वरूपञ्च कारणम् ।
सूर्य्यमात्राहतं ब्रह्मण्यङ्गानीहं तु पूर्ववत् ।३।

शिव भन्दछन्– हे स्कन्द ! जसमाथि तेज रहेको छ त्यस्तो विश्वरूपाई उच्चारण गरेर अनि नरसिंहका तल कृतान्त राख्नुपर्दछ । त्यसका अन्त्यमा प्रणव लगाएपछि र्ह्क्ष्मों बन्छ । त्यसपछि ऊहक, अंशुमान्, विश्वलाई जोडेपछि हूं बन्दछ। यी दुवै क्रमशः अन्तःस्थ र कण्ठोष्ठ हुन् भनिएको छ। यिनीहरूका अन्त्यमा नमः जोड्दा यी दुवै मन्त्र ओं र्ह्क्ष्मों नमः र ओं हूं नमः चारचार अक्षरका हुन्छन् । विश्वरूपलाई कारण मानिएको छ । त्यसलाई बाह्र मात्राहरूले गुणित गर्नुपर्दछ। यी बाह्रहरूमध्ये पाँच ह्रस्व बीजहरूद्वारा पहिलेकै

उद्धरेत्प्रणवं पूर्वं प्रस्फुरद्द्वयमुच्चरेत् ।
घोरघोरतरं पश्चात्तत्र रूपमतः स्मरेत् ।४।
चटशब्दं द्विधा कृत्वा ततः प्रणवमुच्चरेत् ।
दहेति च द्विधा कार्य्यं वमेति च द्विधा मतम् ।५।
घातयेति द्विधाकृत्य हूं फडन्तं समुच्चरेत् ।
अघोरास्त्रन्तु नेत्रं स्याद्गायत्री चोच्यतेऽधुना ।६।
तन्महेशाय विद्महे महादेवाय धीमहि ।
तन्नः शिवः प्रचोदयाद्गायत्री सर्वसाधनी ।७।
यात्रायां विजयादौ च यजेत्पूर्वङ्गणं श्रिये ।
तुर्य्यारो तु पुरा क्षेत्र समन्तादर्कभाजिते ।८।
चतुष्पदं त्रिकोणे तु त्रिदलं कमलं लिखेत् ।
तत्पृष्ठे पदिका वीथी भागित्रिदलमश्वयुक् ।९।
वसुदेवसुतैः साब्जैस्त्रिदलैः पादपट्टिकाः ।
तदूर्ध्वे वेदिका देया भागमात्रप्रमाणतः ।१०।
द्वारं पद्मभितं कोष्ठादुपद्वारं विवर्णितम् ।
द्वारोपद्वा रचितं मण्डलं विघ्नसूदनम् ।११।
आरक्तं कमलं मध्ये बाह्यपद्मानि तद्बहिः ।
सिता तु वीथिका कार्य्या द्वाराणि तु यथेच्छया ।१२।
कर्णिका पीतवर्णा स्यात्केसराणि तथा पुनः ।
मण्डलं विघ्नमर्दाख्यं मध्ये गणपतिं यजेत् ।१३।
नामाद्यं सवराकं स्याद्दीर्घाच्छकसमन्वितम् ।
शिरोहतं तत्पुरुषेण ओमाद्यञ्च नमोऽन्तकम् ।१४।
गजाख्यं गजशीर्षञ्च गाङ्गेयं गणनायकम् ।
त्रिरावर्त्तं गगनगं गोपतिं पूर्वपङ्क्तिगम् ।१५।
विचित्रांशं महाकायं लम्बोष्ठं लम्बकर्णकम् ।
लम्बोदरं महाभागं विकृतं पार्वतीप्रियम् ।१६।
भयावहं च भद्रं च भगणं भयसूदनम् ।
द्वादशैते दशपङ्क्तौ देवत्रासं च पश्चिमे ।१७।
महानादं भास्वरं च विघ्नराजं गणाधिपम् ।
उद्भटस्वानभश्चण्डौ महाशुण्डञ्च भीमकम् ।१८।
मन्मथं मधुसूदनञ्च सुन्दरं भावपुष्टकम् ।
सौम्ये ब्रह्मेश्वरं ब्राह्मं मनोवृत्तिञ्च संलयम् ।१९।

जस्तो ईशान आदि पाँच ब्रह्ममूर्तिहरूको पूजा गरिन्छ र छवटा दीर्घहरूले उसरी नै यहाँ अङ्गन्यासको कार्य सम्पन्न गर्नुपर्दछ। ह्रीं लेखेर दुईपटक स्फुरस्फुर लेख्नुपर्दछ। त्यसपछि ती दुवैका आदिमा प्र लगाएर अर्कोपटक प्रस्फुरप्रस्फुर लेख्नुपर्दछ । त्यसपछि कह र वम तथा बन्ध यी तीन पदहरूलाई दुईदुईपटक लेख्नुपर्दछ र घातय लेखेपछि अन्त्यमा हुं फट् उल्लेख गर्नुपर्दछ । यस किसिमको एकाउन्न अक्षरको अघोर मन्त्र हो । अब शिव गायत्रीका विषयमा भन्दछु । महेशाय विद्महे महादेवाय धीमहि तन्नः शिव प्रचोदयात् यो शिव गायत्री हो । यसले सम्पूर्ण अभीष्ट वस्तुहरूलाई सिद्ध गराउँछ। यात्रा तथा विजय आदिका कार्यमा पहिले गणको पूजा गर्नुपर्दछ। त्यसो गर्दा श्री प्राप्ति हुन्छ। पहिले चार कुने भूमिलाई सबैतिरबाट बाह्रबाह्र कोठामा विभाजित गर्नुपर्दछ। यस्तो एक सय चवालीस कोष्ठकका माझमा रहेका चारवटा पदहरूलाई त्रिकोण बनाएर त्यसका बीचमा तीन दल भएको कमल बनाउनुपर्दछ। त्यसका पृष्ठ भागमा पदिका र वीथीका भागमा तीन दल भएको अश्वसहितको कमल बनाउनुपर्दछ। त्यसपछि तीन दलले सुशोभित भएका वसुदेवपुत्रहरूका लागि पादपट्टिका निर्माण गर्नुपर्दछ । त्यसका माथिल्लो भागजत्रै एउटा वेदी बनाएर पूर्व आदि दिशाहरूमा द्वार तथा कोण भागमा उपद्वारहरू बनाउनुपर्दछ। यस किसिमले द्वार र उपद्वारले बनाइएको मण्डल विघ्ननाशक हुन्छ । मध्य भागमा जुन कमल रहेको हुन्छ त्यो पूरै रातो वर्णको हुनुपर्दछ। त्यसका बाहिरका कमलहरू पनि त्यस्तै हुनुपर्दछ । वीथी सेतो वर्णको हुनुपर्दछ। द्वारहरूको रङ आफ्नै इच्छाअनुसार राख्न सकिन्छ। कर्णिका पहेँलो रङले रङाउनुपर्दछ र केसर पनि पहेँलो रङकै हुन्छन्। यो विघ्नमर्द नामको मण्डल हो। यसका माझमा गणपतिको पूजा गर्नुपर्दछ । नामका आदि अक्षरलाई अनुनासिकसहित बोले आदिमा ओं र अन्त्यमा नमः पद जोडेर ओं गं गणपतये नमः भन्नुपर्दछ। ह्रस्वान्त बीजे युक्त ईशान, तत्पुरुष आदि मन्त्रले ब्रह्ममूर्तिहरूको पूजा गर्नुपर्दछ र दीर्घ अन्त्यमा रहेका बीजमन्त्रले अङ्गन्यास गर्नुपर्दछ । उपर्युक्त मण्डलको पूर्व दिशामा रहेका पङ्क्तिमा गज, गजशीर्ष, गाङ्गेय, गणनायक, गगनग र गोपति भन्ने नामहरू उल्लेख गर्नुपर्दछ। यिनीहरूमध्ये अन्तिम दुई नामहरूको तीन आवृत्ति हुन्छ । विचित्रांश, महाकाय, लम्बोष्ठ, लम्बकर्ण, लम्बोदर, महाभाग, विकृत, पार्वतीप्रिय, भयावह, भद्र, भगण, और भयसूदन यी बाह्रवटा नाम दक्षिण दिशाका पङ्क्तिमा लेख्नुपर्दछ । पश्चिम दिशामा देवत्रास, महानाद, भासुर, विघ्नराज, गणाधिप, उद्भटस्वन, उद्भटशुण्ड, महाशुण्ड, भीम, मन्मथ, मधुसूदन, सुन्दर र भावपुष्ट यी नामहरू लेख्नुपर्दछ।

लयं दूत्यप्रियं लौल्यं विकर्णं वत्सलं तथा ।
कृतान्तं कालदण्डञ्च यजेत्कुम्भञ्च पूर्ववत् ।२०।
अयुतञ्च जपेन्मत्रं होमयेत्तु दशांशतः ।
शेषाणान्तु दशाहुत्या जपाद्धोमन्तु कारयेत् ।२१।
पूर्णां दत्त्वाऽभिषेकन्तु कुर्य्यात्सर्वन्तु सिध्यति ।
भूगोऽश्वगजवस्त्राद्यैर्गुरूपूजाञ्चरेन्नरः ।२२।

अनि उत्तर दिशामा ब्रह्मश्वर, ब्राह्मनोवृत्ति, संलय, लय, नृत्यप्रिय, लोल, विकर्ण, वत्सल, कृतान्त, कालदण्ड र कुम्भलाई पहिलेकै जसरी उल्लेख गरेर यी सबैलाई यजन गर्नुपर्दछ। पूर्वोक्त मन्त्रको दस हजारपटक जप र त्यसको दस अंश होम गर्नुपर्दछ। बाँकी नामका मन्त्रहरूलाई दसदसपटक जप गरेर तिनका लागि एकएकपटक आहुति दिनुपर्दछ । त्यसपछि पूर्णाहुति गरेर अभिषेक गर्नुपर्दछ। यसो गर्दा सम्पूर्ण मनोरथ सिद्ध हुन्छन्। साधकले भूमि, गाई, अश्व, हात्ती र वस्त्र आदि दिएर गुरुको पूजा गर्नुपर्दछ।१-२२।

# ३१९. ऊनविंशत्यधिकत्रिशततमोऽध्यायः

## वागीश्वरीपूजा

ईश्वर उवाच

वागीश्वरीपूजनञ्च प्रवदामि समण्डलम् ।
ऊहकं कालसंयुक्त मनुं वर्णसमायुतम् ।१।
निषाद ईश्वरं कार्य्यं मनुना चन्द्रमूर्य्यवत् ।
अक्षरन्न हि देयं स्याद्ध्यायेत्कुन्देन्दुसन्निभाम् ।२।
पञ्चाशद्वर्णमालान्तु मुक्तास्रनग्दामभूपिताम् ।
वरदाभयाक्षसूत्रपुस्तकाढ्यां त्रिलोचनाम् ।३।
लक्षं जपेन्मस्तकान्तं स्कन्धान्तं वर्णमालिकाम् ।
अकारादि क्षकारान्तां विशन्तीं मानवः स्मरेत् ।४।
कुर्य्याद्गरुश्च दीक्षार्थं मन्त्रग्राहे तु मण्डलम् ।
सूर्य्याग्रग्निन्दुभक्तन्तु भागाभ्यां कमलं हितम् ।५।
विथिका पदिका कार्य्या पद्मान्यष्टौ चतुष्पदे ।
वीथिका पदिका बाह्ये द्वाराणि द्विपदानि तु ।६।
उपद्वाराणि तद्बच्च कोणबंधं द्विपपिट्टकम् ।
सितानि नव पद्मानि कर्णिका कनकप्रभा ।७।

शिव भन्दछन्– हे स्कन्द ! अब म मण्डलसहित गरिने वागीश्वरीको पूजाको विधि बताउँछु । ऊहकलाई कालसित संयुक्त गरेर त्यसलाई चन्द्रमासित जोड्दा त्यो एकाक्षर मन्त्र घूं बन्दछ। निषादमाथि ईश्वरलाई जोडेर त्यसलाई बिन्दुविसर्गले समन्वित गर्नुपर्दछ। यस एकाक्षरी मन्त्रको उपदेश जोसुकैलाई दिनु हुँदैन। वागीश्वरीको ध्यान– देवीको अङ्गकान्ति कुङ्कुम तथा चन्द्रमाजस्तै उज्यालो छ, उनले पचास रङ्गको मालाजस्तो रूप धारण गरेकी छिन्, मुक्ताको माला तथा सेतो पुष्पका हारले सजिएकी छिन्, उनका चारहातमा क्रमशः वरद, अभय, अक्षमाला एवं पुस्तक सजिएका छन् र उनी तीन आँखा भएकी छिन् भनेर गर्नुपर्द छ । यस किसिमको ध्यान गरिसकेर उक्त एकाक्षर मन्त्रलाई एक लाखपटक जप गर्नुपर्दछ। अनि– देवी गोडादेखि शिरसम्म अथवा काँधको ककारदेखि क्षकारसम्मका वर्णहरूको माला धारण गर्दछिन् भन्ने किसिमको उनका स्वरूपको स्मरण गर्नुपर्दछ । दीक्षा दिन वा मन्त्रको उपदेश गर्नका लागि गुरुले एउटा मण्डल बनाउनुपर्दछ । त्यो सूर्याग्र र चन्द्रले विभक्त हुनुपर्दछ । दुई भागमा कमल बनाउनुपर्दछ । त्यो कमल साधकका लागि हितकारी हुन्छ। अनि वीथी र पाया बनाउनुपर्दछ। चार पदमा आठवटा कमल बनाउनुपर्दछ । तिनीहरूका बाहिरी भागमा वीथी र पदिकाहरूको निर्माण गर्नुपर्दछ। दुईदुई पदद्वारा प्रत्येक दिशामा द्वार बनाउनुपर्दछ। यसै गरी उपद्वारहरू पनि निर्माण गर्नुपर्दछ । कोणहरूमा दुईदुई पट्टिकाहरू बनाउनुपर्दछ । त्यसपछि नौवटा सेतो वर्णका कमलहरू राख्नुपर्दछ । कर्णिकामाथि सुनौला रङ्गको धुलो छरेर पहेँलो पार्नुपर्दछ । केसरको भागलाई पनि अनेकौँ रङ्गले रङाउँदै कोणहरूलाई

केसराणि विचित्राणि कोणान्रक्तेन पूरयेत् ।
व्यमरेखान्तरं कृष्णं द्वारणान्द्रेभमानतः ।८।
मध्ये सरस्वतीं पद्मे वागीशीं पूर्वपद्मके ।
हृल्लेखा चित्रवागिशि गायत्री विश्वरूपया ।९।
शाङ्करी मतिर्धूतिश्च पूर्वाद्या ह्रीं स्वबीजकाः ।
ध्येया सरस्वतीवच्च कपिलाज्येन होमकः ।
संस्कृत प्राकृतकविः काव्यशास्त्रादिविद्भवेत् ।१०।

रातो रङ्गले रङाउनुपर्दछ । व्योमरेखाहरूको अन्तरलाई कालो बनाउँदै द्वारको अनुपात इन्द्रका हात्तीजत्रो बनाउनुपर्दछ । माझका कमलमा सरस्वती, पूर्वका कमलमा वागीश्वरी, अनि अग्नि आदि कोणका क्रमले हृल्लेखा, चित्रवागी, गायत्री, विश्वरूपा, शाङ्करी, मति र धृतिलाई स्थापित गरेर ती सबैलाई पूजा गर्नुपर्दछ । नामका आदिमा ह्रीं र नामको पहिलो अक्षरलाई बीजका रूपमा उच्चारण गरेर पूर्वमा ह्रीं वां वागीश्यै नमः इत्यादि क्रमले पूजा गर्नुपर्दछ । सरस्वती नै वागीश्वरीका रूपमा ध्यान गर्न योग्य छिन् । जप पूरा गरेर कैली गाईका घिउले हवन गर्नुपर्दछ । यसो गर्ने साधक संस्कृत र प्राकृत भाषामा काव्य रचना गर्ने कवि हुन्छ र काव्यशास्त्र आदिको विद्वान् पनि हुन्छ ।१-१०।

# ३२०. विंशत्यधिकत्रिशततमोऽध्यायः

## मण्डल

ईश्वर उवाच
सर्वतोभद्रकान्यष्ट मण्डलानि वदे गुह ।
शक्तिमासाधयेत्प्राचीमिष्टायां विषुवे सुधीः ।१।
चित्रास्वात्यन्तरेणाथ हृष्टसूत्रेण वा पुनः ।
पूर्वापरायतं सूत्रमास्फाल्य मध्यतोऽङ्कयेत् ।२।
कोटिद्वयन्तु तन्मध्यादङ्कयेद्दक्षिणोत्तरम् ।
मध्ये द्वयं प्रकर्त्तव्यं स्फालयेद्दक्षिणोत्तरम् ।३।
शतक्षेत्रार्द्धमानेन कोणसम्पातमादिशेत् ।
एवं सूत्रचतुष्कस्य फालनाच्चतुरस्रकम् ।४।
जायते तत्र कर्त्तव्यं भद्रस्वेदकरं शुभम् ।
वसुभक्तेन्दु द्विपदे क्षेत्रे वीथौ च भागिका ।५।
द्वारं द्विपदिकं पद्ममानाद्वै सकपोलकम् ।
कोणबन्धविचित्रन्तु द्विपदं तत्र वर्तयेत् ।६।
शुक्लं पद्मं कर्णिका तु पीता चित्रन्तु केसरम् ।
रक्ता वीथी तत्र कल्प्या द्वारं लोकेशरूपकम् ।७।

शिव भन्दछन्— हे स्कन्द ! अब म सर्वतोभद्र नामका आठ किसिमका मण्डलहरूको वर्णन गर्दछु । सबैभन्दा पहिले सिन्को अथवा किलाले पूर्व दिशा निश्चित गर्नुपर्दछ । यसरी प्राची निश्चय भएपछि विद्वान् पुरुषले विषुवकालमा चित्रा र स्वाती नक्षत्रको अन्तरबाट अथवा प्रत्यक्ष धागो लगाएर पूर्वदेखि पश्चिमसम्म त्यसलाई तानेर माझमा दुईवटा कोटि छुट्याउनुपर्दछ । ती दुवैका माझमा उत्तरदक्षिण पारेर लामो रेखा तान्नुपर्दछ । दुईवटा मत्स्य निर्माण गर्नुपर्दछ । तिनीहरूलाई दक्षिणबाट उत्तरतिर फर्काउनुपर्दछ । क्षतपद क्षेत्रको आधाजतिले कोणहरू बनाउनुपर्दछ । यस किसिमले चारपटकसम्म सूत्रकालाई क्षेत्रको आस्फालन गर्दा एउटा चारकुने रेखा बन्न आउँछ । त्यसमा चार हातको शुभ भद्रमण्डल बनाउनुपर्दछ । आठआठ पदहरू चारैतिरबाट विभक्त हुँदा चौसठ्ठी पद हुन्छन् र तिनीहरूबाट बीस पद भएका क्षेत्रमा बाह्रवटाको एकातर्फ वीथी निर्माण गर्नुपर्दछ । यो वीथी एक मन्त्रको हुन्छ । कमलको अनुमान गरेर दुई पदजतिको एउटा द्वार बनाउनुपर्दछ । द्वारमा कपोल पनि हुनुपर्दछ । कोणबन्धका कारणका त्यसको शोभा विचित्र हुनुपर्दछ । यसरी नै द्विपदको द्वार बनाएर उपयोग गर्नुपर्दछ । कमल सेतो वर्णको हुन्छ, कर्णिका पहेँलो वर्णका हुन्छन्, केसर विभिन्न रङ मिसिएको हुन्छ वीथीलाई रातो रङले भर्नुपर्दछ, द्वारहरू लोकपालकै वर्णअनुसारका हुन्छन् । नित्य तथा नैमित्तिक विधिमा कोणहरूको रङ रातो हुनुपर्छ । अब कमलको वर्णन

रक्तकोणं विधौ नित्ये नैमित्तिकेऽब्जकं शृणु ।
असंसक्तन्तु संसक्तं द्विधाब्जं भुक्तिमुक्तिकृत् ।८।
असंसक्तं मुमुक्षूणां संसक्तं तत्त्रिधा पृथक् ।
बालो युवा च वृद्धश्च नामतः फलसिद्धिताः ।९।
पद्मक्षेत्रे तु सूत्राणि दिग्विदिक्षु विनिक्षिपेत् ।
वृत्तानि पञ्चकल्पानि पद्मक्षेत्रसमानि तु ।१०।
प्रथमे कर्णिका तत्र पुष्करैर्नवभिर्युता ।
केसराणि चतुर्विंशद्द्वितीयेऽथ तृतीयके ।११।
दलसन्धिर्गजकुम्भनिभान्तर्यद्दलाग्रकम् ।
पञ्चमे व्योमरूपन्तु संसक्तं कमलं स्मृतम् ।१२।
असंसक्तं दलाग्रे तु दिग्भागैर्विस्तराङ्कजेत् ।
भागद्वयपरित्यागाद्वस्वंशैर्वर्त्तयेद्दलम् ।१३।
सन्धिविस्तरसूत्रेण तन्मूलादञ्जयेद्दलम् ।
सव्यासव्यक्रमेणैव वृद्धमेतद्भवेत्ततथा ।१४।
अथ वा सन्धिमध्यात्तु भ्रामयेदर्द्धचन्द्रवत् ।
सन्धिद्वयाग्रमूत्रं वा बालपद्मं तथा भवेत् ।१५।
सन्धिसूत्रार्द्धमानेन पृष्ठतः परिवर्त्तयेत् ।
तीक्ष्णाग्रन्तु सुवातेन कमलं भुक्तिमुक्तिदम् ।१६।
मुक्तवृद्धौ च वश्यादौ बालं पद्मं समानकम् ।
नवनाभं नवहस्तं भागैर्मन्त्रात्मकैश्च तत् ।१७।
मध्येऽब्जं पट्टिकाबीजं द्वारेणाब्जस्य मानवः ।
कण्ठोपकण्ठमुक्तानि तद्बाह्ये वीथिक मता ।१८।
पञ्चभागान्विता सा तु समन्ताद्दशभागिका ।
दिग्विदिक्ष्वष्ट पद्मानि द्वारपद्मं सवीथिकम् ।१९।
तद्बाह्ये पञ्चपदिका वीथिका यत्र भूषिता ।
पद्मवद्द्वारकण्ठन्तु पदिकञ्चौष्ठकण्ठकम् ।२०।
कपोलं पदिकं कार्य्यं दिक्षु द्वारत्रयं स्फुटम् ।
कोणबन्धं त्रिपट्टन्तु द्विपट्टं वज्रवद्भवेत् ।२१।

सुन । कमलका असंसक्त र संसक्त गरी दुई भेद हुन्छन् । असंसक्तले मोक्ष र संसक्तले भोगको प्राप्ति हुन्छन् । मोक्षको कामना गर्नेहरूका लागि असंसक्त कमल उपयुक्त हुन्छ । संसक्त कमल बाल, युवा र वृद्ध गरी तीन भेदको हुन्छ । आआफ्नो नामअनुसारकै फल यिनीहरूले प्रदान गर्दछन् । कमलका क्षेत्रमा दिशा तथा कोणहरूतर्फ धागो तान्नुपर्दछ र कमलजत्रै खालका पाँचवटा वृत्त तयार गर्नुपर्दछ । प्रथम वृत्तमा नौवटा पुष्कर भएको कर्णिका बनाउनुपर्दछ । दोस्रोमा चौबीस केसहरू हुन्छन्, तेस्रोमा दलहरूको सन्धिस्थान रहेको हुन्छ र त्यसको आकृति हात्तीको कुम्भस्थलजस्तै हुन्छ । चौथो वृत्तमा दलहरूको अग्रभाग रहेको हुन्छ र पाँचौँमा केवल शून्य नै रहेको हुन्छ । यसलाई संसक्त कमल भनिएको छ । असंसक्त कमलमा दलको अग्रभागमा जुन दिशाहरूको भाग हुन्छ तिनीहरूको विस्तारअनुसारका दुई भाग छोडेर आठ भागले दलहरू बनाउनुपर्दछ । सन्धि र विस्तारसूत्रले त्यसैअनुसारको नाप लिएर दलको रचना गर्नुपर्दछ । यसमा बायाँबाट दाहिनेका क्रममा कार्यहरू गर्नुपर्दछ । यस किसिमले वृद्ध संसक्त कमल बनाइन्छ । अथवा सन्धिका बीचबाट धागोलाई अर्धचन्द्राकारमा घुमाउनुपर्दछ नभए दुई सन्धिहरूका अघिल्तिर रहेको धागोलाई अर्धचन्द्राकारमा घुमाउनुपर्दछ । यसो गर्दा बाल नामको कमल बन्छ । सन्धिसूत्रलाई टुप्पाबाट पछाडितर्फ धागो घुमाउँदा निस्केको तिखो भाग नै युवा नामको कमल हो । यस्ता कमलहरूबाट भोग र मोक्ष प्राप्ति हुन्छ । हे छवटा मुख भएका स्कन्द ! मुक्तिका उद्देश्यले गरिने आराधना आदि कर्ममा वृद्ध कमललाई उपयोग गर्नुपर्दछ र वशीकरण आदिमा बाल कमललाई उपयोग गरिन्छ । नवनाभ कमलचक्र नौ हातको हुन्छ । त्यसका माझमा कमल हुन्छ र त्यही कमलअनुसारले नै त्यसमा पट्टिका, वीथी र द्वार एवं कण्ठ तथा उपकण्ठ आदि निर्माण गर्नुपर्दछ भन्ने कुरो उल्लेख गरिसकिएको छ । त्यसका बाहिरी भागमा वीथी रहेको हुन्छ भनिएको छ । पाँच भागमा वीथी रहेको हुन्छ भने त्यसले आफ्ना वरिपरिको दस भागको स्थान ओगटेको हुन्छ । त्यसका आठै दिशामा आठवटा कमल हुन्छन् र वीथीसहित एक द्वारपद्म पनि रहेकै हुन्छ । त्यसका बाहिरतर्फ पाँचवटा कोष्ठकहरूको वीथी रहेको हुन्छ र त्यो लता आदिले सजाइएको हुन्छ । द्वारका कण्ठभागमा कमल रहेको हुन्छ । द्वारको ओष्ठ र कण्ठभाग एकएक कोष्ठकका हुन्छन् । कपोल भाग एक पदको नै बनेको हुन्छ । तीन दिशाहरूमा तीन द्वार स्पष्ट रहेका हुन्छन् । दुई पदको कोणबन्ध तीन पट्टी भएको र वज्र चिह्न अङ्कित भएको हुन्छ । मध्य कमल सेतो वर्णको हुन्छ र बाँकी सबै दिशाका कमलहरू पूर्व आदिको

मध्यन्तु कमलं शुक्लं पीतं रक्तञ्च नीलकम् ।
पीतशुक्लञ्च धूम्रञ्च रक्तं पीतञ्च मुक्तिदम् ।२२।
पूर्वादौ कमलान्यष्ट शिवविष्ण्वादिकं जपेत् ।
प्रासादमध्यतोऽभ्यर्च्य शक्रादीनव्जकादिषु ।२३।
अस्त्राणि बाह्यवीथ्यान्तु विष्ण्वादीनश्वमेधभाक् ।
पवित्रारोहणादौ च महामण्डलमालिखेत् ।२४।
अष्टहस्तं पुरा क्षेत्रं रसपक्षैर्विवर्त्तयेत् ।
द्विपदं कमलं मध्ये वीथिका पदिका ततः ।२५।
दिग्विदिक्षु ततोऽष्टौ च नीलाब्जानि विवर्त्तयेत् ।
मध्यपद्मप्रमाणेन त्रिंशत्पद्मानि तानि तु ।२६।
दलसन्धिविहीनानि नीलेन्दीवरकाणि च ।
तत्पृष्ठे पदिका वीथी स्वस्तिकानि तदूर्ध्वतः ।२७।
द्विपदानि तथा चाष्टौ कृतिभागकृतानि तु ।
वर्त्तयेत्स्वस्तिकांस्तत्र वीथिका पूर्ववद्वहिः ।२८।
द्वाराणि कमलं यद्वदुपकण्ठयुतानि तु ।
रक्तं कोणं पीतवीथि नलं पद्मञ्च मण्डले ।२९।
स्वस्तिकादि विचित्रञ्च सर्वकामदप्रदं गुह ।
पञ्चाब्जं पञ्चहस्तं स्यात्समन्ताद्दशभाजितम् ।३०।
द्विपदं कमलं वीथि पट्टिका दिक्षु पङ्कजम् ।
चतुष्कं पृष्ठतो वीथी पदिका द्विपदान्यथा ।३१।
कण्ठोपकण्ठयुक्तानि द्वाराण्यब्जन्तु मध्यतः ।
पञ्चाब्जमण्डले ह्यस्मिन्सितं पीतञ्च पूर्वकम् ।३२।
वैडूर्य्याभं दक्षिणाब्जं कुन्दाभं वारुणं कजम् ।
उत्तराब्जन्तु शङ्खाभमनयत्सर्वं विचित्रकम् ।३३।
सर्वकामप्रदं वक्ष्ये दशहस्तन्तु मण्डलम् ।
विकारभक्तन्तुर्य्याश्रं द्वारन्तु द्विपदं भवेत् ।३४।
मध्ये पद्मं पूर्ववच्च विघ्नध्वसं वदाम्यथ ।
चतुर्हस्तं पुरं कृत्वा वृतञ्चैव करद्वयम् ।३५।

क्रमअनुसार पहेँलो, रातो, नीलो, पहेँलो, सेतो, ध्वाँसे, रातो र पहेँलो वर्णका हुन्छन् । यस कमलचक्रले मुक्ति प्रदान गर्दछ। पूर्व आदि दिशाहरूमा आठ कमलको र शिवविष्णु आदि देवताहरूको पूजा गर्नुपर्दछ । विष्णु आदिको पूजा पूजाघरको माझको कमलमा गरेर पूर्व आदिमा रहेका कमलहरूमा क्रमशः इन्द्र आदि लोकपालहरूलाई पूजा गर्नुपर्दछ। यिनीहरूका बाहिरी वीथीका पूर्व आदि दिशामा तिनै इन्द्र आदि देवताहरूका वज्र आदि आयुधहरूको पूजा गर्नुपर्दछ। त्यहाँ विष्णु आदि देवताहरूको पूजा गर्दा साधकले अश्वमेध यज्ञको फल प्राप्त गर्दछ। पवित्रारोपण आदिमा महामण्डल निर्माण गर्नुपर्दछ ।१–२४।

आठ हात फराकिलो ठाउँलाई छब्बीस भागमा बाँड्नुपर्दछ । माझमा रहेका दुईवटा तहमा कमल निर्माण गर्नुपर्दछ । त्यसपछि एउटा पदलाई वीथी बनाउनुपर्छ । त्यसपछि दिशा र विदिशाहरूमा आठवटा नीलकमल निर्माण गर्नुपर्दछ। त्यसमा मध्यवर्ती कमलजत्रै पारेर तीसवटा पद्म निर्माण गर्नुपर्दछ। यी सबै नै दलसन्धि नभएका हुनुपर्दछ र नीलो वर्णका इन्दीवर नामका कमल हुनुपर्दछ। यिनीहरूका पृष्ठभागमा एक पदको वीथी हुनुपर्दछ । त्यसका माथि स्वस्तिकचिह्न बनेको हुनुपर्दछ । त्यसको तात्पर्य वीथीका माथिल्लो वा बाहिरी भागमा दुईदुई पद छुट्टिएका ठाउँमा जम्मा आठवटा स्वस्तिक चिह्न बनाइनुपर्दछ । त्यसपछि पहिलेकै जस्तो गरी बाहिरी भागमा वीथी रहनुपर्दछ। द्वार, कमल र उपकण्ठ यी सबै राखिएको हुनुपर्दछ। कोणहरूको रङ्ग रातो र वीथीमा पहेँलो रङ हुनुपर्दछ । मण्डलका बीचको कमल नीलो रङको हुन्छ। हे कार्तिकेय ! विभिन्न रङ्गले सजिएको स्वस्तिक आदिसहितको मण्डलले सम्पूर्ण कामना पूरा गराउँछ। पञ्चाब्ज मण्डल पाँच हातको क्षेत्रलाई सबैतिरबाट दसदसले बाँडेर बनाइएको हुन्छ । यसमा दुई पदको कमल, त्यसका बाहिरी भागमा वीथी, अनि पट्टिका, अनि चार दिशाहरूमा चारवटा कमल हुन्छन्। यी चारभन्दा पछि पृष्ठ भागमा वीथी हुन्छ र त्यो एक या दुई पदलाई ओगटेर बनाइएको हुन्छ। कण्ठ र उपकण्ठहरू भएको द्वार हुनुपर्दछ र द्वारका माझमा कमल हुन्छ । यस पञ्चाब्ज कमलमा पूर्वतिरको कमल सेतो र पहेँलो रङ्गको हुन्छ। दक्षिणतिरको कमल वैदूर्य मणिका रङ्गको, पश्चिमको कुन्दपुष्पजस्तै सेतो र उत्तर दिशाको कम शङ्खजस्तै चहकिलो हुनुपर्दछ र बाँकी सबै रङ्गीबिरङ्गी हुन्छन् । अब म दसहाते मण्डलको वर्णन गर्दछु र यसले सम्पूर्ण कामनाहरू सिद्ध गराउँछ। त्यसलाई चौबीस सङ्ख्याले सबैतिरबाट विभाजन गरेर चारकुने क्षेत्र तयार गर्नुपर्दछ। त्यसमा दुईदुई पदको द्वार हुन्छ। पूर्वोक्त

वीथिका हस्तमात्रन्तु स्वस्तिकैर्बहुभिर्वृता ।
हस्तमात्राणि द्वाराणि दिक्षु वृत्तं सपद्मकम् ।३६।
पद्मानि पञ्च शुक्लानि मध्ये पूज्यश्च निष्कलः ।
हृदयादीनि पूर्वादौ विदिक्ष्वस्त्राणि वै यजेत् ।३७।
प्राग्वच्च पञ्च ब्रह्माणि बुद्ध्याधारमतो वदे ।
शतभागे तिथिभागे पद्मं लिङ्गाष्टकं दिशि ।३८।
मेखलाभागसंयुक्तं कण्ठं द्विपदिकं भवेत् ।
आचार्य्यो बुद्धिमाश्रित्य कल्पयेच्च लतादिकम् ।३९।
चतुःषट्पञ्चमाष्टादि खाक्षिखाद्यादि मण्डलम् ।
खाक्षीन्दुसूर्य्यगं सर्वं खाक्षि चैवेन्दुवर्णनात् ।४०।
चत्वारिंशदधिकानि चतुर्दशशतानि हि ।
मण्डलानि हरेः शम्भोर्देव्याः सूर्य्यस्य सन्ति च ।४१।
दशसप्तविभक्ते तु लतालिङ्गोद्भवं शृणु ।
दिक्षु पञ्च त्रयञ्चैकं त्रयं पञ्च च लोमयेत् ।४२।
ऊर्ध्वगे द्विपदे लिङ्गमन्दिरं पार्श्वकोष्ठयोः ।
मध्येन द्विपदं पद्ममथ चैकं च पङ्कजम् ।४३।
लिङ्गस्य पार्श्वयोर्भद्रे पदद्वारमलोपनात् ।
तत्पर्श्वशोभाः षड् लोप्य लताः शेषास्तथा हरेः ।४४।
ऊर्ध्वं द्विपदिकं लोप्य हरेर्भद्राष्टकं स्मृतम् ।
रश्मिमानसमायुक्तवेदलोपाच्च शोभितम् ।४५।
पञ्चविंशतिकं पद्मं ततः पीठमपीठकम् ।
द्वयं द्वयं रक्षयित्वा उपशोभास्तथाष्ट च ।४६।
देव्यादिख्यापकं भद्रं बृहन्मध्ये परं लघु ।
मध्ये नवपदं पद्मं कोणे भद्रचतुष्टयम् ।४७।
त्रयोदशपदं शेषं बुद्ध्याधारस्तु मण्डलम् ।
शतपत्रं षष्ट्यधिकं बुद्ध्याधारं हरादिषु ।४८।

चक्रकैं जस्तो गरेर यसका पनि माझमा कमल हुन्छ। अब म विघ्नध्वंस चक्रको वर्णन गर्दछु। चार हातको चारकुने क्षेत्र बनाएर त्यसका माझमा दुई हातको गोलो घेरा हाल्नुपर्दछ। एक हातको वीथीलाई सबैतिरबाट स्वस्तिक चिह्नले छेकेका हुन्छन्। एकएक हातमा चारैतिर द्वार बनेका हुन्छन्। चारै दिशामा वृत्त हुन्छन् र तिनमा कमल अङ्कित हुन्छन्। यस किसिमले यस चक्रमा पाँच कमल हुन्छन्, ती कमलको वर्ण सेतो हुन्छ। मध्यवर्ती कमलमा निराकार परमात्माको पूजा गर्नुपर्दछ। पूर्व आदि दिशाहरूमा हृदय आदि अङ्गहरूको र विदिशाहरूमा अस्त्रहरूको पूजा गर्नुपर्दछ। पहिले भनिएको जस्तै सद्योजात आदि पाँच ब्रह्ममय मुखहरूको पनि पूजा गर्नुपर्दछ। अब म बुद्ध्याधार चक्रको वर्णन गर्दछु। सय पदको क्षेत्रबाट माझका पन्ध्रवता पदमा एउटा कमल बनाउनुपर्दछ। अनि आठ दिशाहरूमा एकएक गरी आठवटा शिवलिङ्ग बनाउनुपर्दछ। मेखलासहितको कण्ठलाई दुई पद ओगटेर बनाउनुपर्दछ। आचार्यले आफ्नै बुद्धिका भरमा चाहिने ठाउँमा लता आदिको कल्पना गर्नुपर्दछ। मण्डलमा चार, छ, पाँच वा आठ कमल हुन्छन्। बीस वा तीस कमल भएको मण्डल पनि हुन्छ। बाह्र हजार, एक सय बीस कमलहरू भएको सम्पूर्ण मण्डल पनि हुन्छ र एक सय बीस कमलको मण्डल पनि देख्न पाइन्छ। श्रीहरि, शिव, देवी र सूर्यदेवको चौध सय चालीस मण्डल हुन्छन्। सत्र पदलाई सत्रले विभाजन गरी पद बनाउँदा दुई सय उनानब्बे हुन्छन्। ती पदहरूका मण्डलमा लतालिङ्गको उद्भव कसरी हुन्छ भन्ने कुरो सुन। प्रत्येक दिशामा पाँच, तीत, एक, तीन र पाँच पदहरू मेटिदिनुपर्दछ। माथिका दुई पदले लिङ्ग र पार्श्वभागमा रहेका दुईदुई पदहरूले मन्दिर बन्दछन्। माझमा रहेका दुई पदले कमल बनाउनुपर्दछ। अझै अर्को एउटा कमल पनि हुन्छ। लिङ्गका पार्श्वभागमा दुईवटा भद्र बनाइन्छन्। एक पदको द्वार हुन्छ र त्यसलाई मेटाउनु हुँदैन। त्यस द्वारका दुवै पार्श्वमा छछवटा पदहरू मेटाइदिने हो भने द्वारशोभा बन्दछन्। बाँकी पदहरूमा श्रीहरिका लागि कल्कलाउँदा तलाहरू राख्नुपर्दछ। माथिका दुई पद मेटिदिने हो भने श्रीहरिकै लागि भद्राष्टक हुन्छ। अनि चार पदहरू मेटाइदिँदा रश्मिको लहरसहित भएको शोभास्थान बन्दछ। पच्चीस पदहरूले कमल, अनि पीठ, अपीठ र दुईदुई पदहरूलाई राखेर आठ उपशोभाहरू बनाइन्छन्। देवी आदिको सूचक भद्रमण्डल चाहिँ माझमा फराकिलो र छेउतिर साँघुरिएको हुन्छ। बीचमा नौ पदको कमल बन्छ र चारै कुनामा चार भद्रमण्डल बनाइन्छन्। बाँकी तेह्रवटा पदहरूको बुद्ध्याधार मण्डल हुन्छ। यसमा एक सय आठ पदहरू हुन्छन्। बुद्ध्याधार मण्डल भगवान् शिव आदिको आराधनाका लागि अति राम्रो हुन्छ।२५-४८।

# ३२१. एकविंशत्यधिकत्रिशततमोऽध्यायः

## अघोरास्त्रशान्तिकल्प

ईश्वर उवाच

अस्त्रयागः पुरा कार्य्यः सर्वकर्मसु सिद्धिदः ।
मध्ये पूज्यं शिवाद्यस्त्रं वज्रादीन्पूर्वतः क्रमात् ।१।
पञ्चचक्रं दश करं रणादौ पूजितं जये ।
ग्रहपूजा रविर्मध्ये पूर्वाद्याः सोमकादयः ।२।
सर्व एकादशस्थास्तु ग्रहाः स्युर्ग्रहपूजनात् ।
अस्त्रशान्तिं प्रवक्ष्यामि सर्वोत्पातविनाशिनीम् ।३।
ग्रहरोगादिशमनीं मारीशत्रुविमर्दनीम् ।
विनायकोपतप्तिघ्नमघोरास्त्रं जपेन्नरः ।४।
लक्षं ग्रहा दिनाशः स्यादुत्पाते तिलहोमकम् ।
दिव्ये लक्षं तदर्द्धेन व्योमजोत्पातनाशनम् ।५।
घृतेन लक्षपातेन उत्पाते भूमिजे हितम् ।
घृतगुग्गुलुहोमे च सर्वोत्पातादिमर्दनम् ।६।
दूर्वाक्षताज्यहोमेन व्याधयोऽथ घृतेन च ।
सहस्रेण तु दुःस्वप्ना विनश्यन्ति न संशयः ।७।
अयुतादग्रहदोषघ्नो जवाघृतविमिश्रितात् ।
विनायकार्त्तिशमनमयुतेन घृतस्य च ।८।
भूतवेतालशान्तिस्तु गुग्गुलोरयुतेन च ।
महावृक्षस्य भङ्गे तु व्यालकङ्के गृहे स्थिते ।९।
आरण्यानां प्रवेशे च दूर्वाज्याक्षतहावनात् ।
उल्कापाते भूमिकम्पे तिलाज्येनाहुताच्छिवम् ।१०।
रक्तस्रावे तु वृक्षाणामयुतादगुग्गुलोःशिवम् ।

महादेव भन्दछन्– हे स्कन्द ! पहिले सबै खालका कर्महरूमा अस्त्रयाग गर्नुपर्दछ । यसले सिद्धि प्रदान गर्दछ । मध्य भागमा शिव, विष्णु आदिका अस्त्रको पूजा गर्नुपर्दछ र पूर्व आदि दिशाहरूमा क्रमशः इन्द्र आदि दिक्पालहरूका वज्र आदि अस्त्रहरूको पूजा गर्नुपर्दछ । भगवान् शङ्करका पाँच मुख र दस हात हुन्छन् भन्ने स्वरूपलाई राजाले युद्धभन्दा पहिले ध्यान गरे भने विजय प्राप्त हुन्छ । ग्रहपूजा गर्दा नवग्रहका बीचमा सूर्यदेवताको र पूर्व आदि दिशाहरूमा सोम आदिको अर्चना गर्नुपर्दछ । ग्रहहरूको पूजा गर्नाले सबै ग्रह एघारौं स्थानमा रहन्छन् र त्यसै स्थानमा रहँदाको जस्तै उत्तम फल दिन्छन् । अब म सबै खालका उत्पातहरूलाई मेटाउने अस्त्रशान्तिको वर्णन गर्दछु । यस शान्तिले ग्रहरोग आदिलाई पनि शान्त गराउँछ र महामारी एवं शत्रुलाई विनाश गर्दछ । विघ्नकारक गणहरूले उब्जाएका उत्पातलाई पनि शान्त गराउँछ । मानिसले अघोरास्त्रको एक लाखपटक जप गर्ने हो भने ग्रहबाधा आदिको निवारण हुन्छ र तिलले त्यसको दस अंश हवन गर्ने हो भने उत्पातको विनाश नै हुन्छ । एक लाख जपहोमले दैवी उत्पात र आधा लाख जपहोमले आकाशबाट उत्पन्न उत्पात नाश हुन्छन् । घिउको एक लाख आहुति दिने हो भने भूमिबाट उत्पन्न भएका उत्पातहरू निवारण गर्नमा सफलता प्राप्त हुन्छ। घिउ मिसिएको गुग्गुलको होमले सम्पूर्ण उत्पातहरू समाप्त हुन्छन्। दुबो, अक्षता र घिउको आहुति दिने हो भने सम्पूर्ण रोगहरू हट्छन् । केवल घिउको एक हजार आहुति दिने हो भने नराम्रा सपनाहरू नाश हुन्छन् भन्ने कुरामा शङ्का छैन । त्यो आहुति यदि दस हजारको सङ्ख्यामा दिने हो भने ग्रहदोष मेटिन्छ । घिउ मिसिएको जौको दस हजार आहुतिले विनायकबाट उत्पन्न हुने दुःखहरू सबै नाश हुन्छन् । दस हजार घिउको आहुतिले र गुग्गुलको पनि दस हजार आहुतिले भूतप्रेत आदि शान्त हुन्छन् । यदि कुनै ठूलो रुख आँधीले आफैं उखेलिएर ढल्यो भने, घरमा सर्पको कङ्काल भेटियो भने र वनमा पस्नुपर्ने भयो भने घिउ र अक्षताको होम गरेर त्यस्ता विघ्नहरू शान्त हुन्छन्। उल्कापात या भूकम्प भयो भने तिल र घिउले होम गर्दा कल्याणकारी हुन्छ। वृक्षबाट रक्त बग्यो, विनासमय फलफूल लागे, राष्ट्रमा फुट पर्‍यो, मर्नेमार्ने हुन लाग्यो, मानिस र पशुमा महामारी आयो भने तिल र घिउ

अकाले फलपुष्पाणां राष्ट्रभङ्गे च मारणे ।११।
द्विपदादेर्यदा मारी लक्षार्द्धाच्च तिलाज्यतः ।
हस्तिमारीप्रशान्तयर्थं करिणीदन्तवर्धने ।१२।
हस्तिन्यां मदवृष्टौ च अयुताच्छान्तिरिष्यते ।
अकाले गर्भपाते तु जातं यत्र विनश्यति ।१३।
विकृता यत्र जायन्ते यात्राकालेऽयुतं हुनेत् ।
तिलाज्यलक्षहोमन्तु उत्तमासिद्धिसाधने ।१४।
मध्यमायां तदर्द्धेन तत्पादादधमासु च ।
यथा जपस्तथा होमः सङ्ग्रामे विजयो भवेत् ।
अघोरास्त्रं जपेन्न्यस्य ज्ञात्वा पञ्चास्यमूर्जितम् ।१५।

मिसिएको आधा लाख आहुति दिनुपर्दछ। यसबाट ती सबैको दोषहरू मेटिन्छन् । यदि हात्तीका लागि महामारी आयो वा हतिनीका दाह्रा बढे वा हतिनीकै कन्चटबाट मदका धारा बग्न लागे भने यस्ता सबै खालका दोषहरू मेटाउनका लागि दस हजार आहुतिहरू दिनुपर्दछ। यसो गर्दा अवश्य शान्ति हुन्छ। बेला नपुगी गर्भ तुहिन्छन् वा जन्मिनेबित्तिकै बालक मर्दछन्, जुन घरमा विकृत अङ्ग भएका बालकको जन्म हुन्छ, जहाँ बेला नै नपुगी बालक जन्मिन्छन् यी सबै खालका दोषहरू मेटाउनका लागि दस हजार आहुति दिनुपर्दछ । सिद्धिको साधना गर्नका लागि घिउले एक लाख हवन गर्ने हो भने उत्तम हुन्छ, आधा लाख हवन गर्ने हो भने त्यो मध्यम हुन्छ र अधम सिद्धिका लागि पच्चीस हजार हवन गर्नुपर्ने हुन्छ। जप जस्तो खालको छ त्यसैअनुसार नै होम गर्नुपर्दछ । यसो गर्दा सङ्ग्राममा विजय प्राप्त हुन्छ। न्यासपूर्वक तेजस्वी पाँचमुखे शिवको ध्यान गरेर अघोरास्त्रको जप गर्नुपर्दछ।१-१५।

# ३२२. द्वाविंशत्यधिकत्रिशततमोऽध्यायः

## पाशुपतशान्ति

ईश्वर उवाच

वक्ष्ये पाशुपतास्त्रेण शान्तिजापादि पूर्वतः ।
पादतः पूर्वनाशो हि फडन्तं चापदादिनुत् ।१।

ओं नमो भगवते महापाशुपताय अतुलबलवीर्य्यपराक्रमाय त्रिपञ्चनयनाय नानारूपाय नानाप्रहरणोद्यताय सर्वाङ्गरक्ताय भिन्नाञ्जनचयप्रख्याय श्मशानवेतालप्रियाय सर्वविघ्ननिकृन्तनरताय सर्वसिद्धिप्रदाय भक्तानुकम्पिने असङ्ख्यवक्त्रभुजपादाय तस्मै सिद्धाय वेतालवित्रासिने शाकिनीक्षोभजनकाय व्याधिनिग्रहकारिणे पापभञ्जनाय सूर्य्यसोमाग्निनेत्राय विष्णुकवचाय खड्गवज्रहस्ताय यमदण्डवरुणपाशाय रुद्रशूलाय ज्वलज्जिह्वाय सर्वरोगविद्रावणाय ग्रहनिग्रहकारिणे दुष्टनागक्षयकारिणे ओं कृष्णपिङ्गलाय फट् हूङ्कारास्त्राय फट् वज्रहस्ताय फट् सक्तये फट् दण्डाय फट् यमाय फट् खड्गाय फट् वारुणाय फट् वज्राय फट् पाशाय फट् ध्वजाय फट् अङ्कुशाय फट् गदायै फट् कुबेराय फट् त्रिशूलाय फट् मुद्गराय फट् चक्राय फट् पद्माय फट् नागास्त्राय फट् ईशानाय फट् खेटकास्त्राय फट् मुण्डास्त्राय फट् कङ्कालास्त्राय फट् पिच्छिकास्त्राय फट् क्षुरिकास्त्राय फट् ब्रह्मास्त्राय फट् शक्त्यस्त्राय फट् गणास्त्राय फट् पिलिपिच्छास्त्राय फट् गन्धर्वास्त्राय फट् पूर्वास्त्राय फट् दक्षिणास्त्राय फट् वामास्त्राय फट् पश्चिमास्त्राय फट् मन्त्रास्त्राय फट् शाकिन्यस्त्राय फट् योगन्यस्त्राय फट् दण्डास्त्राय फट् नमोस्त्राय फट् महादण्डास्त्राय फट् नागास्त्राय फट् शिवास्त्राय फट् ईशानास्त्राय फट् पुरुषास्त्राय फट् अघोरास्त्राय फट् सद्योजातास्त्राय फट् हृदयास्त्राय फट् महास्त्राय फट् गरुडास्त्राय फट् राक्षसास्त्राय फट् दानवास्त्राय फट् क्षौं नरसिंहास्त्राय फट् त्वष्ट्रस्त्राय फट् सर्वास्त्राय फट् नः फट् वः फट् पः फट् फः फट् मः फट् स्त्री फट् है फट् भूः फट् भुवः फट् स्वः फट् महः फट् जनः फट् तपः फट् सत्यं फट् सर्वलोक

फट् सर्वपाताल फट् सर्वतत्त्व फट् सर्वप्राण फट् सर्वनाडी फट् सर्वकारण फट् सर्वदिव फट् ह्रीं फट् श्रीं फट् ह्रं फट् स्रूं फट् आं फट् लां फट् वैराग्याय फट् मायास्त्राय फट् कामास्त्राय फट् क्षेत्रपालास्त्राय फट् हुङ्कारास्त्राय फट् भास्करास्त्राय फट् चन्द्रास्त्राय फट् विघ्नेश्वरास्त्राय फट् गौः गा फट् रव्रों रव्रौं फट् ह्रौं ह्रौं फट् भ्रामयभ्रामय फट् सन्तापयसन्तापय फट् छादयछादय फट् उन्मूलयउन्मूलय फट् त्रासयत्रासय फट् सञ्जीवयसञ्जीवय फट् विद्रावयविद्रावय फट् सर्वदुरितं नाशयनाशय फट् सकृदावर्त्तनादेव सर्वविघ्नान्विनाशयेत् शतावर्त्तेन चात्पातान्रणादौ विजयो भवेत् ।२।

घृतगुग्गुलुहोमाच्च असाध्यानपि साधयेत् ।

पठनात्सर्वशान्तिः स्याच्छस्त्रपाशुपतस्य च ।३।

महादेव भन्दछन्— हे स्कन्द ! अब म पाशुपतास्त्र मन्त्रले शान्ति तथा पूजा आदि गर्ने कुरो भन्दछु । शान्ति र जप पहिलेकै नियमअनुसार गर्नुपर्दछ । यस मन्त्रको आंशिक पाठ अथवा जप गर्ने हो भने पहिले गरिएका पुण्यलाई खियाइदिन्छ, तर फट् अन्त्यमा लगाएर सम्पूर्ण मन्त्रको जपपाठ गर्ने हो भने आपद्हरू निवारण हुन्छन् । ओं नमो भगवते महापाशुपतायातुलबलवीर्यपराक्रमाय इत्यादि पाशुपत मन्त्रलाई एकपटक आवृत्ति गर्ने हो भने नै यसले मानिसलाई सम्पूर्ण विघ्नहरू नाश गरिदिन्छ, सय आवृत्तिबाट सम्पूर्ण उत्पातहरू नाश गराउँछ र युद्धमा विजय प्राप्त गराउँछ । यस मन्त्रले घिउ र गुग्गुलको होम गर्ने हो भने मानिसले असाध्य कार्यहरू पनि सिद्ध गर्न सक्छ । यस पाशुपतास्त्र मन्त्रको पाठ मात्रै गर्ने हो भने पनि सम्पूर्ण कष्टहरू शान्त हुन्छन् ।१–३।

# ३२३. त्रयोविंशत्यधिकत्रिशततमोऽध्यायः

## षडाङ्गन्यघोरास्त्र

ईश्वर उवाच

ओं ह्रूं हंस इति मन्त्रेण मृत्युरोगादि शाम्यति ।

लक्षाहुतिभिर्दूर्वाभिः शान्तिं पुष्टिं प्रसाधयेत् ।१।

अथ वा प्रणवेनैव मायया वा षडानन ।

दिव्यान्तरिक्षभौमानां शान्तिरुत्पातवृक्षके ।२।

ओं नमो भगवति गङ्गे कालिकालि महाकालिमहाकालि मांसशोणितभोजने रक्तकृष्णमुखि वशमानय मानुषान् स्वाहा ओं लक्षं जप्त्वा दशांशेन हुत्वा स्वात्सर्वकर्मकृत् ।

वशं नयति शक्रादीन्मानुषेष्वेषु का कथा ।३।

अन्तर्धानकरी विद्या मोहनी जृम्भणी तथा ।

वशं नयति शत्रूणां शत्रुबुद्धिप्रमोहिनी ।४।

कामधेनुरियं विद्या सप्तधा परिकीर्त्तिता ।

महादेव भन्दछन्— हे स्कन्द ! ओं ह्रूं हं सः भन्ने मन्त्रबाट मृत्यु, रोग आदि शान्त हुन्छन् । यसै मन्त्रले एक लाख दुबाको आहुति दिने हो भने त्यसबाट साधकले शान्ति र पुष्टि पनि साधन गर्न सक्छ । हे षडानन ! अथवा केवल ओङ्कार वा माया ह्रींको जप गर्दा पनि दिव्य, अन्तरिक्षका र पृथ्वीका सबै उत्पातहरू शान्त हुन्छन् । उत्पातवृक्षलाई नै शमन गर्ने उपाय यही हो । ओं नमो भगवति गङ्गे कालिकालि महाकालिमहाकालि मांसशोणितभोजने रक्तकृष्णमुखि वशमानय मानुषान् स्वाहा भन्ने मन्त्रलाई एक लाख जप गरेर दस अंश आहुति दिंदा पनि मानिसले सम्पूर्ण कर्ममा सिद्धि प्राप्त गर्दछ । इन्द्र आदि देवताहरूलाई पनि वशमा पार्न सक्छ भने साधारण मानिसको त कुरै केही हुँदैन । यो विद्या अन्तर्धानकारी, मोहनी जृम्भनी शत्रुलाई वशमा गराउने र शत्रुको बुद्धिलाई भ्रममा पार्ने हो । यो कामधेनुविद्या सात प्रकारको छ भनिएको छ । अब म मन्त्रराजको बयान गर्दछु

मन्त्रराजं प्रवक्ष्यामि शत्रुचौरादिमोहनम् ।५।
महाभयेषु सर्वेषु स्मर्तव्यं हरपूजितम् ।
लक्षं जप्त्वा तिलैर्होमः सिध्येदुद्धारकं शृणु ।६।
ओं हले शूले एहि ब्रह्मसत्येन विष्णुसत्येन रुद्रसत्येन रक्ष मां वाचेश्वराय स्वाहा दुर्गात्तारयते यस्मात्तेन दुर्गा शिवा मता ओं चण्ड कपालिनि दन्तान् किटिकिटि क्षिटिक्षिटि गुह्ये फट् ह्रीं अनेन मन्त्रराजेन क्षालयित्वा तु तण्डुलान् ।७।
त्रिंशद्वाराणि जप्तानि तच्चौरेषु प्रदापयेत् ।
दन्तैश्चूर्णानि शुक्लानि पतितानि हि शुद्धये ।८।
ओं ज्वलल्लोचन कपिलजटाभारभास्वर विद्रावण त्रैलोक्य डामरडामर दरदर भ्रमभ्रम आकट्टआकट्ट तोटयतोटय मोटयमोटय दहदह पचपच एवं सिद्धिरुद्रो ज्ञापयति यदि ग्रहोपगतः स्वर्गलोकं देवलोके वा आरामविहाराचलं तथापि तमावर्त्तयिष्यामि बलिं गृह्णगृह्ण ददामि ते स्वाहेति क्षेत्रपालबलिं दत्त्वा ग्रहो न्यासाद्वशं व्रजेत् शत्रवो नाशमायान्ति रणे वैरगणक्षयः ।९।
हंसबीजन्तु विन्यस्य विषन्तु त्रिविधं हरेत् ।
अगुरुञ्चन्दनं कुष्ठं कुङ्कुमं नागकेसरम् ।१०।
नखं वै देवदारुं च समं कृत्वाथ धूपकः ।
माक्षिकेण समायुक्तो देहवस्त्रादिधूपनात् ।११।
विवादे मोहने स्त्रीणां मण्डने कलहे शुभः ।
कन्याया वरणे भाग्ये मायामन्त्रेण मन्त्रितः ।१२।
ह्रीं रोचनानागपुष्पाणि कुङ्कुमं च मनःशिला ।
ललाटे तिलकं कृत्वा यं पश्येत्स वशी भवेत् ।१३।
शतावर्य्यास्तु चूर्णन्तु दुग्धपीतं च पुत्रकृत् ।
नागकेसरचूर्णन्तु घृतपक्वन्तु पुत्रकृत् ।१४।
पालाशबीजपानेन लभते पुत्रकं तथा ओं उत्तिष्ठ चामुण्डे जम्भयजम्भय मोहयमोहय अमुकं वशं आनयआनय स्वाहा षट्विंशा सिद्धविद्या सा नदीतीरमृदा स्त्रियम् ।१५।
कृत्वोन्मत्तरसेनैव नामालिख्यार्कपत्रके ।

र यसले शत्रु तथा चोर आदिलाई मोहनी लगाउँछ। यसलाई साक्षात् म शिवले नै पूजा गरेको छु। यसलाई सबै खालको ठूलो डर लागेका समयमा स्मरण गर्नुपर्दछ। एक लाख जप गरेर तिलको हवन गर्ने हो भने यो मन्त्र सिद्ध हुन्छ। अब यसको उद्धार सुन। ओं हले शूले एहि ब्रह्मसत्येन विष्णुसत्येन रुद्रसत्येन रक्ष मां वाचेश्वराय स्वाहा भन्ने मन्त्रसहित भगवती शिवाले दुर्गम सङ्कटबाट तार्छिन् एवं उद्धार गर्दछिन्। ओं ह्रीं चण्डकपालिनि दन्तान् किटकिट क्षिटक्षिट गृह्ये फट् हीम् यस मन्त्रराजको जप गर्दै चामल पखालेर यस मन्त्रलाई तीसपटक जप गर्दै त्यसलाई मन्त्रिनुपर्दछ। अनि त्यो चामल चोरहरूमा बाँडिदिनुपर्दछ। त्यस चामललाई दाँतले चबाउँदा तिनीहरूको सेता दाँत झर्दछन् र ती मानिस चोरीका पापबाट मुक्त हुन्छन्। ओं ज्वलल्लोचन कपिलजटाभारभास्वर विद्रावण त्रैलोक्यडामरडारम दरदर भ्रमभ्रम आकट्टआकट्ट तोटयतोटय मोटयमोटय दहदह पचपच एवं सिद्धिरुद्रो ज्ञापयति यदि ग्रहोऽपगतः स्वर्गलोकं देवलोकं वाऽऽरामविहाराचलं तथापि तमावर्तयिष्यामि बलिं गृह्णगृह्ण ददामि ते स्वाहा इति भन्ने मन्त्रले क्षेत्रपाललाई बलि दिएर न्यास गर्नाले अनिष्ठ ग्रह रुँदै फर्केर आउँछ। साधकका शत्रु नाश हुन्छन् र युद्धभूमिमा शत्रुको सेना नै विनाश हुन्छ। हंस बीजको न्यास गरेर साधकले तीन किसिमका विष अथवा विघ्नहरूलाई निवारण गर्न सक्छ। अगुरु, चन्दन, कुष्ठ, कुङ्कुम, नागकेसर, नख र देवदारी यी सबैलाई बराबरी मिसाएर कुटेर धुलो धुप बनाउनुपर्दछ। अनि त्यसमा मौरीको मह मिसाउनुपर्दछ। त्यस सुगन्धले शरीर, लुगा आदिलाई धुवाँ लगाउनुपर्दछ। त्यसो गर्दा मानिसले विवाद, स्त्रीमोहन, शृङ्गार तथा कलह आदिका अवसरमा शुभ फल प्राप्त गर्दछ। कन्यावरण र भाग्योदयका सम्बन्धमा पनि उसले नै सफलता पाउँछ। मायामन्त्र ह्रीं ले मन्त्रिएको रोचना, नागकेसर, कुङ्कुम र मैनसिलको टिको निधारमा लगाएर मानिसले जोतिर हेर्दछ ऊ नै त्यसका वशमा पर्दछ। शतावरीको चूर्णलाई दुधसित पिउने हो भने त्यसले पुत्र उत्पन्न गराउँछ। नागकेसरको चूर्ण घिउमा पकाएर खाने हो भने त्यसले पनि पुत्र प्राप्ति गराउँछ। पलाशका बियाँलाई पिसेर पिउने हो भने पनि पुत्र प्राप्ति हुन्छ। उत्तिष्ठ चामुण्डे जम्भयजम्भय मोहयमोहय अमुकं वशमानाय स्वाहा भन्ने यो छब्बीस अक्षरको सिद्धविद्या हो। नदीकिनारको माटोले लक्ष्मीको मूर्ति बनाएर धतुरका रसले मदारका पत्तामा त्यस

मूत्रोत्सर्गं ततः कृत्वा जपेत्तामानयेत्स्त्रियम् ।१६।
ओं क्षुं सः वषट् महामृत्युञ्जयो मन्त्रो जप्याद्धोमाच्च पुष्टिकृत् ओं हंसः ह्रूं ह्रूं सः ह्रः सौं स्कैः ।
मृतसञ्जीवनी विद्या अष्टार्णा जयकृद्रणे ।१७।
मन्त्रा ईशानमुख्याश्च धर्मकामादिदायकाः ।
ईशानः सर्वविद्यानामीश्वरः सर्वभूतानाम् ।१८।
ब्रह्मणश्चाधिपतिर्ब्रह्म शिवोमेऽस्तु सदाशिवः तत्पुरुषाय विद्महे महादेवाय धीमहि तन्नो रुद्रः प्रचोदयात् ओं अघोरेभ्योऽथ घोरेभ्यो घोरघोरतरेभ्यस्तु सर्वतः ।१९।
सर्वेभ्यः सर्वशर्वेभ्यो नमस्तेस्तु रुद्ररूपेभ्यः ओं वामदेवाय नमो ज्येष्ठाय नमः श्रेष्ठाय नमः रुद्राय नमः कालाय नमः कलविकरणाय नमो बलविकरणाय नमो बलाय नमो बलप्रमथनाय नमः सर्वभूतदमनाय नमो मनोन्मनाय नमः ओं सद्योजातं प्रवक्षामि सद्योजाताय वै नमः भवे भवेऽनातिभवे भवस्व मां भवोद्भवाय नमः ।२०।
पञ्चब्रह्माङ्गषट्कं च वक्ष्येऽहं भुक्तिमुक्तिदम् ओं नमः परमात्मने पराय कामदाय परमेश्वराय योगाय योगसम्भवाय सर्वकराय कुरुकुरु सत्यसत्य भवभव भवोद्भव वामदेव सर्वकार्य्यकर पापप्रशमन सदाशिव प्रसन्न नमोऽस्तु ते स्वाहा हृदयं सर्वार्थदन्तु सत्पत्यक्षरसंयुतम् ओं शिवः शिवाय नमः शिवः ओं हृदये ज्वालिंनि स्वाहा शिखा ओं शिवात्मक महातेजः सर्वज्ञ प्रभुरावर्त्तय महाघोर कवचपिङ्गल नमः महाकवच शिवाज्ञया हृदयं बन्धबन्ध घूर्णयघूर्णय चूर्णयचूर्णय सूक्ष्मवज्रधर वज्रपाश धनुर्वज्राशनिवज्रशरीर मम शरीरमनुप्रविशय सर्वदुष्टान् स्तम्भयस्तम्भय ह्रूं अक्षराणन्तु कवचं शतं पञ्चाक्षराधिकम् ।२१।
ओं ओजसे नेत्रं ओं प्रस्फुरप्रस्फुर तनुरूपतनुरूप चटचट प्रचटप्रचट कटकट वमवम घातयघातय ह्रूं फट् अघोरास्त्रम् ।२२।

अभीष्ट स्त्रीको नाम लेख्ने । त्यसपछि मूत्रत्याग गरिसकेर शुद्ध भई त्यस मन्त्रलाई जप गर्नुपर्दछ। यस प्रयोगले अभीष्ट स्त्रीलाई अवश्य वशमा ल्याउन सक्छ । ओं जूं सः वषट् यो महामृत्युञ्जय मन्त्र हो र यसलाई जप एवं होम गर्नाले पुष्टि प्रदान गर्दछ। ओं हं सः हूं हूं सः हः सौः यो आठ अक्षर भएको मृतसञ्जीवनी विद्या हो र रणभूमिमा विजय प्रदान गराउँछ । ईशान आदि मन्त्रहरू पनि धर्म काम आदिलाई प्रदान गर्दछन् । अब म पञ्चब्रह्मका छ अङ्गहरूको वर्णन गर्दछु र यसले भोग तथा मोक्ष प्रदान गर्दछ । ओं नमो परमात्मने पराय इत्यादि सतहत्तर अक्षरको यो हृदयमन्त्र हो र सम्पूर्ण मनोरथ प्रदान गर्दछ। ओं शिव शिवाय नमः यो शिरोमन्त्र हो अर्थात् यसलाई पढेर शिरसे स्वाहा भन्दै दाहिने हातले शिर छुनुपर्दछ । शिवहृदये ज्वालिनी स्वाहा शिखायैवषट् भन्दै शिखालाई स्पर्श गर्नुपर्छ। ओं शिवात्मक महातेजः इत्यादि एक सय पाँच अक्षर भएको कवचमन्त्र हो । अर्थात् यसलाई पढेर कवचाय हुम् भन्दै दुवै हातले एकैपटक पाखुराहरूमा छुनुपर्दछ। ओं ओजसे नेत्रत्रयाय वौषट् यसो भन्दै दुवै आँखालाई स्पर्श गर्नुपर्दछ। यसो गरिसकेपछि निम्नाङ्कित मन्त्त पढेर अस्त्रन्यास गर्नुपर्दछ। ओं ओजसे नेत्रं ओं प्रस्फुरप्रस्फुर इत्यादि अघोरास्त्र मन्त्र हो ।१-२२।

# ३२४. चतुर्विंशत्यधिकत्रिशततमोऽध्यायः

## रुद्रशान्ति

ईश्वर उवाच

शिवशान्तिं प्रवक्ष्यामि कल्पाघोरप्रपूर्वकम् ।
सप्तकोट्यधिपो घोरो ब्रह्महत्याद्यघार्दनः ।१।
उत्तमाधमसिद्धीनामालयोऽखिलरोगनुत् ।
दिव्यान्तरिक्षभौमानामुत्पातानां विमर्दनः ।२।
विषग्रहपिशाचानां ग्रसनः सर्वकामकृत् ।
प्रायश्चित्तमघौघार्त्तौ दौर्भाग्यार्त्तिविनाशनम् ।३।
एकवीरन्तु विन्यस्य ध्येयः पञ्चमुखः सदा ।
शान्तिके पौष्टिके शुक्लो रक्तो वश्येऽय पीतकः ।४।
स्तम्भने धूम्र उच्चाटमारणे कृष्णवर्णकः ।
कर्षणः कपिलो मोहे द्वात्रिंशद्वर्णमर्चयेत् ।५।
त्रिंशल्लक्षं जपेन्मन्त्रं होमं कुर्य्याद्दशांशतः ।
गुग्गुलामृतयुक्तेन सिद्धे सिद्धोऽथ सर्वकृत् ।६।
अघोरान्नापरो मन्त्रो विद्यते भुक्तिमुक्तिकृत् ।
अब्रह्मचारी ब्रह्मचारी अस्नातः स्नातको भवेत् ।७।
अघोरास्त्रमघोरान्तु द्वाविधौ मन्त्रराजकौ ।
जपहोमार्चनाद्युद्धे शत्रुसैन्यं विमर्दयेत् ।८।
रुद्रशान्तिं प्रवक्ष्यामि शिवां सर्वार्थसाधनीम् ।
पुत्रार्थं ग्रहनाशार्थं विषव्याधिविनष्टये ।९।
दुर्भिक्षमारीशान्त्यर्थं दुःस्वप्नहरणाय च ।
बलादिराज्यप्राप्त्यर्थं रिपूणां नाशानाय च ।१०।

महादेव भन्दछन्– हे स्कन्द ! अब म कल्पघोर रुद्रशान्तिका विषयमा भन्दछु । भगवान् अघोर शिव सात करोड गणहरूका अधिपति हुन् र ब्रह्महत्या आदि पापहरूलाई नष्ट गराउँछन् । उनीबाट उत्तम र अधम सबै खालका सिद्धिहरूको आश्रय र सम्पूर्ण रोगहरूको निवारण हुन्छ । पार्थिव, दिव्य र अन्तरिक्षसम्बन्धी सबै खालका उत्पातहरू मेटाउँछन् । विष, ग्रह र पिशाचहरूलाई पनि खाइदिन्छन् र सम्पूर्ण मनका रहरहरू पूरा गराउँछन् । दुर्भाग्य र दुःखको विनाश गर्ने तथा पापसमूलाई नै सताएर पर भगाउनका लागि उनी प्रबल प्रायश्चित्त जस्तै हुन् । एकवीरलाई सर्वाङ्गमा न्यास गर्दै सधैं पञ्चमुख शिवको ध्यान गर्नुपर्दछ । शान्ति र पुष्टि कर्ममा भगवान् शिवको वर्ण सेतो हुन्छ भन्ने चिन्तन गर्नुपर्दछ । वशीकरणमा उनको रातो वर्ण, स्तम्भनमा पहेँलो वर्ण, उच्चाटन र मारणमा ध्वाँसे वर्ण, आकर्षणमा कालो वर्ण र मोहन कर्ममा कैलो वर्णका छन् भनी चिन्तन गर्नुपर्दछ । उनी बत्तीस अक्षरमा वेदले वर्णन गरिएका अघोर शिवका शक्तिका रूप हुन् । त्यसैले त्यति नै अक्षरका मन्त्रको स्वरूप अघोर शिवको अर्चना गर्नुपर्दछ । यस मन्त्रलाई बत्तीस लाखपटक जप गरेर त्यसको दस अंश होम गर्नुपर्दछ । यस्तो होम गुग्गुलमा घिउ मिसाएर गर्नुपर्दछ । यसबाट मन्त्र सिद्ध हुन्छ र साधकले सिद्धिको फल प्राप्त गर्दछ । उसले चिताएजति सबै गर्न पाउँछ । अघोरभन्दा ठूलो कुनै पनि भोग र मुक्ति प्रदान गर्ने मन्त्र छैन । यसको जप गर्नाले अब्रह्मचारी पनि ब्रह्मचारी हुन्छ र अस्नातक पनि स्नातक हुन्छ । अघोरास्त्र तथा अघोर मन्त्र दुवै मन्त्रका राजा हुन् । यिनीहरूमा कुनै पनि मन्त्र, जप, होम तथा पूजा गर्नाले युद्धस्थलमा शत्रुका सेनालाई किचोल्न सकिन्छ । अब म कल्याणमयी रुद्रशान्तिको वर्णन गर्दछु । यसले सम्पूर्ण मनोरथहरू सिद्ध गराउँछ । पुत्रप्राप्ति, ग्रहबाधाको निवारण, विष एवं व्याधि विनाश, अनिकाल र महामारीको शान्ति, दुःस्वप्ननिवारण, बल एवं राज्य आदिको प्राप्ति अनि शत्रुको संहारका लागि यस रुद्रशान्तिको प्रयोग गर्नुपर्दछ । यदि आफ्ना बगैँचाको कुनै रुखमा विनासमय नै फल फले भने यो पनि अनिष्टकारक नै हो । त्यसैले त्यसको शान्तिका लागि पनि र समस्त ग्रहबाधा नाश गर्नका लागि पनि उक्त शान्तिको प्रयोग गर्नुपर्दछ । पूजाकर्ममा मन्त्रका अन्त्यमा नमः भन्नुपर्दछ र हवन

अकालफलिते वृक्षे सर्वग्रहविमर्दने ।

पूजने तु नमस्कारः स्वाहान्तो हवने तथा ।११।

आप्यायने वषट्कारं पुष्टौ वौषण्णियोजयेत् ।

चकारद्वितयस्थाने जातियोगन्तु कारयेत् ।१२।

ओं रुद्राय च ओं वृषभाय नमः अविमुक्ताय असम्भवाय पुरुषाय च पूज्याय ईशानाय पौरुषाय पञ्च चोत्तरे विश्वरूपाय करालाय विकृतरूपाय अविकृतरूपाय निकृतौ चापरे काले अप्सुमाया च नैर्ऋते एकपिङ्गलाय श्वेतपिङ्गलाय कृष्णपिङ्गलाय नमः मधुपिङ्गलाय नमः मधुपिङ्गालाय नियतौ अनन्ताय आर्द्राय शुष्काय पयोगणाय कालतत्त्वे करालाय विकरालाय द्वौ मायातत्त्वे सहस्रशीर्षाय सहस्रवक्त्राय सहस्रकरचरणाय सहस्रलिङ्गाय विद्यातत्त्वे सहस्राक्षाद्विन्यसेद्दक्षिणे दले एकजटाय द्विजटाय त्रिजटाय स्वाहाकाराय स्वधाकाराय वषट्काराय षड्रुद्रायेशतत्त्वे तु वह्निपत्रे स्थिता गुह भूतपतये पशुपतये उमापतये कालाधिपतये सदाशिवाख्यतत्त्वे षट् पूज्याः पूर्वदले स्थिताः उमायै कुरूपधारिणि ओं कुरुकुरु रुहिणिरुहिणि रुद्रोऽसि देवानां देवदेवविशाख हनहन दहदह पचपच मथमथ तुरुतरु अरुअरु सुरुसुरु रुद्रशान्तिमनुस्मर कृष्णपिङ्गल अकाल पिशाचाधिपति विश्वेश्वराय नमः शिवतत्त्वे कर्णिकायां पूज्यौ तूमामहेश्वरौ ओं व्यौमव्यापिने व्योमरूपाय सर्वव्यापिने शिवाय अनन्ताय अनाथाय अनाश्रिताय शिवाय शिवतत्त्वे नव पदानि व्योमव्याप्यभिधास्यहि शाश्वताय योगपीठसंस्थिताय नित्यं योगिने ध्यानाहाराय नमः ओं नमः शिवाय सर्वप्रभवे शिवाय ईशानमूर्धाय तत्पुरुषादिपञ्चवक्त्राय नवपदं पूर्वदले सदाख्ये पूजयेद्गुह अघोरहृदयाये वामदेवगुह्याय सद्योजातमूर्त्तये ओं नमो नमः गुह्यातिगुह्याय गोप्त्रे अनिधनाय सर्वयोगाधिकृताय ज्योतिरूपाय अग्निपत्रेहीशतत्त्वे

गर्दा स्वाहा भन्नुपर्दछ। आप्यायनमा मन्त्रको अन्त्यमा वषट् पद र पुष्टि कर्ममा वौषट् भन्ने पद जोडिन्छ। मन्त्रका बीचमा जहाँ दुईपटक च भन्ने पद आएको हुन्छ त्यहाँ आवश्यकताअनुसार नमः र स्वाहा भन्ने पद जोड्नुपर्दछ। ओं रुद्राय च ते ओं वृषभाय नमोविमुऽक्तायासम्भवाय पुरुषाय च पूज्यायेशानाय पौरुषाय पञ्चपञ्चोत्तरे विश्वरूपाय करालाय विकृतरूपायाविकृतरूपाय भन्दै उत्तरवर्ती कमलदलमा नियतितत्त्वको स्थिति रहेको छ। वरुणको दिशा पश्चिम हो र त्यहाँको कमलदलमा कालतत्त्व रहन्छ र नैर्ऋत्य कोणमा रहेको दलमा मायातत्त्व रहेको हुन्छ। ती सबैमा देवताहरूको पूजा हुन्छ। एकपिङ्गलाय श्वेतपिङ्गलाय कृष्णपिङ्गलाय नमः मधुपिङ्गलाय नमः मधुपिङ्गलाय भन्दै यी सबैका पूजा तियतितत्त्वमा हुन्छ । अनन्तयार्द्राय शुष्काय पयोगणाय नमः भन्दै यिनको पूजा कालतत्त्वमा गर्नुपर्दछ । करालाय विकरालाय नमः यी दुईको पूजा मायातत्त्वमा गर्नुपर्दछ । सहस्रशीर्षाय सहस्रवक्त्राय सहस्रकरचरणाय सहस्रलिङ्गाय नमः भन्दै यिनीहरूको अर्चना विद्यातत्त्वमा गर्नुपर्दछ। त्यहीं नै एकजटाय द्विजटाय त्रिजटाय स्वाहाकाराय स्वधाकाराय षड्रुद्राय भन्ने छवटा पदले युक्त भएको षड्विध रुद्रको पूजा गर्नुपर्दछ। हे स्कन्द ! अग्निकोणमा रहेका दलहरूमा ईशतत्त्वको स्थिति छ । त्यसमा क्रमशः भूतपतये पशुपतये उमापतये कालाधिपतये नमः भनेर भूतपति आदिको पूजा गर्नुपर्दछ। पूर्ववर्ती दल सदाशिव तत्त्वमा छवटा पूजनीयहरूमा रहेका छन् । यिनीहरूलाई उमायै कुरूपधारिणि ओं कुरुकुरु रुहिणिरुहिणि रुदोऽसि देवानां देवदेव विशाख हनहन दहदह पचपच मथमथ तुरुतुरु अरुअरू मुरुमुरु रुद्रशान्तिमनुस्मर कृष्णपिङ्गल अकालपिशाचाधिपति विद्येश्वराय नमः भन्दै पूजा गर्नुपर्दछ । कमलका कर्णिकामा शिवतत्त्वको स्थिति छ । त्यसमा भगवान् उमामहेश्वरलाई ओं व्योम व्यापिने व्योमरूपाय सर्वव्यापिने शिवायानन्ताय नाथायानाश्रिताय शिवाय भन्ने मन्त्रले पूजा गर्नुपर्दछ। शिवतत्त्वमा व्योमव्यापी नाम भएका शिवका नौवटा पदहरूको पूजा गर्नुपर्दछ। त्यसपछि योगपीठमा विराजमान शिवका नौवटा पदले युक्त नाम उच्चारण गर्दै शाश्वताय योगपीठासंस्थिताय नित्ययोगिने ध्यानाहाराय नमः ओं नमः शिवाय सर्वप्रभवे शिवाय ईशानमूर्धाय तत्पुरुषाय पञ्चवक्त्राय भन्ने मन्त्रले गरेर पूजा गर्नुपर्दछ । हे स्कन्द ! त्यसपछि सद् नामका पूर्वदलमा नौ पदले युक्त शिवको पूजा गर्नुपर्दछ । अघोर हृदयाय वामदेवगुह्याय सद्योजातामूर्तये ओं नमो नमः गुह्यातिगुह्याय गोप्त्रेऽनिधनाय सर्वयोगाधिकृताय ज्योतिरूपाय भन्दै अग्निकोणमा रहेको ईशतत्त्वमा तथा दक्षिण दिशामा रहेका विद्यातत्त्वमा र परमेश्वराय अचेतनाचेतन

विद्यातत्त्वे द्वियाम्पगे परमेश्वराय चेतनाचेतन व्योमन व्यापिन प्रथम तेजस्तेजः मायातत्त्वे नैर्ऋते कालतत्त्वेऽथ वारुणे ओं धृधृ नाना वांवां अनिधन निधनोद्भव शिव सर्वपरमात्मन् महादेव सद्भावेश्वर महातेजः योगाधिपते मुञ्चमुञ्च प्रमथप्रमथ ओं सर्वसर्व ओं भवभव ओं भवोद्भव सर्वभूतसुखप्रद वायुपत्रेऽथ नियतौ पुरुषे चोत्तरेण च सर्वसान्निध्यकर ब्रह्मविष्णुरुद्रपर अनर्चित अस्तुतस्तु च साक्षिण तुरुतुरु पतङ्गपिङ्गपिङ्ग ज्ञानज्ञान शब्दशब्द सूक्ष्मसूक्ष्म शिवशिव सर्वप्रदसर्वप्रद ओं नमः शिवाय ओं नमोनमः शिवाय ओं नमोनमः ईशाने प्राकृते तत्त्वे पूजयेज्जुहुयाज्जपेत् ग्रहरोगादिमायार्तिशमनी सर्वसिद्धिकृत् ।१३।

व्योमन् व्यापिन्नरूपिन् प्रमथतेजस्तेजः भन्ने मन्त्रले परमेश्वर शिवको अर्चना गर्नुपर्दछ । नैर्ऋत्य कोणमा रहेको मायातत्त्व र पश्चिम दिशामा रहेका कालतत्त्वमा ओं धृधृ वांवां अनिधान निधनोद्भव शिव सर्वपरमात्मन् महादेव सद्भावेश्वर महातेज योगाधिपते मुञ्चमुञ्च प्रमथप्रमथ ओं सर्वसर्व ओं भवभव ओं भवोद्भव सर्वभूतसुखप्रद भन्ने मन्त्रले पूजा गर्नुपर्दछ । वायु कोण र उत्तर दिशामा रहेका दलहरूमा रहेका नियति एवं पुरुष यी दुवै तत्त्वमा सर्वासान्निध्यकर ब्रह्मविष्णुरुद्रपरानर्चितास्तुतस्तुत साक्षिन्साक्षिन् तुरुतुरु पतङ्गपतङ्ग पिङ्गपिङ्ग ज्ञानज्ञान शब्दशब्द सूक्ष्मसूक्ष्म शिवशिव सर्वप्रदसर्वप्रद ओं नमः शिवाय ओं नमोनमः शिवाय ओं नमोनमः भन्ने मन्त्रले नौवटा पूजा गर्नुपर्दछ । ईशानमा रहेका प्राकृततत्त्वमा शब्ददेखि सुरु गरेर नमःसम्मका मन्त्रहरू पढेर पूजा, जप र होम गर्नुपर्दछ । यस रुद्रशान्तिले ग्रहबाधा, रोग आदि तथा त्रिविध पीडाहरूलाई पनि शमन गर्दछ र सम्पूर्ण मनोरथलाई साध्य गर्दछ ।१-१३।

# ३२५. पञ्चविंशत्यधिकत्रिशततमोऽध्यायः

## अंशकादि

ईश्वर उवाच

रुद्राक्षकटकं धार्य्यं विषमं सुसमं दृढम् ।
एकत्रिपञ्चवदनं यथालाभन्तु धारयेत् ।१।
द्विचतुःषण्मुखं शस्तमव्रणं तीव्रकण्टकम् ।
दक्षबाहौ शिखादौ च धारयेच्चतुराननम् ।२।
अब्रह्मचारी ब्रह्मचारी अस्नातः स्नातको भवेत् ।
हैमी वा मुद्रिका धार्य्या शिवमन्त्रेण चार्च्य तु ।३।
शिवः शिखा तथा ज्योतिः सावित्रश्चेति गोचराः ।
गोचरन्तु कुलं ज्ञेयं तेन लक्ष्यस्तु दीक्षितः ।४।
प्राजापत्यो महीपालः कपोतो ग्रन्थिकः शिवे ।
कुटिलाश्चैव वेतालाः पद्महंसाः शिखाकुले ।५।
धृतराष्ट्रा बकाः काका गोपाला ज्योतिसंज्ञके ।
कुटिका सारठाश्चैव गुटिका दण्डिनोऽपरे ।६।
सावित्री गोचरे चैवमेकैकस्तु चतुर्विधः ।

महादेव भन्दछन्– हे स्कन्द ! शैवसाधकले रुद्राक्षको चुरो लगाउनुपर्दछ । रुद्राक्षको सङ्ख्या बिजोड हुनुपर्दछ । त्यसमा प्रत्येक दानाहरू सबैतर्फबाट बलिया, एकसमान र सग्ला हुनुपर्दछ । रुद्राक्ष एकमुखी, तीनमुखी अथवा पाँचमुखी जस्ता भेटिन्छन् उस्तै धारण गर्नुपर्दछ । दुईमुखी, चारमुखी र छमुखी रुद्राक्ष पनि प्रशंसित नै मानिएका छन् । तिनीहरूमा कुनै चोट वा टुटफुट हुनु हुँदैन । तिनमा तीखा काँडा हुनुपर्दछ । दाहिने पाखुरामा र शिखा आदिमा चारमुखी रुद्राक्ष धारण गर्नुपर्दछ । यसो गर्दा अब्रह्मचारी पनि ब्रह्मचारी तथा अस्नातक पनि स्नातक हुन्छन् । अथवा शिवमन्त्रको पूजा गरेर दाहिने हातमा सुनको औँठी लगाउनुपर्दछ । शिव, शिखा, ज्योति तथा सावित्र यी चार गोचरहरू हुन् । गोचर भनेको कुल हो । त्यसैबाट दीक्षा लिने मानिसलाई चिन्नुपर्दछ । शिव कुलमा प्राजापत्य, महीपाल, कापोत र ग्रन्थिक यी चार हुन्छन् भनिएको छ । शिखा कुलमा कुटिल, वेताल, पद्म र हंस यी चार हुन्छन् । धृतराष्ट्र, वक, काक र गोपाल यी चार ज्योति नामका कुलमा हुन्छन् । कुटिका, साठर, गुटिका र दण्डी यी चार सावित्र कुलमा हुन्छन् । यस किसिमले प्रत्येक कुलका चारचार भेद हुन्छन् । अब म सिद्ध आदि अंशहरूको व्याख्या गर्दछु र त्यसबाट मन्त्रको उत्तम सिद्धि प्राप्त हुनेछ । पृथ्वीमा कूटयन्त्ररहित मातृका लेख्नुपर्दछ ।

सिद्धाद्यंशकमाख्यास्ये येन मन्त्रः सुसिद्धिदः ।७।
भूमौ तु मातृका लेख्याः कूटषण्डविवर्जिताः ।
मन्त्राक्षराणि विश्लिष्य अनुस्वारं नयेत्पृथक् ।८।
साधकस्य तु या सञ्ज्ञां तस्या विश्लेषणं चरेत् ।
मन्त्रस्यादौ तथा चान्ते साधकार्णानि योजयेत् ।९।
सिद्धः साध्यः सुसिद्धोऽरिः संज्ञातो गणयेत्क्रमात् ।
मन्त्रस्यादौ तथा चान्ते सिद्धिदः स्याच्छतांशतः ।१०।
सिद्धादिश्चान्तसिद्धिश्च तत्क्षणादेव सिध्यति ।
सुसिद्धादिः सुसिद्धान्तः सिद्धवत्परिकल्पयेत् ।११।
अरिमादौ तथान्ते च दूरतः परिवर्जयेत् ।
सिद्धः सुसिद्धश्चैकार्थे अलिः साध्यस्तथैव च ।१२।
आदौ सिद्धः स्थितो मन्त्रै तदन्ते तद्वदेव हि ।
मध्ये रिपुसहस्राणि न दोषाय भवन्ति हि ।१३।
मायाप्रसादप्रणवेनांशकः ख्यातमन्त्रके ।
ब्रह्मांशको ब्रह्मविद्या विष्णवङ्गो वैष्णवः स्मृतः ।१४।
रुद्राशङ्को भवेद्वीर इन्द्रांशश्चेश्वरप्रियः ।
नागांशो नागस्तब्धाक्षो यक्षांशो भूषणप्रियः ।१५।
गन्धर्वांशोऽतिगीतादिः भीमांशो राक्षसांशकः ।
दैत्यांशः स्याद्युद्धकार्य्यो मानी विद्याधरांशकः ।१६।
पिशाचांशो मलाक्रान्तो मन्त्रं दद्यान्निरीक्ष्य च ।
मन्त्र एकात्फडन्तः स्याद्विद्यापञ्चाशतावधि ।१७।
बाला विंशाक्षरान्ता च रुद्रा द्वाविंशगायुधा ।
तत ऊर्ध्वन्तु ये मन्त्रा वृद्धा यावच्छतत्रयम् ।१८।
अकारादिहकारान्ताः क्रमात्पक्षौ सितासितौ ।
अनुस्वारविसर्गेण विना चैव स्वरा दश ।१९।
ह्रस्वाः शुक्ला दीर्घाः श्यामास्तिथयः प्रतिपन्मुखा ।
उदिते शान्तिकादीनि भ्रमिते वश्यकादिकम् ।२०।
भ्रामिते सन्धयो द्वेषोच्चाटने स्तम्भनेऽस्तकम् ।

मन्त्रका अक्षरहरूलाई छुट्टाछुट्टै पारेर अनुस्वारलाई पनि छुट्याउनुपर्दछ । मन्त्रको आदि र अन्त्यमा साधकका नामको अक्षर जोड्नुपर्दछ । अनि सिद्ध, साध्य, सुसिद्ध र अरि यी चार नामका अनुस्वार अक्षरहरूलाई क्रमशः गन्ती गर्नुपर्दछ । मन्त्रको आदि वा अन्त्यमा सिद्ध आयो भने त्यो सय प्रतिशत नै सिद्धिदायक हुन्छ । यदि आदि र अन्त्यमा दुवैतिर सिद्ध आयो भने त्यो मन्त्र तत्काल नै सिद्ध हुन्छ । यदि आदि र अन्त्य दुवैतिर सुसिद्ध आयो भने त्यस मन्त्रलाई सिद्ध भएसरह मान्नुपर्दछ अर्थात् त्यो मन्त्र अचानक नै सिद्ध भइसकेको हुन्छ । यदि आदि र अन्त्य दुवैमा अरि आयो भने त्यस मन्त्रलाई टाढैबाट त्यागिदिए हुन्छ । सिद्ध र सुसिद्ध यी दुवैको अर्थ एउटै हो । अरि र साध्य पनि एकै खालका हुन्छन् । यदि मन्त्रको आदि र अन्त्य अक्षरमा पनि सिद्ध छन् र बीचमा अनेकौं रिपु अक्षर आए भने पनि ती दोषकारक हुँदैनन् । मायाबीज, प्रसादबीज र प्रणवका योगले विख्यात मन्त्रमा अंशकहरू हुन्छन् । ती क्रमशः ब्रह्मा, विष्णु र रुद्रका अंश हुन् । ब्रह्माको अंश ब्रह्मविद्या, विष्णुको अंश वैष्णव भनिन्छ भने रुद्रको अंश भएको मन्त्रलाई वीर भनिन्छ । इन्द्रको अंश भएका मन्त्रहरू ईश्वरप्रिय हुन्छन् । नागांश भएका मन्त्रहरू नागको जस्तै स्तब्ध नेत्र भएका हुन्छन् भनिएको छ । यक्षको अंश भएका मन्त्रहरू भूषणप्रिय हुन्छन् । गन्धर्वका अंशका मन्त्रहरूले गीत धेरै मन पराउँछन् । भीमांश, राक्षसांश र दैत्यांश मन्त्रहरू युद्ध गर्ने हुन्छन् । विद्याधर अंश भएका मन्त्रहरू अभिमानी हुने गर्दछन् । पिशाचांश भएका मन्त्रहरू मलाक्रान्त हुन्छन् । मन्त्रलाई पूर्ण रूपमा निरीक्षण गरेर उपदेश गर्नुपर्दछ । एकाक्षरदेखि लिएर अनेकौं अक्षरसम्मका मन्त्रका अन्त्यमा यदि फट् भन्ने पल्लव जोडियो भने त्यसलाई नै मन्त्र भन्नुपर्दछ । पचास अक्षरसम्मका फट् नभएका मन्त्रलाई विद्या भन्नुपर्दछ । बीस अक्षरसम्मका विद्यालाई बालाविद्या भन्दछन् । बीस अक्षसरम्मका अन्त्यमा अस्त्र आउने मन्त्रलाई रुद्रा भनिएको छ । यसभन्दा माथि तीनसय अक्षरसम्मका मन्त्रलाई वृद्ध मन्त्र भनिएको छ । अकारदेखि हकारसम्मका अक्षरहरू मन्त्रमा हुन्छन् । मन्त्रमा क्रमशः शुक्ल र कृष्ण दुई पक्ष हुने गर्दछन् । अनुस्वार र विसर्गलाई छोड्ने हो भने स्वर दसवटा हुन्छन् । ह्रस्व स्वर शुक्लपक्ष र दीर्घ स्वरलाई कृष्णपक्ष मानिएको छ । प्रतिपदा आदि तिथिहरू पनि यिनीहरू नै हुन् । उदय कालमा शान्ति आदिका कर्म गर्नुपर्दछ र भ्रमित कालमा वशीकरण आदि गर्नुपर्दछ । भ्रमित काल एवं दुवै सन्ध्याहरूमा द्वेषण तथा उच्चाटन आदिका कर्म गर्नुपर्दछ । स्तम्भन कर्मका लागि भने सूर्यास्तको समय राम्रो मानिएको छ । इडा नाडी चलेको छ भने आकर्षणसम्बन्धी कार्य गर्नुपर्दछ । विषुव

इहावाहे शान्तिकाद्यं पिङ्गले कर्षणादिकम् ।२१।
मारणोच्चाटनादीनि विषुवे पञ्चधा पृथक् ।
अधरस्य गृहे पृथ्वी ऊर्ध्वे तेजोऽन्तरा द्रवः ।२२।
रन्धपार्श्वे बहिर्वायुः सर्वं व्याप्य महेश्वरः ।
स्तम्भनं पार्थिवे शान्तिर्जले वश्यादि तेजसे ।
वायौ स्याद्भ्रमणं शून्ये पुण्यकाले समभ्यसेत् ।२३।

कालमा जब दुवै नाडीहरू समान भावले रहेका हुन्छन् त्यस बेला मारण, उच्चाटन आदि पाँच कर्म छुट्टाछुट्टै सिद्ध गर्नुपर्दछ। तीन तल्ला भएका घरमा तल्लो तल्लालाई पृथ्वी माझकालाई जल र माथिल्लोलाई तेज भनिएको छ। झ्याल, आँखीझ्याल आदि छन् भने तीभन्दा बाहिरका भागलाई वायु र भित्रका भागलाई आकाश भनिएको छ । पार्थिव अंशमा स्तम्भन, जलीय अंशमा शान्ति कर्म र तेजस् अंशमा वशीकरणका कर्म गर्नुपर्दछ। वायुमा भ्रमण र शून्य आकाशमा पुण्य कर्म वा पुण्य कालको अभ्यास गर्नुपर्दछ ।१-२३।

# ३२६. षड्विंशत्यधिकत्रिशततमोऽध्यायः

## गौर्य्यादिपूजा

ईश्वर उवाच

सौभाग्यादेरुमापूजां वक्ष्येऽहं भुक्तिमुक्तिदाम् ।
मन्त्रध्यानं मण्डलञ्च मुद्रां होमादिसाधनम् ।१।
चित्रभानुं शिवं कालं महाशक्तिसमन्वितम् ।
इडाद्यं परतोद्धृत्य सदेवः सविकारणम् ।२।
द्वितीयं द्वारकाक्रान्तं गौरीप्रीतिपदान्वितम् ।
चतुर्थ्यन्तं प्रकर्त्तव्यं गौर्य्या वै मूलवाचकम् ।३।
ओं ह्रीं सः शौ गौर्य्यै नमः तत्रार्णत्रितयेनैव जातियुक्तं षडङ्गुलम् आसनं प्रणवेनैव मूर्त्तिं वै हृदयेन तु ।४।
उदकं च तथा कालं शिवबीजं समुद्धरेत् ।
प्राणं दीर्घस्वराक्रान्तं षडङ्गं जातिसंयुतम् ।५।
आसनं प्रणवेनात्र मूर्त्तिन्यासं हृदाचरेत् ।
यामलं कथितं वत्स एकवीरं वदाम्यथ ।६।
व्यापकं सृष्टिसंयुक्तं वह्निमायाकृशानुभिः ।
शिवशक्तिमयं बीजं हृदयादिविवर्जितम् ।७।
गौरीं यजेद्धेमरूप्यां काष्ठजां शैलजादिकाम् ।
पञ्चपिण्डां तथाऽव्यक्तां कोणे मध्ये तु पञ्चमम् ।८।
ललिता सुभगा गौरी क्षोभणी चाग्नितः क्रमात् ।
वामा ज्येष्ठा क्रिया ज्ञाना वृत्ते पूर्वादितो यजेत् ।९।
सपीठे वामभागे तु शिवस्याव्यक्तरूपकम् ।

महादेव भन्दछन्– हे स्कन्द ! अब म सौभाग्य आदिका निम्ति गरिने उमाको पूजाको विधि बताउँछु। उनको मन्त्र, ध्यान, आवरणमण्डल, मुद्रा तथा होमविधिको पनि बयान गर्नेछु । गौं गौरीमूर्तये नमः यो गौरीदेवीको मूल मन्त्र हो । ओं ह्रीं सः शौं गौर्यै नमः तीन अक्षरलाई नै नमः आदि जोडेर षडङ्गन्यास गर्नुपर्दछ । प्रणवबाट आसन र हृदयमन्त्रले मूर्तिको कल्पना गर्नुपर्दछ। ऊ कालबीज तथा शिवबीज हो र त्यसलाई उद्धरण गर्नुपर्दछ। दीर्घ स्वर गाँसिएका प्राण यां यीं इत्यादिका जातिले सहित भएको षडङ्गन्यास गर्नुपर्दछ। प्राणवबाट आसन र हृदय मन्त्रले मूर्तिन्यास गर्नुपर्दछ। मैले यो यामल मन्त्र भनेको हुँ। अब एकवीरको वर्णन गर्दछु। सृष्टिन्यासले युक्त व्यापकन्यास अग्नि, माया र कृशानुद्वारा गर्नुपर्दछ। शिवशक्तिमय बीज हृदयादिले गर्न निषेध छ। सुन, चाँदी, काठ अथवा ढुङ्गाले गौरीको प्रतिमा बनाएर त्यसलाई पूजा गर्नुपर्दछ। अथवा पाँच पिण्डी भएको माटाकै प्रतिमा बनाउनुपर्दछ । त्यसो गर्दा चार कुनामा अव्यक्त प्रतिमा र माझमा पाँचौं व्यक्त प्रतिमा राखिनुपर्दछ। आवरण देवताहरूका रूपमा क्रमशः ललिता आदि शक्तिहरूको पूजा गर्नुपर्दछ। पहिले वृत्ताकार अष्टदल कमल बनाएर आग्नेय आदि कोणमा रहेका दलहरूमा क्रमैसित ललिता, सुभगा, गौरी र क्षोभणाको पूजा गर्नुपर्दछ। अनि पूर्व आदि दलहरूमा वामा, ज्येष्ठा क्रिया र ज्ञानाको पूजा गर्नुपर्दछ। पीठयुक्त बायाँ भागमा शिवको अव्यक्त रूपलाई पूजा गर्नुपर्दछ। देवीको व्यक्त रूप दुई या तीन आँखा भएको हुन्छ। त्यस शुद्ध रूपलाई भगवान् शङ्करसँगै पूजा गरिन्छ। ती देवी दुई पीठ

व्यक्ता द्विनेत्रा त्र्यक्षरा शुद्धा वा शङ्करान्विता ।१०।
पीठपद्मद्वयं तारा द्विभुजा वा चतुर्भुजा ।
सिंहस्था वा वृकस्था वा अष्टाष्टादश सत्करा ।११।
स्रगक्षसूत्रकलिका गलकोत्पपिण्डिका ।
शरं धनुर्वा सव्येन पाणिनान्यतमं वहत् ।१२।
वामेन पुस्तताम्बूलदण्डाभयकमण्डलुम् ।
गणेशदर्पणेष्वासान्दद्याददेकैकशः क्रमात् ।१३।
व्यक्ताव्यक्ताऽथ वा कार्य्या पद्ममुद्रा स्मृतासने ।
लिङ्गमुद्रा शिवस्योक्ता मुद्रा चावाहनी द्वयोः ।१४।
शक्तिमुद्रा तु योन्याख्या चतुरस्रन्तु मण्डलम् ।
चतुरस्रं त्रिपत्राब्जं मध्यकोष्ठचतुष्टये ।१५।
त्र्यश्रोर्द्धे चार्द्धचन्द्रस्तु द्विपदं द्विगुणं क्रमात् ।
द्विगुणं द्वारकण्ठं तु द्विगुणदुपकण्ठतः ।१६।
द्वारत्रयं त्रयं दिक्षु अथ वा भद्रके यजेत् ।
स्थण्डिले वाथ संस्थाप्य पञ्चगव्यामृतादिना ।१७।
रक्तपुष्पाणि देयानि पूजयित्वा ह्युदङ्मुखः ।
शतं हुत्वामृताज्यं च पूर्णादः सर्वसिद्धिभाक् ।१८।
बलिं दत्त्वा कुमारीश्च तिस्रो वा चाष्ट भोजयेत् ।
नैवेद्य शिवभक्तेषु दद्यान्न स्वयमाचरेत् ।१९।
कन्यार्थी लभते कन्यामपुत्रः पुत्रमाप्नुयात् ।
दुर्भगा चैव सौभाग्यं राजा राज्यं जयं रणे ।२०।
अष्टलक्षैश्च वाक्सिद्धिर्देवाद्या वशमाप्नुयुः ।
न निवेद्य न चाश्नीयाद्वामहस्तेन चार्चयेत् ।२१।
अष्टम्यां च चतुर्दश्यां तृतीयायां विशेषतः ।
मृत्युञ्जयार्चनं वक्ष्ये पूजयेत्कलशोदरे ।२२।
हूयमानं च प्रणवो मूर्त्तिरोजस ईदृशम् ।

अथवा दुईवटा कमलमा रहेकी हुन्छिन् । त्यहाँ देवीका दुई, चार, आठ अथवा अठारवटा हात हुन्छन् भन्ने चिन्तन गर्नुपर्दछ। उनले सिंह अथवा ब्वाँसालाई आफ्नो वाहन बनाएकी हुन्छिन्। अठारवटा हात भएकामा दाहिनेतिरका नौवटा हातमा आयुध हुन्छन्। तिनीहरूका नाम– स्रक्, अक्ष, सूत्र, कलिका, मुण्ड, उत्पल, पिण्डिका, बाण र धनुष हुन् । यिनीहरूमा रहेका यी एकएक महान् वस्तुले ती हातको शोभा बढाइरहेका हुन्छन् । बायाँभागका नौवटा हातहरूमा पनि प्रत्येकमा एकएक गरेर क्रमशः नौवटा वस्तुहरू छन् । ती– पुस्तक, ताम्बूल, दण्ड, अभय, कमण्डलु, गणेश, दर्पण, बाण र धनुष हुन् । उनलाई व्यक्त अथवा अव्यक्त मुद्रा देखाउनुपर्दछ। आसन समर्पणका लागि पद्ममुद्रा भनिएको छ । भगवान् शिवको पूजामा लिङ्गमुद्राको विधान छ। यही नै शिवमुद्रा हो । आवानीमुद्रा दुवैका लागि हुन्छ। शक्तिमुद्रा योनि नामले चिनिन्छ। यिनको मण्डल वा मन्त्र चारकुने हुन्छ । यसको लम्बाइचौडाइ चार हात फराकिलो हुन्छ। माझमा रहेका चार कोठाहारुमा त्रिदल कमल अङ्कित गर्नुपर्दछ । तीन कोणहरूको ऊर्ध्व भागमा अर्धचन्द्र रहन्छ । त्यसलाई दुई पद वा कोष्ठहरू लिएर बनाइएको हुन्छ। पहिलोभन्दा दोस्रो दोब्बर ठूलो हुन्छ। द्वारको कण्ठभाग दुईदुई पदको हुन्छ तर उपकण्ठ त्यसको पनि दोब्बर हुनुपर्दछ । एकएक दिशामा तीनतीन द्वार राख्नुपर्दछ अथवा सर्वतोभद्र मण्डल बनाएर त्यसमा पूजा गर्नुपर्दछ अथवा कुनै चारकुनै वेदीमा देवतालाई स्थापना गरेर पञ्चगव्य तथा पञ्चामृत आदिले पूजा गर्नुपर्दछ । पूजा गरिसकेर उत्तरतिर फर्केर उनलाई रातो रङ्गको फूल चढाउनुपर्दछ। घिउ आदिका आहुति सयपटक दिने साधकले सबै खालका सिद्धिहरू प्राप्त गर्दछ। अनि बलि अर्पित गरेर तीन अथवा आठ कुमारीहरूलाई भोजन गराउनुपर्दछ । शिवभक्तलाई पूजाको नैवेद्य दिनुपर्छ आफूले खानु हुँदैन। यस किसिमले अनुष्ठान गर्नाले कन्याको चाहना गर्नेले कन्या र पुत्रको कामना गर्नेले पुत्र प्राप्त गर्दछन्। दुर्भाग्यले ग्रस्त भएकी स्त्री सौभाग्यशालिनी हुन्छे। राजालाई युद्धमा विजय र राज्यको प्राप्ति हुन्छ। आठ लाख जप गर्दा वाक्सिद्धि प्राप्त हुन्छ र देवगण पनि वशमा हुन्छन्। इष्टदेवलाई निवेदन नगरीकन आफूले भोजन गर्नु हुँदैन। बायाँ हातले पनि अर्चना गर्न सकिन्छ। विशेष गरी अष्टमी, चतुर्दशी र तृतीयाका दिन यसो गर्नुपर्ने विधि छ। अब म मृत्युञ्जय पूजाको वर्णन गर्दछु। कलशमा त्यो पूजा गर्नुपर्दछ। हवनमा प्रणवमृत्युञ्जयको मूर्ति हुन्छ र ओं जूं सः मूल मन्त्र हो। ओं

मूलं च वौषडन्तेन कुम्भमुद्रां प्रदर्शयेत् ।२३।
होमयेत्क्षीरदूर्वाज्यममृतां च पुनर्नवाम् ।
पायसं च पुरोडाशमयुतन्तु जपेन्मनुम् ।२४।
चतुर्मुखं चतुर्बाहुं द्वाभ्यां च कलशं दधत् ।
वरदाभयकं द्वाभ्यां स्नायाद्वै कुम्भमुद्रया ।२५।
आरोग्यैश्वर्य्यदीर्घायुरौषधं मन्त्रितं शुभम् ।
अपमृत्युहरो ध्यातः पूजितोऽद्धुत एव सः ।२६।

जूं सः वौषट् भनेर अर्चनीय देवता मृत्युञ्जयलाई कुम्भमुद्रा देखाउनुपर्दछ। यस मन्त्रको दस हजार जप गर्नेपर्दछ र खिर, दुबो, घिउ, अमृता, पुनर्नवा, पायस र पुरोडाश हवन गर्नुपर्दछ। भगवान् मृत्युञ्जयका चार मुख र चार भुजाहरू छन्। उनले आफ्ना दुई हातमा कलश र दुई हातमा वरद एवं अभय मुद्रा धारण गरेका हुन्छन्। कुम्भमुद्राले उनलाई स्नान गराउनुपर्दछ। यसो गर्दा आरोग्य, ऐश्वर्य र दीर्घायु प्राप्ति हुन्छ। भगवान् मृत्युञ्जयलाई ध्यान गर्नाले उनले दुर्गतिको मृत्यु हटाइदिन्छन्। त्यसो भएकैले उनलाई सधैँ पूजा गर्ने गरिएको छ ।१-२६।

# ३२७. सप्तविंशत्यधिकत्रिशततमोऽध्यायः

## देवालयमाहात्म्य

ईश्वर उवाच
व्रतेश्वरांश्च सत्यादीनिष्ट्वा व्रतसमर्पणम् ।
अरिष्टशमने शस्तमरिष्टं सूत्रनायकम् ।१।
हेमरत्नमयं भूत्यै महाशङ्खं च मारणे ।
आप्यायने शङ्खसूत्रं मौक्तिकं पुत्रवर्द्धनम् ।२।
स्फाटिकं भूतिदं कौशं मुक्तिदं रुद्रनेत्रजम् ।
धात्रीफलप्रमाणेन रुद्राक्षं चोत्तमं ततः ।३।
समेरुं मेरुहीनं वा सूत्रं जप्यन्तु मानसम् ।
अनामाङ्गुष्ठमाक्रम्य जपं भाष्यन्तु कारयेत् ।४।
तर्जन्यङ्गुष्ठमाक्रम्य न मेरुं लङ्घयेज्जपे ।
प्रमादात्प्रतिते सूत्रे जप्तव्यन्तु शतद्वयम् ।५।
सर्ववाद्यमयी घण्टा तस्या वादनमर्थकृत् ।
गोशकृन्मूत्रवल्मीकमृत्तिकाभस्मवारिभिः ।६।
वेश्मायतनलिङ्गादेः कार्य्यमेवं विशोधनम् ।
स्कन्दो नमः शिवायति मन्त्रः सर्वार्थसाधकः ।७।
गीतः पञ्चाक्षरो वेदे लोके गीतः षडक्षरः ।
ओमित्यन्ते स्थितः शम्भुर्मुद्रार्थं वटबीजवत् ।८।
क्रमान्नमः शिवायति ईशानाद्यानि वै विदुः ।
षडक्षरस्य सूत्रस्य भाष्याद्विद्याकदम्बकम् ।९।
यदों नमः शिवायेति एतावत्परमं पदम् ।
अनेन पूजयेल्लिङ्गं लिङ्गे यस्मात् स्थितः शिवः ।१०।

महेश्वर भन्दछन्— हे कार्तिकेय ! व्रतेश्वर र सत्य आदि देवताहरूको पूजा गरेर उनैलाई व्रत समर्पण गर्नुपर्दछ। अरिष्ट शान्तिका लागि अरिष्ट मूलको माला उत्तम हुन्छ। कल्याण प्राप्तिका लागि सुवर्ण एवं रत्नको माला र मारण कर्मका लागि महाशङ्ख, शान्ति कर्ममा शङ्ख र पुत्र प्राप्तिका लागि मोतीको मालाले जप गर्नुपर्दछ। स्फटिक मणिको मालाले कोषसम्पत्ति प्रदान गर्दछ र रुद्राक्षका मालाले मुक्ति प्रदान गर्दछ। अमलाजत्रै रुद्राक्षलाई मालाका लागि उत्तम मानिएको छ। मेरुसहितको वा मेरु नभएकै माला पनि जपका लागि ग्राह्य हुन्छ भनिएको छ। मानसिक जप गर्दाखेरि मालाका दानाहरू बुढीऔँलो र कान्छीऔँलोबाट हटाउनुपर्दछ। उपांशु जप गर्दा चोरीऔँलो र बुढीऔँलोका संयोगबाट माला गन्नुपर्दछ तर जप गर्दा कहिल्यै मेरु नाघ्नु हुँदैन। यदि भुलवश माला खस्यो भने दुई सयपटक मन्त्रको जप गर्नुपर्दछ। घण्टालाई सबै वाद्यमय भनिएको छ। त्यसलाई बजाउँदा सबै खालका सिद्धिहरू प्राप्त हुन्छन्। गृह र मन्दिरमा शिवलिङ्गलाई गोबर, गहुँत, धमिराको माटो, खरानी र जलले शुद्ध गराउनुपर्दछ। हे कार्तिकेय ! नमः शिवाय भन्ने यस मन्त्रले सबै खालका अभीष्टहरूलाई सिद्ध गराउँछ। यसलाई वेदमा पञ्चाक्षर र लोकमा षडक्षर मानिएको छ ।परम अक्षर ओङ्कारमा नै बरको रुखजस्तै विशाल शिव सूक्ष्म बरको सानो बिउजस्तो भएर बसेका छन्। ओं नमः शिवाय, ईशानः सर्वविद्यानाम् आदि शिवका मन्त्रहरू समस्त विद्याको स्रोत यसै ओं नमः शिवाय का भाष्यहरू हुन्। यसै मन्त्रले शिवलिङ्गको पूजा गर्नुपर्दछ। किनभने धर्म, अर्थ, काम र मोक्ष प्रदान गर्ने भगवान् शिव सम्पूर्ण लोकहरूमा अनुग्रह गर्नका लागि लिङ्गमा प्रतिष्ठित भएका हुन्छन्। ज

अनुग्रहाय लोकानां धर्मकामार्थमुक्तिदः ।
यो न पूजयते लिङ्गं न स धर्मादिभाजनम् ।११।
लिङ्गार्चनाद्भुक्तिमुक्तिर्यावज्जीवमतो यजेत् ।
वरं प्राणपरित्यागो भुञ्जीतापूज्य नैव तम् ।१२।
रुद्रस्य पूजनाद्रुद्रो विष्णुः स्याद्विष्णुपूजनात् ।
सूर्य्यः स्यात्सूर्य्यपूजातः शक्त्यादिः शक्तिपूजनात् ।१३।
सर्वयज्ञतपोदाने तीर्थे वेदेषु यत्फलम् ।
तत्फलं कोटिगुणितं स्थाप्य लिङ्गं लभेन्नरः ।१४।
त्रिसन्ध्यं योर्चयेल्लिङ्गं कृत्वा बिल्वेन पार्थिवम् ।
शतैकादशिकं यावत्कुलमुद्धृत्य नाकभाक् ।१५।
भक्त्या वित्तानुसारेण कुर्य्यात्प्रासादसञ्चयम् ।
अल्पे महति वा तुल्यफलमाढ्यदरिद्रयोः ।१६।
भागद्वयं च धर्मार्थं कल्पयेज्जीवनाय च ।
धनस्य भागमेकन्तु अनित्यं जीवितं यतः ।१७।
त्रिसप्तकुलमुद्धृत्य देवागारकृदर्थभाक् ।
मृत्काष्ठेष्टकशैलाद्यैः क्रमात्कोटिगुणं फलम् ।१८।
अष्टेष्टकसुरागारकारी स्वर्गमवाप्नुयात् ।
पांसुना क्रीडमानोऽपि देवागारकृदर्थभाक् ।१९।

शिवलिङ्गको पूजा गर्दैन ऊ धर्म प्राप्तिबाट वञ्चित हुन्छ । लिङ्गपूजनले भोग र मुक्ति दुवै प्राप्त हुन्छन्, त्यसैले बाँचुन्जेल शिवलिङ्गको पूजा गर्नुपर्दछ । बरु मरिन्छ भने पनि त्यसको पूजा नगरीकन भोजन गर्नु हुँदैन । मानिसले रुद्र, श्रीविष्णुका पूजाले विष्णु, सूर्यको पूजाले सूर्य र शक्तिको पूजाले शक्तिकै समान रूप प्राप्त गर्दछ । त्यसलाई सम्पूर्ण यज्ञ, तप र दानको फल प्राप्त हुन्छ । मानिसले लिङ्गको स्थापना गरेर त्यसबाट करोडौँ गुना फल प्राप्त गर्दछ । जुन मानिसले दिनदिनै पार्थिव शिवलिङ्गको निर्माण गरेर बेलका पत्रले त्यसको पूजा गर्दछ आफ्ना एक सय एघार पुस्तालाई उद्धार गर्दै ऊ स्वर्गलोकमा पुग्छ । आफ्नो आर्थिक अवस्थाअनुसार भक्तिपूर्वक देवमन्दिर निर्माण गराउनुपर्दछ । दरिद्र र धनीलाई मन्दिर बनाउनका लागि सकेअनुसारको धेरै वा थोरै खर्च जुटाइदिनाले पनि त्यस्तै फल प्राप्त हुन्छ । बचत धन दुई भाग पारेर एक भाग धर्मकर्ममा लगाई त्यतिले नै जीवन निर्वाह गर्नुपर्दछ, किनभने जीवन अनित्य छ । देवमन्दिर बनाउनेले आफ्ना एक्काईस पुस्ता उद्धार गरेर अभीष्ट अर्थ प्राप्त गर्दछ । माटो, काठ, इँटा र ढुङ्गाले मन्दिर निर्माण गर्दा क्रमशः करोड गुना फल प्राप्त हुन्छ । आठवटा इँटाले पनि मन्दिरको निर्माण गराएको छ भने स्वर्गलोक पुग्दछ । धुलो खेल्दा मन्दिर बनाउनेले पनि मनले चिताएको कुरो पाउँछ ।१-१९।

# ३२८. अष्टाविंशत्यधिकत्रिशततमोऽध्यायः

## छन्द

अग्निरुवाच

छन्दो वक्ष्ये मूलजैस्तैः पिङ्गलोक्तं यथाक्रमम् ।
सर्वादिमध्यान्तगणौ म्नौ भ्यौ ज्रौ स्तौ त्रिका गणाः ।१।
ह्रस्वो गुरुर्वा पादान्ते पूर्वो योगाद्विसर्गतः ।
अनुस्वाराद्व्यञ्जनात्स्याज्जिह्वामूलीयतस्तथा ।२।
उपध्मानीयतो दीर्घो गुरु र्ग्लौ नौ गणाविह ।
वसवोऽष्टौ च चत्वारो वेदादित्यादिलोकतः ।३।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म वेदका मूल मन्त्रकै अनुसार पिङ्गलका छन्दको क्रमशः वर्णन गर्दछु । मगण, नगण, भगण, यगण, जगण, रगण, सगण र तगण यी आठवटा गणहरू छन् । सबै गणमा तीनतीन अक्षर हुन्छन् । मगणमा सबै दीर्घ र नगणमा सबै ह्रस्व अक्षर हुन्छन् । अघिल्लो दीर्घ भएका भगण र अघिल्लो ह्रस्व भएका यगण हुन्छन् । अन्त्यको दीर्घ भएको सगण र अन्त्यको ह्रस्व भएको तगण हुन्छ । अन्त्यमा रहेको ह्रस्व अक्षरलाई वैकल्पिक रूपमा दीर्घ मानिएको छ । विसर्ग, अनुस्वार, संयुक्त अक्षर, जिह्वामूलीय र उपध्मानीयभन्दा पहिले आउने अक्षरहरू ह्रस्व भए पनि दीर्घ नै मानिन्छन् । ह्रस्वलाई लघु र दीर्घलाई गुरु भनेको हुनाले गुरुको सङ्केत ग र लघुको सङ्केत ल हुन्छन् । यी ग एवं ल गण होइनन् । वसु शब्दले आठ र वेद शब्दले चारलाई जनाउँछ भन्ने खालका कुरा लोकव्यवहारबाट जान्नुपर्दछ ।१-३।

# ३२९. ऊनत्रिंशदधिकत्रिशततमोऽध्यायः

## छन्दसार

अग्निरुवाच

छन्दोऽधिकारे गायत्री देवी चैकाक्षरी भवेत् ।

पञ्चदशाक्षरी सा स्यात्प्राजापत्याष्टवर्णिका ।१।

यजुषां षडर्णा गायत्री साम्ना स्याद्द्वादशाक्षरा ।

ऋचामष्टादशार्णा स्यात्साम्नां वर्धेत च द्वयम् ।२।

ऋचां तुर्य्यञ्च वर्धेत प्राजापत्याचतुष्टयम् ।

वर्धेदेकैककं शेषे आसुर्य्यादिकमुत्सृजेत् ।३।

उष्णिगनुष्टुब्बृहती पङ्क्तिस्त्रिष्टुब्जगत्यपि ।

तानि ज्ञेयानि क्रमशो गायत्र्यो ब्रह्म एव ताः ।४।

तिस्रस्तिस्रः सनाम्न्यः स्युरेकैका आर्ष्य एव च ।

ऋग्यजुषां संज्ञाः स्युश्चतुःषष्टिपदे लिखेत् ।५।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! छन्द भन्ने शब्द त अधिकारमा प्रयोग हुन्छ र यस पूरै प्रकरणमा छन्द शब्दकै अनुवृत्ति हुन्छ । दैवी गायत्री एक अक्षरको, आसुरी पन्ध्र अक्षरको, प्राजापत्या आठ अक्षरको, याजुषी छ अक्षरको, साम्नी गायत्री बाह्र अक्षरको र आर्ची अठार अक्षरको हुन्छ । यदि साम्नी गायत्रीमा क्रमशः दुईदुई अक्षर बढाउँदै तिनलाई छवटा कोठामा, यसै गरी आर्ची गायत्रीमा तीनतीन बढाउँदै, प्राजापत्या गायत्रीमा चारचार बढाउँदै र अन्य गायत्रीमा एकएक अक्षर बढाउँदै तथा आसुरी गायत्रीमा प्रत्येक कोठाबाट एकएक घटाउँदै जाने हो भने तिनीहरूलाई नै साम्नी आदि भेदसहितका क्रमशः उष्णिक्, अनुष्टुप्, बृहती, पङ्क्ति, त्रिष्टुप् र जगती छन्द हुन्छन् भनेर जान्नुपर्दछ । याजुषी, साम्नी तथा आर्ची यी तीन भेद भएका गायत्री आदि प्रत्येक छन्दका अक्षरहरूलाई छुट्टाछुट्टै जोड्ने हो भने ती सबैलाई ब्राह्मी गायत्री, ब्राह्मी उष्णिक् आदि छन्द भनेर मान्नुपर्दछ । यसै गरी याजुषीभन्दा पहिले जुन नौ दैवी, आसुरी र प्राजापत्या नामक तीन भेद हुन् तिनीहरूका अक्षरहरूलाई पृथक्पृथक् छवटा कोठामा जोड्ने हो भने जति अक्षर हुन्छन् ती आर्षी गायत्री आर्षी उष्णिक् आदि नामका हुन्छन् । यी भेदहरू बुझ्नका लागि चौसठ्ठी कोठामा लेख्नुपर्दछ ।१–५।

# ३३०. त्रिंशदधिकत्रिशततमोऽध्यायः

## छन्दविवेक

अग्निरुवाच

पाद आपादपूरणे गायत्र्यो वसवः स्मृताः ।

जगत्या आदित्याः पादो विराजो दिश ईरिताः ।१।

विष्णुतो रुद्राः पादः स्याच्छन्द एकादिपादकम् ।

आद्यं चतुष्पाच्चतुर्भिस्त्रिपात् सप्ताक्षरैः क्वचित् ।२।

सा गायत्री पदे नीवृत्तत्प्रतिष्ठादि षट् त्रिपात् ।

वर्धमानाः षडष्टाष्टा त्रिपात्षड्वसुभूधरैः ।३।

गायत्री त्रिपदा नीवृन्नागी नव नवर्त्तुभिः ।

वाराही रसद्विरसा छन्दश्चाथ तृतीयकम् ।४।

द्विपाद्द्वादशवस्वन्तैस्त्रिपानु त्रैष्टुभैः स्मृतम् ।

उष्णिक्छन्दोऽष्टवसुकैः पादैर्वेदे प्रकीर्त्तितः ।५।

ककुबुष्णिगष्टसूर्य्यवस्वर्णा त्रिभिरेव सः ।

पुनरुष्णिक्सूर्य्यवसुवस्वर्णैश्च त्रिपाद्भवेत् ।६।

परोष्णिक्परतस्तस्माच्चतुष्पादात्त्रिभिर्भवेत् ।

साष्टाक्षरैरनुष्टुप्स्याच्चतुष्पाच्च त्रिपात्क्वचित् ।७।

अष्टार्कसूर्य्यवर्णैः स्यान्मध्येऽन्ते च क्वचिद्भवेत् ।

बृहतीजगत्यस्त्रयो गायत्र्याः पूर्वको यदि ।८।

तृतीयः पथ्या भवति द्वितीया न्यङ्कुसारिणी ।

स्कन्धौ ग्रीवा कौष्टुके स्याद्यक्षे स्याद्वो बृहत्यपि ।९।
उपरिष्टाद्बृहत्यन्ते पुरस्ताद् बृहती पुनः ।
क्वचिन्नवकाश्चत्वारो दिग्विदिक्ष्वष्टवर्णिकाः ।१०।
महाबृहती जागतैः स्यात्त्रिभिः सतो बृहत्यपि ।
भण्डिलः पङ्क्तिच्छन्दः स्यात्सूर्य्यार्कोष्टाष्टवर्णकैः ।११।
पूर्वौ वेदयुजौ सतः पङ्क्तिश्च विपरीतकौ ।
प्रस्तारपङ्क्तिश्च पुरतः पत्रादास्तारपङ्क्तिका ।१२।
अक्षरपङ्क्तिः पञ्चकाश्चत्वारश्चाल्पशो द्वयम् ।
पदपङ्क्तिः पञ्च भवेच्चतुष्कं षट्ककत्रयम् ।१३।
षट्कपञ्चभिर्गायत्रैः षड्भिश्च जगती भवेत् ।
एकेन त्रिष्टुब्ज्योतिष्मती तथैव जगतीरिता ।१४।
पुरस्ताज्ज्योतिः प्रथमे मध्ये ज्योतिश्च मध्यतः ।
उपरिष्टाज्ज्योतिरन्त्यादेकस्मिन्पञ्चके तथा ।१५।
भवेच्छन्दः शङ्कुमती षट्के छन्दः ककुद्मती ।
त्रिपादशिशुमध्यास्यात्सा पिपीलिकमध्यमा ।१६।
विपरीता यवमध्या त्रिवृदेकेन वर्जिता ।
भूमिजैकेनाधिकेन द्विहीना च चिराड्भवेत् ।१७।
स्वराट् स्याद्द्वाभ्यामधिकं सन्दिग्धो दैवतादितः ।
आदिपादान्निश्चयः स्याच्छन्दसां देवताः क्रमात् ।१८।
अग्नि सूर्य्यः शशी जीवो वरुणश्चन्द्र एव च ।
विश्वेदेवाश्च षड्जाद्याः स्वराः षड्जो वृषः क्रमात् ।१९।
गान्धारो मध्यमश्चैव पञ्चमो धैवतस्तथा ।
निषादवर्णाः श्वेतश्च सारङ्गश्च पिशङ्गकः ।२०।
कृष्णो नीलो लोहितश्च गौरो गायत्रिमुख्यके ।
गोरोचनाभाः कृतयो ज्योतिश्छन्दो हि श्यामलम् ।२१।
अग्निर्वैश्यः काश्यपश्च गौतमाङ्गिरसौ क्रमात् ।
भार्गवः कौशिकश्चैव वासिष्ठो गोत्रमीरीतम् ।२२।

अग्निदेव भन्दछन्– यो प्रसङ्ग पूरा होउन्जेलसम्म पादः भन्ने शब्दलाई अनुवृत्ति गर्नुपर्दछ। जहाँ गायत्री आदि छन्दहरूका कुनै पादमा अक्षरको सङ्ख्या पुगेको छैन भने त्यस्ता ठाउँमा इय् उव् आदिले त्यसको पूर्ति गरिएको हुन्छ। गायत्री छन्दको एक पाद आठ अक्षरको हुन्छ। अर्थात् गायत्रीको पादका विषयमा चर्चा भएका ठाउँमा आठ अक्षर गन्नुपर्दछ। जगती छन्दको पाद बाह्र अक्षरको हुन्छ। विराट्को पाद दस अक्षरको हुन्छ। त्रिष्टुप् छन्दको पाद एघार अक्षरको हुन्छ। जुन छन्दको जस्तो पादसङ्ख्या भनिएको छ उसैअनुसार कुनै छन्द एक पादको, कुनै दुई पादको, कुनै तीन पादको र कुनै चार पादको हुन्छन् भन्ने मानिएको छ। आदि छन्द अर्थात् गायत्रीलाई कतै छ अक्षरको चार पाउ भएको मानिएको छ भने कतैकतै सात अक्षरका तीन पाद भएको हुन्छ। त्यस्तो सात अक्षर भएको गायत्री पाद निचृत् नाम भएको हुन्छ। यदि गायत्रीको पहिलो पाद आठ अक्षरको, दोस्रो सात अक्षरको र तेस्रो छ अक्षरको छ भने त्यो प्रतिष्ठा गायत्री छन्द हो। यसभन्दा विपरीत यदि गायत्रीको प्रथम पाद छ, दोस्रो सात र तेस्रो पाद आठ अक्षर भएको छ भने त्यसलाई वर्धमाना गायत्री भन्दछन्। यदि तीन पाद भएको गायत्रीको पहिलो पाद छ, दोस्रो आठ र तेस्रो पाद सात अक्षरको रहेको छ भने त्यसको नाम अतिपाद निचृत् हुने गर्दछ। यदि दुई पाद नौनौ अक्षरका र तेस्रो पाद छ अक्षरको छ भनेदेखि त्यसलाई नागी गायत्री भन्दछन्। यदि पहिलो चरण छ अक्षरको, दोस्रो र तेस्रो नौनौ अक्षरका छन् भने त्यो वाराही गायत्री नामको छन्द हो। अब विराट् नामको तेस्रो भेदका विषयमा भन्दछु। जहाँ दुईवटा मात्रै पादको छन्द छ त्यस्तोमा यदि पहिलो बाह्र अक्षरको र दोस्रो आठ अक्षरका पादहरू छन् भने त्यसलाई द्विपदा विराट नामको छन्द हो भनिएको छ। एघारएघार अक्षरका तीनवटा पाद रहेका छन् भने त्रिपाद् विराट् नामको गायत्री हो। यदि दुईवटा आठआठ र एउटा बाह्र अक्षरको पाद छन् भने त्यसलाई वेदमा उष्णिक् नाम राखिएको छ। पहिलो एवं तेस्रो पाद आठआठ अक्षरका र दोस्रो बाह्र अक्षरको पाद छ भने त्यस्तो तीन पद भएकालाई ककुप् उष्णिक् नामको छन्द हो भनिएको छ। पहिलो बाह्र अक्षरको र दोस्रोतेस्रो आठआठ अक्षरका पाद भएको छ भने त्यस तीन पादको छन्दलाई पुर उष्णिक् भनिन्छ। पहिलो र दोस्रो पद आठआठ अक्षरका छन् र तेस्रो पद बाह्र चरणको छ भने त्यसलाई परोष्णिक् भनिन्छ। सातसात अक्षरका चार पाद भए भने त्यो पनि उष्णिक् हुन्छ। आठआठ अक्षरका चार चरण भएको छन्द अनुष्टुप् हो। अनुष्टुप् छन्द कुनैकुनै तीन चरणको पनि हुन्छ। त्रिपाद अनुष्टुप् दुई किसिमको हुन्छ। एक खालेमा पहिलो चरणमा आठ र दोस्रो एवं तेस्रो चरणमा बाह्रबाह्र अक्षर हुन्छन्। दोस्रो खालकोमा माझको वा अन्तिम पाद आठ अक्षरको हुन्छ र बाँकी दुईवटामा आठ अक्षर हुन्छन्। आठ अक्षरको माझको पद भएको त्रिपाद् अनुष्टुप् हो र आठ अक्षरको अन्तिम पद भएको त्रिपाद् अनुष्टुप्को उदाहरण ऋग्वेदमा क्रमशः (९।११०।१ र १।१२०।८) हुन्। यदि एक पाद जगतीको बाह्र अक्षरको र बाँकी तीन पाद गायत्रीका आठआठ अक्षरका छन् भने

यस्तो चार पाद भएको बृहती छन्द हो। यसमा पनि जब पहिलेको स्थान तेस्रो चरणले लिएको अर्थात् त्यो जगतीको पाद ह र बाँकी तीन चरण गायत्रीका हुन्छन् भने त्यसलाई पथ्या गायत्री भन्दछन्। जब पहिलो जगतीको पाद द्वितीय पाद बनेको र बाँकी तीनवटा गायत्रीका पाद हुन्छन् भने त्यो न्यङ्गुसारिणी बृहती नामको छन्द हो। आचार्य क्रोष्टुकिका मतमा यो छन्द स्कन्ध वा ग्रीवा नामको पनि हो। यास्काचार्यले यसैलाई उरोबृहती नाम दिएका छन्। जब अन्तिम वा चतुर्थ पाद जगतीको र सुरुका तीनवटा चरण गायत्रीका हुन्छन् भने उपरिष्टात् बृहती नामको छन्द हुन्छ। त्यही जगतीको चरण पहिले छ र बाँकी तीन चरण गायत्री छन्दका हुन्छन् भने त्यसलाई पुरस्ताद् बृहती छन्द भन्दछन्। वेदमा कतैकतै नौनौ अक्षरका चार चरणहरू पनि देख्न पाइन्छ। ती पनि बृहती छन्दभित्रै आउँछन्। कुनैमा यदि पहिले दसदस अक्षरका दुई चरण र आठआठ अक्षरका दुई चरण आएका छन् भने पनि तिनलाई बृहती छन्द नै भन्दछन्। केवल जगती छन्दका तीन चरण मात्रै आएका छन् भने पनि त्यसलाई महाबृहती भन्दछन्। ताण्डी नाम भएका आचार्यका मतमा यही नै सतो बृहती छन्द हो। बाह्रबाह्र अक्षरका दुईवटा पद र आठआठ अक्षरका दुईवटा पद भएको जहाँ हुन्छ त्यहाँ पङ्क्ति नामको छन्द हुन्छ। यदि विषम पाद बाह्रबाह्र अक्षरका र बाँकी दुई आठआठ अक्षरका हुन्छन् भने त्यसलाई सतःपङ्क्ति नामको छन्द भनिन्छ। यदि ती चरणहरू नै विपरीत रूपमा रहेका हुन्छन् भने पनि तिनीहरू सतःपङ्क्ति नै हुन्छन्। यदि पहिला दुई बाह्रबाह्र अक्षरका र बाँकी दुई आठआठ अक्षरका छन् भने त्यसलाई प्रस्तारपङ्क्ति भनिएको छ। अन्तिम दुई चरण बाह्रबाह्र अक्षरका छन् र आरम्भका दुई आठआठ अक्षरका छन् भने आस्तारपङ्क्ति नामको छन्द हुन्छ। यदि बाह्र अक्षरका दुई चरण बीचमा छन् र सुरु एवं अन्त्यका चरण आठआठ अक्षरका छन् भने त्यसलाई आस्तारपङ्क्ति भनिएको छ। यदि बाह्रबाह्र अक्षर भएका पद दुई छेउमा र आठआठ अक्षर भएका पद माझमा परेका छन् भने त्यो संस्तार पङ्क्ति नामको छन्द हो। पाँचपाँच अक्षरका चार पाद भए भने अक्षरपङ्क्ति नामको छन्द हुन्छ। पाँचै अक्षरका दुईवटा मात्रै चरण भएदेखि अल्पशः पङ्क्ति नामको छन्द हुन्छ। जहाँ पाँचपाँच अक्षरका पाँच पाद हुन्छन् त्यसलाई पदपङ्क्ति नाम भएको छन्द छ भनेर जान्नुपर्दछ। पहिलो चरण चार अक्षरको, दोस्रो छ अक्षरको र बाँकी पदहरू पाँचपाँच अक्षरका छन् भने त्यो पनि पदपङ्क्ति छन्द नै हुन्छ। आठआठ अक्षरका पाँचवटा पदहरू भएको पथ्यापङ्क्ति नामको छन्द भन्ने मानिएको छ। आठआठ अक्षरका छवटा चरण भए भने जगतीपङ्क्ति नामको छन्द हुन्छ। त्रिष्टुप् अथवा एघार अक्षरको एउटा पाद र आठआठ अक्षरका अरू पाद भएर पाँच पाद भएको त्रिष्टुब्ज्योतिष्मती नामको छन्द हुन्छ। यसै गरी एउटा चरण जगतीको वा बाह्र अक्षरको र अरू चारवटा चरण गायत्रीका छन् भने त्यस छन्दको नाम जगतीज्योतिष्मती हुन्छ। यदि पहिलो चरण नै एघार अक्षरको छ र बाँकी चारवटा चरण आठआठ अक्षरका छन् भने पुरस्ताज्ज्योति नामको त्रिष्टुप् छन्द हुन्छ र पहिलो चरण नै बाह्र अक्षरको छ र बाँकी अरू चारवटा चरण आठआठ अक्षरका छन् भने पुरस्ताज्ज्योति नामको जगती छन्द हुन्छ। माझको पाद एघार अक्षरको र अघिपछिका दुईदुई पाद आठआठ अक्षरका छन् भने मध्येज्योति नामको जगती छन्द हुन्छ। आरम्भका चार चरण आठआठ अक्षरका छन् र अन्तिम चरण एघार अक्षरको छ भने त्यसलाई उपरिष्टाज्ज्योति त्रिष्टुप् छन्द भन्दछन्। यसै गरी सुरुका चार चरण पहिलेकै जस्तो आठआठ अक्षकार छन् र अन्तिम चरण बाह्र अक्षरको छ भने त्यसको नाम नै उपरिष्टाज्ज्योति जगती हुन्छ। गायत्री आदि जुनसुकै छन्दका एक पाउमा पाँच अक्षर छन् र अन्य पाउहरूमा पहिले निर्धारित गरेअनुसारकै अक्षरहरू छन् भने त्यस्ता छन्दको नाम शङ्कुमती हुन्छ। एउटा पाद छ अक्षरको छ र अरू चरणहरूमा पहिले भनिएअनुसारकै ठिक्क अक्षर छन्भने त्यसको नाम ककुदमती हुन्छ। जहाँ तीन पाद भएको छन्दका पहिलो र दोस्रो पादमा अक्षर धेरै छन्भने र बीचका पादमा धेरै नै कम अक्षर छन् भने त्यस्ता ठाउँमा पिपीलिकमध्या भन्ने छन्दको नाम हुन्छ। यसको विपरीत यदि आदि र अन्त्यका पादहरूका अक्षर कम छन् र माझका पाउमा अक्षर धेरै छन् भने त्यस्ता त्रिपाद गायत्री आदि जुनसुकै छन्दलाई यवमध्या भन्दछन्। यदि गायत्री या उष्णिक् आदि छन्दमा एउटा मात्रै अक्षर कम भएको छ भने त्यसको निचृत् भन्ने विशेष नाम हुन्छ र एउटा मात्रै अक्षर बढी भएको छ भने त्यसको नाम भूरिक् हुन्छ। यसै गरी दुई अक्षरको कमी हुँदा विराट् र दुई अक्षर बढी हुँदा स्वराट् नाम हुने गर्दछ। सन्देहास्पद अवस्थामा छन्द छुट्याउन पहिलो पदको सहारा लिएर त्यो पदअनुसारकै छन्द मान्नुपर्दछ। यसै गरी देवता, स्वर, वर्ण तथा गोत्र आदिका आधारमा पनि सन्दिग्ध ठाउँमा छन्दको निर्णय गर्न सकिन्छ। गायत्री आदि छन्दका देवता क्रमशः अग्नि, सूर्य, चन्द्रमा, बृहस्पति, मित्रावरुण, इन्द्र र विश्वेदेव हुन्। उक्त छन्दका स्वर क्रमशः षड्ज, ऋषभ, गान्धार, मध्यम, पञ्चम, धैवत र निषाद हुन्। श्वेत, सारङ्ग, पिशङ्ग, कृष्ण, नील, लोहित र गौर क्रमशः गायत्री आदि छन्दहरूका वर्ण हुन्। कृति नाम भएका छन्दको वर्ण गोरोचनजस्तै छ र अतिच्छन्दहरूको वर्ण श्याम छ। अग्निवेश्य, काश्यप, गौतम, अङ्गिरा, भार्गव, कौशिक तथा वसिष्ठ यी क्रमशः उक्त सात छन्दहरूका गोत्र हुन् भनिएको छ।१-२२।

# ३३१. एकत्रिंशदधिकत्रिशततमोऽध्यायः

## छन्दोजातिनिरूपण

अग्निरुवाच

चतुःशतमुत्कृतिः स्यादुत्कृतेश्चतुरस्त्यजेत् ।
अभिसङ्ख्या प्रत्यकृतिस्तानि छन्दांसि वै पृथक् ।१।
कृतिश्चातिधृतिर्धात्री अत्यष्टिश्चाष्टिरित्यतः ।
अतिशक्वरी शक्वरीति अतिजगती जगत्यपि ।२।
छन्दोऽत्र लौकिकं स्याच्च आर्षमात्रैष्टुभात्स्मृतम् ।
त्रिष्टुप्पङ्क्तिर्बृहती अनुष्टुबुष्णिगीरितम् ।३।
गायत्री स्यात्सुप्रतिष्ठा प्रतिष्ठा मध्यया सह ।
अत्युक्तात्युक्त आदिश्च एकैकाक्षरवर्जितम् ।४।
चतुर्भागो भवेत्पादो गणच्छन्दः प्रदर्श्यते ।
तावन्तः समुद्रा गणा ह्यादिमध्यान्तसर्वगाः ।५।
चतुर्वर्णाः पञ्च गणा आर्य्यालक्षणमुच्यते ।
स्वरार्द्धञ्चार्य्यार्द्धं स्यादार्य्यायां विषेमण जः ।६।
षष्ठो जो नलपूर्वा स्याद्द्वितीयादिपदं नले ।
सप्तमेऽन्ते प्रथमा च द्वितीये पञ्चमे नले ।७।
अर्द्धे पदं प्रथमादि षष्ठ एको लघुर्भवेत् ।
त्रिषु गणेषु पादः स्यादार्य्यापञ्चार्द्धके स्मृता ।८।
विपुलान्यथ चपला गुरुमध्यगतौ च जौ ।
द्वितीयचतुर्थौ पूर्वे च चपला मुखपूर्विका ।९।
द्वितीये जघनपूर्वा चपलार्य्या प्रकीर्त्तिता ।
उभयोर्महाचपला गीतवाद्यार्द्धतुल्यका ।१०।
अन्त्येनार्द्धेनोपगीतिरुद्गीतिश्चोत्क्रमात्स्मृता ।
अर्द्धे रक्षगणा आर्य्या गीतच्छन्दोऽथ मात्रया ।११।
वैतालीयं द्विस्वरा स्यादायुष्पादे समे नलः ।
वसवोऽन्ते वनगाश्च गोपुच्छं दशकं भवेत् ।१२।
भगणान्ता पाटलिका शेषे परे च पूर्ववत् ।
साकं षड् वा मिश्रायुक्प्राच्यवृत्तिः प्रदर्श्यते ।१३।
पञ्चमेन पूर्वसाकं तृतीयेन सहस्रयुक् ।
उदीच्यवृत्तिर्वाच्यं स्याद्युगपच्च प्रवर्त्तकम् ।१४।
अयुक्चारुहासिनी स्याद्युगपच्चान्तिका भवेत् ।
सप्तार्चिर्वसवश्चैव मात्रासमकमीरितम् ।१५।
भवेन्नलरमौ लश्च द्वादशो वानवासिका ।
विश्लोकः पञ्चमाष्टौ मो चित्रा नवमकश्चलः ।१६।
परयुक्तेनोपचित्रा पादाकुलकमित्युत ।
गीत्यार्या लोपश्चेत्सौम्या लः पूर्वा ज्योतिरीरिता ।१७।
स्याच्छिखा विपर्य्यस्तार्द्धा तूलिका समुदाहृता ।
एकोनत्रिंशदन्ते गः स्याज्ज्ञेजनसमावला ।
गुइत्येकगुरुं सङ्ख्यावर्णाद्दशविपर्य्ययात् ।१८।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! एक सय चार अक्षरको उत्कृति छन्द हो। उत्कृति छन्दमा क्रमशः चारचार अक्षर घटाउँदै जाने हो भने निम्नाङ्कित छन्दहरू हुन्छन् । सय अक्षरको अभिकृति, छ्यानब्बे अक्षरको संस्कृति, बयानब्बे अक्षरको विकृति, अठासी अक्षरको आकृति, चौरासी अक्षरको प्रकृति, असी अक्षरको कृति, छ्यहत्तर अक्षरको अधिकृति, बहत्तर अक्षरको धृति, अड्सठ्ठी अक्षरको अत्यष्टि, चौसठ्ठी अक्षरको अष्टि, साठी अक्षरको अतिशक्वरी, छपन्न अक्षरको शक्वरी, बाउन्न अक्षरको अतिजगती र अठ्चालीस अक्षरको जगती हुन्छन् । यहाँसम्म केवल वैदिक छन्दहरू हुन् । यसभन्दा पछि अब लौकिक छन्दको

कुरो गरिन्छ। गायत्रीदेखि त्रिष्टुप्सम्मका जुन वैदिक छन्दको गणना गरियो ती लौकिक छन्द पनि हुन्। तिनीहरूको नाम त्रिष्टुप्, पङ्क्ति, बृहती, अनुष्टुप्, उष्णिक् र गायत्री हुन्। गायत्री छन्दमा क्रमशः एकएक अक्षरको कमी भयो भने सुप्रतिष्ठा, प्रतिष्ठा, मध्या, अत्युक्तात्युक्त र आदि नाम भएका छन्द हुन्छन्। चन्दको चार भागको एक भागलाई पाद वा पाउ वा चरण भन्दछन्। पहिले गणच्छन्दको कुरो गरिन्छ। चार लघु अक्षरहरूको गण भन्ने नाम हुन्छ। यस्ता गण पाँचवटा हुन्छन्। कतै सुरुमा गुरु, कतै माझमा गुरु, कतै अन्त्य गुरु, कतै सबै गुरु र कतै चारैवटा लघु अक्षर पनि हुन्छन्। अब आर्याको लक्षण भन्दछु। साढे सात गण अथवा तीस मात्रा या तीस लघु अक्षरहरूको आधा आर्या हो। आर्या छन्दका विषय गणमा जगणको प्रयोग हुँदैन तर छैटौँ गण अवश्य जगण हुनुपर्दछ। अथवा त्यो नगण र सबै अक्षर लघु भएको पनि हुन सक्छ। जब छैटौँ सबै नै लघु भयो भने त्यस गणको दोस्रो अक्षरबाट सुबन्त या तिङन्तको लक्षण भएका पदहरू उत्पन्न हुन्छन्। यदि छैटौँ गण माझमा गुरु भएको भयो भने अथवा सबै ह्रस्व भएको भयो भने सातौँ गण पनि सबै लघु भएको नै हुनुपर्दछ र सातौँ गणको पहिलो अक्षरबाट नै पद संज्ञा उत्पन्न भएको हुनुपर्दछ। यस किसिमले जब आर्याको उत्तरार्ध भागमा पाँचौँ गण सबै लघु छन् भने त्यसको पहिलो अक्षरबाटै पदको प्रारम्भ हुन्छ। आर्याको उत्तरार्ध भागमा छैटौँ गणमा एउटा मात्रै लघु अक्षर हुन्छ। जुन आर्याको पूर्वार्ध र उत्तरार्धमा तीनतीन गणभन्दा पछि पहिलो पदको विराम हुन्छ भने त्यसलाई पथ्या भन्ने मानिएको छ। जुन आर्याको पूर्वार्धमा, उत्तरार्धमा वा दुवैमा तीन गणमा पादविराम हुँदैन त्यसको नम विपुला हो। यी विपुलाहरू आदिविपुला, अन्त्यविपुला र उभयविपुला हुन्छन्। यिनलाई मुखविपुला, जघनविपुला र महाविपुला भन्दछन्। पहिलो पद्यमा पूर्वार्धमा, दोस्रोमा उत्तरार्धमा र तेस्रोमा दुवै ठाउँमा पादविराम तीन गणभन्दा अगाडि हुन्छ। जुन आर्या छन्दमा दोस्रो वा चौथो गण गुरु अक्षरका बीचमा हुनुका साथसाथै माझमा गुरु भएको जगण हुन्छ त्यसको नाम चपला हो। त्यसको तात्पर्य चपला भन्ने नामको आर्या छन्दमा पहिलो गणको अन्तिम गुरु, तेस्रो गणमा दुईवटा गुरु र पाँचौँ गणमा आदिमा गुरु हुन्छन् र बाँकी पहिलेकै जस्तो गरी रहेका हुन्छन्। पूर्वार्धमा चपलाको लक्षण छ भने त्यस आर्याको नाम मुखचपला हुन्छ। परार्धमा चपलाको लक्षण भयो भने जघनचपला भनिन्छ। पूर्वार्ध र परार्ध दुवैमा चपलाको लक्षण देखा परेको छ भने त्यसको नाम महाचपला हुन्छ। जहाँ आर्याको पूर्वार्धकै जति उत्तरार्धमा पनि हुन्छ, त्यसलाई गीति भन्ने नाम दिइएको छ। त्यसको तात्पर्य भनेको उत्तरार्धमा पनि छैटौँ गणका माझमा गुरु अथवा सर्वलघु हुनुपर्दछ। यसै गरी जहाँ आर्याका उत्तरार्धको जस्तै पूर्वार्धमा पनि छन् भने त्यसलाई उपगीति भन्दछन्। आर्याका पूर्वोक्त क्रमलाई उल्टो पार्ने हो भने उद्गीति नाम हुन्छ। सारांश के हो भने यसमा पूर्वार्धलाई उत्तरार्धमा र उत्तरार्धलाई पूर्वार्धमा राखिन्छ। यदि पूर्वार्धमा आठ गण छन् भने आर्यागीति नामको छन्द हुन्छ। कुनै खास विशेषता नभएमा त्यसको उत्तरार्ध पनि त्यस्तै छ भन्ने जान्नुपर्दछ। यहाँ पनि छैटौँ गणमा मध्यगुरु र सबै लघु भन्ने विकल्पको प्राप्ति थियो भने त्यस विधानका ठाउँमा एक लघुको विधान गरिएको हो। अब मात्रा छन्दको कुरो गरिनेछ। जहाँ बिजोड अर्थात् पहिलो र तेस्रो पाउमा चौध लघु मात्राहरू र जोडी अर्थात् दोस्रो र चौथो पाउमा सोह्रवटा लघु मात्रा हुन्छन् तथा यी प्रत्येक पाउका अन्त्यमा रगण, एक लघु र एक गुरु हुन्छ भने त्यो वैतालीय छन्द हो। वैतालीय छन्दका अन्त्यमा यदि एउटा गुरु अरू थपियो भने त्यसको नाम औपच्छन्दसक हुन्छ। यसरी भनिएको वैतालीय छन्दका प्रत्येक चरणका अन्त्यमा जुन रगण, लघु र गुरुको व्यवस्था गरिएको हुन्छ त्यसका ठाउँमा यदि भगण र दुई गुरु हुन्छन्भने त्यस छन्दको नाम आपातलिका हुन्छ। वैतालीय छन्दभित्र जुन रगण आदिले गर्दा प्रत्येक चरणका अन्त्यमा आठ मात्राहरूको नियम गरिएको हुन्छ तिनीहरूबाहेक प्रत्येक चरणमा जुन मात्रा शेष रहन्छन् तिनीहरूमा जोडी मात्रा बिजोडी मात्रासित मेल खाने हुँदैनन्। अर्थात् दोस्रो तेस्रोसित र चौथो पाँचौँसित संयुक्त हुँदैन, त्यस्तालाई छुट्याएरै राख्नुपर्दछ। यसो भएपछि जोडीजोडीका र बिजोडीबिजोडी गणहरूका मात्रा आपसमा मिलेका हुन्छन्। दोस्रो र चौथो चरणमा लगातार छवटा लकार छुट्टाछुट्टै प्रयोग हुनु हुँदैन तर पहिलो र तेस्रोमा भने रुचिअनुसारले छनोट गर्न सकिन्छ। अब प्राच्यवृत्ति नामको वैतालीय छन्दको विषयमा जानकारी गराइन्छ। जब दोस्रो र चौथो चरणमा चौथो लकार वा मात्रा पाँचौँ लकार वा मात्रासित संयुक्त हुन्छ भने त्यसको नाम प्राच्यवृत्ति हुन्छ। शेष लकार पूर्वोक्त प्रकारकै हुन्छन्। जब पहिलो र तेस्रो चरणमा दोस्रो लकार तेस्रोसित मिसिएको हुन्छ त्यसलाई उदीच्यवृत्ति नामको वैतालीय भन्ने गरिन्छ। यसमा पनि बाँकी लकार पूर्वोक्त प्रकारले नै रहेका हुन्छन्। जब दुवै लक्षणहरूलाई एकैसाथ प्रयोग गरिन्छ र दोस्रो र चौथो पाउमा पाँचौँ लकारसँगै चौथो संयुक्त भयो भने एवं प्रथम र तृतीय चरणका साथमा दोस्रो लकार संयुक्त

भयो भने त्यो प्रवृत्तिक नामको छन्द हुन्छ। जुन वैतालीय चारवटै चरणहरू विषम पाउअनुसारका हुन्छन् अर्थात् प्रत्येक पाउ चौध लकार भएका हुन्छन् र दोस्रो लकार तेस्रोसित संयुक्त भएको हुन्छ त्यसलाई चारुहासिनी भन्दछन्। जब चारै चरणहरू सम पाउको लक्षण भएका हुन्छन् अर्थात् सबैमा सोह्र लकार हुन्छन् र चौथो लकार पाँचौंसित संयुक्त हुन्छ भने त्यसको नाम अपरान्तिका हुन्छ। जसका प्रत्येक पाउमा सोह्र लकार हुन्छन् तर पाउको अन्तिम अक्षर गुरु नै छ भने त्यसलाई मात्रासमक नामको छन्द भनिएको छ। साथै यस छन्दमा नवौँ लकार कसैसित नमिल्ने खालको हुनुपर्दछ। जुन मात्रासमक छन्दको बाह्रौँ लकार कसैसित नमिलीकन आफ्नै स्वरूपमा रहेको हुन्छ त्यो छन्द वानवासिका हो। जसका चारै चरणहरूमा पाँचौँ र आठौँ लकार लघु रूपमा नै रहेका हुन्छन् त्यसको नाम विश्लोक हो। जहाँ नवौँ पनि लघु छ त्यसलाई नै चित्रा नामको छन्द भनिन्छ। जहाँ नवौँ लकार दसौँसँग मिलेर गुरु भएको हुन्छ त्यहाँ उपचित्रा नामको छन्द बनेको हुन्छ। मात्रासमक, विश्लोक, वानवासिका, चित्रा र उपचित्रा यी पाँचमध्ये जुनसुकै छन्दका एकएक पाउ लिएर चार चरणको छन्द बनाइन्छ भने त्यसलाई पादाकुवक भन्दछन्। जसका प्रत्येक चरणमा सोह्रवटा लघु अक्षर आआफ्ना स्वरूपमा रहेका छन् र कसैसित संयुक्त भएर गुरु बनेका छैनन् भने त्यो छन्द गीत्यार्या हो। त्यसै गीत्यार्यामा आधा भागका सबै मात्राहरू लघु रूपमा भए भने त्यसको नाम शिखा हुन्छ। यसका पनि दुई भेद छन्। पूर्वार्धका भागमा सबै लघु नै मात्रै हुन्छन् र उत्तरार्धका भागमा सबै गुरु नै मात्रै हुन्छन् भने त्यसको नाम ज्योति हो भनिएको छ। त्यसको विपरीत पूर्वार्धमा सबै गुरु र उत्तरार्धमा सबै लघु छन् भने त्यो सौम्या नामको छन्द हुन्छ। पूर्वार्धमा उनन्तीस लकार र उत्तरार्धमा एकतीस लकार छन् तथा अन्तिम दुईदुई लकारमा एकएक गुरु हुन्छ भने त्यसलाई चूलिका नामको भन्नुपर्दछ। छन्दका मात्राभन्दा अक्षरहरूमा जति कमी हुन्छ उसैअनुसार गुरुको सङ्ख्या र अक्षरहरूमा जति गुरुको सङ्ख्या कमी हुन्छ उति नै लघुको सङ्ख्या रहेको मानिन्छ। त्यसको अर्थ कसैले आर्यामा कति लघु र कति गुरु हुन्छन् भनेर सोध्यो भने त्यस आर्यालाई कतै लेखेर त्यसमा रहेका मात्राहरूको सङ्ख्या गन्नुपर्दछ र अक्षरहरूको सङ्ख्या लेख्नुपर्दछ। मात्राको सङ्ख्याबाट अक्षरको सङ्ख्या घटाउनुपर्दछ र जति बचेको हुन्छ त्यो गुरुको सङ्ख्या भयो। यसै गरी अक्षरसङ्ख्यामा गुरुको सङ्ख्या घटाउँदा जे बचेको हुन्छ त्यो लघुको सङ्ख्या हुनेछ। यस किसिमले वर्ण आदिका अन्तरले गुरुलघु आदिको ज्ञान प्राप्त गर्नुपर्दछ।१–१८।

# ३३२. द्वात्रिंशदधिकत्रिशततमोऽध्यायः

## विषमकथन

अग्निरुवाच

वृत्तं समञ्चार्द्धसमं विषमञ्च त्रिधा वदे।
समन्तावत्कृताकृतमर्द्धसमञ्च कारयेत् ।१।
विषमं चैव वा स्यूनमतिवृत्तं समान्यपि।
ग्लौचतुष्प्रमाणी स्यादाभ्यामन्यद्वितानकम् ।२।
पादस्याद्यन्तु वक्त्रं स्यात्सनौ न प्रथमा स्मृतौ।
बाल्यमुश्चतुर्थाद्वर्णात्पथ्यावक्त्रं युजो यतः ।३।
विपरीतपथ्यान्यासाच्चपला वा युजस्वनः।
विपुलायुग्मसप्तमः सर्वं तस्यैव तस्य च ।४।
तौन्तौ वा विपुलानेका चक्रजातिः समीरिता।
भवेत्पदं चतुरूर्ध्वं चतुर्वृद्ध्या पदेषु च ।५।
गुरुद्वयान्त आपीडः प्रत्यापीडो गणादिकः।
प्रथमस्य विपर्य्यासे मञ्जरी लवणी क्रमात् ।६।
भवेदमृतधाराख्या उद्धताद्युच्यतेऽधुना।
एकतः ससजसानः स्युर्न सौ जो गोऽथ भौ नजौ ।७।
नो गोऽथ सजसा गोगस्तृतीयचरणस्य च।
सौरभे केचन भगा ललितञ्च नमौ जसौ ।८।
उपस्थितं प्रचुपितं प्रथमाद्यं समौ जसौ।
गोगथो मलजा रोगः समौ नगरजयाः पदे ।९।
वर्धमानं मलौ स्वौ नसौ अथो भोजोव इरिता।
शुद्धं विराडर्षभाख्यं वक्ष्ये चार्द्धसमन्ततः ।१०।

अग्निदेव भन्दछन्– समताका आधारमा वृत्त वा छन्दका तीन भेद हुन्छ। वृत्तका सम, अर्धसम र विषम गरी तीन भेद हुन्छन्। यी तीनै खालको म वर्णन गर्दछु। समवृत्तको सङ्ख्यामा उति नै सङ्ख्याले गुणन गर्दा जुन गुणनफल आउँछ त्यसलाई अर्धसमवृत्तको सङ्ख्या हो भनेर जान्नुपर्दछ। यसै गरी अर्धसमवृत्तको सङ्ख्यामा पनि उसैका सङ्ख्याले गुणन गर्दा जुन अङ्क प्राप्त हुन्छ त्यो विषमवृत्तको सङ्ख्या हुन्छ। विषमवृत्तर अर्धसमवृत्तको सङ्ख्याबाट मूलराशि घटाइदिने हो भने शुद्ध विषम र शुद्ध अर्धसमवृत्तको सङ्ख्या जानिन्छ। जुन अनुष्टुप् छन्दको प्रत्येक चरणमा गुरु र लघु अक्षरहरूद्वारा समाप्त हुन्छ, अर्थात् जुन प्रत्येक पादमा अन्तिम दुई वर्ण क्रमशः गुरु र लघु छन् भने त्यसलाई समानी नाम दिइएको छ। जसका चारै चरणको अन्तिम वर्ण क्रमशः लघु र गुरु छन् भने त्यसलाई प्रमाणी भन्ने नाम दिइएको छ। यी दुवैबाट भिन्न स्थिति भएको छन्द वितान नामको हो। यहाँदेखि तेस्रो अबका तीन अध्यायहरूसम्म पादको भन्ने शब्दको अधिकार छ र पदचतुरूर्ध्व छन्दभन्दा पहिलेसम्म अनुष्टुबवक्त्रम् भन्ने शब्दको अधिकार छ। त्यसको अर्थ अब भनिने अनुष्टुप् छन्द वक्त्र नाम भएको हुन्छ र वक्त्र जातिका छन्दमा पादको पहिलो अक्षरभन्दा पछि सगण र नगण प्रयोगमा आउनु हुँदैन। यी दुईका अतिरिक्त मगण आदि छवटा गणहरूमध्ये कुनै एकको प्रयोग हुन सक्छ। पादको चौथो अक्षरभन्दा पछि भगणको प्रयोग गर्नु राम्रो हुन्छ। जुन वक्त्र जातिका छन्दमा दोस्रो र चौथो पादको चौथो अक्षरभन्दा पछि जगणको प्रयोग हुन्छ त्यसलाई पथ्यावक्त्र भन्दछन्। कसैकसैका मतमा यसलाई विपरीत रूपमा अर्थात् पहिलो र तेस्रो पाउभन्दा पछि जगण राख्दा पथ्या नामको छन्द हुन्छ। विषम पाउको चौथो अक्षरभन्दा पछि नगण छ भने र सम पाउमा चौथो अक्षरभन्दा पछि यगण आएको छ भने त्यस अनुष्टुब्वक्त्रको नाम चपला हुन्छ। जब सम पाउमा सातौँ अक्षर लघु छ अर्थात् चौथो अक्षरभन्दा पछि जगण छ भनेदेखि त्यसको नाम विपुला हुन्छ। सैतव आचार्यका मतमा विपुलाको सम र विषम सबै पाउमा सातौँ अक्षर लघु हुनुपर्दछ। पहिलो र तेस्रो पाउमा चौथो अक्षरभन्दा पछि यगणका विकल्पमा भगण, रगण, नगण र तगण आदि भए भने विपुला छन्द हुन्छ। यस किसिमले विपुला अनेकौँ प्रकारको हुन्छ। यहाँसम्म वक्त्र जातिका छन्दको वर्णन गरियो। अनुष्टुप् छन्दको पहिलो पाउभन्दा पछि प्रत्येक चरणमा क्रमशः चारचार अक्षर बढ्दै गए भने पदचतुरूर्ध्व नामको छन्द हुन्छ। उक्त छन्दका चारै पाउमा अन्तिम दुई अक्षर गुरु छन्भने त्यसलाई आपीड भन्ने गरिन्छ। सुरुका दुई अक्षर गुरु र शेष सबै लघु हुन्छन् भने त्यसको नाम प्रत्यापीड हुन्छ। पदचतुरूर्ध्व नामको छन्दको पहिलो पाउ दोस्रो आदि पाउमा परिवर्तन भयो भने क्रमशः मञ्जरी, लवली र अमृतधारा नामका छन्द हुन्छन्। यसपछि उद्गाता छन्दको प्रतिपादन गरिन्छ। जहाँ पहिलो चरणमा सगण, जगण, सगण र एक लघु गरी यी दस अक्षर छन्, दोस्रो पाउमा नगण, सगण, जगण र एक गुरु यी दस अक्षर छन्, तेस्रो पाउमा भगण, नगण, जगण एवं एक लघु र एक गुरु यी एघार अक्षर छन् अनि चौथो सगण, जगण, संगण, जगण र एक गुरु यी तेह्र अक्षर हुन्छन् त्यो उद्गाता नाम भएको छन्द हुन्छ। उद्गाताको तेस्रो चरणमा रगण, नगण, भगण र एक गुरु गरी दस अक्षर भए भने र बाँकी तीन पाउ पनि उसै किसिमले आए भने त्यसको नाम सौरभ हुन्छ। उद्गाताको तेस्रो पाउमा जब दुईवटा नगण र दुईवटा सगण भए र अरू सबै पाउ जस्ताको तस्तै दोहोरिए भने त्यसको नाम ललित हुन्छ। जसका पहिलो चरणमा यगण, सगण, जगण, भगण र दुई गुरु गरी अठार अक्षर हुन्छन्, दोस्रो चरण्मा सगण, नगण, जगण, रगण र एक गुरु गरी तेह्र अक्षर हुन्छन्, तेस्रो चरणमा दुई नगण र एक सगण गरी जम्मा नौ अक्षर हुन्छन् अनि चौथो चरणमा तीन नगण, एक जगण र एक भगण गरी पन्ध्र अक्षर हुन्छन् त्यो प्रचुपित नामको छन्द हुन्छ। उक्त छन्दका तेस्रो चरणमा जब क्रमशः दुई नगण, एक सगण अनि फेरि दुई नगण र एक सगण भएर अठार अक्षर हुन्छन् भने त्यसले वर्धमान छन्द भन्ने नाम पाउँछ। उसै छन्दमा तेस्रो चरणका स्थानमा तगण, जगण र रगण गरी नौ अक्षर भए भने शुद्धविराषभ भन्ने छन्द हुन्छ। अब अर्धसमवृत्तको वर्णन गर्दछु।१-१०।

# ३३३. त्रयत्रिंशदधिकत्रिशततमोऽध्यायः

## अर्द्धसमनिरुपण

अग्निरुवाच

उपचित्रकं ससमनामथभोजभगामथ ।

द्रुतमध्या ततभगागथोननजयाः स्मृताः ।१।

वेगवती ससमगा भभभगोगथो स्मृता ।

रुद्रविस्तारस्तोसभगासमजागोगथा स्मृता ।२।

रजसागोगथोद्रोणौगोगौ वै केतुमत्यपि ।

आख्यानिकी ततजगागथोततजगागथ ।३।

विपरीताख्यानिकी तौ जयागा तौ जगोगथ ।

सौमलौ गथलभभावौ भवेद्धरिणवल्लभा ।४।

लोवनौगाथनजजा यः स्यादपराक्रमम् ।

पुष्पिता ननवयानजजावोगथो रजौ ।५।

वोजथो जवजवागो मूले पनमती शिखा ।

अष्टाविंशतिनागाभा त्रिंशन्नागन्ततो युजि ।

खञ्जा तद्विपरीता स्यात्समवृत्तं प्रदर्श्यते ।६।

अग्निदेव भन्दछन्– जसका पहिलो पाउमा तीन सगण, एक लघु र एक गुरु गरी एघार अक्षर हुन्छन्, दोस्रो चरणमा तीन भगण, एवं दुई गुरु हुन्छन् अनि पूर्वार्धजस्तै उत्तरार्ध पनि हुन्छ त्यो उपचित्रक नामको छन्द हो। जसका पहिलो पाउमा तीन भगण र दुई गुरु हुन्छन् साथै दोस्रो पाउमा एक नगण, दुई जगण एवं एक गुरु छ भने त्यो द्रुतमध्या नामको छन्द हुन्छ। जसका पहिलो पाउमा तीन सगण, एक गुरु र दोस्रो पाउमा तीन भगण एवं दुई गुरु हुन्छन् त्यस छन्दको नाम वेगवती हुन्छ। जसका पहिला पाउमा तगण, जगण, रगण र एक गुरु तथा दोस्रो पाउमा मगण, सगण, जगण एवं दुई गुरु हुन्छन् त्यसलाई भद्रविराट् नामको छन्द भन्दछन्। जसका पहिलो पाउमा सगण, जगण, सगण र एक गुरु तथा द्वितीय पाउमा भगण, रगण, नगण र दुई गुरु हुन्छन् त्यसको नाम केतुमती हो। जसका पहिलो चरणमा दुई तगण, एक जगण र दुई गुरु हुन्छन् तथा दोस्रो चरणमा जगण, तगण एवं दुई गुरु हुन्छन् त्यसलाई आख्यानिकी भन्दछन्। यसको विपरीत यदि पहिलो चरणमा जगण, तगण, जगण एवं दुई गुरु भए भने र दोस्रो चरणमा दुई तगण, एक जगण र दुई गुरु भए भने त्यसलाई विपरीताख्यानकी नाम दिइएको हुन्छ। जसको पहिलो पाउमा तीन सगण, एक लघु र एक गुरु हुन्छ तथा दोस्रो पाउमा नगण, भगण, भगण र रगण रहन्छन् त्यस छन्दको नाम हरिणप्लुता हुन्छ। जसका पहिलो पाउमा दुई नगण, एक रगण, एक लघु र एक गुरु हुन्छन् र दोस्रो पाउमा एक नगण, दुई जगण, र एक रगण हुन्छन् त्यो अपरवक्त्र नामको छन्द हो। जसको पहिलो पाउमा दुई नगण, एक रगण र एक यगण हुन्छन् तथा दोस्रो पाउमा एक नगण, दुई जगण, एक रगण र एक गुरु हुन्छ त्यसको नाम पुष्पिताग्रा हो। जसका पहिलो चरणमा रगण, जगण, रगण, जगण हुन्छ र अर्कोमा जगण, रगण, जगण, रगणका साथै एक गुरु हुन्छ त्यो यवमती हो भनिएको छ। जसको पहिलो र तेस्रो चरण्मा अठ्ठाईस लघु र अन्त्यमा एक गुरु हुन्छ तथा दोस्रो एवं चौथो चरण्मा तीस लघु र एक गुरु हुन्छ त्यस छन्दको नाम शिखा हो। यसको विपरीत यदि प्रथम र तृतीय पाउमा तीस लघु र एक गुरु तथा दोस्रो र चौथो पाउमा अठ्ठाईस लघुसित एउटा गुरु भयो भने त्यसलाई खञ्जा भन्दछन्। अब समवृत्तको दिग्दर्शन गराइनेछ।१–६।

# ३३४. चतुस्त्रिंशदधिकत्रिशततमोऽध्यायः

## समवृत्तनिरुपण

अग्निरुवाच

यतिर्विच्छेद इत्युक्तस्तत्तन्मध्यान्तयौ गणौ ।
यौसः कुमारललिता तौ गौ चित्रपदा स्मृता ।१।
विद्युन्माला सममागणैर्भृतगणैर्भवेत् ।
माणवका क्रीडितकं वनो हलमुखीवसः ।२।
स्याद्भुजङ्गशिशुसूता नौ मेहनं मरुतं ननौ ।
भवेच्छुद्धविराड्वृत्तं प्रतिपादं समौ जगौ ।३।
पणवोमलयोमः स्याज्जौगौ मयूरसारिणी ।
सत्तामभसगा वृत्तं भजताद्युपरिस्थिता ।४।
रुक्मवती भससगाविन्द्रवज्रा तजौ जगौ ।
जतौ जगौ भूपपूर्वावाद्यन्ताद्यूपजातयः ।५।
दोधकं भगभागौ स्याच्छालिनी मतभागगौ ।
यतिः समुद्रा ऋषयः वातोर्मी मभतागगौ ।६।
चतुःस्वरा स्यादभ्रमरी विलासिता मभौनलौ ।
समुद्रा अथ ऋषभो वनौ लौगौ रथोद्धता ।७।
सामताधनभागोगोवृत्ताननसमाश्च सः ।
श्येनी वजवनागः स्यादगम्या नपरगागगः ।८।
जगती वंशस्था वृत्तं जतौ जावथ तौ जवौ ।
इन्द्रवेशा तोटकं सैश्चतुर्भिः प्रतिपादतः ।९।

अग्निदेव भन्दछन्– विच्छेद वा विरामको नाम यति हो । जसका प्रत्येक चरणमा तगण र यगण छ त्यसको नाम तनुमध्या हो । जसका प्रत्येक चरण्मा जगण, सगण र एक गुरु हुन्छ त्यसलाई कुमारललिता भन्दछन् । दुई भगण र दुई गुरुले जसका पाउ बनेका हुन्छन् त्यो चित्रपदा हो । जसका प्रत्येक पाउमा दुई मगण र दुई गुरु हुन्छन् त्यसको नाम विद्युन्माला हो । जसका प्रत्येक चरणमा भगण, तगण, एक लघु र एक गुरु हुन्छ त्यसलाई माणवकाक्रीडितक भन्दछन् । जसका प्रत्येक पाउमा रगण, नगण र सगण हुन्छन् त्यो हलमुखी नामको छन्द हो । जसका प्रत्येक पाउमा दुई नगण र एक मगण हुन्छन् त्यो भुजङ्गशिशुभृता नामको छन्द हो। मगण, नगण र दुई गुरुसहितका पदहरू भएको छन्दलाई हंसरुत भन्दछन् । जसका प्रत्येक चरणमा मगण, सगण, जगण र एक गुरु हुन्छ त्यो शुद्धविराट् नामको छन्द हो भनिएको छ । जसका प्रत्येक पाउमा मगण, नगण, यगण र एक गुरु हुन्छ त्यो पणव नामको छन्द हो। रगण, जगण, रगण र एक गुरु भएको पाउहरू भएका छन्दको नाम मयूरसारिणी हो । मगण, भगण, सगण र एउटा गुरु भएको पाउहरू हुने छन्दलाई मत्ता भन्दछन् । जसका प्रत्येक चरणमा तगण, दुई जगण र एक गुरु हुन्छ त्यसको नाम उपस्थिता हो । भगण, मगण, सगण र एक गुरु भएको पाउ हुने छन्द रुक्मवती हो। जसका प्रत्येक चरणमा दुई तगण, एक जगण र दुई गुरु हुन्छन् त्यसको नाम इन्द्रवज्रा हो। जगण तगण, जगण र दुई गुरु भएको पाउहरू हुने छन्द उपेन्द्रवज्रा हो भनिएको छ। एउटै छन्दमा इन्द्रवज्रा र उपेन्द्रवज्रा वा त्यस्तै अन्य दुईका लक्षण मिसिएको छन्दको नाम उपजाति हुन्छ तीनवटा भगण, दुईवटा गुरुले पाउ बनेका छन्दको नाम दोधक हो। जसका प्रत्येक पाउमा भगण, दुई तगण र दुई गुरु छन् भने त्यसको नाम शालिनी छन्द हो। यसमा चार र सात अक्षरहरूम विराम हुन्छ । जसका प्रत्येक पाउमा मगण, भगण, तगण र दुईवटा गुरु हुन्छन् त्यसलाई वतोर्मी छन्द भनिएको छ। यसम पनि चार र सातमा विराम हुन्छ। प्रत्येक पाउमा मगण, भगण तगण, नगण र एक लघु रहेको छ भने त्यसलाई भ्रमरविलासित छन्द भनिएको छ। यसमा पनि चार र सात अक्षरमै विराम हुं गर्दछ। जसका प्रत्येक पाउमा रगण, नगण, रगण र एक लघु रहेको हुन्छ त्यसलाई रथोद्धता भनिएको छ। यसमा पनि उस्त गरी चार र सातमा विराम हुन्छ। रगण, नगण, भगण र दुई गु भएको स्वागता छन्द हो। जसका प्रत्येक पाउमा दुईवटा नगण सगण र दुईवटा गुरु हुन्छन् त्यसलाई वृन्ता भन्ने गरिएको छ जसका पाउहरू रगण, जगण, रगण र एक लघु एवं एक गु भएका हुन्छन् त्यसलाई श्येनी भन्ने गरिएको छ। यहाँबाट जगत

भवेद्द्रुतविलम्बिता नभौ भवावथौ नलौ ।

स्यौ श्रीपुटो वसुदेवा जलोगतिजलौ जमौ ।१०।

जसौ वसर्ववश्चाथ ततं ननमराः स्मृतम् ।

कुसुमविचित्रान्यौ द्यौ नौ नौ रौ स्याच्चलाम्बिका ।११।

भुजङ्गप्रयातं यैः स्याच्चतुर्भिः स्रग्विनीभवैः ।

प्रमिताक्षरा गजौ सौ कान्तोत्पीडा मतौ समौ ।१२।

वैश्वदेवी समयायाः पञ्चाङ्गा नवमालिनी ।

नजौ भयौ प्रतिपादं गणा यदि जगत्यपि ।१३।

प्रहर्षणी मवजवा गोपतिर्वह्निदिक्षु च ।

रुचिरा जभसजगा छिन्ना वेदैर्ग्रहैः स्मृता ।१४।

मत्तमयूरं मतया सगौ वेदग्रहे यतिः ।

गौरीनलनसागः स्यादसम्बाधा नतौ नगौ ।१५।

गोग इन्द्रियनवकौ ननौ वसनागाः स्वराः ।

स्वराश्चापराजिता स्यान्ननभाननगाः स्वराः ।१६।

द्विःप्रहरणकलिता वसन्ततिलकानभौ ।

जौ गौ सिंहोन्नता सा स्यान्मुनेरुर्द्धर्षणौ च सा ।१७।

चन्द्रावर्त्तानतौ सोमावर्त्तर्तुनवकः स्मृतः ।

मणिगुणनिकरा सौ मालिनी नौ मयौ ययः ।१८।

यतिर्वसुस्वरा भौ वौ नतलमित्रसग्रहाः ।

ऋषभजगविलासितं ज्ञेया शिखरिणी जगौ ।१९।

रसभालभृगुरुद्राः पृथ्वीजसजसा जनौ ।

छन्दको अधिकार सुरु हुन्छ । जसका प्रत्येक चरणमा जगण तगण, जगण र रगण हुन्छ त्यस छन्दको नाम वंशस्था हो रगण मात्रै भएका छन्दलाई इन्द्रवंशी भन्दछन् । जसका प्रत्ये पाउमा चारवटा सगण हुन्छन् त्यसलाई तोटक भनिन्छ । जसक प्रत्येक पाउमा नगण, भगण, भगण र रगण हुन्छ त्यसको ना द्रुतविलम्बित हो । जसको सबै पाउहरूमा दुईदुई नगण, मगण एकएक यगण छन् त्यो छन्द श्रीपुट हो । यसमा आठ र च अक्षरमा विराम हुन्छ । जगण, सगण, जगण, सगणले युक्त पा भएको छन्दलाई जलोद्धतगति भन्दछन् । यसमा प्रत्येक छव अक्षरमा विराम हुन्छ । दुईवटा नगण, एक मगण र एक रग भएका पाउहरूले बनेको छन्दलाई तत भन्ने नाम दिइएको छ नगण, यगण, नगण, यगण भएका पाउ हुने छन्द कुसुमविचि हो भनिन्छ । जसका प्रत्येक चरणहरूमा दुईवटा नगण दुईवटा रगण हुन्छन् त्यसको नाम चाञ्चलाक्षिका हो । प्रत्ये पाउमा चार यगण भएको छन्दलाई भुजङ्गप्रयाग र चार रग भएका छन्दलाई स्रग्विणी नाम भएको छन्द भनिन्छ । जसक प्रत्येक चरणहरूमा सगण, जगण र दुई सगण हुन्छन् त्यसल प्रमिताक्षरा नाम दिइएको हुन्छ । भगण, मगण, सगण, मग भएका पाउहरू भएको छन्दलाई कान्तोत्पीडा भन्दछन् । मगण र दुई यगण भएका चरणहरू भएको छन्दलाई वैश्वदे भन्ने गरिएको छ । यसमा पाँच र सात अक्षरमा विराम हुन्छ यदि प्रत्येक पाउमा नगण, जगण, भगण र यगण हुन्छन् त्यस छन्दको नाम नवमालिनी हो । यहाँसम्म जगती छन्द अधिकार छ । जसका प्रत्येक पाउमा मगण, नगण, जगण, रग र एक गुरु हुन्छ त्यसको नाम प्रहर्षिणी हो । यसमा तीन र द अक्षरहरूमा विराम हुन्छ । जगण, भगण, सगण, जगण त एक गुरु भएका पाउहरू हुने छन्दको नाम रुचिरा हो । यस चार तथा नौ अक्षरहरूमा विराम हुन्छ भन्ने मान्यता छ । मग तगण, यगण, सगण र एउटा गुरु अक्षरका पाउ हुने छन्दल मत्तमयूर भनिएको छ । यसका चार र नौ अक्षरमा विराम हुन् तीनवटा नगण र एउटा सगण भएको र एउटा गुरु अक्षरले ब बनेका छन्दको नाम गौरी हो । जसका प्रत्येक पाउमा मग तगण, नगण, सगण र दुई गुरु हुन्छन् र पाँच तथा नौ अक्षर विराम रहेको हुन्छ त्यसको नाम असम्बधा हो ।१-१५।

जसका प्रत्येक पाउमा दुईवटा नगण, रगण, सगण, ए लघु र एक गुरु पनि भएको एवं सातसात अक्षरमा वि भएको हुन्छ त्यो अपराजिता नामको छन्द हो । दुईवटा नग भगण, नगण, एक लघु र एक गुरु भएका पाउ हुने छन्द प्रहरकलिता हो भन्दछन् । यसमा सातसात अक्षरमा विराम हुन् तगण, भगण, दुईवटा जगण र दुईवटा गुरुले युक्त पाउ भए छन्दलाई वसन्ततिलका भन्ने नाम राखेका छन् । कुनैकुनै ऋषि यसलाई सिंहोन्नता र उद्धर्षिणी भन्ने मत पनि दिन्छन् । शक्वरी अधिकारअन्तर्गत चारवटै पाउमा चार नगण र एक सगण ह त्यस छन्दको नाम चन्द्रावती हो । यसैमा जब छ र नौ अक्ष

गावसुग्रहाविच्छिन्ना पिङ्गलेनेरिता पुरा ।२०।

वंशपत्रपतितं स्याद्भवना भौ नगौ सदिक् ।

हरिणी नसमारः सौ नगौ रसचतुःस्वराः ।२१।

मन्दाक्रान्ता मभनतं तगौगच्छिर सस्वराः ।

कुसुमितलता वेल्लिता मतना ययया: शराः ।२२।

रथाः स्वराः प्रतिरथससजाः सतताश्चा गः ।

शार्दूलविक्रीडितं स्यादादित्यमुनयो यतिः ।२३।

कृतिः सुवदना मोरो भनया भनगाः सुराः ।

यतिर्मुनिरसाश्चाथ इति वृत्तं क्रमात्स्मृतम् ।२४।

स्रग्धरा मरतानोमो ययौ त्रिःसप्तका यतिः ।

समुद्रकं भरजानोवनगा दशभास्कराः ।२५।

अश्वललितं नजभा जभजा भनमीशतः ।

मत्ताक्रीडा ममनना नौनग्नौ गोष्टमातिथिः ।२६।

तन्वी भनतसाभोभो लयो बाणसुरार्ककाः ।

क्रौञ्चपदा भमतता नौ नौ बाणशराष्टतः ।२७।

भुजङ्गविजृम्भितं ममतना ननवासनौ ।

गष्टेशमुनिभिश्छेदो ह्युपहाराख्यमीदृशम् ।२८।

मननानतानः सो गगौ ग्रहरसो रसात् ।

नौ सप्तरोदण्डदः स्याच्चण्डवृष्टिप्रघातकम् ।२९।

रेफवृद्ध्या ननवा स्युर्व्यालजीमूतमुख्यकाः ।

शेषे वै प्रचिता ज्ञेया गाथाप्रस्तार उच्यते ।३०।

विराम भयो भने त्यसको नाम माला हुन्छ। आठ र सात अक्षरमा विराम भयो भने त्यस छन्दको नाम मणिगणनिकर हो। दुईवटा नगण, मगण र दुईवटा यगण भएका चारवटै चरण भएको छन्दको नाम मालिनी हो भनिएको छ। यसमा पनि आठ र सात अक्षरहरूमा विराम हुन्छ। भगण, रगण, तीन नगण र एउटा गुरु भएका चरणहरू भएको छन्दलाई ऋषभगजलसित नाम दिइएको छ। यसमा सात र नौ अक्षरमा विराम हुन्छ। यगण, मगण, नगण, सगण, भगण र एउटा लघुका साथै एउटा गुरु भएको छन्दको नाम शिखरिणी हो भनिन्छ। यसमा छ र एघार अक्षरमा विराम हुन्छ। जसका प्रत्येक चरणहरूमा जगण, सगण, जगण, सगण, यगण, एक लघु र एक गुरु भईकन नौ अक्षरमा विराम हुन्छन् त्यस छन्दको नाम पृथ्वी हो भनेर उहिले नै आचार्य पिङ्गलले भनेका थिए। मगण, रगण, नगण, भगण, नगण, एक लघु र एक गुरु भएका पाउहरू भएको छन्दको नाम वंशपत्रपतित हो। यसमा दस र सात अक्षरमा विराम हुन्छ। जसका प्रत्येक चरणमा नगण, सगण, मगण, रगण, सगण, एक लघु र एक गुरु भईकन छ, चार एवं सात अक्षरमा विराम हुन्छ भने त्यस छन्दको नाम हरिणी हो। अत्यष्टि छन्दअन्तर्गतका छन्दहरूमा मगण, भगण, नगण, दुईवटा तगण र दुईवटा गुरुले पाउहरू बनेका छन्दको नाम मन्दाक्रान्ता हो भन्दछन्। यसमा चार, छ र सात अक्षरमा विराम हुन्छ। जसका पाउहरूमा मगण, तगण, नगण तथा तीनवटा यगण हुन्छन् त्यो कुसुमितलतावेल्लिता छन्द हो। यसका पाँच, छ, सात अक्षरमा विराम हुने गर्दछ। जसका प्रत्येक चरणमा मगण, सगण, जगण, भगण, दुई तगण र एक गुरु हुन्छ त्यसको नाम शार्दूलविक्रीडित हो। यसमा सात र बाह्र अक्षरहरूमा विराम हुन्छ। जसका प्रत्येक पाउमा दुई मगण, एक तगण, चार नगण, एक लघु र एक गुरु हुन्छन् एवं आठ तथा पन्ध्र अक्षरमा विराम हुन्छ त्यसलाई मत्तक्रीडा भन्दछन्। जसका प्रत्येक सबै पाउमा भगण तगण, नगण, सगण, दुई भगण, नगण र यगण तथा पाँच, सात, बाह्र अक्षरमा विराम भयो भने त्यसको नाम तन्वी हुन्छ। जसका प्रत्येक चरणमा भगण, मगण, सगण, भगण, चार नगण र एक गुरु हुन्छन् तथा पाँचपाँच, आठ र सातमा विराम हुन्छ भने त्यस छन्दको नाम क्रौञ्चपदा हुन्छ। जसका प्रत्येक पादमा दुई मगण, तगण, तीन नगण, रगण, सगण, एक लघु र एक गुरु हुन्छन् तथा आठ, एघार र सातमा विराम हुन्छ त्यस छन्दको नाम भुजङ्गविजृम्भित हो भनिएको छ। जसका प्रत्येयक पाउमा एक मगण, छवटा नगण, एक सगण र दुईवटा गुरु हुन्छन् तथा नौ, छ-छ र पाँच अक्षरमा विराम हुन्छ त्यसलाई अपहाव अथवा उपहाव भन्ने नाम दिइएको छ। जसका प्रत्येक चरणमा दुई नगण र सात रगण हुन्छन् त्यसको नाम दण्डक हो। यसैलाई चण्डवृष्टिप्रपात पनि भन्दछन्। यस छन्दमा दुई नगणबाहेक रगणहरू नै बढाइदिने हो भने व्याल, जीमूत आदि नामका दण्डकका भेदहरू बन्दछन्। चण्डप्रपातभन्दा बाहेक अरू जति पनि भेदहरू हुन्छन् ती सबैलाई नै दण्डकप्रस्तारका प्रचित हुन् भनिएको छ। अब गाथा प्रस्तारको वर्णन गर्दछु।१६-३०।

# ३३५. पञ्चत्रिंशदधिकत्रिशततमोऽध्यायः

## प्रस्तारनिरुपण

अग्निरुवाच

छन्दोऽत्र सिद्धं गाथा स्यात्पादे सर्वगुरौ तथा।

प्रस्तार आद्य गाथोनः परतुल्यौऽथ पूर्वगः ।१।

नष्टमध्ये समेऽङ्को नः समेऽर्द्धविषमे गुरुः।

प्रतिलोमगुणं नाद्यं द्विरुद्दिष्टक एकनुत् ।२।

सङ्ख्याद्विरर्धे रूपे तु शून्यं शून्ये द्विरीरितम्।

तावदर्धे तद्गुणितं द्विद्व्यूनञ्च तदन्ततः ।३।

परे पूर्णं परे पूर्णं मेरूप्रस्तारतो भवेत्।

नगसङ्ख्या वृत्तसङ्ख्या चाध्वाङ्गुलमधोऽर्द्धतः।

सङ्ख्यैव द्विगुणेक्तोनो छन्दःसारोऽयमीरितः ।४।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! यस छन्दश
कतिपयको नाम विस्तृत रूपमा भनिएको छैन तापनि प्र
देखिन्छन् ती सबै गाथा नामको छन्दभित्र पर्दछन्
प्रस्तारका विषयमा भन्दछु। जसमा सबै अक्षर गुरु हुन्छन्
पाउमा जुन पहिलो गुरु छ त्यसको तल लघु उल्लेख ग
नष्ट सङ्ख्यालाई आधा गरेर दुई भागमा बाँडेपछि एउट
लेख्नुपर्दछ। आधा पार्दा बिजोडी सङ्ख्या आयो भने त
एक थपेर जोडी पार्नुपर्दछ र फेरि आधा गर्नुपर्दछ। यस
एउटा गुरु अक्षर प्राप्त हुन्छ, त्यसलाई अन्यत्र लेखिराख्नु
जति अक्षरका छन्दको भेद जान्नुपर्ने हो त्यति अक्षरह
नहोउन्जेल यही क्रमले लघुगुरु उल्लेख गरिरहनुपर्दछ। द
लघुगुरु वर्णलाई क्रमशः एक पङ्क्तिमा लेखेर तिनी
माथि एकदेखि सुरु गरी दोब्बर सङ्ख्या (एक, दुई,
आठको क्रमले) लेख्दै जाने र लघु अक्षरको अङ्क त
जोड्ने र त्यसमा एक थप्ने हो भने पनि उही उत्तर निस्
उद्दिष्टको सङ्ख्या निकाल्ने यो राम्रो उपाय हो। जति अ
छन्दको सङ्ख्या जान्नुपर्ने हो त्यसको आधा भाग घटाउँ
हो भने यसबाट दुई उपलब्ध हुन्छ। त्यसलाई छुट्टै राखेर
सङ्ख्याबाट एक घटाउनुपर्दछ। यसो गर्दा शून्य फेला प
त्यसलाई दुईका मुनि राख्नुपर्दछ। शून्यका स्थानलाई
गर्नुपर्दछ र यसबाट प्राप्त भएको अङ्कलाई माथिको अर्द्धस
राख्नुपर्दछ अनि त्यसलाई त्यतिले नै गुन्नुपर्छ। यसै कि
अन्य पङ्क्तिहरूमा पनि जान्नुपर्दछ र यसरी नै छन्दका त
अक्षर एवं एकाक्षर आदि छन्दको वृत्तसङ्ख्या थाहा प
मेरूप्रस्तारमा तलबाट माथितर्फ आधाआधा अङ्गुल
कम हुँदै जान्छ। छन्दको सङ्ख्यालाई दोब्बर गराउँदै ए
घटाउने हो भने त्यति नै अङ्गुलको त्यसको अध्वा वा प्रस
हुन्छ। छन्दशास्त्रको सार यहाँ यसरी नै बताइएको छ।१-

# ३३६. षड्त्रिंशदधिकत्रिशततमोऽध्यायः

## शिक्षानिरुपण

अग्निरुवाच

वक्ष्ये शिक्षां त्रिषष्टिः स्युर्वर्णा वा चतुरधिकाः।

स्वरा विंशतिरेकश्च स्पर्शानां पञ्चविंशतिः ।१।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म शिक्षाको
गर्दछु। वर्णहरूको सङ्ख्या त्रिसठ्ठी अथवा चौंसठ्ठी
मानिएको छ। यिनीहरूमा एक्काईस स्वर, पच्चीस स्पर्
यआदि एवं चार यम हुन् भन्ने मानिएको छ। अनु
विसर्ग यी दुई पराश्रित वर्ण हुन्। जिह्वामूलीय, उपध

यादयश्च स्मृता ह्यटौ चत्वारश्च यमाः स्मृताः ।
अनुस्वारो विसर्गश्च ꣵक ꣶपौ चापि पराश्रितौ ।२।
दुष्पृष्टश्चेति विज्ञेयो लकारः प्लुत एव च ।
रङ्गश्च खे अरं प्रोक्तं हकारः पञ्चमैर्युतः ।३।
अन्तःस्थाभिः समायुक्त औरस्यः कण्ठ्य एव सः ।
आत्माबुद्ध्या समेसार्थं मनो युङ्क्ते विवक्षया ।४।
मनः कायाग्निमाहन्ति स प्रेरयति मारुतम् ।
मारुतस्तूरसि चरन्मन्द्रं जनयति स्वरम् ।५।
प्रातःसवनयोगन्तु छन्दो गायत्रमाश्रितम् ।
कण्ठे माध्यन्दिनयुतं मध्यमन्त्रेषु भानुगम् ।६।
तारं तार्त्तीयसवनं शीर्षण्यं जागतानुगम् ।
सोदीर्णो मूर्ध्न्यभिहितो वक्रमापद्य मारुतः ।७।
वर्णाञ्जनयते तेषां विभागः पञ्चधा स्मृतः ।
स्वरतः कालतः स्थानात्प्रयत्नार्थप्रदानतः ।८।
अष्टौ स्थानानि वर्णानामुरः कण्ठः शिरस्तथा ।
जिह्वामूलञ्च दन्ताश्च नासिकौष्ठौ च तालु च ।९।
स्वभावश्च विवृत्तिश्च शषसा रेफ एव च ।
जिह्वामूलमुपध्मा च गतिरष्टविधोष्मणः ।१०।
पद्यो भावप्रसन्धानमुकारादि परम्पदम् ।
स्वरान्तं तादृशं विद्याद्यदन्यद्व्यक्तमूष्मणः ।११।
ऊतीर्थादागतं दग्धमप्रवर्णञ्च भक्षितम् ।

र दुःस्पृष्ट लकार गरी यी त्रिसठ्ठी वर्ण हुन्छन् । यिनीहरूमा प्लुत लृकारलाई भिन्नै हो भनेर गन्ने हो भने वर्णको सङ्ख्या चौसठ्ठी नै हुन्छ । रङ्ग वा अनुनासिकको उच्चारण खे अथवा अराँजस्तो हुन्छ र ङ आदि पाँचौं वर्ण अन्तःस्थ वर्णहरूमा जोडिए भने तिनीहरूको नाम उरस्य हुन्छ । यिनीहरूसित नजोडिउन्जेल तिनीहरू कण्ठस्थानीय नै हुन्छन् । संस्कारगत रूपमा आफूभित्र विद्यमान रहेको घटपट आदि पदार्थलाई आफ्ना बुद्धिवृत्तिसित संयुक्त गरेर तिनलाई एउटै बुद्धिको विषय बनाएर बोल्ने वा अर्कामाथि प्रकट गर्ने रहरले नै मनलाई तिनीहरूसित संयुक्त गराइन्छ । त्यसरी संयुक्त गराइएका मनले कायाग्नि, जठराग्निलाई आहत गर्दछ । त्यो प्राणवायु हृदयमा विचरण गर्दै बिस्तारैसित प्रातःसवन कर्मका लागि उपयोगी साधनका रूपमा काम गर्ने मन्त्रका लागि उपयोगी र गायत्री नामका छन्दका आश्रयमा रहेका प्रसिद्ध स्वरहरूलाई उत्पन्न गर्दछ । त्यसपछि प्राणवायु कण्ठदेशमा विचरण गर्दछ र त्रिष्टुप् छन्दले युक्त माध्यन्दिनसवनमा काम लाग्ने मन्त्रहरूका लागि उपयोगी मध्यम स्वरलाई उत्पन्न गर्दछ । त्यसपछि प्राणवायु शिरोदेशमा विचरण गर्दै उच्च ध्वनिले सम्पन्न भएका एवं जगती छन्दमा आश्रित रहेको सायं सवनको कर्मसाधन मन्त्रलाई उपयोगी हुने स्वरहरूलाई प्रकट गर्दछ । यस किसिमले माथितिर प्रेरित त्यो प्राण मूर्धामा ठोकिएर अभिघात नामको संयोगको आश्रय बन्छ र मुखमा रहेका कण्ठ आदि स्थानमा पुगेर वर्णहरू उत्पन्न गर्दछ । स्वरका कारण, कालका कारण, स्थानका कारण, आभ्यान्तर प्रयत्नका कारण र बाह्य प्रयत्नका कारण गरी ती वर्णहरूको पाँच प्रकारको विभाग छ भन्ने मानिएको छ । हृदय, कण्ठ, मूर्धा, जिह्वामूल, दन्त, नासिका, ओष्ठद्वय र तालु गरी वर्णहरूको उच्चारण स्थान आठवटा छन् । विसर्गको अभाव, विवर्तन, सन्धिको अभाव, शकार आदिको आदेश, षकारको आदेश, सकारको आदेश, रेफको आदेश जिह्वामूलीयत्व र उपध्मानीयत्व यी ऊष्मा वर्णको गति आठ किसिमको छ । जुन उत्तरवर्ती पदमा आदि अक्षर उकार हुन्छ त्यहाँ गुण गरेर ओ गराइएको छ भने त्यस ओकारलाई स्वतन्त्र स्वरको स्थानी हो भन्ने मान्नुपर्दछ । गङ्गोदकम् भन्ने पदमा ओकार प्रसंधान भएको हो र त्यो स्वरकै स्थानी हो । यसभन्दा भिन्न सन्धिहरूमा जुन ओकारको भाव देखा पर्दछ त्यो ओकार ऊष्माकै विशेष रूप हो भन्ने कुरो स्पष्ट रूपमा बुझ्न सक्नुपर्दछ । शिवो वन्द्यः यसमा सुनिएको ओकार ऊष्म स्थानी नै हो । कुतीर्थ (भ्रष्ट) बाट प्राप्त हुने

एवमुच्चारणं पापमेवमुच्चारणं शुभम् ।१२।

अतीर्थादागतं द्रव्यं साम्नायं सुव्यवस्थितम् ।

सुस्वरेण सुवक्त्रेण प्रयुक्तं ब्रह्म राजनि ।१३।

न करालो न लम्बोष्ठो नाव्यक्तो नानुनासिकः ।

गद्गदो बहुजिह्वश्च न वर्णान्वक्तुमर्हति ।१४।

एवं वर्णाः प्रयोक्तव्या नाव्यक्ता न च पीडिताः ।

सम्यग्वर्णप्रयोगेण ब्रह्मलोके महियते ।१५।

उदात्तश्चानुदात्तश्च स्वरितश्च स्वरास्त्रयः ।

ह्रस्वो दीर्घः प्लुत इति कालतो नियमावधि ।१६।

कण्ठ्यावहाविचु यशास्तालव्या ओष्ठजावुपू ।

स्युर्मूर्द्धन्या ऋटुरषा दन्त्याः लृतुलसाः स्मृताः ।१७।

जिह्वामूले तु कुः प्रोक्तो दन्त्योष्ठो वः स्मृतो बुधैः ।

एदैतौ कण्ठतालव्यौ ओऔ कण्ठ्यौष्ठजौ स्मृतौ ।१८।

अर्द्धमात्रा तु कण्ठस्य एकारैकारयोर्भवेत् ।

अयोगवाहा विज्ञेया आश्रयस्थानभागिनः ।१९।

अचोऽस्पृष्टायणस्त्वीषन्नोमाः स्पृष्टा हलः स्मृताः ।

शेषाः स्पृष्टा हलः प्रोक्ता निबोधात्र प्रधानतः ।२०।

अमोऽनुनासिकानह्नौ नादिनो हझषः स्मृताः ।

ईषन्नादा यणश्चैव श्वासिनश्च खफादयः ।

ईषच्छ्वासं स्वरं विद्याद्दीर्घमेतत्प्रचक्षते ।२१।

वेदाध्ययन दग्ध र नीरसजस्तो हुन्छ । त्यस्ता अवस्थामा अक्षरहरूलाई बलपूर्वक तानेर अर्कै अर्थसम्म पनि पुऱ्याइन्छ। त्यसलाई अर्थ खाइदिएको भन्न सकिन्छ। अर्थात् सम्प्रदायबाट सिद्ध भएका गुरुसित अध्ययन नगरेका कारण त्यसलाई नचाहिँदो वस्तु खाएको जस्तै मानिएको हो। यसको विपरीत जसले सम्प्रदायसिद्ध गुरुबाट अध्ययन गरेको हुन्छ, सुस्पष्ट उच्चारण भएको हुन्छ, सम्प्रदाय पनि शुद्ध छ, सुव्यवस्थित छ, उदात्त आदि स्वर शुद्ध छन्, कण्ठ-तालु आदि स्थानहरूको उच्चारण शुद्ध छ भने त्यस्तो वेदाध्ययन सुहाउँदो हुन्छ। डर लाग्दो अनुहारको, ओठ तानेर लम्ब्याउने, अस्पष्ट उच्चारण गर्ने, नाके बोली हुने, गलामा बोली अड्किने खालको नभई वेदको उच्चारण गर्ने समर्थ हुनुपर्दछ। जसरी बघिनीले आफ्ना डमरुलाई दाँतैले च्यापेर एक ठाउँबाट अर्का ठाउँमा सार्दा पनि तिनलाई दुःख दिँदैन त्यसै गरी वर्णको ठीक प्रयोग गर्नुपर्दछ, त्यसलाई अस्पष्ट पार्नु र घात गर्नु हुँदैन । वर्णको उचित प्रयोग गर्ने मानिस ब्रह्मलोकमा पूजित हुन्छ। उदात्त, अनुदात्त र स्वरित गरी स्वर तीन किसिमका हुन्छन् भन्ने मानिएको छ। ह्रस्व, दीर्घ र प्लुत गरी यिनीहरूका उच्चारण कालको पनि नियम तीन किसिमकै छ। अकार र हकार कण्ठस्थानीय हुन्। इकार, चकार, यकार र शकार तालुस्थानी हुन्। उकार र पवर्ग ओष्ठस्थानी हुन् । ऋकार, टवर्ग, रेफ र षकार यी मूर्धन्य हुन्। लृकार, तवर्ग, लकार र सकार यति दन्तस्थानी हुन्। कवर्गको स्थान जिह्वामूल हो। वकारलाई विद्वान्हरूले दन्त र ओष्ठबाट उच्चरित हुन्छ भनेका छन् । एकार-ऐकार कण्ठतालव्य हुन् र ओकार-औकार कण्ठओष्ठस्थानी हुन् भन्ने मानिएको छ। एकार, ऐकार, ओकार र औकारमा कण्ठस्थानी अकारको आधा वा एक मात्रा हुन्छ । अयोगवाह आश्रय स्थानका भागी (आश्रित) हुन्छन् भन्ने जान्नुपर्दछ। अच् वर्णहरू स्पर्शभावरूप विवृत प्रयत्न भएका हुन्छन्। यण् ईषत्स्पृष्ट एवं शल् अर्धस्पृष्ट वा ईषद्विवृत प्रयत्नका हुन्छन्। बाँकी सबै हल् वर्णहरू स्पृष्ट प्रयत्नका हुन्छन् भन्ने मानिएको छ। यिनीहरूमा बाह्य प्रयत्नकै कारणले वर्णभेद भएको हुन्छ भन्ने जान्नुपर्दछ। ञम् प्रत्याहारमा रहेका वर्णहरू अनुनासिक हुन्छन्। हकार र रेफ अनुनासिक हुँदैनन् । हकार, षकार र झकारको संवार, घोष, नाद प्रयत्न हुन्छ । यण् र जश् ईषन्नाद वा अल्पप्राण प्रयत्नका हुन्छन्। ख फ आदि वर्णहरूको विवार, श्वास, अघोष प्रयत्न हो। चर् को ईषच्छ्वास प्रयत्न हो भन्ने जान्नुपर्दछ। यस व्याकरण शास्त्रलाई वाणीको धाम हो भनिएको छ।१-२१।

# ३३७. सप्तत्रिंशदधिकत्रिशततमोऽध्यायः

## काव्यादिलक्षण

अग्निरुवाच

काव्यस्य नाटकादेश्च अलङ्कारान्वदाम्यऽथ ।
ध्वनिर्वर्णाः पदं वाक्यमित्येतद्वाङ्मयं मतम् ।१।
शास्त्रेतिहासवाक्यानां त्रयं यत्र समाप्यते ।
शास्त्रे शब्दप्रधानत्वमितिहासेषु निष्ठता ।२।
अभिधायाः प्रधानत्वात्काव्यं ताभ्यां विभिद्यते ।
नरत्वं दुर्लभं लोके विद्या तत्र सुदुर्लभा ।३।
कवित्वं दुर्लभं तत्र शक्तिस्तत्र च दुर्लभा ।
व्युत्पत्तिर्दुर्लभा तत्र विवेकस्तत्र दुर्लभः ।४।
सर्वं शास्त्रमविद्वद्भिर्मृग्यमाणं न सिध्यति ।
आदिवर्णा द्वितीयाश्च महाप्राणास्तुरीयकः ।५।
वर्गेषु वर्णवृन्दं स्यात्पदं सुप्तिङ्प्रभेदतः ।
सङ्क्षेपाद्वाक्यमिष्टार्थव्यवच्छिन्ना पदावली ।६।
काव्यं स्फुटदलङ्कारं गुणवद्दोषवर्जितम् ।
योनिर्वेदश्च लोकश्च सिद्धमन्नादयोनिजम् ।७।
देवादिना संस्कृतं स्यात्प्राकृतं त्रिविधं नृणाम् ।
गद्यं पद्यञ्च मिश्रञ्च काव्यादि त्रिविधं स्मृतम् ।८।
अपदः पदसन्तानो गद्यं तदपि गद्यते ।
चूर्णकोत्कलिकागन्धिवृत्तभेदात्त्रिरूपकम् ।९।
अल्पाल्पविग्रहं नातिमृदुसन्दर्भनिर्भरम् ।
चूर्णकं नामतो दीर्घसमासात्कलिका भवेत् ।१०।
भवेन्मध्यमसन्दर्भं नातिकुत्सितविग्रहम् ।
वृत्तच्छायाहरं वृत्तसन्धितैतत्किलोत्कटम् ।११।
आख्यायिका कथा खण्डकथां परिकथा तथा ।

अग्निदेव भन्दछन्— हे वसिष्ठ ! अब म काव्य र नाट आदिको स्वरूप तथा अलङ्कारको वर्णन गर्दछु। ध्वनि, व पद र वाक्य यिनीहरूलाई नै सम्पूर्ण वाङ्मय मानिएको छ शास्त्र, इतिहास तथा काव्य यी तीनैवटाको समाप्ति वि वाङ्मयबाट हुन्छ। वेद आदि शास्त्रहरूमा शब्दको प्रमुख हुन्छ र इतिहासपुराणहरूमा अर्थको महत्त्व बढी छ। यी दुवै अभिधा अर्थ नै मुख्य हुने गर्दछ। त्यसैले काव्य यी दुवैभ भिन्न हुंन्छ। संसारमा मानिसको जुनी दुर्लभ छ। त्यसमा प विद्या अझै दुर्लभ हुन्छ। विद्या भए पनि कवित्वको ग् पाउनु झन् गाहारो छ। त्यसमा पनि काव्यको रचना गर्ने श शक्ति पाउनु त अत्यन्तै कठिन हुन्छ। शक्तिका साथै बोध प्रतिभा हुनु अरू झन् कठिन हुन्छ। यति सबै कुराहरू भईक पनि विवेक हुनु भनेको छ झन् दुर्लभ कुरो हो। जुनसु शास्त्र भए पनि अविद्वान् पुरुषद्वारा त्यसको अनुसन्धान गरि भनेदेखि त्यसबाट केही उपलब्धि हुँदैन। श आदिका व अर्थात् शषसह र वर्गका दोस्रो एवं चौथो वर्णहरू महाप्र हुन् भनिएको छ। वर्णहरूका समुदायलाई पद भनिएको सुबन्त र तिङन्त गरी यसका दुई भेद हुन्छन्। अभीष्ट अ प्राप्त हुने गरी पदहरूको संयोजनको सामान्य नाम नै वा हो। अलङ्कार भएको, गुणसहितको र दोषबाट मुक्त रहे वाक्यलाई नै काव्य भनिएको छ। लोकव्यवहार र वेदको ः यी सबै काव्यप्रतिभाका योनि हुन्। सिद्ध गरिएका मन्त्र प्रभावले जुन काव्य निर्माण गरिएको हुन्छ त्यसलाई अयो हुन्। देवता आदिका लागि संस्कृत भाषाको र मानिस लागि तीन किसिमका प्राकृत भाषाको प्रयोग गर्नुपर्द गद्य, पद्य र मिश्र गरी काव्य तीन किसिमका हुन्छन्। विभाजन नगरीकन लेखिएका पदहरूको प्रवाह नै गद्य भनिएको छ। त्यो पनि चूर्णक, उत्कलिका र वृत्तगन्धि भेदले तीन किसिमको हुन्छ। छोटाछोटा कोमल पदाव बनेको र अत्यन्त मृदु सन्दर्भ भएको गद्यलाई चूर्णक भनि छ। ठूलठूला समास भएको पद छन् भने त्यसको उत्कलिका हो। मझौला खालका पदहरू भएको वि पनि त्यति गाहारो नभएको पद्यको आभास पाइएको जसका पदावली कुनै पद्यकै पो हुन् कि जस्तो भान भने त्यस्ता गद्यलाई वृत्रगन्धि भनिएको छ। यस्तो सु त्यति रुखो खालको हुँदैन। गद्य काव्यका आख्यायिका, क खण्डकथा, परिकथा एवं कथानिका गरी पाँचवटा भेद हु

कथानिकेति मन्यन्ते गद्यकाव्यञ्च पञ्चधा ।१२।
कर्तृवंश प्रशंसा स्याद्यत्र गद्येन विस्तरात् ।
कन्याहरणसङ्ग्रामविप्रलम्भविपत्तयः ।१३।
भवन्ति यत्र दीप्ताश्च रीतिवृत्तिप्रवृत्तयः ।
उच्छासैश्च परिच्छेदो यत्र या चूर्णकोत्तरा ।१४।
वक्त्रं वा परवक्त्रं वा यत्र साख्यायिका स्मृता ।
श्लोकैः स्ववंशं सङ्क्षेपात्कविर्यत्र प्रशंसति ।१५।
मुख्यस्यार्थावताराय भवेद्यत्र कथान्तरम् ।
परिच्छेदो न यत्र स्याद्भवेद्वा लम्बकैः क्वचित् ।१६।
सा कथा नाम तद्गर्भे निबध्नीयाच्चतुष्पदीम् ।
भवेत्खण्डकथा यासौ कासौ परिकथा तयोः ।१७।
अमात्यं सार्थकं वापि द्विजं वा नायकं विदुः ।
स्यात्तयोः करुणं विद्धि विप्रलम्भश्चतुर्विधः ।१८।
समाप्यते तयोर्नाद्या सा कथामनुधावति ।
कथाख्यायिकयोर्मिश्रभावात्परिकथा स्मृता ।१९।
भयानकं सुखपरं गर्भे च करुणो रसः ।
अद्भुतोऽन्ते सुक्लृप्तार्थो नोदात्ता सा कथानिका ।२०।
पद्यं चतुष्पदी तच्च वृत्तं जातिरिति त्रिधा ।
वृत्तमक्षरसङ्ख्येयमुक्थं तत्कृतिशेषजम् ।२१।
मात्राभिर्गणाना यत्र सा जातिरिति काश्यपः ।
सममर्द्धसमं वृत्तं विषमं पैङ्गलं त्रिधा ।२२।
सा विद्या नौस्तितीर्षूणां गभीरं काव्यसागरम् ।
महाकाव्यं कलापश्च पर्य्याबन्धो विशेषकम् ।२३।
कुलकं मुक्तकं कोश इति पद्यकुटुम्बकम् ।
सर्गबन्धो महाकाव्यमारब्धं संस्कृतेन यत् ।२४।
तादात्म्यमजहत्तत्र तत्समं नातिदुष्यति ।
इतिहासकथोद्भूतमितरद्वा सदाश्रयम् ।२५।

भनिन्छ । जसमा गद्यद्वारा विस्तारपूर्वक गन्थकारका वंशको प्रशंसा गरिएको हुन्छ, जसमा कन्याहरण, सङ्ग्राम, विप्रलम्भ र विपत्तिका प्रसङ्गसहित वर्णन हुन्छ, जहाँ वैदर्भी आदि रीति एवं भारती आदि वृत्तिको प्रयोग भएको छ र जसलाई उच्छ्वासका नामले खण्ड विभाजन गरिएको छ, जो चूर्णक नामको गद्यशैली भएका कारण अधिक उत्कृष्ट भएको देखिन्छ, जसमा वक्त्र वा अपरवक्त्र नामका छन्दको प्रयोग भएको हुन्छ त्यसको नाम आख्यायिका हो । जुन काव्यमा कविले श्लोकहरूद्वारा छोटकरीमा आफ्नो वंशको बयान गर्दछ र मुख्य अर्थ उपस्थित गर्नका लागि कथान्तरलाई मिसाएको छ, जसमा परिच्छेद विभाजन नै छैन त्यसको नाम कथा हो । त्यसका माझमा चतुष्पदी रचना गरिएको छ र एउटा मात्रै कथा त्यसलाई खण्डकथा भन्दछन् । खण्डकथा र परीकथा यी दुवै खालका कथाहरूमा मन्त्र, व्यापारी अथवा ब्राह्मणलाई नायक बनाइएको हुन्छ । यी दुवैको प्रमुख रस करुण हुन्छ र त्यसमा चार किसिमका वियोग हुन्छन् । विप्रलम्भ चार किसिमको हुन्छ भनिएको छ। तिनीहरूमा ग्रन्थभित्रै कथाको समाप्ति भएको हुँदैन। अथवा खण्डकथाको शैलीलाई त्यसले पछ्याएको हुन्छ । कथा र आख्यायिका दुवैका लक्षणहरू मिलेको हुँदा जुन कथावस्तु उत्पन्न हुन्छ त्यसैलाई परिकथा भनिएको हो । त्यसमा आरम्भमा भयानक, माझमा करुण र अन्त्यमा अद्भुत रस प्रकट हुने कथानक रचना भएको हुन्छ। त्यसलाई उत्तम कोटिको काव्य मानिएको छैन ।१–२०।

पद्यको नाम चतुष्पदी हो । त्यसका वृत्त र जाति भन्ने दुई भेद रहेका छन् । अक्षरको गणना गरेर चिनिनेलाई वृत्त भन्दछन् । यो पनि उक्थ (वैदिक) र कृतिशेषज (लौकिक) गरी दुई किसिमको छ । जसमा मात्राहरूको गणना हुन्छ त्यस पद्यलाई जाति भन्दछन् भन्ने काश्यपको मत रहेको छ । वर्णको गणना गरीकन व्यवस्थित गरिएको छन्द वृत्त हो । पिङ्गल मुनिले वृत्तका सम, अर्धसम र विषम गरी तीन भेद भएको बताएका छन् । काव्यसमुद्रका पारि पुग्न खोज्ने मानिसका लागि छन्दविद्या नौकाजस्तै हो। महाकाव्य, कलाप, पर्यायबन्ध, विशेषक, कुलक, मुक्तक र कोष यी सबै पद्यका समुदाय हुन्। अनेकौं सर्गमा रचिएको संस्कृत भाषामा निर्माण गरिएको काव्य नै महाकाव्य हो भनिएको छ। सर्ग विभाजन भएको, संस्कृत वा परिष्कृत भाषामा लेखिएको नै महाकाव्य हुन्छ भनिएको छ । महाकाव्यको स्वरूपलाई नत्यागीकनै त्यस्तै अर्कै कुनै रचना गरियो भने पनि त्यसलाई दोषी मान्नु हुँदैन । महाकाव्य इतिहासको कथालाई लिएर निर्माण गरिएको हुन्छ अथवा त्यसका अतिरिक्त कुनै उत्तम आधार लिएर पनि त्यसलाई गुँथ्न सकिन्छ । त्यसमा ठाउँ सुहाउँदो गरी गोप्य मन्त्रण, दूत पठाउने

मन्त्रदूतप्रयाणाजिनियतं नातिविस्तरम् ।
शक्वर्य्यातिजगत्यातिशक्वर्य्या त्रिष्टुभा तथा ।२६।
पुष्पिताग्रादिभिर्वक्राभिजनैश्चारुभिः समैः ।
मुक्ता तु भिन्नवृत्तान्ता नातिसंक्षिप्तसर्गकम् ।२७।
अतिशक्वरिकाष्टिभ्यामेकसङ्कीर्णकैः परः ।
मात्रयाप्यपरः सर्गः प्राशस्त्येषु च पश्चिमः ।२८।
कल्पोऽतिनिन्दितस्तस्मिन्विशेषानादरः सताम् ।
नगरार्णवशैलर्तुचन्द्रार्काश्रमपादपैः ।२९।
उद्यानसलिलक्रीडामधुपानरतोत्सवैः ।
दूतीवचनविन्यासैरसतीचरिताद्भुतैः ।३०।
तमसा मरुताप्यन्यैर्विभावैरतिनिर्भरैः ।
सर्ववृत्तिप्रवृत्तञ्च सर्वभावप्रभावितम् ।३१।
सर्वरीतिरसैः पुष्टं पुष्टं गुणविभूषणैः ।
अत एव महाकाव्यां तत्कर्त्ता च महाकविः ।३२।
वाग्वैदग्ध्यप्रधानेऽपि रस एवात्र जीवितम् ।
पृथक्प्रयत्ननिर्वर्त्यं वाग्वक्रिम्णि रसाद्वपुः ।३३।
चतुर्वर्गफलं विश्वग्व्याख्यातं नायकाख्याया ।
समानवृत्तिनिर्व्यूढः कौशिकीवृत्तिकोमलः ।३४।
कलापोऽत्र प्रवासः प्रागनुरागाह्वयो रसः ।
सविशेषकञ्च प्राप्त्यादि संस्कृतेनेतरेण च ।३५।
श्लोकैनरेकैः कुलकं स्यात्सन्दानितकानि तत् ।
मुक्तकं श्लोक एकैकश्चमत्कारक्षमः सताम् ।३६।
सूक्तिभिः कविसिंहानां सुन्दरीभिः समन्वितः ।
कोशो ब्रह्मापरिच्छिन्नः स विदग्धाय रोचते ।३७।
आभासोपमशक्तिश्च सर्गे यद्भिन्नवृत्तता ।
मिश्रं वपुरिति ख्यातं प्रकीर्णमिति च द्विधा ।
श्रव्यञ्चैवाभिनेयञ्च प्रकीर्णं सकलोक्तिभिः ।३८।

काम, अभियान र युद्ध आदिका वर्णनहरू समावेश गरिएका हुन्छन् । त्यो ज्यादै विस्तृत हुनु हुँदैन । शक्वरी, अतिजगती, अतिशक्वरी, त्रिष्टुप् र पुष्पिताग्रा आदि र वक्त्र, मनोहर आदि समवृत्त छन्दमा महाकाव्यको रचना गर्नुपर्दछ। प्रत्येक सर्गका अन्त्यमा छन्द परिवर्तन गर्नु राम्रो हुन्छ। सर्ग अत्यन्त छोटा हुनु हुँदैन। अतिशक्वरी र अष्टि यी दुई छन्दले एक सर्ग गुँथिएको हुनुपर्दछ भने अर्को एउटा सर्ग मात्रिक छन्दले गुँथिएको हुनुपर्दछ। पछिल्लो सर्ग अघिल्लोभन्दा अझै राम्रो हुनुपर्दछ। कल्पलाई अत्यन्त निन्दित मानिएको छ। त्यसमा सत्पुरुषको विशेष आदर भएको हुँदैन। नगर, समुद्र, पर्वत, ऋतु, चन्द्रमा, सूर्य, आश्रम, वृक्ष, उद्यान, जलक्रीडा, मधुपान, यौनक्रीडा, दूतकार्य, कुलटाको चरित्र आदि अद्भुत वर्णनहरूले महाकाव्य पूरा हुन्छ। अन्धकार, वायु र रात्रिलाई व्यक्त गर्ने अन्य उद्दीपन विभावहरूले पनि त्यसलाई सजाउन सकिन्छ । त्यसमा सबै खालका प्रवृत्तिहरू प्रयोग हुन्छन् । त्यो सबै किसिमका भावहरूले प्रभावित हुन्छ र सबै किसिमका रीतिहरू एवं सबै खालका रसहरूले स्पर्श गरिएको हुन्छ। सबै गुण र अलङ्कारले पनि महाकाव्यलाई परिपुष्ट पारेको हुन्छ । सबै विशेषताहरू भएका कारण नै त्यस्ता रचनालाई महाकाव्य भनिएको हो । महाकाव्यमा उक्ति विचित्रताको प्रधानता छँदाछँदै पनि रस नै त्यसको जीवन हो । त्यो वक्रोक्ति बनेर रससँगै सहज रूपमा साध्य हुन्छ । महाकाव्यको फल भनेको चारै पुरुषार्थ सिद्धि हुनु हो । नायककै नामबाट त्यो सर्वत्र प्रसिद्ध हुन्छ । प्रायः समान छन्द वा वृत्तिहरूमा महाकाव्यको रचना निर्वाह भएको हुन्छ । कौशिकी वृत्तिको प्रधाना हुनाले काव्यको प्रबन्धमा कोमलता आउँछ । जसमा प्रवासको वर्णन गरिएको हुन्छ त्यस्ता रचनालाई कलाप भन्दछन्। त्यसमा प्रमुखतया शृङ्गारले पूर्वानुरागको वर्णन गरेको हुन्छ। संस्कृत अथवा प्राकृत भाषाद्वार महाकाव्यको प्राप्तिको वर्णन गर्नुलाई विशेषक भनिन्छ। जह अनेकौं श्लोकहरूको अन्वय एकैपटक हुन्छ त्यसलाई कुलव भन्दछन्। त्यसैको नाम सन्दानितक पनि हो। एकएक श्लोव भएको स्वतन्त्र रचनालाई मुक्तक भन्दछन्। त्यसले पाठकक मनमा चमत्कार उत्पन्न गर्न सक्नुपर्दछ। श्रेष्ठ कविहरूका सुन्द उक्तिहरूले सम्पन्न भएको ग्रन्थलाई कोष भनिन्छ। ब्रह्मजस अटुट रसले सम्पन्न भएका त्यसले सहृदयीका लागि रुचि उत्प गर्न सक्ने हुनुपर्दछ। सर्गैपिच्छे जुन भिन्नभिन्न छन्दको रचन हुन्छ त्यो आभासोपम शक्ति हो। त्यसका मिश्र र प्रकीर्ण ग दुई भेद छन्। जसमा श्रव्य र अभिनेय यी दुवै लक्षण हुन्छन् त्य मिश्र हो र सबैतिर उक्तिहरूले मात्रै सजिएको काव्य प्रकीर्ण ह भनिएको छ।२१-३८।

# ३३८. अष्टत्रिंशदधिकत्रिशततमोऽध्यायः

## नाटकनिरूपण

अग्निरुवाच

नाटकं सप्रकरणं डिम ईहामृगोऽपि वा ।
ज्ञेयः समवकारश्च भवेत् प्रहसनं तथा ।१।
व्यायोगभाणवीथ्यङ्कत्रोटकान्यथ नाटिका ।
सट्टकं शिल्पकः कर्णा एको दुर्मल्लिका तथा ।२।
प्रस्थानं भाणिका भाणी गोष्ठि हल्लीशकानि च ।
काव्यं श्रीगदितं नाट्यरासकं रासकं तथा ।३।
उल्लाप्यकं प्रेङ्क्षणञ्च सप्तविंशतिरेव तत् ।
सामान्यञ्च विशेषश्च लक्षणस्य द्वयी गतिः ।४।
सामान्यं सर्वविषयं शेषः क्वापि प्रवर्त्तते ।
पूर्वरङ्गे निवृत्ते द्वौ देशकालावुभावपि ।५।
रसभावविभावानुभावा अभिनयास्तथा ।
अङ्कः स्थितिश्च सामान्यं सर्वत्रैवोपसर्पणात् ।६।
विशेषोऽवसरे वाच्यः सामान्यं पूर्वमुच्यते ।
त्रिवर्गसाधनं नाट्यमित्याहुः करणञ्च यत् ।७।
इतिकर्त्तव्यता तस्य पूर्वरङ्गो यथाविधि ।
नान्दीमुखानि द्वात्रिंशदङ्गानि पूर्वरङ्गके ।८।
देवतानां नमस्कारो गुरुणामपि च स्तुतिः ।
गोब्राह्मणनृपादीनामाशीर्वादादि गीयते ।९।
नान्द्यन्ते सूत्रधारोऽसौ रूपकेषु निबध्यते ।
गुरुपूर्वक्रमं वंशप्रशंसा पौरुषं कवेः ।१०।
सम्बन्धार्थौ च काव्यस्य पञ्चैतानेष निर्दिशेत् ।
नटी विदूषकोवापि पारिपार्श्विक एव वा ।११।
सहिताः सूत्रधारेण संलापं यत्र कुर्वते ।
चित्रैर्वाक्यैः स्वकार्य्योत्थैः प्रस्तुताक्षेपिभिर्मिथः ।१२।
आमुखं तत्तु विज्ञेयं बुधैः प्रस्तावनापि सा ।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! नाटक, प्रकरण, डिम, ईहामृग, समवकार, प्रहसन, व्यायोग, भाण, वीथी, अङ्क, त्रोटक, नाटिका, सट्टक, शिल्पक, कर्णा, दुर्मल्लिका, प्रस्थान, भाणिका, भाणी, गोष्ठी, हल्लीशक, काव्य, श्रीगदित, नाट्यरासक, रासक, उल्लाप्य र प्रेङ्क्षण गरी रूपकका सत्ताईसवटा भेद छन् भन्ने मानिएको छ। सामान्य र विशेष गरी नाटकका लक्षण दुई प्रकारका हुन्छन्। रूपकका सबै भेदमा नै सामान्य लक्षणहरू पाइन्छन् भने विशेष लक्षण कुनैकुनैमा मात्रै देखिन्छन्। पूर्वरङ्गको समाप्ति, देशकाल, रस, भाव, विभाव, अनुभाव, अभिनय, अङ्क र स्थिति यी कुराहरू सबै खालका रूपकमा हुने हुँदा यी सामान्य लक्षण हुन्। विशेष लक्षणलाई उचित स्थानमा वर्णन गरिनेछ। यहाँ पहिले सामान्य लक्षणहरूका विषयमा भनिँदै छ। नाटकको उद्देश्य नै धर्म, अर्थ र काम सिद्धि गराउने हो। किनभने तिनीहरूको त्यो साधन हो। नाटकको पूर्वरङ्गलाई विधिपूर्वक सम्पन्न गर्नुपर्दछ। पूर्वरङ्गका नान्दी आदि गरिएका बाईस अङ्ग हुन्छन्। देवतालाई नमस्कार, गुरुजनको प्रशंसा र गाई, ब्राह्मण एवं राजा आदिको आशीर्वादलाई नान्दी भन्दछन्। नान्दीपाठ भइसकेपछि सूत्रधार आउने कुरो नाटकमा लेखिन्छ। त्यसमा कविका गुरुहरूको परम्परा, वंशपरम्परा, पुरुषार्थ र काव्यका सम्बन्ध एवं प्रयोजन यी पाँच विषयको निर्देशन गरिएको हुन्छ। नटी, विदूषक र पारिपार्श्वक यिनीहरूले सूत्रधारसँग आफ्ना कार्यको सम्बन्ध रहेको विषय जहाँ हुन्छ त्यहाँ विचित्र वाक्यले आपसमा संवाद गर्दछन्। विद्वान्हरूले त्यसलाई नै आमुख भनेर जान्नुपर्दछ ।१-१२।

प्रवृत्तक, कथोद्धात र प्रयोगातिशय गरी आमुखका तीन भेद हुन्छन्। सूत्रधार उपस्थित कालको बयान गर्दा उसको सहायक पात्रको प्रवेश हुनुलाई प्रवृत्तक भन्दछन्। बीजांशमा नै त्यसको प्रादुर्भाव हुन्छ। सूत्रधारको वाक्य वा वाक्यांशलाई आधार मानेर कुनै पात्र प्रवेश गर्दछ भने त्यसलाई कथोद्घात भनिएको छ। जुन बेलामा सूत्रधार एक प्रकारको वर्णनबाट अर्को प्रकारको वर्णनतर्फ लाग्दछ त्यो नै प्रयोगातिशय हो।

प्रवृत्तकं कथोद्घातः प्रयोगातिशयस्तथा ।१३।
आमुखस्य त्रयो भेदा बीजांशेषूपजायते ।
कालं प्रवृत्तमाश्रित्य सूत्रधृग्यत्र वर्णयेत् ।१४।
तदाश्रयश्च पात्रस्य प्रवेशस्तत्प्रवृत्तकम् ।
सूत्रधारस्य वाक्यं वा यत्र वाक्यार्थमेव वा ।१५।
गृहीत्वा प्रविशेत्पात्रं कथोद्धातः स उच्यते ।
प्रयोगेषु प्रयोगन्तु सूत्रधृग्यत्र वर्णयेत् ।१६।
ततश्च प्रविशेत्पात्रं प्रयोगातिशयो हि सः ।
शरीरं नाटकादीनामितिवृत्तं प्रचक्षते ।१७।
सिद्धमुत्प्रेक्षितञ्चेति तस्य भेदावुभौ स्मृतौ ।
सिद्धमागमदृष्टञ्च सृष्टमुत्प्रेक्षितं कवेः ।१८।
बीजं विन्दुः पताका च प्रकरी कार्य्यमेव च ।
अर्थप्रकृतयः पञ्च पञ्च चेष्टा अपि क्रमात् ।१९।
प्रारम्भश्च प्रयत्नश्च प्राप्तिः सद्भाव एव च ।
नियता च फलप्राप्तिः फलयोगश्च पञ्चमः ।२०।
मुखं प्रतिमुखं गर्भो विमर्शश्च तथैव च ।
तथा निर्वहणञ्चेति क्रमात्पञ्चैव सन्धयः ।२१।
अल्पमात्रं समुद्दिष्टं बहुधा यत्प्रसर्पति ।
फलावसानं यच्चैव बीजं तदभिधीयते ।२२।
यत्र बीजसमुत्पत्तिर्नानार्थरससम्भवा ।
काव्ये शरीरानुगतं तन्मुखं परिकीर्त्तितम् ।२३।
इष्टस्यार्थस्य रचना वृत्तान्तस्यानुपक्षयः ।
रागप्राप्तिः प्रयोगस्य गुह्यानाञ्चैव गूहनम् ।२४।
आश्चर्य्यवदभिख्यातं प्रकाशानां प्रकाशनम् ।
अङ्गहीनं नरो यद्वन्न श्रेष्ठं काव्यमेव च ।२५।
देशकालौ विना किञ्चिन्नेतिवृत्त प्रवर्त्तते ।
अतस्तयोरूपादाननियमात्प्रदमुच्यते ।२६।
देशेषु भारतं वर्षं काले कृतयुगत्रयम् ।
नर्त्ते ताभ्यां प्राणभृतां सुखदुःखोदयः क्वचित् ।
सर्गे सर्गादिवार्त्ता च प्रसज्जन्ती न दुष्यति ।२७।

इतिवृत्त (कथावस्तु)लाई नाटकको शरीर मानिएको छ सिद्ध र उत्प्रेक्षित गरी त्यसका दुई भेद हुन्छन् । शास्त्रव कथावस्तुलाई लिएर लेखिएको सिद्ध हो र रचनाकारव कल्पनाले लेखिएको उत्प्रेक्षित हो भनिएको छ। बीज, बिन् पताका, प्रकरी र कार्य यी पाँचवटा अर्थप्रकृति हुन्। चेष्टा पँ पाँचवटै छन् भनिएको छ र तिनीहरूका नाम क्रमशः प्रारम् प्रयत्न, प्राप्ति, नियतफल प्राप्ति र पाँचौं फलयोग भन्ने छन् रूपकमा मुख, प्रतिमुख, गर्भ, विमर्श र निर्वहण यी क्रमैस पाँचवटा सन्धिहरू हुन्छन्। यिनीहरूले अलिकति वर्णन ग नै धेरै समय बितेको, अनेकौं कार्य किसिमका अन्तर भएको आदि कुरो जनाउँछन्। फल उत्पन्न गराउने खाल अर्थप्रकृतिलाई बीज भनिएको छ। विविध वृतान्त र रस बीजको उत्पत्ति गराउने र कृतिका शरीरमा अनुगत भ रहने त्यस सन्धिलाई नै मुख भनिएको छ। अभीष्ट अर्थ रचना, कथावस्तुको अखण्डता, प्रयोगमा अनुराग, गोप विषयको गोप्यता, अद्भुत वर्णन, प्रकट गर्नुपर्ने विषय प्रकटीकरण काव्यका यिनै छवटा फल हुन्। जसरी अङ्ग मानिस कुनैकुनै कामका लागि समर्थ हुँदैन उसै गरी अङ्ग काव्य पनि प्रयोगका लागि योग्य हुँदैन भन्ने मानिएको देश र काल नभईकन कुनै इतिहास वा कथावस्तु फुर्दै त्यसैले नियमअनुसार नै यी दुई उपकरणलाई पद भनि छ। देशमा आफ्नो देश र कालमा सत्य, त्रेता, द्वापर युग लिनुपर्दछ । देश र काल नभईकन प्राणीका सुखदुःख उदय हुँदैन। सृष्टिको आदि कालको कुरो अथवा सृष्टि लालनपालन आदिको कुरो प्राप्त भयो भने त्यो वण हुन्छ। यसो गर्दा कुनै दोष लाग्दैन भनिएको ।१३-२७।

# ३३९. ऊनचत्वारिंशदधिकत्रिशततमोऽध्यायः

## शृङ्गारादिरसनिरूप

अग्निरुवाच

अक्षरं परमं ब्रह्म सनातनमजं विभुम्।
वेदान्तेषु वदन्त्येकं चैतन्यं ज्योतिरीश्वरम् ।१।
आनन्दः सहजस्तस्य व्यज्यते स कदाचन।
व्यक्तिः सा तस्य चैतन्यचमत्काररसाह्वया ।२।
आद्यस्तस्य विकारो यः सोऽहङ्कार इति स्मृतः।
ततोऽभिमानस्तत्रेदं समाप्तं भुवनत्रयम् ।३।
अभिमानाद्रतिः सा च परिपोषमुपेयुषी।
व्यभिचार्य्यादिसामान्याच्छृङ्गार इति गीयते ।४।
तद्भेदाः काममितरे हास्याद्या अप्यनेकशः।
स्वस्वस्थादिविशेषोत्थपरिघोषस्वलक्षणाः ।५।
सत्त्वादिगुणसन्ताना जायन्ते परमात्मनः।
रासगाद्भवति शृङ्गारौ रौद्रस्तैक्ष्णात्प्रजायते ।६।
वीरोऽवष्टम्भजः संङ्कोचभूर्बीभत्स इष्यते।
शृङ्गाराज्जायते हासो रौद्रात्तु करुणो रसः ।७।
वीराच्चाद्भुतेनिष्पत्तिः स्याद्बाभत्साद्भयानकः।
शृङ्गारहास्यकरुणा रौद्रवीरभयानकाः ।८।
बीभत्साद्भुतशान्ताख्याः स्वभावाच्चतुरो रसाः।
लक्ष्मीरिव विनात्यागान्न वाणी भाति नीरसा ।९।
अपारे काव्यसंसारे कविरेव प्रजापतिः।
यथा वै रोचते विश्वं तथेतं परिवर्त्तते ।१०।
शृङ्गारी चेत्कविः काव्ये जातं रसमयं जगत्।
स चेत्कविर्वीतरागो नीरसे व्यक्तमेव तत् ।११।
न भावहीनोऽस्ति रसो न भावो रसवर्जितः।
भावयन्ति रसानेभिर्भाव्यन्ते च रसा इति ।१२।
स्थायिनोऽष्टौ रतिमुखाः स्तम्भाद्या व्यभिचारिणः।
मनोऽनुकूलेऽनुभवः सुखस्य रतिरिष्यते ।१३।
हर्षादिभिश्च मनसो विकासो हास उच्यते।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! वेदान्तशास्त्रमा अविनाशी, सनातन, अजन्मा र व्यापक परब्रह्म परमेश्वरको अद्वितीय, चैतन्यस्वरूप र ज्योतिर्मय भनेर जसलाई भनिएको छ त्यही जत्तिकै आनन्द कहिलेकाहीँ अभिव्यञ्जित हुन्छ र त्यसै आनन्दको अभिव्यक्तिलाई नै चैतन्य, चमत्कार र रसका नामले वर्णन गरिएको हुन्छ। आनन्दको पहिलो विकारलाई नै अहङ्कार भनिएको छ। अहङ्कारबाट अभिमानको जन्म हुन्छ। यसै अभिमानमा तीनै लोकको समाप्ति हुन्छ। अभिमानबाट रतिको उत्पत्ति भएको हो र त्यही व्यभिचारी भाव नै सामान्यसित संलग्नमा पुष्ट हुँदै शृङ्गारका नामले सम्बोधित भयो। शृङ्गारका पनि इच्छाअनुसारले हास्य आदि अनेकौँ भेदहरू प्रकट भएका छन्। तिनीहरूका आआफ्नै विशेष स्थायी भाव हुन्छन्। तिनीहरूको अभिव्यक्ति नै ती रसहरूको लक्षण हो। ती रसहरू परमात्माका सत्व आदि गुणहरूको विस्तारबाट प्रकट हुन्छन्। अनुरागबाट शृङ्गार, तीक्ष्णताबाट रौद्र, उत्साहबाट वीर र सङ्कोचबाट बीभत्स रसको उदय हुन्छ। शृङ्गार रसबाट हास्य, रौद्र रसबाट करुण, वीर रसबाट अद्भुत र बीभत्स रसबाट भयानक रसको उत्पत्ति हुन्छ। शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, बीभत्स, अद्भुत र शान्त यी नौवटा रस मानिएका छन्। त्यसो त सहज रस चारवटा मात्रै हुन्। जसरी त्यागविना धनको शोभा हुँदैन उसै गरी रसहीन वाणीको पनि शोभा हुँदैन। अपार काव्यसंसारमा कवि नै प्रजापति हो। त्यसले संसारको स्वरूप जस्तो रुचाउँछ काव्यमा उसले त्यसलाई त्यस्तै बनाउँछ। यदि कवि शृङ्गार रसको प्रेमी छ भने उसका काव्यमा रसमय जगत् प्रकट भइरहेको हुन्छ। यदि कवि शृङ्गारी छैन भने पक्कै पनि उसको काव्य नीरस नै भएको हुन्छ। रस भावहीन हुँदैन र भाव पनि रसविनाको हुँदैन। किनभने यी भावहरूबाट नै रसको भावना अभिव्यक्त भएको हुन्छ। भाव्यन्ते रसा एभिः भनेर रसको व्यक्ति हुन्छ भनिएको छ। रति आदि स्थायी भावहरू आठवटा हुन्छन् र स्तम्भ आदि आठवटा सात्त्विक भाव हुन्छन् भन्ने मानिएको छ। मनको सुखको अनुकूल हुने अनुभवलाई नै रति भनिएको छ। हर्ष आदिले गर्दा चित्तलाई विकसित गराउनुलाई हास भनिन्छ। अभीष्ट वस्तुको नाश आदिबाट उत्पन्न भएको मनको व्याकुल अवस्थालाई नै शोक भनिएको छ। आफ्नो प्रतिकूल व्यवहार गर्नेप्रति मनमा उत्पन्न भएको

चित्रादिदर्शनाच्चेतोवैक्लव्यं ब्रुवते भयम् ।१४।
जुगुप्सा च पदार्थानां निन्दा दौर्भाग्यवाहिनाम् ।
विस्मयोऽतिशयेनार्थदर्शनाच्चित्तविस्तृतिः ।१५।
अष्टौ स्तम्भादयः सत्त्वाद्रजसस्तमसः परम् ।
स्तम्भश्चेष्टाप्रतीघातो भयरागाद्युपाहितः ।१६।
श्रमरागाद्युपेतान्तःक्षोभजन्म वपुर्जलम् ।
स्वेदो हर्षादिभिर्देहोच्छ्वासोऽन्तः पुलकोद्गमः ।१७।
हर्षादिजन्मवाक्सङ्गः स्वरभेदो भयादिभिः ।
मनोवैक्लव्यमिच्छन्ति शोकमिष्टक्षयादिभिः ।१८।
क्रोधस्तैक्ष्णप्रबोधश्च प्रतिकूलानुकारिणि ।
पुरुषार्थसमाप्त्यर्थो यः स उत्साह उच्यते ।१९।
चित्तक्षोभभवोत्तम्भो तेपथुः परिकीर्त्तितः ।
वैवर्ण्यञ्च विषादादिजन्मा कान्तिविपर्य्ययः ।२०।
दुःखनन्दादिजं नेत्रजलमश्रु च विश्रुतम् ।
इन्द्रियाणामस्तमयः प्रलयो लङ्घनादिभिः ।२१।
वैराग्यादिर्मनःखेदो निर्वेद इति कथ्यते ।
मनःपीडादिजन्मा च सादो ग्लानिः शरीरगा ।२२।
शङ्कानिष्ठागमोत्प्रेक्षा स्यादसूया च मत्सरः ।
मदिराद्युपयोगोत्थं मनःसंमोहनं मदः ।२३।
क्रियातिशयजन्मान्तःशरीरोत्थक्लमः श्रमः ।
शृङ्गारादिक्रियाद्वेषश्चित्तस्यालस्यमुच्यते ।२४।
दैन्यं सत्त्वादपभ्रंशश्चिन्तार्थपरिभावनम् ।
इतिकर्त्तव्यतोपायादर्शनं मोह उच्यते ।२५।
स्मृतिः स्यादनुभूतस्य वस्तुनः प्रतिबिम्बनम् ।
मतिरर्थपरिच्छेदस्तत्त्वज्ञानोपनायितः ।२६।
व्रीडानुरागादिभवः सङ्कोचः कोऽपि चेतसः ।
भवेच्चपलताऽस्थैर्य्यं हर्षश्चित्तप्रसन्नता ।२७।
आवेशश्च प्रतीकारः शयो वैधुर्य्यमात्मनः ।
कर्त्तव्ये प्रतिभाभ्रंशो जडतेत्यभिधीयते ।२८।
इष्टप्राप्तेरुपचितः सम्पदाभ्युदयो धृतिः ।
गर्वः परेष्ववज्ञानमात्मन्युत्कर्षभावना ।२९।

कठोरतालाई क्रोध भनिन्छ। पुरुषार्थको अनुकूल मनोभावको नामलाई उत्साह भनिन्छ। चित्र आदि देखेका कारण मनमा उत्पन्न हुने विकलतालाई भय भनिएको छ। दुर्भाग्य निम्त्याउने पदार्थको निन्दा गर्नुलाई जुगुप्सा भनिन्छ । कुनै वस्तु देख्नेबित्तिकै मनमा अत्यन्त आश्चर्यले भरिन्छ भने त्यसलाई विस्मय भन्दछन्। स्तम्भ आदि आठवटा सात्त्विक भाव हुन्छन् र यी रजोगुण एवं तमोगुणभन्दा बाहिरै रहन्छन्। भय आदिका कारण चेष्टामा अवरोध आउनुलाई स्तम्भ भनिएको छ। श्रम एवं राग आदिका कारण अन्तःकरणको क्षोभबाट शरीरमा उत्पन्न हुने पानीका थोपालाई पसिना भनिएको छ। हर्ष र भय आदिका कारण वाणीको उच्चारण स्पष्ट हुन नसक्नुलाई गद्गद वा स्वरभेद भनिएको छ। इष्ट कुराको हानिबाट मनमा उत्पन्न व्याकुलतालाई शोक भनिन्छ । प्रतिकूल बुद्धिको तीक्ष्ण प्रबोधनलाई क्रोध भनिन्छ। मनको जुन भावले पुरुषार्थ सिद्ध गराउँछ त्यसलाई उत्साह भन्दछन् ।१-१९।

चित्तको क्षोभले गर्दा कम्पन उत्पन्न हुनुलाई वेपथु भनिएको छ । विषाद आदिका कारण शरीरको कान्ति नै परिवर्तन हुनुलाई वैवर्ण्य भएको भनिन्छ। दुःख अथवा आनन्द आदिले उत्पन्न आँखाको पानीलाई आँसु भन्दछन् । उपवास आदिका कारण शरीरका अङ्गहरू लाटिनुलाई प्रलय भनिएको छ । वैराग्य आदिबाट मानसिक खेद उत्पन्न हुनुलाई निर्वेद भनिन्छ। मानसिक पीडा आदिले उत्पन्न शिथिलतालाई ग्लानि भनिन्छ र त्यो केवल शरीरमा नै व्याप्त भएर रहन्छ। अनिष्ट होला कि भन्ने सम्भावनालाई शङ्का र मत्सर वा अर्काको डाहा गर्नुलाई असूया भनिएको छ। मदिरा आदिको उपयोग गरेकाले उत्पन्न मानसिक मोहलाई मद भनिन्छ। धेरै काम गरेकाले शरीरभित्र उत्पन्न हुने क्लान्तिलाई श्रम वा थकाइ भन्दछन् । सिँगारपटार गर्नका लागि मनले जाँगर नदेखाउनुलाई आलस्य भनिन्छ । धैर्यबाट पतीत हुनुलाई दैन्य र खोजेको नपाउँदा बारम्बार त्यसैतर्फ मात्रै चासो दिनुलाई चिन्ता भन्दछन्। कुनै कुराको उपाय ठम्याउन नसक्नुलाई मोह भनिन्छ। देखेसुनेको कुरो मनमा फेरि प्रकट हुनुलाई स्मृति भनिन्छ तत्त्वज्ञानद्वारा अर्थको निश्चय गर्नुलाई मति भन्दछन्। मनमा भएको अनुराग आदिको जुनसुकै कुरो भन्न नसक्नुलाई सङ्कोच हो, त्यस्तै मनको कुरो ढुक्कसँग प्रकट गर्न नसकिनुलाई व्रीडा वा लज्जा हो। चित्तको अस्थिरतालाई चपलता भनिन्छ र प्रसन्नतालाई हर्ष भन्दछन् । प्रतीकारको आशाले उद्भूत भएको अन्तःकरणको विकलतालाई आवेश भन्दछन् । कर्तव्यका विषयमा निर्णय गर्न नसक्ने अवस्थालाई जडता वा रनभुल्ल भनिन्छ। अभीष्ट

भवेद्विषादो दैवादेर्विघातोऽभीष्टवस्तुनि ।
औत्सुक्यमीप्सिताप्राप्तेर्वाञ्छया तरला स्थितिः ।३०।
चित्तेन्द्रियाणां स्तैमित्यमपस्मारोऽचला स्थितिः ।
युद्धे बाधादिभिस्त्रासो वीप्सा चित्तचमत्कृतिः ।३१।
क्रोधस्याप्रशमोऽमर्षः प्रबोधश्चेतनोदयः ।
अवहित्थं भवेद्गुप्तिरिङ्गिताकारगोचरा ।३२।
रोषतो गुरुवाग्दण्डपारुष्यं विदुरुग्रताम् ।
ऊहो वितर्कः स्याद्व्याधिर्मनोवपुरवग्रहः ।३३।
अनिबद्धप्रलापादिरुन्मादो मदनादिभिः ।
तत्त्वज्ञानादिना चेतःकषायोपरमः शमः ।३४।
कविभिर्योजनीया वै भावाः काव्यादिके रसाः ।
विभाव्यते हि रत्यादिर्यत्र येन विभाव्यते ।३५।
विभावो नाम स द्वेधाऽऽलम्बनोद्दीपनात्मकः ।
रत्यादिभाववर्गोऽयं यमाजीव्योपजायते ।३६।
आलम्बनविभावोऽसौ नायकादिभवस्तथा ।
धीरोदात्तो धीरोद्धतः स्याद्धीरललितस्तथा ।३७।
धीरप्रशान्त इत्येवं चतुर्धा नायकः स्मृतः ।
अनुकूलो दक्षिणश्च शठो धृष्टः प्रवर्त्तितः ।३८।
पीठमर्द्दो विटश्चैव विदूषक इति त्रयः ।
शृङ्गारे नर्मसचिवा नायकस्यानुनायकाः ।३९।
पीठमर्द्दः सम्भलकः श्रीमांस्तद्देशजो विटः ।
विदूषको वैहसिकस्त्वष्ट नायकनायिकाः ।४०।
स्वकीया परकीया च पुनर्भूरिति कौशिकाः ।
सामान्या न पुनर्भूरि इत्याद्या बहुभेदतः ।४१।
उद्दीपनविभावास्ते संस्कारैर्विविधैः स्थितैः ।
आलम्बनविभावेषु भावानुद्दीपयन्ति ये ।४२।
चतुःषष्टिकला द्वेधा कर्माद्यैर्गीतिकादिभिः ।
कुहकं स्मृतिरप्येषां प्रायो हासोपहारकः ।४३।
आलम्बनविभावस्य भावैरुद्बुद्धसंस्कृतैः ।
मनोवाग्बुद्धिवपुषां स्मृतीच्छाद्वेषयत्नतः ।४४।
आरम्भ एव विदुषामनुभाव इति स्मृतः ।

वस्तुको प्राप्तिबाट लाभमा बढेको आनन्द वा सन्तोषलाई धृति भन्दछन् । अर्कालाई निकृष्ट र आफूलाई उत्कृष्ट ठान्नुलाई गर्व भनिन्छ । इच्छा गरेको वस्तु प्राप्त हुँदा दैव आदिबाट विघ्न परेर जुन दुःख उत्पन्न हुन्छ त्यसलाई विषाद भन्दछन् । अभीष्ट पदार्थको इच्छबाट मनलाई चञ्चल गराउने स्थिति छ भने त्यसको नाम उत्कण्ठा या उत्सुकता हो । अस्थिर हुनु चित्त र इन्द्रियको अपस्मार हो । युद्धमा बाधाहरू पर्न आउनाले स्थिर हुन नसक्नुलाई त्रास मानिएको छ र चित्त चमत्कृत हुनुलाई वीप्सा भनिएको छ । क्रोध साम्य नहुनुलाई अमर्ष र चेतनाको उदय हुनुलाई प्रबोध वा जागरण भनिन्छ । चेष्टा र आकारले प्रकट हुने भावलाई लुकाउनु अवहित्थ हो भनिएको छ । क्रोधका कारण मान्यजनमा वाणीको लाठो बर्साउनुलाई उग्रता भनिन्छ । चित्तको ऊहापोहलाई वितर्क र मानसिक र शारीरिक स्थिति प्रतिकूल हुनुलाई व्याधि भन्दछन् । काम आदिका कारण असम्बद्ध प्रलाप गर्नुलाई उन्माद भनिएको छ । तत्त्वज्ञान प्राप्त भएपछि चित्तमा रहेको वासना शान्ति हुनुलाई शम भनिएको छ । कविहरूले काव्यमा रस एवं भावहरूलाई निवेश गर्नुपर्दछ । रति आदि स्थायी भावहरूको विभावना हुनुलाई विभाव भन्दछन् र यो पनि आलम्बन र उद्दीपन गरी दुई प्रकारको हुन्छ भन्ने मानिएको छ । रति आदि भावसमूहले आश्रय लिएर निष्पन्न भएको आलम्बन विभाव हो । यो नायक आदिको आलम्बन लिएर नै प्रकट भएको हुन्छ । धीरोदात्त, धीरोद्धत, धीरललित र धीरप्रशान्त यी चार प्रकारका नायक हुन्छन् भनिएको छ । यी धीरोदात्त आदि नायकहरू अनुकूल, दक्षिण, शठ र धृष्टका भेदले सोह्र किसिमका हुन्छन् भनिएको छ ।२०–३८।

पीठमर्द, विट र विदूषक यी तीनवटा शृङ्गाररसमा नायकका सहकर्मीजस्तै वा अनुनायक हुन्छन् । पीठमर्द श्रीमान् एवं नायकसरहकै बलशाली सहयोगी हुन्छ । विट धूर्त नायकका देशको कुनै व्यक्ति हुन्छ । विदूषक हसाउने कलाले नायकलाई प्रसन्न गरिरहन्छ । नायकका नायिकाहरू पनि स्वकीया, परकीया र पुनर्भू गरी तीन किसिमका हुन्छन् । पुनर्भू भन्ने नायिका कौशिकाचार्यका मतमा रहेकी हुन्छे । कसैले पुनर्भूलाई नायिका नमानेर त्यसका स्थानमा सामान्य भन्ने नाम राख्दछन् । यी नायिकाहरूका पनि अनेकौं भेद हुन्छन् । उद्दीपन विभाव विविध संस्कारका रूपमा स्थित रहेको हुन्छ । यसले आलम्बन विभावमा भावहरूलाई उद्दीप्त गरिरहेको हुन्छ । चौसट्ठी कलाहरू पनि कर्म आदि र गीतिका आदिका भेदले दुई किसिमका हुन्छन् । कुहक र स्मृति यी दुईलाई प्रायः हास्य प्रयत्न मानिन्छ । आलम्बन विभावका उद्बुद्ध

चित्रादिदर्शनाच्चेतोवैक्लव्यं ब्रुवते भयम् ।१४।
जुगुप्सा च पदार्थानां निन्दा दौर्भाग्यवाहिनाम् ।
विस्मयोऽतिशयेनार्थदर्शनाच्चित्तविस्तृतिः ।१५।
अष्टौ स्तम्भादयः सत्त्वाद्रजसस्तमसः परम् ।
स्तम्भश्चेष्टाप्रतीघातो भयरागाद्युपाहितः ।१६।
श्रमरागाद्युपेतान्तःक्षोभजन्म वपुर्जलम् ।
स्वेदो हर्षादिभिर्देहोच्छ्वासोऽन्तः पुलकोद्गमः ।१७।
हर्षादिजन्मवाक्सङ्गः स्वरभेदो भयादिभिः ।
मनोवैक्लव्यमिच्छन्ति शोकमिष्टक्षयादिभिः ।१८।
क्रोधस्तैक्ष्णप्रबोधश्च प्रतिकूलानुकारिणि ।
पुरुषार्थसमाप्त्यर्थो यः स उत्साह उच्यते ।१९।
चित्तक्षोभभवोत्तम्भो तेपथुः परिकीर्त्तितः ।
वैवर्ण्यञ्च विषादादिजन्मा कान्तिविपर्य्ययः ।२०।
दुःखनन्दादिजं नेत्रजलमश्रु च विश्रुतम् ।
इन्द्रियाणामस्तमयः प्रलयो लङ्घनादिभिः ।२१।
वैराग्यादिर्मनःखेदो निर्वेद इति कथ्यते ।
मनःपीडादिजन्मा च सादो ग्लानिः शरीरगा ।२२।
शङ्कानिष्ठागमोत्प्रेक्षा स्यादसूया च मत्सरः ।
मदिराद्युपयोगोत्थं मनःसंमोहनं मदः ।२३।
क्रियातिशयजन्मान्तःशरीरोत्थक्लमः श्रमः ।
शृङ्गारादिक्रियाद्वेषश्चित्तस्यालस्यमुच्यते ।२४।
दैन्यं सत्त्वादपभ्रंशश्चिन्तार्थपरिभावनम् ।
इतिकर्त्तव्यतोपायादर्शनं मोह उच्यते ।२५।
स्मृतिः स्यादनुभूतस्य वस्तुनः प्रतिबिम्बनम् ।
मतिरर्थपरिच्छेदस्तत्त्वज्ञानोपनायितः ।२६।
व्रीडानुरागादिभवः सङ्कोचः कोऽपि चेतसः ।
भवेच्चपलताऽस्थैर्य्यं हर्षश्चित्तप्रसन्नता ।२७।
आवेशश्च प्रतीकारः शयो वैधुर्य्यमात्मनः ।
कर्त्तव्ये प्रतिभाभ्रंशो जडतेत्यभिधीयते ।२८।
इष्टप्राप्तेरूपचितः सम्पदाभ्युदयो धृतिः ।
गर्वः परेष्ववज्ञानमात्मन्युत्कर्षभावना ।२९।

कठोरतालाई क्रोध भनिन्छ। पुरुषार्थको अनुकूल मनोभाव
नामलाई उत्साह भनिन्छ। चित्र आदि देखेका कारण मन
उत्पन्न हुने विकलतालाई भय भनिएको छ। दुर्भाग्य निम्त्या
पदार्थको निन्दा गर्नुलाई जुगुप्सा भनिन्छ। कुनै व
देख्नेबित्तिकै मनमा अत्यन्त आश्चर्यले भरिन्छ भने त्यसर
विस्मय भन्दछन्। स्तम्भ आदि आठवटा सात्त्विक भाव हुन
र यी रजोगुण एवं तमोगुणभन्दा बाहिरै रहन्छन्। भय आदि
कारण चेष्टामा अवरोध आउनुलाई स्तम्भ भनिएको छ।
एवं राग आदिका कारण अन्तःकरणको क्षोभबाट शरी
उत्पन्न हुने पानीका थोपालाई पसिना भनिएको छ। ह
भय आदिका कारण वाणीको उच्चारण स्पष्ट हुन नसक्नु
गद्गद वा स्वरभेद भनिएको छ। इष्ट कुराको हानिबाट म
उत्पन्न व्याकुलतालाई शोक भनिन्छ। प्रतिकूल बुद्धि
तीक्ष्ण प्रबोधनलाई क्रोध भनिन्छ। मनको जुन भावले पुरु
सिद्ध गराउँछ त्यसलाई उत्साह भन्दछन् ।१-१९।

चित्तको क्षोभले गर्दा कम्पन उत्पन्न हुनुलाई वे
भनिएको छ। विषाद आदिका कारण शरीरको कान्ति
परिवर्तन हुनुलाई वैवर्ण्य भएको भनिन्छ। दुःख अथवा अ
आदिले उत्पन्न आँखाको पानीलाई आँसु भन्दछन्। उप
आदिका कारण शरीरका अङ्गहरू लाटिनुलाई प्रलय भनि
छ। वैराग्य आदिबाट मानसिक खेद उत्पन्न हुनुलाई नि
भनिन्छ। मानसिक पीडा आदिले उत्पन्न शिथिलतालाई ग
भनिन्छ र त्यो केवल शरीरमा नै व्याप्त भएर रहन्छ। अ
होला कि भन्ने सम्भावनालाई शङ्का र मत्सर वा अर्काको
गर्नुलाई असूया भनिएको छ। मदिरा आदिको उपयोग गरे
उत्पन्न मानसिक मोहलाई मद भनिन्छ। धेरै काम गरे
शरीरभित्र उत्पन्न हुने क्लान्तिलाई श्रम वा थकाइ भन्द
सिँगारपटार गर्नका लागि मनले जाँगर नदेखाउनुलाई अ
भनिन्छ। धैर्यबाट पतीत हुनुलाई दैन्य र खोजेको न
बारम्बार त्यसैतर्फ मात्रै चासो दिनुलाई चिन्ता भन्दछन्
कुराको उपाय ठम्याउन नसक्नुलाई मोह भनिन्छ। देखे
कुरो मनमा फेरि प्रकट हुनुलाई स्मृति भनिन्छ तत्त्वज्ञ
अर्थको निश्चय गर्नुलाई मति भन्दछन्। मनमा भएको
आदिको जुनसुकै कुरो भन्न नसक्नुलाई सङ्कोच हो,
मनको कुरो ढुक्कसँग प्रकट गर्न नसकिनुलाई व्रीडा वा
हो। चित्तको अस्थिरतालाई चपलता भनिन्छ र प्रसन्नताल
भन्दछन्। प्रतीकारको आशाले उद्भूत भएको अन्तःक
विकलतालाई आवेश भन्दछन्। कर्तव्यका विषयमा
गर्न नसक्ने अवस्थालाई जडता वा रनभुल्ल भनिन्छ।

भवेद्विषादो दैवादेर्विघातोऽभीष्टवस्तुनि ।
औत्सुक्यमीप्सिताप्राप्तेर्वाञ्छया तरला स्थितिः ।३०।
चित्तेन्द्रियाणां स्तैमित्यमपस्मारोऽचला स्थितिः ।
युद्धे बाधादिभिस्त्रासो वीप्सा चित्तचमत्कृतिः ।३१।
क्रोधस्याप्रशमोऽमर्षः प्रबोधश्चेतनोदयः ।
अवहित्थं भवेद्गुप्तिरिङ्गिताकारगोचरा ।३२।
रोषतो गुरुवाग्दण्डपारुष्यं विदुरुग्रताम् ।
ऊहो वितर्कः स्याद्व्याधिर्मनोवपुरवग्रहः ।३३।
अनिबद्धप्रलापादिरुन्मादो मदनादिभिः ।
तत्त्वज्ञानादिना चेतःकषायोपरमः शमः ।३४।
कविभिर्योजनीया वै भावाः काव्यादिके रसाः ।
विभाव्यते हि रत्यादिर्यत्र येन विभाव्यते ।३५।
विभावो नाम स द्वेधाऽऽलम्बनोद्दीपनात्मकः ।
रत्यादिभाववर्गोऽयं यमाजीव्योपजायते ।३६।
आलम्बनविभावोऽसौ नायकादिभवस्तथा ।
धीरोदात्तो धीरोद्धतः स्याद्धीरललितस्तथा ।३७।
धीरप्रशान्त इत्येवं चतुर्धा नायकः स्मृतः ।
अनुकूलो दक्षिणश्च शठो धृष्टः प्रवर्त्तितः ।३८।
पीठमर्द्दो विटश्चैव विदूषक इति त्रयः ।
शृङ्गारे नर्मसचिवा नायकस्यानुनायकाः ।३९।
पीठमर्द्दः सम्भलकः श्रीमांस्तद्देशजो विटः ।
विदूषको वैहसिकस्त्वष्ट नायकनायिकाः ।४०।
स्वकीया परकीया च पुनर्भूरिति कौशिकाः ।
सामान्या न पुनर्भूरि इत्याद्या बहुभेदतः ।४१।
उद्दीपनविभावास्ते संस्कारैर्विविधैः स्थितैः ।
आलम्बनविभावेषु भावानुद्दीपयन्ति ये ।४२।
चतुःषष्टिकला द्वेधा कर्माद्यैर्गीतिकादिभिः ।
कुहकं स्मृतिरप्येषां प्रायो हासोपहारकः ।४३।
आलम्बनविभावस्य भावैरुद्बुद्धसंस्कृतैः ।
मनोवाग्बुद्धिवपुषां स्मृतीच्छाद्वेषयत्नतः ।४४।
आरम्भ एव विदुषामनुभाव इति स्मृतः ।

वस्तुको प्राप्तिबाट लाभमा बढेको आनन्द वा सन्तोषलाई धृति भन्दछन् । अर्कालाई निकृष्ट र आफूलाई उत्कृष्ट ठान्नुलाई गर्व भनिन्छ । इच्छा गरेको वस्तु प्राप्त हुँदा दैव आदिबाट विघ्न परेर जुन दुःख उत्पन्न हुन्छ त्यसलाई विषाद भन्दछन् । अभीष्ट पदार्थको इच्छबाट मनलाई चञ्चल गराउने स्थिति छ भने त्यसको नाम उत्कण्ठा या उत्सुकता हो । अस्थिर हुनु चित्त र इन्द्रियको अपस्मार हो । युद्धमा बाधाहरू पर्न आउनाले स्थिर हुन नसक्नुलाई त्रास मानिएको छ र चित्त चमत्कृत हुनुलाई वीप्सा भनिएको छ । क्रोध साम्य नहुनुलाई अमर्ष र चेतनाको उदय हुनुलाई प्रबोध वा जागरण भनिन्छ । चेष्टा र आकारले प्रकट हुने भावलाई लुकाउनु अवहित्थ हो भनिएको छ । क्रोधका कारण मान्यजनमा वाणीको लाठो बर्साउनुलाई उग्रता भनिन्छ । चित्तको ऊहापोहलाई वितर्क र मानसिक र शारीरिक स्थिति प्रतिकूल हुनुलाई व्याधि भन्दछन् । काम आदिका कारण असम्बद्ध प्रलाप गर्नुलाई उन्माद भनिएको छ । तत्त्वज्ञान प्राप्त भएपछि चित्तमा रहेको वासना शान्ति हुनुलाई शम भनिएको छ । कविहरूले काव्यमा रस एवं भावहरूलाई निवेश गर्नुपर्दछ । रति आदि स्थायी भावहरूको विभावना हुनुलाई विभाव भन्दछन् र यो पनि आलम्बन र उद्दीपन गरी दुई प्रकारको हुन्छ भन्ने मानिएको छ । रति आदि भावसमूहले आश्रय लिएर निष्पन्न भएको आलम्बन विभाव हो । यो नायक आदिको आलम्बन लिएर नै प्रकट भएको हुन्छ । धीरोदात्त, धीरोद्धत, धीरललित र धीरप्रशान्त यी चार प्रकारका नायक हुन्छन् भनिएको छ । यी धीरोदात्त आदि नायकहरू अनुकूल, दक्षिण, शठ र धृष्टका भेदले सोह्र किसिमका हुन्छन् भनिएको छ ।२०-३८।

पीठमर्द, विट र विदूषक यी तीनवटा शृङ्गाररसमा नायकका सहकर्मीजस्तै वा अनुनायक हुन्छन् । पीठमर्द श्रीमान् एवं नायकसरहकै बलशाली सहयोगी हुन्छ । विट धूर्त नायकका देशको कुनै व्यक्ति हुन्छ । विदूषक हसाउने कलाले नायकलाई प्रसन्न गरिरहन्छ । नायकका नायिकाहरू पनि स्वकीया, परकीया र पुनर्भू गरी तीन किसिमका हुन्छन् । पुनर्भू भन्ने नायिका कौशिकाचार्यका मतमा रहेकी हुन्छे । कसैले पुनर्भूलाई नायिका नमानेर त्यसका स्थानमा सामान्य भन्ने नाम राख्दछन् । यी नायिकाहरूका पनि अनेकौं भेद हुन्छन् । उद्दीपन विभाव विविध संस्कारका रूपमा स्थित रहेको हुन्छ । यसले आलम्बन विभावमा भावहरूलाई उद्दीप्त गरिरहेको हुन्छ । चौसठ्ठी कलाहरू पनि कर्म आदि र गीतिका आदिका भेदले दुई किसिमका हुन्छन् । कुहक र स्मृति यी दुईलाई प्रायः हास्य प्रयत्न मानिन्छ । आलम्बन विभावका उद्बुद्ध

स चानुभूयते चात्र भवत्युत निरुच्यते ।४५।
मनोव्यापारभूयिष्ठो मन आरम्भ उच्यते ।
द्विविधः पौरुषः स्त्रैण ईदृशोऽपि प्रसिध्यति ।४६।
शोभाविलासो माधुर्य्यं स्थैर्य्यं गाम्भीर्य्यमेव च ।
ललितश्च तथौदार्य्यं तेजोऽष्टाविति पौरुषाः ।४७।
नीचनिन्दोत्तमस्पर्द्धा शौर्य्यं दाक्षादिकारणम् ।
मनोधर्मे भवेच्छोभा शोभते भवनं यथा ।४८।
भावो हावश्च हेला च शोभा कान्तिस्तथैव च ।
दीप्तिर्माधुर्य्यशौर्य्ये च प्रागल्भ्यं स्यादुदारता ।४९।
स्थैर्य्यं गम्भीरता स्त्रीणां विभावा द्वादशेरिताः ।
भावो विलासो हावः स्याद्भावः किञ्चिच्च हर्षजः ।५०।
वाचो युक्तिर्भवेद्वागारम्भो द्वादश एव सः ।
तत्राभाषणमालापः प्रलापो वचनं बहु ।५१।
विलापो दुःखवचनमनुलापोऽसकृद्वचः ।
संलाप उक्तप्रत्युक्तमपलापोऽन्यथावचः ।५२।
वार्त्ताप्रयाणं सन्देशो निर्देशः प्रतिपादनम् ।
तत्त्वादेशोऽतिदेशोऽयमपदेशोऽन्यवर्णनम् ।५३।
उपदेशश्च शिक्षावाग्व्याजोक्तिर्व्यपदेशकः ।
बोधाय एष व्यापारः सुबुद्ध्यारम्भ इष्यते ।
तस्य भेदास्त्रयस्ते च रीतिवृत्तिप्रवृत्तयः ।५४।

संस्कारसहितका भावले स्मृति, इच्छा, द्वेष र प्रयत्नका संयोगले गरिएको मन, वचन, बुद्धि र शरीका कार्यलाई विद्वान्हरूले अनुभाव हो भन्दै– स अत्र अनुभूयते उत अनुभवति भनेका छन्। यस किसिमले अनभाव शब्दको व्युत्पत्ति गरिएको छ। मानसिक व्यवहारको बहुलता भएका कार्यलाई मनको कार्य भनिन्छ। त्यो पौरुष र स्त्रैण गरी दुई किसिमको हुन्छ। यो यस किसिमले पनि प्रसिद्ध छ। शोभा, विलास, माधुर्य, स्थैर्य, गाम्भीर्य, ललित, औदार्य र तेज यी आठ पौरुष कर्म हुन्। नीचहरूको निन्दा, उत्तम पुरुषसँगको स्पर्धा, शौर्य र चातुर्य आदिका कारणले मानसिक कार्यका रूपमा भावनको शोभा जस्तै नाटकको शोभा प्रकट हुन्छ। भाव, हाव, हेला, शोभा, कान्ति, दीप्ति, माधुर्य, शौर्य, प्रगल्भता, उदारता, स्थिरता, एवं गंम्भीरता यी बाह्रवटा स्त्रीहरूका विभाव हुन् भनिएको छ। विलास र हावलाई नै भाव भनिएको हो। यो भाव अलिकति हर्षबाट नै प्रादुर्भाव हुन्छ। वाणीको सहयोगलाई वागारम्भ भनिन्छ। त्यसका पनि बाह्र प्रकार हुन्छन्। तिनीहरूमा भाषणलाई आलाप, अधिक भाषणलाई प्रलाप, दुःखपूर्ण वचनलाई विलाप, बारम्बारका कथनलाई अनुलाप, कथोपकथनलाई संलाप, निरर्थक भाषणलाई अपलाप, वार्ताको आदानप्रदानलाई सन्देश र विषयको प्रतिपादनलाई निर्देश भनिएको छ। तत्त्वकथनलाई अतिदेश र निस्सार वस्तुको वर्णनलाई अपदेश भनिएको छ। शिक्षापूर्ण कथनलाई उपदेश र व्याज (छल)युक्त कथनलाई व्यपदेश भन्दछन्। अर्काको अभीष्ट अर्थलाई ज्ञान गराउनका लागि उत्तम बुद्धिको आश्रय लिएर गरिएको वागारम्भ नै व्यापार हो। त्यसका पनि रीति, वृत्ति र प्रवृत्ति गरी तीन भेद हुन्छन्।३९–५४।

# ३४०. चत्वारिंशदधिकत्रिशततमोऽध्यायः

## रीतिनिरूपण

अग्निरुवाच
वाग्विद्यासम्प्रतिज्ञाने रीतिः सापि चतुर्विधा ।
पाञ्चाली गौडदेशीया वैदर्भी लाटजा तथा ।१।
उपचारयुता मृद्वी पाञ्चाली ह्रस्वविग्रहा ।
अनवस्थितसन्दर्भा गौडीया दीर्घविग्रहा ।२।
उपचारैर्न बहुभिरूपचारैर्विवर्जिता ।
नातिकोमलसन्दर्भा वैदर्भी मुक्तविग्रहा ।३।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म वाग्विद्यालाई उचित परिचय गराउनका लागि रीतिको वर्णन गर्दछु। पाञ्चाली, गौडी, वैदर्भी र लाटी गरी त्यस रीतिका चार भेद हुन्छन्। यिनीहरूमध्ये पाञ्चाली रीति उपचारयुक्त, कोमल एवं लघु समासहरू भएको हुन्छ। गौडी रीतिमा सन्दर्भको अधिकता र लामा समासहरू धेरै मात्रामा रहेका हुन्छन्। त्यसमा धेरै उपचारहरू रहेका हुँदैनन्। वैदर्भी रीति उपचार नै नभएको, सामान्यतया कोमल सन्दर्भ भएको र समासविनाको हुन्छ। लाटी रीति सन्दर्भको स्पष्टता भएको हुन्छ। तर त्यसमा